प्रथम आवधिक विकास योजना

(आ.व.२०७९/२०८०–२०८३/२०८४)

लिका

चौरजहारी नगरपालिका

कर्णाली प्रदेश

जेष्ठ, २०७९

चौरजहारी नगरपालिका

प्रकाशक : चौरजहारी नगरकार्यपालिकाको कार्यालय,
चौरजहारी, रुकुम पश्चिम, कर्णाली प्रदेश
फोन नं ०८८४०११६६
ईमेल : ito.chaurjaharimun@gmail.com
सर्वाधिकार :
मुद्रण प्रति :

अध्ययन समूह :

पुस्तक चन्द	टिम लिडर
सूर्य प्रसाद नेपाल	विकास योजनाकार
गणेश कुमार के.सी.	योजना विज्ञ
डा. द्वारिका उप्रेती	अर्थशास्त्री
इ. निराजन के.सी.	सिभिल इन्जिनियर
राज कुमार रिमाल	जि.आइ.एस. विज्ञ
कर्णबहादुर नेपाली	सुशासन/GESI विज्ञ
टेकम खड्का	समाजशास्त्री
सागर गोसाई	तथ्याङ्क विश्लेषक

चौरजहारी नगरपालिका

मन्तव्य

प्रदेश सभाका माननीय ज्यूको मन्तव्य राख्ने

गोपाल शर्मा
प्रदेश सभा सांसद
क्षेत्र नं. ख
कर्णाली प्रदेश

चौरजहारी नगरपालिका

मन्तव्य

चौरजहारी नगरपालिकाका नगर प्रमुख ज्यूको मन्तव्य

पुष्प वादी
नगर प्रमुख
चौरजहारी नगरपालिका
विजयश्वरी रुकुम पश्चिम

चौरजहारी नगरपालिका

मन्तव्य

चौरजहारी नगरपालिकाका नगर उपप्रमुख ज्यूको मन्तव्य

इश्वरी शर्मा
उपप्रमुख
चौरजहारी नगरपालिका विजयश्वरी रुकुम पश्चिम

चौरजहारी नगरपालिका

मन्तव्य

चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत ज्यूको मन्तव्य

.....

प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका

कृतज्ञता

चौरजहारी नगरपालिकाको सर्वाङ्गिण विकासका लागि आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रगत गहन अध्ययन अनुसन्धान गरी पालिकाको आवधिक योजना निर्माण गरिएको छ । यो आबधिक विकास योजना २०७९/०८० - २०८२/०८३ तयार गरी चौरजहारी नगरपालिकाको कार्यालयमा प्रस्तुत गरिएको छ ।

विश्वब्यापी रूपमा सोच्ने, स्थानीय रूपमा काम गर्ने (Think Globally, Act Locally) भन्ने मान्यतालाई आत्मसात गर्दै, विकासको योजना निर्माण गर्दा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयोग र अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र यथार्थततामा आधारित भएर गर्नुपर्दछ । जनप्रतिनिधिको परिकल्पना, जनताको आवश्यकता, स्रोत साधनको उपलब्धता र योजना विद्को विज्ञताका आधारमा विकास आयोजनाहरूलाई प्राथमीकरण गरी योजनावद्ध रूपमा कार्यान्वयन गर्दा दिगो विकासले मूर्त रूप लिन्छ । स्थानीय विकास स्थानीयकै सहभागितामा स्थानीयका लागि भन्ने मान्यतालाई स्वीकार गरी स्थानीय सीप, ज्ञान र प्रविधिको प्रयोग गर्दै मौलिकतामा ह्रास नहुने गरी विकास योजना निर्माण गनुपर्दछ । विकास आयातित र अन्ध अनुकरण हुनुहुदैन । विकासले स्थानीय आवश्यकताको परिपूर्ति, आर्थिक उपार्जनमा सहयोग, रोजगारीको सृजना गरी जनताको समृद्धिको यात्रा तय गर्न सक्नु पर्दछ । स्थानीय स्रोत साधनको उचित प्रयोग गरी न्यूनतम् लागतमा अधिकतम् परिणाम निकाल्न सक्नुपर्दछ । विकास समन्यायिक तथा दिगो र स्थानीय कला, संस्कृति र मौलिकताको संरक्षण गरेर गर्नुपर्दछ भन्ने कुरालाई शिरोधार्य गरी यो आवधिक योजना तयार गरिएको छ ।

यो आवधिक योजना तयार गर्ने क्रममा निवर्तमान जनप्रतिनिधि र प्रतिनिधिमूलक जनसहभागिता, शिक्षा, स्वास्थ्य, कृषि र विकाससँग सरोकार राख्ने सरोकारवालाहरूको सक्रिय सहभागिता, सल्लाह, सुझाव र मार्गनिर्देशका आधारमा तयार गरिएको छ । यो योजना माथिबाट तल (Top-Down) नभइ तलदेखि माथि (Bottom-up) को अवधारणामा तयार गरिएको छ । संघीयताको मर्म र भावना अनुसार तयार गरिएको प्रस्तुत योजनाको स्वामित्व चौरजहारीबासी जनता र तिनीद्वारा निर्वाचित जनप्रतिनिधिले स्वीकार गर्नुहुने छ भन्ने विश्वास लिएको छु । यो योजना कार्यान्वयनले **समृद्ध चौरजहारीः जनउत्तरदायी सरकार**को दीर्घकालीन सोचलाई साकार पार्न सहयोग गर्नेछ ।

चौरजहारी नगरपालिको आवधिक योजना तयार गर्ने अवसर प्रदान गर्ने प्रदेश सुशासन केन्द्र, कर्णाली प्रदेश, सुर्खेतप्रति ग्रामीण युवा सरोकार केन्द्र, नेपाल हार्दिक आभार व्यक्त गर्दछ । योजना निर्माणका क्रममा सकारात्मक र रचनात्मक सल्लाह, सुझाव दिनुहुने माननीय श्री गोपाल शर्मा (सांसद, कर्णाली प्रदेश सभा) जिल्ला समन्वय समिति रुकुम पश्चिमका प्रमुख श्री राजकुमार शर्मा, चौरजहारी नगरपालिकाका निर्वतमान नगर प्रमुख श्री विशाल शर्मा तथा निवर्तमान नगरपालिका परिवार, वर्तमान नगर प्रमुख श्री पुष्प वादीप्रति ग्रामीण युवा सरोकार केन्द्र, नेपाल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

सूचना संकलन तथा कार्यालयीय काममा सहजीकरण गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री गोकुल ढुङ्गेल ज्यू, विभिन्न शाखाका शाखा प्रमुखज्यूहरू यो प्रतिवेदन तयार गर्दा महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नु हुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा इन्जिनियर डा.दिनेशचन्द्र देवकोटा, प्रतिवेदन लेखन समूहका विद्वान् व्यक्तित्व श्री सूर्य नेपाल, गणेश कुमार के.सी., विकास ज्ञवालीप्रति ग्रामीण युवा सरोकार केन्द्र, नेपाल हार्दिक साधुवाद व्यक्त गर्दछ ।

पुस्तक चन्द
संयोजक
चौरजहारी नगरपालिका आवधिक योजना अध्ययन समूह

चौरजहारी नगरपालिका

विषय सूची

परिच्छेद एक १
आवधिक योजनाको परिचय र विधि १
१.१ पृष्ठभूमि १
१.२ आवधिक योजनाको अवधारणा २
१.३ आवधिक योजनाको नीति तथा वैधानिक प्रावधान २
१.४ संघ, प्रदेश र नगरनगरपालिकाको आवधिक योजनासँग अन्तरसम्बन्ध ३
१.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरू ४
१.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरू ४
१.६.१ योजनाका क्षेत्रहरू ४
१.६.२ आवधिक योजनाका सीमा ६
१.७ अध्ययन विधि ६
१.७.१ पूर्व अध्ययनहरूको पुनरावलोकन ६
१.७.२ पूर्व योजना तयारी कार्यशाला गोष्ठी: ६
१.७.३ आवधिक योजना तर्जुमाका लागि निर्देशक समिति तथा विषयगत उपसमिति गठन: ७
१.७.४ तथ्याङ्क एवं सूचना संकलन: ७
१.७.५ तथ्याङ्क विश्लेषण ९
१.८ योजना तर्जुमाको प्रकृया १०
१.९ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति तथा छलफल १२
१.१० आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति : १२
१.११ प्रतिवेदनको संगठन १३
परिच्छेद दुई १४
चौरजहारी नगरपालिकाको वस्तुस्थिति विवरण १४
२.१. परिचय १४
२.२ भौगोलिक स्थिति १४
२.२.१ अबस्थिति १४
२.२.२ भू-बनोट १५
२.२.३ धरातलीय स्वरूप १७
२.२.४ हावापानी १७
२.३ प्राकृतिक स्रोत सम्पदा १८
२.३.१ नदी प्रवाह प्रणाली १८
२.३.२ वनस्पति तथा वन्यजन्तु २०
२.३.३ माटो तथा खनिज २१
२.३.४ माटोको अम्लियपन २२
२.४ भू-उपयोग तथा मानव बसोबास २३
२.४.१ भू-उपयोग २३
२.४.२ मानव बसोबास २६
२.४.३. भू-स्वामित्वको अवस्था २७
२.५ सामाजिक तथा सांस्कृतिक अवस्था २८
२.५.१ जनसंख्या संरचना तथा वितरण २८
२.५.२ जातजातिगत अवस्था २८
२.५.३ धार्मिक अवस्था २८
२.५.४ जनशक्तिको संरचना २८
२.५.५ बसाइँसराइको वर्तमान अवस्था २९

चौरजहारी नगरपालिका

२.५.६ वैदेशिक रोजगारीमा रहेको जनशक्ति २९
२.५.७ चाडपर्व तथा जात्रा २९
२.५.८ भाषाभाषी तथा भेषभूषा २९
२.५.९ शैक्षिक अवस्था २९
२.५.१० स्वास्थ्य सेवा तथा सुविधाको अवस्था ३०
२.६ आर्थिक अवस्था ३१
२.६.१ कृषि ३२
२.६.२ पशुपालनको अवस्था ३२
२.६.३ खाद्यान्न आपूर्तिको अवस्था ३२
२.६.४ उद्योग तथा वाणिज्य ३३
२.६.५ पर्यटन क्षेत्रको अवस्था ३३
२.६.६ वित्तीय संस्थाहरू र सहकारी ३३
२.६.७ पारिवारिक आय व्ययको अवस्था ३३
२.७ खानेपानी तथा सरसफाइको अवस्था ३५
२.८ इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था ३५
२.९ वन वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था ३५
२.१० यातायात तथा परिवहन सुविधाको अवस्था ३६
२.११ सूचना तथा सञ्चारको पहुँच ३८
२.१२ पार्क तथा मनोरञ्जन स्थलहरू ३८
परिच्छेद तीन ३९
नगरवासीको अपेक्षा र विश्लेषण ३९
३.१ नगरपालिकाका प्रमुख समस्याहरू ३९
३.१.१ भौतिक पूर्वाधार विकाससँग सम्बन्धित समस्याहरू ३९
३.१.२ आर्थिक तथा वित्तीय विकाससँग सम्बन्धित समस्याहरू ३९
३.१.३ सामाजिक विकाससँग सम्बन्धित समस्याहरू ४०
३.१.४ वातावरणीय तथा प्रकोप सम्बन्धी समस्याहरू ४०
३.१.५ संस्थागत विकाससँग सम्बन्धित समस्याहरू ४१
३.१.६ सांस्कृतिक तथा पर्यटन विकाससँग सम्बन्धित समस्याहरू ४१
३.२ नगरपालिकाको सवलता, दुर्वलता, अवसर र चुनौतीको विश्लेषण ४१
३.३ जनसंख्याको प्रक्षेपण तथा विश्लेषण ४३
३.४ यातायात सुविधाहरूको विश्लेषण ४४
३.५ आर्थिक अवस्थाको विश्लेषण ४५
३.६ प्रकोप तथा वातावरणीय अवस्थाको विश्लेषण ४६
३.७ प्रमुख परिसूचकहरूको प्रवृत्ति विश्लेषण ४७
३.७.१ भौतिक पूर्वाधार ४८
३.७.२ शैक्षिक स्थिति ५०
३.७.३ स्वास्थ्य सेवा तथा सुविधाको अवस्था ५०
३.७.४ प्राथमिकताका मुख्य विषयहरू ५१
३.८ वित्तीय विश्लेषण र प्रक्षेपण ५२
परिच्छेद चार ५८
नगरपालिकाको सम्भावना, अवसर, समस्या र चुनौतीको विश्लेषण ५८
४.१ नगरपालिकाको सम्भावना, अवसर, समस्या र चुनौतीको विश्लेषण ५९
१. आर्थिक विकासका क्षेत्र ५९
क) कृषि ५९

ख) पशुपंछीः ६१
ग) सिँचाइ ६१
घ) उद्योग तथा वाणिज्यः ६२
ङ) पर्यटनः ६३
च) सहकारीः ६३
छ) श्रम तथा रोजगारीः ६४
२. सामाजिक विकास क्षेत्र ६५
क) शिक्षा ६५
ख) स्वास्थ्य तथा पोषणः ६६
ग) खानेपानी तथा सरसफाईः ६६
घ) युवा तथा खेलकुदः ६७
ङ) कला संस्कृति ६८
च) लक्षित समूह विकास ६८
३. पूर्वाधार विकास ६९
क) सडक तथा पुलः ६९
ख) उर्जा ७०
गं) भवनः ७१
४ वन, वातावरण तथा विपद व्यवस्थापन ७१
क) वन तथा वातावरण संरक्षण ७१
ख) विपद व्यवस्थापनको : ७२
५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन ७३
क) संस्थागत क्षमता विकासः ७३
ख) मानव संसाधन विकासः ७३
ग) सुशासनः ७४
परिच्छेद पाँचः ७५
सोच, समग्र लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम ७५
५.१ पृष्ठभूमि ७५
५.२ राष्ट्रिय पन्ध्रौ योजनाको सोच, लक्ष्य र रणनीतिहरू ७५
५.२.१ राष्ट्रिय सोच ७५
५.२.२ राष्ट्रिय दीर्घकालीन रणनीति ७६
५.३ कर्णाली प्रदेशको दीर्घकालीन सोंच ७६
५.३.१ प्रदेशको दीर्घकालीन लक्ष्य ७६
५.४ चौरजहारी नगरपालिकाको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्य ७७
५.४.१ चौरजहारी नगरपालिकाको दीर्घकालीन सोंच ७७
५.४.२.सोच पुरा गर्ने प्रमुख आधारहरू : ७७
क) स्थानीय आर्थिक क्षेत्र (LED) को पहिचान र परिचालन : ७९
ख) मानव संशाधनको विकास तथा उपयोगः ८०
ग) प्राथमिकतामा आधारित भौतिक पूर्वाधार निर्माणः ८०
घ) आर्थिक उपार्जनमा समतामूलक सहभागिता र समानताः ८०
ङ) स्वच्छ वातावरण र स्वस्थ जीवनः ८०
५.४.३ दीर्घकालीन लक्ष्य ८०
५.४.४ उद्देश्यहरू ८०
५.४.५ समग्र रणनीति तथा कार्यनीतिहरू ८१
५.५ अपेक्षित नतीजा/उपलब्धिहरू ८८

५.६ आवधिक योजनाका भौतिक, आर्थिक तथा सामाजिक लक्ष्यहरू ९७
५.७ आय-व्ययको प्रवृत्ति र प्रक्षेपण १००
५.८ लगानीको स्रोत र व्यवस्था १००
५.८.१ लगानीको आवश्यकता र स्रोत १००
५.८.२ आन्तरिक स्रोतको व्यवस्था र परिचालन नीति १०५
५.८.३ अन्तर सरकारी स्रोत परिचालन १०५
५.८.४ जनसहभागिता परिचालन १०५
५.८.५ निजी र सहकारी क्षेत्रको स्रोत परिचालन १०५
५.८.६ संघ संस्थाको स्रोत परिचालन १०६
५.८.७ अन्य स्रोत परिचालन १०६
५.८.८ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू १०६
५.९ सार्वजनिक खर्च र राजस्व परिचालन नीतिः १०७
५.९.१ सार्वजनिक खर्च नीति १०७
५.९.२ राजस्व नीति १०७
५.१० निजी क्षेत्रको स्रोत परिचालन नीति १०७
५.११ सहकारी क्षेत्रको स्रोत परिचालन नीति १०७
५.१२ जनसहभागिता परिचालन नीति १०७
५.१३ संघ संस्थाको स्रोत परिचालन नीति १०७
परिच्छेद छ १०८
पालिकाका क्षेत्रगत विकास योजनाहरू १०८
६.१ परिचय १०८
६.२ आर्थिक विकास योजना १०८
६.२.१ कृषि १०८
६.२.२. पशुपंछी विकास १२३
६.२.३. सिँचाइ १३९
६.२.४ उद्योग तथा वाणिज्य १५०
६.२.५ पर्यटन १५४
६.२.६ सार्वजनिक, निजी र सहकारी साझेदारी १६०
६.२.७ श्रम तथा रोजगारी र मानव संसाधन विकास १६४
६.३. सामाजिक विकास क्षेत्र १७०
६.३.१ शिक्षा १७०
६.३.२. स्वास्थ्य तथा पोषणः १८१
६.३.३ खानेपानी तथा सरसफाइ १८९
६.३.४. युवा तथा खेलकुदः १९९
६.३.५. कला तथा संस्कृतिः २०३
६.३.६. लक्षित समूह विकास २१०
६.४ शहरी विकास तथा पूर्वाधार २१८
६.४.१ सडक, ढल तथा पुल पुलेसा २१८
६.४.२ उर्जा र संचार २३६
६.४.३ भवन निर्माण, आवास तथा बस्ती विकास २४२
६.५ वन, वातावरण तथा विपद् व्यवस्थापन २४८
६.५.१ वन तथा वातावरण २४८
६.५.२ विपद् व्यवस्थापन २६०
६.५.३ वातावरण संरक्षण र जलवायु परिवर्तन २७१

६.६ संस्थागत विकास, सेवा प्रवाह र सुशासन..... २७६
६.६.१ संस्थागत क्षमता विकास योजना..... २७६
६.६.२ मानव संसाधन विकास..... २८१
६.६.३. सुशासन..... २८५
परिच्छेद सात..... २९२
योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन..... २९२
७.१ तथ्यांक प्रणाली..... २९२
७.२ योजना तर्जुमा तथा कार्यान्वयन..... २९४
७.३ आयोजना बैंक..... २९६
७.४ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय..... २९८
७.५ अनुगमन तथा मूल्याङ्कन..... ३००
७.६ जोखिम व्यवस्थापन..... ३०२
परिच्छेद आठ..... ३०६
नतिजा खाका..... ३०६
८.१. आर्थिक विकास..... ३०६
८.२ सामाजिक विकास..... ३१०
८.३. शहरी विकास तथा भौतिक पूर्वाधार..... ३१३
८.४. वन, वातावरण तथा विपद् व्यवस्थापन..... ३१५
८.५: संस्थागत विकास, सेवा प्रवाह र सुशासनको गन्तव्य नतिजा खाका..... ३१७
सन्दर्भ सामग्री..... ३२२

चौरजहारी नगरपालिका

परिच्छेद एक
आवधिक योजनाको परिचय र विधि

१.१ पृष्ठभूमि

चौरजहारी नगरनगरपालिका रूकुम पश्चिम जिल्लाका छ वटा नगरपालिकाहरूमध्ये एक हो । नगरनगरपालिका जिल्लाको पश्चिम तथा दक्षिणी भागमा अवस्थित रहेको छ । भौगोलिक रूपमा रुकुम पश्चिमको कुल क्षेत्रफल २८७७ वर्ग कि.मि. मध्ये १०७.३८ वर्ग कि.मि. क्षेत्रफलमा यो नगरपालिका फैलिएको छ । समथर फाँट, तुलनात्मक रूपमा होचा टाकुराहरू र भौतिक पूर्वाधारका हिसावले अनुकुल मानिएको यो नगरपालिका जिल्लाका अन्य नगरपालिकाका तुलनामा सुगम रहेको छ । नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकारभित्र रही नगरपालिकाको विकास र सम्वृद्धिको खाका आफै कोर्ने र निर्धारित खाका अनुसार योजनाबद्ध कार्यान्वयन गर्दै जनताको दिगो तथा उच्च जीवनस्तर हासिल गर्न स्थानीय सरकारको दायित्वलाई व्यवस्थित गर्ने उद्देश्यले प्रस्तुत आवधिक योजना तयार गरिएको छ । चौरजहारी नगरनगरपालिका विकासको बाटोमा उन्मुख भएका अन्य नगरपालिकाहरू जस्तै भौतिक पूर्वाधारका क्षेत्रको कमी, कृषि तथा गैर कृषि क्षेत्रका आर्थिक कियाकलापहरूमा परम्परागत मान्यता, अधिकतम् लागतमा न्यून उत्पादन, उत्पादित वस्तुको वजारीकरणको अभाव, गरिवीको रेखामुनि रहेका नागरिकको मुलप्रभाहीकरणको समस्या, सामाजिक विकास (गुणस्तरीय र व्यावसायिक शिक्षा, पहुँच योग्य स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाई) को कमी, बढ्दो प्राकृतिक र वातावरणीय विपद् तथा जोखिमहरू, सामाजिक सुरक्षाको अभावका कारण आर्थिक, सामाजिक तथा मानवीय विकासका क्षेत्रमा व्याप्त पछौटेपनालाई अन्त गर्न आवश्यक रहेको छ । जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा सहभागितामूलक, समावेशी, समन्यायिक द्रुत आर्थिक तथा सामाजिक विकासको अल्पकालीन, मध्यकालीन दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्देश्यहरू, रणनीतिक कार्यक्रमहरू र आयोजनाहरूको छनौट गर्ने, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गर्नु यस आवधिक योजनाको कार्यभार रहेको छ । यस योजनाले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहलाई स्थानीय जनताको निकट पहुँचमा राखी उनीहरूको सम्वृद्धिको रेखा आफै कोर्ने सहभागितामूलक रणनीति अवलम्वन गरेको छ । कार्यान्वयन र मूल्यांकनमा समेत स्थानीय जनताको प्रत्यक्ष संलग्नता, दिगो विकासका लक्ष्य, संघीय, प्रादेशिक सरकारका नीति तथा कार्यक्रम, गैरसरकारी संघ संस्थाहरू तथा निजी क्षेत्रको कियाकलाप समेतलाई साझेदार कृयाकलापका रूपमा ग्रहण गरी नगरनगरपालिकालाई समन्वयात्मक भूमिका र विकासको केन्द्र (Focal point) का रूपमा सुदृढ गर्ने अवधारणा राखेको छ ।

नेपालको संविधानको सफल कार्यान्यनका लागि नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न सबै तहका सरकारहरूको योजना चक्र प्रभावकारी हुन जरूरी छ । तसर्थ संविधानले स्थानीय तहलाई आफ्नो क्षेत्रको प्राकृतिक तथा आर्थिक स्रोत संकलन तथा परिचालनका लागि जिम्मेवार बनाएको छ । यिनै जिम्मेवारीलाई पुरा गर्न स्थानीय तहले आ-आफ्नो क्षेत्रको समष्टिगत विकासका लागि आवधिक योजना बनाई कार्यान्वयन गर्न आवश्यक रहेको छ । जनताको जीवनस्तरमा सुधार ल्याउन नगरपालिका भित्रका विकासका संभावनाहरूको आधार तथा नेपाल सरकारले आन्तरिकीकरणमा जोड दिएको दिगो विकासका लक्ष्यहरूलाई समेत आधार मानी विकासमा लगानीको अभिवृद्धि गर्नका लागि आगामी ५ वर्ष भित्र सामाजिक न्याय सहितको शिक्षित, स्वस्थ तथा समृद्ध र विभेद रहित समाजको निर्माण गर्न तथा उच्च आर्थिक वृद्धि गर्दै नगर बासीको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिएको छ । नेपालको संविधान, संघ तथा प्रदेश सरकारका दिर्घकालीन सोचलाई आत्मसात गर्दै जनताको आवश्यकता, नगरनगरपालिकाको क्षमता तथा स्थानीय यथार्थताका आधारमा नगरनगरपालिका भित्रका जनताका आधारभूत र बदलिदो

परिवेशका आवश्यकताहरूलाई मध्यनजर गर्दै समावेशी विकासको धारणालाई समेत ध्यानमा राखी चौरजहारी नगरनगरपालिकाले यो आवधिक योजना २०७९/२०८०–२०८३/२०८४ तयार पारेको छ ।

१.२ आवधिक योजनाको अवधारणा

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरू प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरूको व्यापक सर्वेक्षणका आधारमा व्यवस्थित रूपमा तयार गर्ने वैधानिक दस्तावेज (Document) हो । यसलाई कार्यक्रम वा क्रियाकलापहरूको प्रक्षेपित लक्ष्यहरू प्राप्त गर्ने प्रभावकारी कार्यन्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ । आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त बाँडफाँड र क्रियाकलापहरूको कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ । स्थानीय निकायको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरूको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र सँगलनतामा बनाइने तलबाट उठेको (Bottom up) ढाँचा, श्रोत साधनहरूको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरूको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्ययोजनाहरूको खाका र रणनीतिको रूपमा बुझ्न सकिन्छ । यस्तो योजना प्रकृयामा सम्वद्ध जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरू र संभावनाहरूको उपयोगबाट स्थानीय आवश्यकताहरूको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष निगरानी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको वाँडफाँड महत्वपूर्ण हुन्छ ।

केन्द्रिकृत योजना निर्माणको माथिबाट लादिएको (Top-down) प्रकृयाभन्दा तलबाटै उठेका (Bottom-up) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रकृया राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना र विकासका अनुभवहरूले सिद्ध गरेको जनमुखी प्रकृया हो । यसमा दिगो विकासका आधारभूत मान्यताहरू समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरूको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ । यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय र उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरूको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरूको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरूमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनावद्ध कार्यक्रमहरूको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरू सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ । यस्ता योजनाले आयोजना र कार्यक्रमहरूबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दिगो समेत हुने विश्वास गरिन्छ ।

१.३ आवधिक योजनाको नीति तथा वैधानिक प्रावधान

यो आवधिक योजना स्थानीय तहले आफ्नो संवैधानिक हैसियत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्थाअनुसार स्थानीय तहलाई प्रदान गरिएका अधिकारहरूको कार्यान्वयन गर्ने क्रममा तयार गरिएको हो । उक्त ऐनले निर्धारण गरेको क्षेत्राधिकार र त्यसले स्थानीय तहलाई आफ्नो क्षेत्रको विकास आफै गर्न सक्ने र त्यसका लागि वार्षिक, आवधिक र दीर्घकालीन योजना तथा कार्यक्रमहरू निर्माण गर्नुपर्ने प्रावधान वमोजिम प्रदेश सुशासन केन्द्र कर्णाली प्रदेश सुर्खेतको विनियोजित बजेट र कार्यनिर्देशन (TOR) को अधिनमा रहि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम प्रकृया पूरा गरी ग्रामीण युवा सरोकार केन्द्र नेपाललाई नियमानुसार परामर्शदाता नियुक्त गरी योजना निर्माण गर्ने जिम्मेवारी दिइएको थियो । सो जिम्मेवारी अनुसार परामर्शदाता संस्थालाई दिएको कार्यनिर्देशन (TOR) वमोजिम उसले व्यापक सर्वेक्षण र अन्तरक्रियाबाटै सहभागितामूलक प्रकृया वमोजिम यो आवधिक योजना

तयार गरिएको हो । विभिन्न विषयगत समितिहरूसँग व्यापक छलफल गरी परामर्शदाता संस्थाले तयार गरेको यस योजनालाई नगरनगरपालिकाको निर्देशक समिति (Steering Committee) बाट अनुमोदन नगरनगरपालिकाको कार्यनगरपालिकाले स्वीकृत गरी नगरसभाले अनुमोदन गरेपछि यो आवधिक योजना लागू हुनेछ । यो आवधिक योजना तयार गर्दा देहायवमोजिमका नीतिहरूलाई अबलम्बन गरिएको छ :

- प्रदेश सुशासन केन्द्र कर्णाली प्रदेश सुर्खेतले निर्दिष्ट गरेको कार्य निर्देशिका (Terms of Reference) मा आधारित ।
- नगरनगरपालिका क्षेत्रको आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक स्रोतको विद्यमान अवस्थामा आधारित ।
- जनताको आवश्यकता र आकांक्षाको संकलन र छलफलमा आधारित ।
- नगरनगरपालिकाको विगतको वित्तीय अवस्था र भविष्यको प्रक्षेपणमा आधारित ।
- स्थानीय स्रोत, सामग्री र जनशक्तिको अधिकतम प्रयोग गर्ने सोंचमा आधारित ।
- नगरनगरपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र रणनीतिहरूमा आधारित ।
- संघ र प्रदेशका योजना तथा कार्यक्रमहरूसँग तादात्म्यतामा आधारित ।
- विकास योजनाहरूको क्षेत्रगत बाँडफाँड र सन्तुलनमा आधारित ।
- समयवद्ध कार्यान्वयनको ढाँचा र लगानीको योजनामा आधारित ।
- योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको सुस्पष्ट प्रणालीमा आधारित ।

१.४ संघ, प्रदेश र नगरनगरपालिकाको आवधिक योजनासँग अन्तरसम्बन्ध

राज्यको पुर्नसंरचनासँगै संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो आवश्यकतामा आधारित विकासका आवधिक योजनाहरू निर्माण गरी कार्यान्वयनका लागि नीति, कार्यक्रम र बजेटका माध्यमबाट समृद्धिको यात्रा तय गर्ने अधिकार रहेको छ । राष्ट्रको समग्र विकास एकल प्रयासबाट मात्र संभव नहुने भएकाले अन्तर सरकार सम्वन्ध र योजनाका माध्यमबाट एकतावद्ध ढंगले एउटै सोचाई राखेर गरिएको विकास प्रयासले सीमित स्रोत र साधनको एकीकृत ढंगले उपयोग गरी छोटो समयमा उपलब्धीमूलक प्रगति गर्नका लागि तीन वटै तहका सरकारहरूको विकास योजनाहरू एक अर्काका परिपुरक हुनु पर्दछ । तिनीहरू विचको सम्बन्ध र तादात्म्यता हुनुपर्ने आवश्यकतालाई यो आवधिक योजनामा पनि मध्यनजर गरिएको छ । खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरू परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना वनाउँदा विशेष हेक्का राखिएको छ । सुख र समृद्धि सबैंको चाहना भएकाले संघीय सरकारले पन्ध्रौं योजनामा परिकल्पना गरेको **"समृद्ध नेपाल र सुखी नेपाली"** को नारालाई आफ्नो दीर्घकालीन सोचको रूपमा अगाडि सारेको छ र यही नारालाई एकाकार गर्दै कर्णाली प्रदेश सरकारले पनि आगामी वर्षहरूको विकासको सोच **"समृद्ध कर्णाली सुखारी कर्णालीबासी"** को नारालाई विकास अभियानको रूपमा कायम गरेको छ । चौरजहारी नगरनगरपालिकाको सोच र विकास अभियानलाई सोहि अनुकूल बनाइ तिनै तहका सरकारहरूको विकास अभियानलाई एकअर्काका पूरकका रूपमा अगाडि बढाउने गरी यो आवधिक योजना तयार गरिएको छ । केन्द्र, प्रदेश र स्थानीय तहको अधिकारको सूचीलाई समेत मध्यनजर गरी तिनीहरूबाट निक्षेपित हुने अनुदान र राजश्व वाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ । साथै नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमसँग यो आवधिक योजनालाई आवद्ध गरिएको छ ।

चौरजहारी नगरपालिका

१.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरू

संविधानको अनुसूची ८ अन्तर्गत २२ एकल अधिकार र अनुसूची ९ अन्तर्गत प्रदेशसँगका साझा अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य चौरजहारी नगरनगरपालिकाको विकासको दीर्घकालीन सोंच बमोजिम क्षेत्रगत विकासको समग्र योजना र कार्यक्रमहरू तय गरी चौरजहारीवासी जनताको सम्वृद्धिलाई सुनिश्चित गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरू देहायवमोजिम रहेका छन् :

- चौरजहारी नगरनगरपालिकाका विद्यमान पूर्वाधारहरूको अधिकतम उपयोग गर्दै योजनावद्ध तवरले आर्थिक सामाजिक पूर्वाधारको दिगो विकास योजना तर्जुमा गर्ने ।
- पछौटे, विपन्न र सामाजिक हिसावले वञ्चितीकरणमा परेका क्षेत्र, वर्ग र लिङ्गका जनताको शिक्षा, स्वास्थ्य, खेलकुद एंव मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्न योजना तर्जुमा गर्ने ।
- नगरनगरपालिका र यसका विभिन्न क्षेत्रभित्र उद्योग, व्यापार, कृषि, पशुपालन, पर्यटन, ऊर्जा र रोजगारी प्रर्वद्धन कार्यक्रमहरू मार्फत आर्थिक गतिविधिमा विस्तार र विकास गर्न आर्थिक विकास योजना तर्जुमा गर्ने ।
- आवधिक योजनाका विभिन्न कार्यक्रमहरूको संचालनका लागि आवश्यक पर्ने वित्तीय श्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना प्रस्तुत गर्ने ।
- नगरनगरपालिकाको सांगठनिक स्वरूप, संस्थागत व्यवस्थापन, जनशक्ति व्यवस्थापन र असल शासनका कार्यक्रमहरू समेटिएको संस्थागत योजना प्रस्तुत गर्ने ।
- चौरजहारी नगरनगरपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा संभावित विपद् व्यवस्थापनको योजना तर्जुमा गर्ने ।
- नगरनगरपालिकाको आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्ने ।

१.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरू

१.६.१ योजनाका क्षेत्रहरू

प्रदेश सुशासन केन्द्रले निर्दिष्ट गरेको कार्य निर्देशन र परामर्शदातासँग भएको सम्झौताको परिधिभित्र रही यो आवधिक योजना तयार गरिएकोले तद्नुरूप यस योजनामा निम्न लिखित क्षेत्रका योजनाहरू समेटिएका छन् :

क) चौरजहारी नगरनगरपालिकाको दीर्घकालीन योजनाको प्रारूप :

यस भित्र विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्यहरू र विकासका प्राथमिकताहरू साथै चौरजहारी नगरनगरपालिका क्षेत्रका सवलता, दुर्वलता, संभावना र चुनौतीहरू समेत प्रस्तुत गरिएको छ ।

ख) आर्थिक विकास योजना :

यस योजना अन्तर्गत कृषि, पशुपालन, वागवानी, जलस्रोतको उपयोग, वनमा आधारित आर्थिक क्रियाकलाप, उद्योग तथा वाणिज्य, पर्यटन, रोजगारी प्रवर्द्धन, गरिवी निवारण, घरेलु तथा साना उद्यम विकासका कार्यक्रम, वित्तीय क्षेत्र, एकल अधिकार अन्तर्गत सहकारी संस्था, स्थानीय बजार व्यवस्थापन (हाटबजार, स्थानीय स्तरका व्यापारिक फर्म), बेरोजगारको तथ्याङ्क संकलन (रोजगार सूचना केन्द्र, वैदेशिक रोजगार), कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण जस्ता विषय क्षेत्र समेटिएका छन् ।

चौरजहारी नगरपालिका

ग) सामाजिक विकास :

यस योजना अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, भाषा संस्कृति, ललितकलाको संरक्षण र विकास, जेष्ठ नागरिक, अपाङ्ग तथा असहाय भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन, लैङ्गिक तथा जातजातिगत समानता, वसाइसराई व्यवस्थापन, सार्वजनिक सम्पत्तिमा जनताको पहुँच, सामुदायिक स्रोत विकास, वालविकास, दलित तथा सीमान्तकृत समुदायको सामाजिक मूल प्रवाहीकरणमा सहभागिता सुनिश्चित गर्ने, सामाजिक सुरक्षाका कार्यक्रमहरू, युवा तथा खेलकुद विकास, ऐतिहासिक स्थलको संरक्षण, खाद्य गुणस्तर, प्रदुषण, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन, खेलकुद, पत्रपत्रिका, स्वास्थ्य (स्वास्थ्य संस्था दर्ता अनुमति, औषधीजन्य वनस्पति, औषधी खरिद, आकस्मिक सेवा), सामाजिक सुरक्षा तथा गरीबी निवारण (लक्षित समूह) जस्ता विषय क्षेत्र समेटिएका छन् ।

घ) भौतिक पूर्वाधार:

स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, साना सिंचाई तथा जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, नदी नियन्त्रण, स्वच्छ खानेपानी, सुरक्षित आवास, सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य र सामुदायिक भवन) पर्यटन पूर्वाधार विकास तथा औद्योगिक पूर्वाधारहरू: सडक तथा पुल, झोलुङ्गे पुल, भवन तथा शहरी विकास, सञ्चार, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना र साझा अधिकार अन्तर्गत: स्थानीय स्तरका पुरातत्व, प्राचीन स्मारक र सँग्राहलय संरक्षण, सम्वर्द्धन र पुननिर्माण, न्यूनतम दररेट निर्धारण, भवन निर्माण इजाजत जस्ता भौतिक विकास योजना समेटिएको छ ।

ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन :

यस अन्तर्गत सरसफाइ, ठोस फोहोर व्यवस्थापन, प्राकृतिक तथा सांस्कृतिक वातावरणको संरक्षण, नदीजन्य कटान नियन्त्रण, भूक्षय नियन्त्रण, वन तथा वातावरणको संरक्षण, वन पैदवारको उपयोग र विकास प्रवर्द्धन, जलाधार संरक्षण, जल उपयोग, जलउत्पन्न प्रकोप नियन्त्रण, खानी तथा खनिज पदार्थ संरक्षण, वन्यजन्तु, चराचुरूंगी, जैविक विविधता संरक्षण, विपद् व्यवस्थापन पर्यावरणीय (जलवायु) अनुकूलन कार्यक्रमहरू समेटिएका छन् । जोखिमयुक्त स्थानहरूको पहिचान गरी भूकम्प, आगलागी, वाढी, पहिरो, सुख्खा खडेरी र महामारीजस्ता विपद्हरूको पूर्वतयारी, सूचना प्रणालीको विकास, विपद् पश्चात् उद्धार र पुनर्स्थापनाका कार्यक्रमहरू समावेश गरिएका छन् ।

च) वित्तीय व्यवस्थापन योजना :

यस योजना अन्तर्गत नगरनगरपालिकाको आय-व्ययको विश्लेषणका आधारमा आगामी योजना अवधिको लागि आय र व्ययको प्रक्षेपण गरिनुका साथै नगरनगरपालिकाको वजेटको क्षेत्रगत वाँडफाँड, आन्तरिक राजश्व वृद्धिका योजना, निजी र सहकारीको योगदान, अन्तर सरकारी वित्तीय वाँडफाँड र हस्तान्तरण, खर्चको वाँडफाँड र व्यवस्थापनको योजना समेटिएको छ ।

छ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन:

यस अन्तर्गत नगरनगरपालिकाको सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवर्द्धन, लेखा र अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरूसँगको साझेदारी र सञ्जाल (Networking), कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढीकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास जस्ता कार्यक्रमहरू समेटिएका छन् । वडानगरपालिका, नगरनगरपालिका, प्रदेश र संघीय कार्यकमहरूसँग तादात्म्यता र जिम्मेवारी बाँडफाँड गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएको छ भने विकास निर्माण र नगरनगरपालिकाबाट प्रवाह हुने सेवाहरूको अनुगमन र मूल्यांकनको योजना समेटिएको छ ।

चौरजहारी नगरपालिका

१.६.२ आवधिक योजनाका सीमा

प्रस्तुत आवधिक योजना तयार गर्दा निम्नलिखित सीमाहरूलाई मध्यनजर गरिएको छ :

- वडा भेलामा सहभागीहरूको विचार प्रतिनिधिमूलक रूपमा आवधिक योजनामा समावेश गरिएको ।
- स्रोत साधन र समयको सीमितताको कारणले वडाबासीहरूका सम्पूर्ण अपेक्षा र आकांक्षाहरू योजनामा समेटन नसकिएको ।
- यो आवधिक योजना चौरजहारी नगरनगरपालिकाको प्रथम आवधिक योजना भएकोले कतिपय द्वितीय स्रोतबाट प्राप्त हुनु पर्ने तथ्यांकहरू पर्याप्त रूपमा उपलब्ध हुन नसकेको ।
- नगरनगरपालिकाका विभिन्न कार्यक्रमहरू दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना तयार गर्न तत्काल सम्भव नभएको ।

१.७ अध्ययन विधि

१.७.१ पूर्व अध्ययनहरूको पुनरावलोकन

पूर्व अध्ययनको क्रममा आवधिक योजनासँग सम्वन्धित चौरजहारी नगरनगरपालिकाको पार्श्वचित्र, नेपालको संविधान २०७२, स्थानीय तहको आवधिक योजना तयारी निर्देशिका २०७८, पन्ध्रौं योजना, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय विभिन्न नीतिहरू, भू-उपयोग नीति २०७२, विकास सहायता नीति, कृषि, सिँचाई, वन तथा वातावरण सम्बन्धी नीतिहरू, नगरपालिकाको आ.व. २०७८/२०७९ को नीति, कार्यक्रम तथा बजेट, नगरनगरपालिकाको योजनाका मध्यावधिक समीक्षा २०७७ लगायतका दस्तावेज तथा जानकारी तथ्यांक तथा नक्साहरूको अध्ययन गरिएको छ । यसका अतिरिक्त चौरजहारी नगरनगरपालिकामा हाल आवद्ध साविक गाउँ विकास समितिका सूचनाहरू अध्ययन गरिएको छ । मुख्य रूपमा हाल चौरजहारी नगरनगरपालिका र साविकका गाउँ विकास समितिहरूको आर्थिक, सामाजिक, राजनैतिक, भौतिक तथा भौगोलिक अवस्थाको बारेमा वृहत अध्ययन गरिएको छ । साथै यो योजना तयार पार्दा चौरजहारी नगरनगरपालिकाबाट प्राप्त तथ्यांकहरू तथा प्रतिवेदनहरू संकलन गरी ती तथ्यांक तथा सूचनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । सूचना संकलनको क्रममा नगरनगरपालिकाका विभिन्न वडाहरू (साविकका गाउँ विकास समिति) बाट प्राप्त तथ्यांकहरू, ईन्टरनेटबाट प्राप्त सूचनाहरू तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त सूचनाहरूलाई समेत प्रयोग गरिएको छ । चौरजहारी नगरनगरपालिका क्षेत्रका विविध समस्याहरूका बारेमा विज्ञबाट प्रस्तुत लेखहरू तथा अनुसन्धान प्रतिवेदनहरू समेत अध्ययन गरी समस्याहरूको पहिचान र समाधानका उपायहरूलाई योजनामा समावेश गरिएको छ । यो योजना निर्माणका क्रममा योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवमा आधारित प्रकाशित प्रतिवेदन, जर्नल, लेखहरू र सन्दर्भ पुस्तकहरूको समेत सिंहावलोकन गरिएको छ ।

१.७.२ पूर्व योजना तयारी कार्यशाला गोष्ठीः

नगरनगरपालिकाको सहमतिमा तयारी चरणका सिलसिलामा २०७८ चैत्र ५ गतेका दिन चौरजहारी नगर प्रमुख श्री विशाल शर्माज्यूको अध्यक्षतामा उप प्रमुख श्री राधा रोका लगायत कार्यनगरपालिकाका सदस्यहरू र नगरपाकिका शाखा प्रमुखहरू सहित ४२ जनाको उपस्थितिमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा नगरपालिकाको आवधिक योजना निर्माणका लागि विधि, प्रक्रिया, समय र सरोकारवालाहरूको भूमिका जस्ता पक्षहरूमा छलफल गरी निर्णय गरिएको थियो ।

१.७.३ आवधिक योजना तर्जुमाका लागि निर्देशक समिति तथा विषयगत उपसमिति गठनः

आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा नगर प्रमुखको संयोजकत्वमा नगरनगरपालिकाका कार्यकारी अधिकृत तथा पदाधिकारीहरू, राजनैतिक दलका प्रतिनिधिहरू, नगरनगरपालिकाको विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू, गैर-सरकारी तथा अन्य संघ-संस्थाका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवी, दलित, पिछडिएका वर्ग, अपांग तथा महिला प्रतिनिधिहरू रहेको निर्देशक समिति गठन गरिएको थियो । नगरनगरपालिकामा कायम रहेका आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत विकास तथा वित्तीय व्यवस्थापन विकास समितिलाई आवधिक योजना तर्जुमाका विषयगत समितिसँग नगरनगरपालिकामा गरिनुपर्ने विविध विषयगत योजना तथा कार्यक्रम र सो क्षेत्रमा कसरी विकासको खाका तयार गर्न सकिन्छ भन्ने विषयमा समेत विस्तृत छलफल गरिएको थियो । प्रत्येक विषयगत समितिहरूसँग छलफल गरी छलफलको निचोडलाई आवधिक योजनामा समावेश गरिएको छ ।

योजनाका विषयगत समितिहरूलाई कायम राख्दै यो आवधिक योजना तर्जुमालाई सहजीकरण गर्न निम्न अनुसारको निर्देशक र संयोजन तथा सहजीकरण समिति गठन गरियो ।

अ) आवधिक योजना तर्जुमा निर्देशक समिति

संयोजकः	नगर प्रमुख
सदस्यः	नगर उपप्रमुख
सदस्यः	१ देखि १४ सम्मका सम्पूर्ण वडा अध्यक्षहरू
सदस्य सचिवः	प्रमुख प्रशासकीय अधिकृत

आ) योजना तर्जुमा संयोजन तथा सहजीकरण समिति

संयोजकः	नगरपालिका उपप्रमुख
सदस्यः	प्राविधिक शाखा प्रमुख
सदस्यः	शिक्षा शाखा प्रमुख
सदस्यः	कृषि शाखा प्रमुख
सदस्यः	स्वास्थ्य शाखा प्रमुख
सदस्यः	लेखा शाखा प्रमुख
सदस्यः	सूचना तथा सञ्चार प्रविधि शाखा प्रमुख
सदस्य सचिवः	योजना शाखा प्रमुख

१.७.४ तथ्याङ्क एवं सूचना संकलनः

प्रतिवेदन तयारीका क्रममा द्वितीय श्रोतबाट प्राप्त आधिकारिक सूचनाहरूलाई समावेश गरिएको छ । तत्कालीन रुकुम जिल्लाका विकास योजनाकाक प्रतिवेदनहरू (२०७० देखि २०७४ सम्म) समेतलाई पनि आधार तथ्यांक (Baseline data) को रूपमा लिइएको छ । यसका अतिरिक्त अन्य द्वितीय श्रोतहरू जस्तै अन्य गाउँनगरपालिका तथा नगरनगरपालिकाका पूर्व आवधिक योजनाको अध्ययन समेत गरिएको छ । यसका साथै जिल्ला विकास समिति रुकुमका विभिन्न वर्षहरूका जिल्ला विकास योजना र चौरजहारी नगरनगरपालिकाको ०७४/७५ को प्रथम वजेट तथा विकास योजनालाई समेत अध्ययन गरिएको छ । आवधिक योजना तर्जुमा गर्नको लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरू जस्तै : जनसंख्या, शिक्षा, स्वास्थ्य, आर्थिक विकास, सामाजिक अवस्थालाई चौरजहारी नगरनगरपालिकाको पार्श्वचित्र (Profile) बाट

संकलन गरिएको छ। उक्त पार्श्वचित्रबाट नगरनगरपालिकाको वडागत तथ्याङ्कका अलावा सडक, खानेपानी, विद्युत, जलसम्पदा, जंगल, जमिन, आदिसँग सम्वन्धित सूचनाहरू प्राप्त गरी प्रयोग गरिएको छ । यसका साथै नगरनगरपालिकामा वडास्तरीय भेला गरी गुणात्मक तथा मात्रात्मक सूचना समेत संकलन गरिएको थियो । मुख्य सूचनादाता (Key informants) बाट प्राप्त सूचनाहरू, अभिमत र सुझावहरूलाई समेत प्रतिवेदन तयार गर्दा समावेश गरिएको छ ।

क) श्रोत व्यक्तिहरूसँगको छलफल

नगरनगरपालिकाको आवधिक योजना तयार गर्ने सिलसिलामा चौरजहारी नगरनगरपालिकासँग सम्वन्धित विभिन्न व्यक्तिहरूलाई श्रोत व्यक्तिहरूको रूपमा अर्न्तवार्ता लिइ सूचना संकलन गर्ने काम गरिएको छ । आवधिक योजना तर्जुमाको सिलसिलामा नगरपालिकाका विभिन्न क्षेत्रहरू रोजगारी, व्यवसाय, राजनीति र अध्यापन तथा प्राध्यापनमा संलग्न व्यक्तिहरूसँग छलफल गरिएको थियो । नेपाल सरकारका उच्च तहदेखि जिल्ला र नगरपालिका स्तरका कर्मचारी तथा केन्द्रीयदेखि स्थानीय स्तरका राजनीतिक नेतृत्वहरूसँग समेत छलफल गरेर उनीहरूको अनुभवजन्य रायसमेत संकलन गरिएको छ । यसरी स्रोत व्यक्तित्वहरूबाट प्राप्त सुझाव, अभिमत र सोंचहरूले यो योजना निर्माणमा उल्लेख्य योगदान पुऱ्याएको छ ।

ख) वडास्तरीय बृहत भेला तथा अपेक्षा संकलन

नगरनगरपालिकाको आवधिक योजना तर्जुमा गर्नको लागि निर्देशक समिति तथा विषयगत समिति गठन पश्चात् प्रत्येक वडामा वडा अध्यक्ष, निर्वाचित वडा समितिका सदस्यहरू र सरोकारवाला अन्य व्यक्तित्वहरू सहितको भेलामा विज्ञहरूले तयार पारेका प्रश्नावलीमा कार्यशाला गाष्ठी गरिएको थियो । यसबाट वडागत समस्या पहिचान गर्ने, वडास्तरका कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण गर्ने तथा समस्या न्यूनीकरणको लागि सुझावहरू संकलन गरिएको थियो । यसरी नै नगरनगरपालिकाको क्षेत्रगत आधारमा २०७८ चैत्र ६ गतेदेखि चैत्र १४ गतेसम्म सबै (१४) वडामा वडागत रूपमा क्षेत्रगत प्रतिनिधिहरूको प्रतिनिधित्व हुने गरी छलफल तथा अन्तर्क्रियाबाट आवधिक योजनाका दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्य तथा कार्ययोजना निर्धारणमा राय संकलन गरी वडाका अपेक्षा पहिचान समेत गरिएको थियो । त्यसैगरी परामर्शदाताका प्राविधिक समूहहरूबाट विभिन्न समूह विभाजन गरी ती समूहमा सहजीकरण गरी चेक लिष्टबाट आएका आवश्यकता तथा कार्यक्रमहरूको पुनः छलफल र विश्लेषण गरी प्राथमिकताका आधारमा आगामी ५ वर्षको योजनाको मार्गचित्र तयार गरिएको छ। यस मार्गचित्रलाई परामर्शदाताका विज्ञ टोलीबाट सोही क्षेत्रका स्थानीय बुद्धिजीवी, राजनीतिक दलका प्रतिनिधि तथा विषयविज्ञहरूसँगको छलफलबाट कार्ययोजना प्रतिवेदनमाथि टिप्पणी सहित सुझाव समेत संकलन गरिएको थियो ।

ग) स्थलगत सर्वेक्षण तथा प्रमाणीकरण

परामर्शदाताका तर्फबाट खटिएका विषय विज्ञसहितको स्थलगत अध्ययन समूहले चौरजहारी नगरनगरपालिकाका प्रत्येक वडा र टोलसमेत भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क संकलन गरेको थियो । सबै वडाहरूमा वडा भेला गरी संकलित तथ्यांकहरू वडामा गठित सम्पर्क समितिसँगको छलफलबाट पुनः अध्यावधिक गरिएको थियो । नापी विभागबाट तयार गरिएको स्थलरूप नक्सालाई आधार नक्साको रूपमा लिई स्क्यान (Scan) गरी GIS Software बाट हालसम्मको स्थलगत सर्वेक्षण तथा अवलोकन पश्चात् स्रोत नक्साहरू तयार गरिएको छ । यस सन्दर्भमा मुख्य रूपमा नगरनगरपालिकामा रहेका भौतिक पूर्वाधारहरू जस्तै : सडक, संचार, विद्युत, खानेपानी आदिका सम्वन्धमा सर्वेक्षण, अवलोकन तथा स्थलगत जाँच गरी नक्शामा समेत अध्यावधिक गरिएको छ। यसरी विविध स्रोतबाट संकलित तथ्यांकबाट नगरनगरपालिकाको विभिन्न स्रोत नक्साहरू समेत तयार गरिएको छ । वडा भेला मार्फत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा गठित वडा सम्पर्क समिति मार्फत

प्राथमिकीकरण गरिएको छ । यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ भने रणनैतिक योजनाको लागि विषयगत समिति, विज्ञ तथा निर्देशक समितिमा विस्तृत छलफल गरिएको छ ।

घ) जिल्लास्तरीय सम्बन्धित निकायबाट तथ्यांक संकलन

जिल्ला स्थित कृषि, पशु, वन, शिक्षा, स्वास्थ्य, ऊर्जा आदिसँग सम्बन्धित विज्ञहरू तथा जनप्रतिनिधिहरू (स्थानीय, प्रदेश तथा संघीय) र राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजीविहरू सँग व्यापक छलफल तथा अर्न्तक्रियाबाट सुझाव संकलन गर्नुका साथै आवधिक योजनाका दीर्घकालीन सोंच, ध्येय र लक्ष्यलाई अन्तिम रूप दिइएको छ ।

१.७.५ तथ्याङ्क विश्लेषण

नगरनगरपालिकाको रणनैतिक योजना, कार्यक्रम तथा अल्पकालीन र दीर्घकालीन आयोजनाहरू छनौट गर्नको लागि तथ्यांक विश्लेषणको महत्वपूर्ण स्थान हुन्छ । आयोजना छनौटका लागि समष्टिगत विकासका चुनौती र सम्भावनाहरूको सन्दर्भमा प्राप्त तथ्यांक र सूचनाहरूलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ । स्थलगत अध्ययन भ्रमण, वडा भेला, सामुहिक छलफल, अन्तर्क्रिया र विज्ञहरूको रायसुझावका साथै द्वितीय स्तरका तथ्यांकहरूको आधारमा तपशिल बमोजिम तथ्यांक विश्लेषण गरिएको छ ।

क) भौगोलिक अवस्थाको विश्लेषण :

चौरजहारी नगरनगरपालिकाको भौगोलिक अबस्थाको विश्लेषण गर्ने क्रममा यसको भू-भौतिक अवस्था, क्षेत्र, अबस्थिति, भू-स्वरूप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भौगोलिक अवस्थाको परिणाम स्वरूप उत्पन्न सम्भावना र चुनौतीहरूलाई पनि विश्लेषण गरिएको छ । साथै विश्लेषण गर्ने क्रममा भौगोलिक अवस्थितिले विकासमा पारेको चुनौती, वास्तविकता समेतलाई कसरी योजनागत हिसाबमा समेट्न सकिन्छ, कुन कुन क्षेत्रगत योजनालाई प्राथमिकता दिदैं विकास आयोजनाहरू सञ्चालन गरिनुपर्दछ भन्ने कुरालाई ख्याल गरिएको छ । यसले गर्दा क्षेत्रगत विशिष्टताका आयोजनाहरू तथा रणनैतिक दीर्घकालीन आयोजनाहरूको छनौटमा समेत मद्दत पुगेको छ ।

ख) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण:

जनसंख्याको बनावट, जनसंख्या वृद्धि, भाषा, धर्म संस्कृति, रीतिरिवाज, परम्परा, बसाँइसराइ, जनसंख्याको प्रक्षेपण आदि सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ । यी तथ्यांकले भविष्यमा नगरनगरपालिकाका कार्य कस्तो किसिमको रूपमा विकास गराउने भन्ने कुराको मूल्याङ्कन र प्रक्षेपण गर्न मद्दत पुग्ने छ । त्यसैगरी अध्ययन क्षेत्रको सामाजिक अवस्था थाहा पाउनका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भविष्यको लागि विकास निर्माणमा प्राथमिकता दिनुपर्ने क्षेत्र, सामाजिक रूपमा समावेशीकरणको सिद्धान्त अवलम्बन गर्नु पर्ने पक्षहरू, शिक्षा, स्वास्थ्य र सामाजिक पूर्वाधारमा गर्नुपर्ने लगानी जस्ता विषयमा समेत यसले महत्वपूर्ण योगदान पुऱ्याउने छ ।

ग) आर्थिक अवस्थाको विश्लेषण:

आवधिक योजना तर्जुमाको क्रममा नगरनगरपालिकाको विद्यमान आर्थिक अवस्था र भविष्यको आर्थिक अवस्थाको प्रकृतिलाई समेत विश्लेषण गरिएको छ । नगरपालिकाको भविष्यमा कस्तो र कुन रूपमा विकास गर्ने, मुख्य आर्थिक गतिविधि के हुने ? यस्ता आर्थिक गतिविधिबाट नगरनगरपालिकाको विकासको लागि कस्तो फाइदा पुग्ने ? भन्ने सन्दर्भमा लेखाजोखा गरिएको छ । मानव बस्तीलाई भविष्यमा कति क्षेत्रमा विस्तार गर्न सकिने, कुन क्षेत्रमा विस्तार गर्न सकिने, छरिएर रहेको कुन कुन बस्तीलाई कहाँ र कसरी एकीकृत गर्ने साथै कस्तो प्रकारको आर्थिक क्रियाकलापमा ध्यान केन्द्रित गर्ने भन्ने विषयमा विश्लेषण गरिएको छ । दिगो योजनाका लागि नगरनगरपालिकाले खेलेको भूमिका, आर्थिक आम्दानीका श्रोतहरू, बसाँइसराइँको प्रभाव आदि कुराहरूमा समेत समीक्षा गरिएको छ । यसका साथै नगरनगरपालिकाको

विगत ५ वर्षको आय व्यय अभिलेखको आधारमा आगामी ५ वर्षको आम्दानीलाई प्रक्षेपण गरी सोको आधारमा आगामी ५ वर्षको नगरनगरपालिकाको व्ययको योजना तयार गरी नगरनगरपालिकाको आयोजना छनौट तथा योजना तर्जुमामा समेत यसको विश्लेषण गरिएको छ ।

घ) भौतिक र वातावरणीय अवस्थाको विश्लेषण:

भौतिक विकासका पूर्वाधार मध्ये सडक तथा ढल, यातायात, सञ्चार, नदी नियन्त्रण, पिउनेपानीको उपलब्धता, विद्युत आदिको अवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ । नगरनगरपालिकाले आफ्नो क्षेत्रको व्यवस्थित विकास गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको विकासमा जोड दिनु पर्दछ । यस क्रममा दिगो विकास र विस्तारको लागि वातावरणीय पक्षको पनि अध्ययन गरिएको छ । विद्यमान वातावरणीय अवस्थालाई विशेष ध्यान दिई वातावरणीय व्यवस्थापनमा खास गरी भू-क्षय, नदीखोला नियन्त्रण तथा प्रदुषण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयमा विश्लेषण गरिएको छ ।

ङ) संस्थागत विकासको विश्लेषण:

यस अन्तर्गत नगरपालिकाको सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवर्द्धन, लेखा र अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरूसँगको साझेदारी र सञ्जाल (Networking), कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढिकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयमा विश्लेषण गरिएको छ ।

१.८ योजना तर्जुमाको प्रकृया

क) चौरजहारी नगरनगरपालिकाको अग्रणी क्षेत्र पहिचान र विश्लेषण

प्रत्येक गाउँ वा सहरको भविष्यमा हुने विकासका आ-आफ्नै विशेष सम्भावनाहरू हुन्छन् र यिनै सम्भावनाहरूले बस्तीहरूको विकासको खाका कोर्ने गरेको हुन्छ । यही विशेष सम्भावनालाई अग्रणी क्षेत्र भनिन्छ, जुन उक्त क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन्छ साथै बस्तीको विकास र विस्तारलाई निर्देशित गर्दछ । आवधिक योजना तयारीको सन्दर्भमा बस्तीको सम्भावित विस्तार र विकासका लागि चौरजहारी नगरनगरपालिकाका अग्रणी क्षेत्रको पहिचान गरिएको छ । चौरजहारी नगरनगरपालिकाको मुख्य अग्रणी क्षेत्रहरूमा: कृषि, जलस्रोत, पूर्वाधार, सामाजिक विकास, उद्योग, पर्यटन, वातावरण तथा आर्थिक क्रियाकलाप रहेका छन् । तसर्थ यसै दृष्टिकोणमा नगरनगरपालिकाको अग्रणी क्षेत्र पहिचान गरिएको छ र सोही आधारमा योजनाहरू समेत तयार पारिएको छ ।

ख) अपेक्षा पहिचान

विकास योजना तर्जुमा र विकास निर्माणको क्रममा समस्याहरूलाई पहिचान गर्दै क्रमबद्ध रूपमा विश्लेषण गरिएको छ । चौरजहारी नगरनगरपालिकाको समस्या पहिचान गर्दा स्थलगत अध्ययनका क्रममा बस्तीहरूमा देखिएका मुख्य समस्याहरू अबलोकन तथा मुख्य सूचनादाताहरूको छलफलबाट जानकारी प्राप्त गरिएको छ । छलफल तथा अन्तर्क्रियाको क्रममा नगरनगरपालिकाका प्रतिनिधिहरू, विज्ञ समूहहरू लगायत अन्य निकायका प्रतिनिधिहरू तथा स्थानीय तहका विभिन्न पेशा, वर्ग र समूहहरूसँग आबद्ध विद्वान्, समाजसेवी, शिक्षक, सामाजिक कार्यकर्ता, महिला, सम्बन्धित क्षेत्रका सर्वसाधारणहरूसँग बैठक आयोजना गरी मुख्य समस्याहरू पहिचान गरिएको छ । यस्तो सहभागितामूलक छलफलमा धेरै भन्दा धेरै मानिसको सहभागिता गराउने प्रयास गरिएको थियो । यसले गर्दा वास्तविक आवश्यकता पहिचान सहित योजना तर्जुमा गर्न सहयोग पुगेको महशुस गरिएको छ । यस्तो छलफलबाट एकातिर सम्बन्धित क्षेत्रको प्रमुख समस्या पहिचान गर्न मद्दत पुग्यो भने अर्कोतिर नगरनगरपालिकाका सम्भावना समेत पहिल्याउन सहयोग पुगेको छ । अपेक्षा

पहिचान गर्दा वडागत तहमा देखिएका मुख्य समस्याहरू समेत पहिचान गरिएको थियो । यसले वडागत आयोजना तथा रणनैतिक योजना तर्जुमामा महत्वपूर्ण सहयोग पुगी नगरनगरपालिकाको ५ वर्षे आवधिक योजना तर्जुमा गर्दा प्राथमिकीकरण गर्न तथा अग्रणी क्षेत्र सहितको कार्ययोजना बनाउन समेत विशेष सहयोग पुगेको छ ।

ग) रणनीतिक योजना तयारी

रणनीतिक योजनाहरूले नगरनगरपालिकाको दिर्घकालीन समस्या समाधान गर्न मद्दत पुऱ्याउँछ भने यसैका आधारमा नगरनगरपालिकालाई भविष्यमा कुन दिशातर्फ विस्तार र विकास गर्न सकिन्छ भन्ने कुराको निर्धारण गर्दछ । तसर्थ रणनैतिक योजनाले नगरनगरपालिकाको अग्रणी स्रोतहरूको आधारमा योजना तर्जुमा गर्न सहयोग पुऱ्याउदछ भने भू-उपयोग नीतिलाई कार्यान्वयन गरी भविष्यको विकासलाई मार्ग निर्देश गर्न सहयोग गर्दछ । दीर्घकालीन रूपमा नगरनगरपालिकाको विकासको लागि दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता पर्दछ जसले नगरनगरपालिकाको समस्या समाधान तथा विद्यमान मुख्य सम्भावनालाई सम्बोधन गर्न सक्दछ । त्यसैले यस अन्तर्गत नगरनगरपालिकाको दीर्घकालीन विकासको लागि स्थानीय, प्रादेशिक तथा राष्ट्रिय महत्व भएका रणनीतिक योजनाहरू प्रस्ताव गरिएको छ । उक्त योजना अनुसारको विकास योजना सञ्चालन गरिने कार्ययोजनाहरू प्रस्ताव गरिएको छ । नगरनगरपालिकाको दिर्घकालीन सोच निर्धारण गरी सोही अनुसार क्षेत्रगत योजना तर्जुमा गरी मुख्य आयोजनाहरूलाई तर्कबद्ध प्रणाली (Logical Framework Analysis) मा समेत राखिएको छ । यस्ता योजना र कार्यक्रमहरूलाई स्थानीय तहका प्रमुख लगानीकर्ताहरू, छिमेकी गाउँनगरपालिका तथा नगरनगरपालिकासँग सम्बन्धित वाणिज्य संघसंस्थाहरू, सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र स्थानीय राजनैतिक दलहरूसँग छलफल गरी अन्तिम निर्णयमा पुगिएको छ भने उनीहरूको भूमिका र योगदानमा समेत जोड दिइएको छ । यी रणनीतिक योजनाहरूले विद्यमान समस्याहरूलाई सम्बोधन गर्नुका साथै भविष्यमा अग्रणी क्षेत्रहरूलाई ग्रहण गर्दै निरन्तर रूपमा विकास दिगो भै अघि बढाउ मद्दत गर्ने छ । नगरनगरपालिकाको दिर्घकालीन सोचले निर्धारण गरेको लक्ष्य हाँसिल गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

घ) नक्सांकन तथा विश्लेषण

यस कार्यमा नक्सा तयारी र अद्यावधिकलाई विशेष प्राथमिकता दिई नक्साङ्कनको कार्य सम्पन्न गरिएको छ । नगरनगरपालिकाको भौतिक पूर्वाधारहरू जस्तै सडक, ढल, खानेपानी, विद्युत, संचार लगायत पूर्वाधारहरू नक्साङ्कनद्वारा प्रस्तुत गरिएको छ भने सामाजिक पूर्वाधारहरू जस्तै शिक्षा, स्वास्थ्य, खेलकुद, धार्मिक मठमन्दिर लगायतलाई नक्सांकन गरिएको छ । साथै भौगोलिक तथा प्राकृतिक श्रोतहरूको पहिचानको नक्सांकन र वर्तमान भू-उपयोगको स्थिति र प्रस्तावित भू-उपयोगको समेत नक्सांकन सहितको विश्लेषण गरिएको छ । नक्सांकन कार्य गर्दा सर्भे विभागको टोपोसिट, Landsat Image 2022 का तस्बीरहरू, Google Earth Pro, Open street map बाट तथ्यांक प्राप्त गरिएको छ । उक्त तथ्यांकलाई GIS Software प्रयोगबाट तथ्यांक विश्लेषण गरी निम्नानुसारका नक्सा तयार गरिएको छ:

- राजनैतिक तथा प्रशासनिक नक्साङ्न
- भूबनोट नक्साङ्न
- वडागत भौगोलिक नक्साङ्न
- नदी प्रवाह प्रणाली नक्साङ्न
- जलाधार प्रणाली नक्साङ्न
- जनघनत्व नक्साङ्न

- सडक पहुँचको नक्साङ्न
- भू-उपयोग नक्साङ्न
- वनस्पति तथा पर्यावरणीय नक्साङ्न
- माटोको नक्साङ्न
- पर्यटकीय क्षेत्रका नक्साङ्न
- प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरूको पहिचान र नक्साङ्न

ङ) विषयगत विकास योजनाहरूको तर्जुमा

विकास योजना भनेको अर्थतन्त्रको सबै विषयगत वा क्षेत्रगत योजनाहरूको समग्रता हो । यस अन्तर्गत भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण संरक्षण र व्यवस्थापन, विपद् तथा प्रकोप व्यवस्थापन, संस्थागत विकास र वित्तीय विकास योजनाहरू समेटिएका हुन्छन् । नगरनगरपालिकाको यस आवधिक योजनामा उपरोक्त सबै क्षेत्रगत योजनाहरूलाई वस्तुगत रूपमा विश्लेषण गरी ५ वर्षका लागि विभिन्न लक्ष्यहरू राखी कार्यक्रमहरू प्रस्ताव गरिएको छ । सबै योजनाहरूको कार्यक्रमका उपलब्धीका सूचकहरू, आधारहरू र मान्यताहरू समेटेर तर्कवद्ध ढाँचामा सबै विषयगत योजनाहरू निर्धारण गरिएको छ ।

च) योजना कार्यान्वयन रणनीति

योजना तर्जुमा जति महत्वपूर्ण छ त्यत्तिकै कार्यान्वय रणनीति पनि महत्वपूर्ण मानिन्छ । प्रायगरी योजनाहरू बनाइन्छन् तर सही रूपमा कार्यान्वयन हुन नसकेको परिप्रेक्ष्यमा कार्यान्वयन र अनुगमन पक्ष बलियो बनाउनु जरूरी हुन्छ । नगरनगरपालिकाको आवधिक योजना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरूलाई सजग गराउँदै सम्बद्ध निकायहरूलाई सक्रिय बनाउनु पर्दछ । यसका लागि सबै सरोकारवाला निकायसँग अन्तर्क्रिया गरी कार्यान्वयनमा संलग्न गराउन जोड दिनु पर्दछ भने आयोजनाको लगानीका लागि बहुपक्षीय छलफल गरी बहुक्षेत्रगत लगानी योजनालाई समेत यस योजनामा समावेश गरिएको छ । यस्ता बहुक्षेत्रगत लगानी कार्ययोजनाले कुन निकायले कुन वर्ष कति लगानी गर्ने भन्ने कुराको समेत जानकारी दिन्छ भने सम्बद्ध निकायलाइ बढी उत्तरदायी बनाउन मद्दत गर्दछ ।

१.९ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति तथा छलफल

नगर कार्यनगरपालिकाको मिति २०७९/०१/..... गते नगरनगरपालिकाको हलमा बसेको ..... चौरजहारी नगरनगरपालिका सभा तथा अधिवेशनमा नगरनगरपालिकाको आवधिक योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुत गरी नगरसभाका सदस्यहरूबाट राय, सुझाव संकलन समेत गरिएको थियो । प्रस्तुतीकरणका क्रममा सहभागीहरूबाट आएका सुझावहरूलाई समेत संकलन गरिएको थियो । प्राप्त राय तथा सुझावहरूलाई मस्यौदा प्रतिवेदनमा समावेश गरिएको छ । त्यसैगरी मिति २०७९ .... गते नगरनगरपालिका विषयगत समितिका सदस्यहरू, राजनैतिक दलका प्रतिनिधिहरू, विभिन्न कार्यालयका विज्ञहरूको अन्तर्क्रिया कार्यक्रममा मस्यौदा प्रतिवेदन प्रस्तुतीबाट प्राप्त सुझावहरूलाई समेत समावेस गरी परिमार्जित मस्यौदा प्रतिवेदन मिति २०७९..... गते प्रदेश सभासद, छिमेकी गाउँनगरपालिकाका अध्यक्षहरू, जिल्ला समन्वय समितिका प्रमुख तथा नगरनगरपालिका कार्यसमिति समक्ष प्रस्तुत गरिएको थियो उक्त प्रस्तुतीकरणमा प्राप्त सुझावहरूलाई समावेश गरी योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

१.१० आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति :

विभिन्न अन्तर्क्रिया तथा छलफल कार्यक्रमबाट प्राप्त सुझावहरूलाई पुनः आवधिक योजनामा समावेश गरी चौरजहारी नगरनगरपालिकाको ५ वर्षे आवधिक विकास योजना (२०७९/०८० देखि २०८३/०८४) अन्तिम

प्रतिवेदन २०७९..... गते नगरनगरपालिकाको कार्यालय नगर सभा हलमा प्रस्तुत गरी अनुमोदनका लागि नगरसभामा पेश गरिएकोमा सभाले सर्वसम्मत अनुमोदन गरी पारित गरेको छ ।

१.११ प्रतिवेदनको संगठन

यस आवधिक योजनाको प्रतिवेदनलाई सात भागमा विभाजन गरिएको छ । प्रथम भागमा आवधिक योजनाको परिचय र विधिलाई समावेश गरिएको छ । द्धितीय भागमा नगरपालिकाको वस्तुस्थिति विवरण, तेस्रो भागमा नगरवासीको अपेक्षा र विश्लेषण गरिएको छ । त्यसैगरी चौथो भागमा नगरपालिकाको सम्भावना, अवसर, समस्या र चुनौतीको विश्लेषण र पाँचौ भागमा सोच, समग्र लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमहरू समावेश गरिएको छ । अन्तिम भागमा पालिकाको क्षेत्रगत विकास योजनाहरू क्रमशः आर्थिक, सामाजिक, भौतिक विकास योजना, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनक दिगो विकास योजना, संस्थागत विकास योजना र वित्तीय विकास योजना समेटिएका छन् ।

चौरजहारी नगरपालिका

परिच्छेद दुई
चौरजहारी नगरपालिकाको वस्तुस्थिति विवरण

२.१. परिचय

चौरजहारी नगरपालिका रुकुम पश्चिम जिल्लाको पश्चिम दक्षिणी क्षेत्रमा अवस्थित छ। साविकका विजयश्वरी, कोटजहारी, खोलागाउँ गाविस र नुवाकोट गाविसका ३ नम्बर वडा बाहेक सबै तथा पूर्तिमकाँडा गाविसका ४, ५ र ९ वडालाई पुनर्संरचना गरी वि.सं. २०७३ फागुन २७ गते स्थानीय सरकारका रूपमा स्थापना गरिएको हो । जम्मा १४ वटा वडा पालिकाबाट सार्वजनिक सेवा प्रवाह गरिरहेको यस पालिकाको मुख्य प्रशासनिक केन्द्र साविकको विजयश्वरीमा रहेको छ । रुकुम पश्चिमको सदरमुकाम मुसीकोटदेखि १६ कोष पश्चिम दक्षिणमा पर्ने चौरजहारी नगरपालिकामा समथर फाँट तथा उपत्यका, टाकुरा र होचा, अग्ला पहाडहरू रहेका छन् । स्थानीय भाषामा समथर भू-भागलाई चौर भनिने र भेरी नदीको किनारमा समथर चौर भएको त्यस फाँटमा करौंती, चिमेली, दाँते जातका झाडीहरू रहेकोले चौर र झारी शब्दको मेल भइ चौरझारी शव्दको व्युत्पत्ति भएको पाइछ। राज्य पुनर्संरचनासँगै यहि चौरझारी शब्दका नामबाट चौरजहारी नगरपालिकाको नामाकरण गरिएको छ । यो नगरपालिका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । एउटा संघीय र दुईवटा प्रादेशिक निर्वाचन क्षेत्र रहेको रुकुम पश्चिम जिल्लामा चौरजहारी नगरपालिका प्रदेश निर्वाचन क्षेत्र नम्बर 'ख' मा पर्दछ।

२.२ भौगोलिक स्थिति

२.२.१ अबस्थिति

चौरजहारी नगरपालिकाको पूर्वमा त्रिवेणी गाउँपालिका, उत्तरमा सानीभेरी गाउँपालिका, पश्चि उत्तरमा भेरी नदी, पश्चिममा कुमाख र दक्षिणमा दार्मा गाउँपालिका सल्यान पर्दछ । भौगोलिक रूपमा दयालेखदेखि चौरजहारीको समथर फाँटसम्म फैलिएको चौरजहारी नगरपालिकाको जम्मा क्षेत्रफल १०७.३८ वर्ग कि.मि. अर्थात् १०७३८ हेक्टर जमिन ओगटेको छ, जुन रुकुम जिल्लाको झण्डै ३.४ प्रतिशत भू-भाग हुन आउँछ। यो पालिका भौगोलिक हिसाबले जिल्लाका अन्य पालिका भन्दा तुलनात्मक रूपमा सुगम मानिन्छ। सडक तथा हवाई यातायातको पहुँचका कारण पनि यो पालिका सुगम रहेको छ। संघीय राजधानी काठमाडौंदेखि ६४५ कि.मि. र कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरदेखि करिब १२० कि. मि. उत्तर तर्फ रहको छ। समुद्र सतहदेखि करिव ३६७ मिटर उचाइमा अवस्थित यस नगरपालिकाको उत्तर दक्षिण अधिकतम लम्वाइ ३६.५ कि.मी. र पूर्व-पश्चिम अधिकतम चौडाइ १७.५ कि.मी. रहेको छ। यो पालिका भौगोलिक रूपमा पूर्वमा २८ डिग्री ३८ मिनेट २७ सेकेण्ड (२८.६५४९°) उत्तरी अक्षांश र ८२ डिग्री १२ मिनेट ४ सेकेण्ड (८२.१९९२°) पूर्वी देशान्तरमा रहेको छ।

चौरजहारी नगरपालिका



नक्सा : चौरजहारी नगरपालिका

२.२.२ भू-बनोट

पहाड र तराईको मिश्रित हावापानी र भूबनोट रहेको चौरजहारी नगरपालिका प्राकृतिक दृष्टिले सुन्दर रहेको छ । यस नगरपालिकामा उपत्यका, खोच, होचा र अग्ला पहाडी थुम्का तथा टाकुरा, अग्ला लेकहरू र नदी तटीय क्षेत्रमा अवस्थित रहेको छ । यस पालिकाको वडा नं १, २ र ३ (लामिछानेगाउँ, नाखिरा, घारीगाउँ, नयाँ बजार, टाटागाउँ, स्यालखोला) मुख्य समथर भूभाग हुन । पालिकाका जहारी खोला आसपासका खंगेरी, मेलैनाउली, नार्जी, थापाचौर, डाब, धुलेखेत, सर्केना ज्यूला, खोलागाउँ, चिसापानी, घुघुतीज्यूला लगायतका फाँटहरू उत्पादनका दृष्टिले महत्वपूर्ण रहेका छन् । अमलाटाकुरा, मालिका, कोटजहारी, गडीलेक, न्याउली बजार, आगल, जुम्ली पोखरी, खोलागाउँ लेक, दयाललेक आदि भूभागहरू १२ सयदेखि १६ सय मिटरसम्मका अग्ला भूभागहरू हुन । क्षेत्रफलका आधारमा यहाँको धरातलीय स्वरूप लाई निम्नानुसार बर्गीकरण गर्न सकिन्छ ।

नक्सा : भू-बनोट



तालिका नं.: ... चौरजहारी नगरपालिकाको धरातलिय विभाजनको विवरण

धरातलीय विभाजन	क्षेत्रफल (हेक्टर)	प्रतिशत
माथिल्लो भिरालो (न्यानो)	२९७९	२७.७७%
तल्लो भिरालो (न्यानो)	२७४४	२५.५८%
माथिल्लो भिरालो	१६०१	१४.९३%
तल्लो भिरालो	१२९६	१२.०८%
उपत्यका	१२९५	१२.०८%
पहाड / विभाजन	३३९	३.१६%
शिखर/रिज (न्यानो)	१४९	१.३९%
शिखर / रिज	९५	०.८८%
उपत्यका (साँघुरो)	८१	०.७६%
माथिल्लो भिरालो (चिसो)	६४	०.६०%
तल्लो भिरालो (सपाट)	४४	०.४१%
तल्लो भिरालो (चिसो)	२८	०.२६%
चट्टान	१२	०.११%
जम्मा	**१०७२७**	**१००.००%**

२.२.३ धरातलीय स्वरूप

नक्सा : धरातलीय स्वरूप



तालिका नं.: ... चौरजहारी नगरपालिकाको धरातलिय भिरालोपनको विवरण

भिरालोपन	क्षेत्रफल (हेक्टर)	प्रतिशत
समथर	१५४८	१४.४३%
सामान्य	१७७६	१६.५६%
भिरालो	३६४१	३३.९४%
धेरै भिरालो	३७६१	३५.०६%
जम्मा	**१०७२७**	**१००.००%**

२.२.४ हावापानी

चौरजहारी नगरपालिकामा विविधतायुक्त हावापानी पाइन्छ । तल्लो भेरी नदी र जहारी खोलाका तटीय क्षेत्र चौरजहारी फाँटदेखि जहारी खोलातिरमा अवस्थित बस्तीमा उष्ण प्रकृतिको हावापानी, नगरपालिकाको मध्य भाग मानाकोट, कोटजहारी, खागल, सर्केना, सानाखोला, घुघुती, रातामाटा, साक्चा, विरालगाउँ, लिउरेवारी, नाउँली आदिमा समसितोष्ण प्रकृतिको हावापानी र उच्च भाग अमलाटाकुरा, मालिका, कोटजहारी, गडीलेक, न्याउली बजार, खागल, जुम्ली पोखरी, खोलागाउँ लेक, दयालेक आदिमा चिसो हावापानी पाइन्छ । त्यसैले

यस पालिकामा मध्य तराईदेखि उच्च पहाडसम्मको हावापानीको अनुभूति गर्न पाइन्छ। यस नगरपालिकाको औसत अधिकतम् तापक्रम २५°अ र न्यूनतम ११°अ रहेको छ भने औषत वर्षा ११५४.७ मि.मि. रहेको छ। सामान्यतः यहाँका होचा बेंसीहरूमा अर्धउष्ण मनसुनी जलवायु (Sub-Tropical Monsoon Climate) पाइन्छ भने क्रमशः उचाइ बढ्दै जाँदा न्यानो समशितोष्ण, ठण्डा समशितोष्ण हावापानी पाइन्छ।

२.३ प्राकृतिक स्रोत सम्पदा

२.३.१ नदी प्रवाह प्रणाली

चौरजहारी नगरपालिकाको प्रमुख जलस्रोतको रूपमा जहारी खोला रहेको छ। यो खोला वडा नं. १४ खानीखोला मुहान भएर पालिकाका अधिकांश वडाहरू (१४, १३, ११, १०, ६, ५, ७, ४)का विभिन्न समथर भूभाग सिंचित गर्दै भेरी नदीमा गएर मिसिन्छ। नगरपालिकाभित्रका सहायक खोलाहरू (साक्चा खोला-७.९६ कि.मि., साना खोला - ३.७६ कि.मि., बास खोला - ३.५१ कि.मि., खहरेखोला - ०.९१ कि.मि.) आदि पनि जहारी खोलामा मिसिन्छन्। जहारी खोलाको लम्बाइ १६.४७ कि.मि. रहेको छ। जम्मा ३.८९ कि.मि. पालिकाको भूभाग भएर बग्ने भेरी नदी यस पालिकाको जलसम्पदाको अर्को महत्वपूर्ण स्रोत हो। मुख्य रूपमा यी दुई नदी बाहेक थुप्रै पानीका मुहान तथा साना खोलाहरू प्रायः सबै भूभागमा रहेका छन्। यस क्षेत्रमा वहने नदीको प्रवाह प्रणाली (Drainage Pattern) लाई वृक्षाकार प्रवाह प्रणाली (Dendritic Drainage Pattern) मान्न सकिन्छ। यस क्षेत्रका नदीका शाखा तथा उपशाखाहरू रुखको हाँगाविंगा जस्तै चारैतर्फ स्वतन्त्र रूपले फैलिएका छन्। यी खोलाहरू जहारी खोला हुँदै अन्ततः भेरी नदीमा मिसिन्छन्। यी नदी तथा खोलाहरूबाट विभिन्न क्षमताका साना तथा मझौला विद्युतको उत्पादनका साथै सिंचाइ समेत गर्न सकिन्छ। व्यावसायिक तरकारीको वीउ विजन उत्पादन र तरकारी खेतीका साथै पर्याप्त खाद्यान्न उत्पादनका लागि जलस्रोतको उपयोग भैरहेको छ। नगरपालिका भित्र रहेका पानीका स्रोतहरूलाई बैज्ञानिक व्यवस्थापन र दिगो सदुपयोगको नीति अवलम्वन गरी कृषिका लागि सिंचाइ र खानेपानी तथा सरसफाइका लागि उपयोग गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। नदी प्रवाह प्रणाली र मुख्य खोलाहरूको विवरण तपसिल अनुसार रहेको छ।

चौरजहारी नगरपालिका

नक्साः चौरजहारी नगरपालिका जल प्रवाह प्रणाली

तालिका : चौरजहारी नगरपालिकाका मुख्य खोलाहरू

खोला	लम्बाई (कि.मि)	प्रतिशत
जहारी खोला	१६.४७	३६.३१%
साक्चा खोला	७.९६	१७.५५%
साक्चा खोला	४.९६	१०.९३%
भेरी नदी	३.८९	८.५८%
सादु खोला	३.७६	८.२८%
बास खोला	३.५१	७.७३%
खहरे खोला	०.९७	२.१५%
गुन्डाला खोला	०.४७	१.०३%
पानी खोला	०.४६	१.०१%
काली गड	०.४३	०.९४%
थुला खोला	०.३७	०.८२%
सेती गाड	०.३३	०.७२%
भुरुङ खोला	०.३०	०.६६%
सौरी खोला	०.२९	०.६४%

पेडी खोला	०.२३	०.५१%
सङ्खपानी खोला	०.२१	०.४७%
नरखोली	०.२१	०.४६%
नरजी खोला	०.१९	०.४२%
झापे खोला	०.१३	०.२८%
बचकडा खोला	०.१२	०.२७%
लामा बिसौना खोला	०.०६	०.१४%
रोल खोला	०.०४	०.०८%
भरल खोला	०.००	०.०१%
भदाले खोला	०.००	०.००%
जम्मा	**४५.३६**	**१००.००%**

२.३.२ वनस्पति तथा वन्यजन्तु

चौरजहारी नगरपालिकामा मध्य तराई तथा उच्च पहाडमा हुने वनस्पति तथा वन्यजन्तु पाइन्छन् । यस नगरपालिकाको तल्लो नदी वेंसी आसपासका उष्ण क्षेत्रमा साल, सिसौं, खयर, साज, वयर, करौंती, चिमेली, दाँते जातका झाडी जस्ता प्रजातिका अर्धोष्ण पतझर वनस्पति पाइन्छन् । पालिकाको मध्य क्षेत्रमा मुख्यत: साल, सल्ला, उत्तीस, टुनी, कटुस, कोठीमारो ज्याम्नो, भिमल, खनियो, बाँझ, साज, वर, पीपल, काफल, चिलाउने को जंगल पाइन्छ । यस नगरपालिकाको उच्च पहाडी भागमा गुँरास, खर्सु, रएज आदि प्रजातिका वनस्पति रहेका छन् । यहाँको करिब ४०.१६ प्रतिशत क्षेत्रफल जंगलले ढाकेको छ भने करिब ०.०१ प्रतिशत भूभागमा नांङ्गा डाँडा (चट्टान) अवस्थामा रहेको छ ।

जैविक विविधताले सम्पन्न यस नगरपालिकामा विभिन्न प्रकारका जंगली जीवजन्तुहरू पाइन्छन् । यहाँका प्रमुख जीवजन्तुहरूमा बाघ, बाँदर, स्याल, साह्रौ, खरायो, मलस्याब्रो, घोरल, रतुवा आदि पाइन्छन् भने होलेसा, मलेवा, तित्रा, ढुकुर, कालिज, काग, गिद्ध, सुँगा आदि चराचुरुङ्गीहरू पाइन्छन् । पारिस्थितिकीय अवस्था झल्किने नक्सा तल देखाइएको छ ।

नक्साः चौरजहारी नगरपालिकाको पारिस्थिकीय चक्र



चौरजहारी नगरपालिकाको पारिस्थिकीय चक्र विवरण

पारिस्थितिकी	क्षेत्रफल (हे.)	प्रतिशत
खोटे सल्ला जंगल	७४७६	६९.७०%
फराकिलो पाते खोटे सल्ला जंगल	२२८०	२१.२५%
सिउडी, घाँस र तितेपातीका मैदान	३८६	३.६०%
पहाडी साल जंगल	३४२	३.१९%
तल्लो समशितोष्ण कटुस जंगल	२४३	२.२७%
जम्मा	**१०७२७**	**१००.००%**

२.३.३ माटो तथा खनिज

चौरजहारी नगरपालिकाको नदी वेंसी र आसपासको क्षेत्रमा मलिलो उर्वर दोमट पाँगो माटो पाइन्छ । यस्तो माटोमा सिंचाइ सुविधाद्वारा मूलतः धान, गहुँ तथा तरकारी खेती गर्न सकिन्छ । यहाँको अधिकांश भू-भागमा दोमट (loam) माटो रहेको छ जसले पालिकाको ९९५९ हेक्टर (९२.८४ प्रतिशत) ओगटेको छ भने सीमित भागमा पाङ्गो माटो रहेको छ जसले पालिकाको ७.६८ हेक्टर (७.१६ प्रतिशत) ओगटेको छ । मानव बस्ती रहेका टारी, पाखाहरूमा पत्रे चट्टानद्धारा निर्मित खस्रो खालको माटो पाइन्छ । यस माटोमा मुख्यतया मकै, गहुँ, कोदो, जौ जस्ता बालीको उत्पादन गरिन्छ । मानव पहुँचभन्दा बाहिर उच्च पहाडी भेगका भिरालो क्षेत्रमा माटो निर्माण प्रक्रियामा रहेको छ । खनिज अन्तर्गत चुनढुङ्गा, ग्रेनाइट तथा स्लेट पाइन्छ । नदी

बेंसी, टारहरूमा स्लेट तथा ढुङ्गा, बालुवा, गिट्टी आदि पाइन्छ । चौरजहारी नगरपालिकाको प्राकृतिक साधनहरू मध्ये माटो एक प्रमुख साधन हो । धरातल र हावापानीको विविधता अनुसार माटो पनि विभिन्न प्रकारको हुन्छ । माटोको बनोट अनुसारको नक्सा तपसिलमा देखाइएको छ ।

नक्साः .... चौरजहारी नगरपालिकाको माटोको बनोट अनुसारको नक्सा



तालिका नं.: .... चौरजहारी नगरपालिकाको माटोको बनोट अनुसारको विवरण

माटोको बनोट	क्षेत्रफल (हे.)	क्षेत्रफल (प्रतिशत)
दोमट माटो	९९५९	९२.८४%
पाङ्गो माटो	७६८	७.१६%
जम्मा क्षेत्रफल	**१०७२७**	**१००.००%**

२.३.४ माटोको अम्लियपन

चौरजहारी नगरपालिकाको माटो अम्लियताको गुणबाट पनि उपयुक्त छ । यहाँ पाइने माटोमा विशेष गरी ४.५६ देखि ६.७० अम्लियपन रहेको छ । कृषि अनुसन्धान अध्ययनले ५.५ देखि ६.५ अम्लियपन भएको माटो खेतीका लागि सबैभन्दा उपयुक्त हुने देखाएको छ । तसर्थ चौरजहारी नगरपालिका कृषिका लागि राम्रो सम्भावना रहेको छ । यहाँको माटोमा धान, गहुँ, मकै, दलहन, आलु, फर्सी, बन्दा, काउली, प्याज, मुला, साग, तोरी, गोलभेडा आदि उत्पादन हुने गर्दछ । माटोको अम्लियपनको अवस्था तलको नक्सामा देखाइएको छ ।

नक्साः .... चौरजहारी नगरपालिकाको माटोको अम्लिय अवस्था



तालिका नं. : ... चौरजहारी नगरपालिकाको माटोको अम्लियपनको विवरण

क्र.सं.	माटोको अम्लियता श्रेणी	क्षेत्रफल (हे.)	क्षेत्रफल (प्रतिशत)
१	४.५ – ५.४८	१०१६	९.४७%
२	५.४८ – ५.७	४४४१	४१.४०%
३	५.७ – ५.९३	९०१	८.४०%
४	५.९३ – ६.५१	३६०१	३३.५७%
५	६.५१ – ६.७	७५८	७.०७%
६	६.७ – ६.९०	९	०.०९%
	जम्मा	**१०७२७**	**१००.००%**

२.४ भू-उपयोग तथा मानव बसोबास

२.४.१ भू-उपयोग

चौरजहारी नगरपालिका भू-उपयोग तथा मानब बसोबासका दृष्टिले उपयुक्त र सुरक्षित रहेको छ । यहाँको भू-भागलाई कृषि, मानव बस्ती, वन जंगल, घाँसे मैदान तथा चरण क्षेत्र, जलाधार क्षेत्र र खनिजजन्य पदार्थका लागि उपयोग भइरहेको छ । भू-धरातल, उचाइ, माटोको प्रकृति, हावापानी, वनस्पति आदिका दृष्टिकोणले भू-उपयोगको सम्भावना विविधतायुक्त रहेको छ । यसले गर्दा यहाँको भू-उपयोगलाई मानवहित, पर्यावरण सन्तुलन, जैविक विविधता आदिका लागि उपयोग गर्न सकिन्छ ।

नगरपालिकाको जहारी खोलाको आसपासमा कृषि भूमिको विस्तार भएको छ । अंगेरी, मेलै नाउली, नार्जी, थापाचौर, डाब, धुलेखेत, चिसापानी, घुघुतीज्यूला आदि यहाँका कृषि योग्य फाँटहरू हुन् । यसका साथै यी वेंसीदेखि माथिल्लो उचाइ क्षेत्रमा मानव बसोवास र कृषियोग्य टारी खेतहरू फैलिएका छन् ।

नगरपालिकाको कुल क्षेत्रफल १०७२७ हेक्टर जमिन मध्ये कृषि तथा बस्तीले ओगटेको क्षेत्रफल ४४६२.६ हेक्टर अर्थात् ४१.६० प्रतिशत, वन जंगलले ओगटेको क्षेत्रफल ४३०७.८ हेक्टर अर्थात् ४०.१६ प्रतिशत, झाडी क्षेत्रले ओगटेको क्षेत्रफल १२४३.५ हेक्टर अर्थात् ११.५९ प्रतिशत, घाँसे क्षेत्रले ओगटेको क्षेत्रफल ३७२.५ हेक्टर अर्थात् ३.४७ प्रतिशत, नदी तथा जलवहावले ओगटेको क्षेत्रफल ३३२.८ हेक्टर अर्थात् ३.१० प्रतिशत, अन्य (व्यारेन, बगैचा, चट्टान, ताल/पोखरी) आदिले ओगटेको क्षेत्रफल ७.२ अर्थात् ०.०८ प्रतिशत रहेको छ ।

नगरपालिकामा वन जंगलको विस्तार दक्षिण देखि उत्तरसम्मका अधिकांश भू-भागमा भएको छ । यहाँ वन जंगलको कूल क्षेत्रफल ४३०७.८ वर्ग कि.मी अर्थात् पालिकाको ४०.१६ प्रतिशत भू-भाग ओगटेको छ । यहाँको मध्य र उत्तरी भागमा अर्धोष्ण प्रकारको पतझर जंगल पाइन्छ । यहाँका जंगलमा साल, सल्ला, खयर, सिसौं, बाँझ, साज, भिमल, वर, पीपल, खैरी, कोठीमारो, जामुना आदि जातका रुखहरू पाइन्छन् । यसको अतिरिक्त मानव बसोवासको पश्चिम खण्डमा खासगरी सालको वन पाइन्छ भने यस पालिकामा विशेष गरी खोटे सल्लाको जंगल रहेको पाइन्छ । यी जंगल औद्योगिक दृष्टिले ज्यादै महत्वपूर्ण छन् । यसबाट फर्निचर, प्लाईउड उद्योग र कागज उद्योग सञ्चालन गर्न सकिन्छ ।

यस नगरपालिकाको पश्चिमी भू-भागमा मानव बस्ती तिव्र रूपमा विस्तार भइरहेको छ । थोरै स्थानहरू मात्र ब्यारेन (नाङ्गो) भूमिको रूपमा रहेका छन् । जसले कुल भू-भागको ४.६ हेक्टर अर्थात् ०.०४ प्रतिशत भू-भाग ओगटेको नक्सामा देख्न सकिन्छ । यस्तै गरी झाडी क्षेत्रले १२४३.५ हेक्टर अर्थात ११.५९ प्रतिशत भू-भाग ओगटेको छ । नगरपालिकाको उत्तर पश्चिम भू-भाग र दक्षिण पूर्व भू-भागमा घाँसे भूमिको बाहुल्यता रहेको छ । यस भूमिले ३७२.५ वर्ग कि.मी (३.४७%) भू-भाग ओगटेको छ भने प्रायः खर्क, खर्तरी र समथर घाँसे भूमिका कारण भेडा, वाख्रा पालनको लागि उपयुक्त छ । त्यस्तै भिर र चट्टानले यो नगरपालिकाको ०.७ बर्ग किमी (०.०१ %) ओगटेको छ ।

नगरपालिकाको अग्ला भू-भाग १२०० मि. देखि १६०० मि. भन्दा अग्ला छन् जहाँ कहिलेकाही हिँउसमेत पर्दछ । यस बाहेक चौरजहारी नगरपालिकामा जल क्षेत्रको रूपमा नदीले ३३२.८ हेक्टर अर्थात् ३.१० प्रतिशत ओगटेको छ भने ताल, पोखरीले ०.२ हेक्टर (०.००%) भू-भाग ढाकेको छ । बगैंचा क्षेत्रले १.७ हेक्टर (०.०२ %) क्षेत्रफल ओगटेको छ । यस नगरपालिकाको भू-उपयोगको स्थितिलाई नक्सामा देखाइएको छ ।

चौरजहारी नगरपालिका

नक्साः चौरजहारी नगरपालिकाको भू-उपयोग



तालिका नं.: ..... चौरजहारी नगरपालिकाको भू-उपयोगको स्थितिको विवरण

क्र.सं.	भू-उपयोगको किसिम	क्षेत्रफल (हे.)	प्रतिशत
१	कृषि भूमि तथा बस्ती	४४६२.६	४१.६०%
२	वन जंगल	४३०७.८	४०.१६%
३	झाडी क्षेत्र	१२४३.५	११.५९%
४	घाँसे क्षेत्र	३७२.५	३.४७%
५	नदी	३३२.८	३.१०%
६	ब्यारेन (खाली) भूमि	४.६	०.०४%
७	बगैचा	१.७	०.०२%
८	चट्टान	०.७	०.०१%
९	पोखरी/ताल	०.२	०.००%
१०	**जम्मा**	**१०७२६.५**	**१००.००%**

२.४.२ मानव बसोबास

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार चौरजहारी नगरपालिकामा ६७९१ परिवारले बसोबास गरिरहेका छन् । न्क्ष्क नक्सा अनुसार नगरपालिकाभित्रका जम्मा परिवारहरूले लगभग ७१२५ घर निर्माण गरेका छन् । चौरजहारी नगरपालिकाका समर्थर जमिनमा १९५९ अर्थात् २७.४९ प्रतिशत, सामान्य जमिनमा २१७५ अर्थात् ३०.५३ प्रतिशत, भिरालो जमिनमा २४५१ अर्थात् ३४.४० प्रतिशत र अति भिरोलो जमिनमा ५४० अर्थात् ७.५८ प्रतिशत घरहरू रहेका देखिन्छन् । यो तथ्याङ्कलाई हेर्दा अति भिरालो जमिनमा बनेका घरमा बसोबास गर्ने परिवारलाई राज्यले यथाशीघ्र सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ ।

चौरजहारी नगरपालिकाको प्रोफाइल २०७४ अनुसार यहाँका अधिकांश बस्तीका घरहरू ढुङ्गा र माटोको गाऱ्हो र ढुङ्गाकै छानाले बनेका छन् । यस नगरपालिकाका घरहरूका पर्खालको प्रकारका आधारमा ढुङ्गा र माटो भएका ९१.७२ प्रतिशत, सिमेन्ट र ढुङ्गाका ६.३९ प्रतिशत, आर.सी.सी ०.७६ प्रतिशत र अन्य (बसोबासका लागि जोखिमयुक्त) १.१२ प्रतिशत रहेका छन् । छानाका आधारमा हेर्दा आरसीसी भवन २.५७ प्रतिशत, सिलेटले छाएका ५२.८० प्रतिशत, टायलले छाएका २८.७३ प्रतिशत, जस्ता पाताले छाएका ६.२३ प्रतिशत, खरले छाएका २.६८ प्रतिशत र अन्य(माटो वा काठ)ले छाएका ७ प्रतिशत रहेको देखिन्छ । चौरजहारी नगरपालिकाका करिब ८६.६४ प्रतिशत घरहरू भवन संहिता अनुसार निर्माण गरेको देखिदैन भने करिब १३.३६ प्रतिशत मात्र भवन संहिता अनुसार बनेका छन् । भवन (घर) हरू निर्माण गर्दा भूकम्प प्रतिरोधी हुनुपर्दछ । यहाँ भूकम्प प्रतिरोधी घरहरू जम्मा २६.१९ प्रतिशत मात्र बनेको देखिन्छ ।

यहाँको मानव बस्तीको बसोबास ढाँचालाई हेर्दा विभिन्न स्थानहरूमा छरिएर रहेका छन् । जनघनत्व १३७ वर्ग किलोमिटर रहेको छ । यहाँका बस्तीहरू मध्ये कुनै साना छन् भने कुनै बस्तीमा जनसंख्या पनि अत्यधिक रहेको छ । यसका साथै कतिपय बस्तीहरू छरिएर रहेका छन् । छरिएर रहेका घर बस्तीहरूलाई एकत्रित गर्न सकेको खण्डमा बाटो, खानेपानी, विद्युत्त, शिक्षा, स्वास्थ्य लगायत विभिन्न सेवा सुविधाहरूको पहुँच वृद्धि गर्न सकिन्छ । नगरपालिकाको बसोबासको अवस्थालाई तपसिलको नक्सामा देखाइएको छ ।

चौरजहारी नगरपालिका

नक्सा नं.: .... चौरजहारी नगरपालिकाको बसोबासको स्थिति



तालिका नं.: .... चौरजहारी नगरपालिकाको बसोबासको विवरण

क्र.सं.	जमिनको भिरालो पन	घर संख्या	घर संख्या प्रतिशत	क्षेत्रफल	क्षेत्रफलको प्रतिशत
१	समथर जमिन	१९५९	२७.४९	१२.९८	३२.९३%
२	सामान्य जमिन	२१७५	३०.५३	११.५४	२९.३०%
३	भिरालो जमिन	२४५१	३४.४०	१२.१४	३०.८०%
४	अति भिरालो जमिन	५४०	७.५८	२.७५	६.९७%
	जम्मा	**७१२५**	**१००**	**३९.४०**	**१००.००%**

२.४.३. भू-स्वामित्वको अवस्था

चौरजहारी नगरपालिका प्रोफाइल २०७४ अनुसार नगरपालिकाभित्रका ९९ प्रतिशत घरधुरीको जग्गा जमिन आफ्नो स्वामित्वमा रहेको र १ प्रतिशत घरधुरीको जग्गा जमिन आफ्नो स्वामित्वमा नरहेको देखिन्छ । जग्गा जमिनको प्रयोग मानिसले विभिन्न कार्यका लागि गरेको हुन्छ । आवास, खाद्यान्न उत्पादन, फलफूल तथा तरकारी खेती, घाँस तथा चरण क्षेत्र, काठ, जडिबुटी तथा वनपैदावार, पशुपालन लगायत विभिन्न आर्थिक क्रियाकलापसँग सम्वन्धित क्षेत्रमा भू स्वामित्वको उपयोग गर्न सकिन्छ ।

२.५ सामाजिक तथा सांस्कृतिक अवस्था

चौरजहारी नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था अन्तर्गत जनसंख्या, बसाँइसराइँ, जातजाति, भाषाभाषी, चाडपर्व, धर्म, संस्कृति, साक्षरता तथा शैक्षिक स्थिति एवं स्वास्थ्य सम्बन्धी विवरण समावेश गरीएको छ ।

२.५.१ जनसंख्या संरचना तथा वितरण

राष्ट्रिय जनगणना २०७८ अनुसार चौरजहारी नगरपालिकाको जम्मा जनसंख्या २९२५५ रहेको छ र जनघनत्व १३७ प्रति वर्ग किलो मिटर रहेको छ । जसमा महिलाको संख्या १५०८५ अर्थात् ५१.५६ प्रतिशत र पुरुषको संख्या १४१७० अर्थात् ४८.४४ प्रतिशत रहेको छ । परिवार संख्या जम्मा ६७९१ रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार यस पालिकामा जातीय आधारमा सबैभन्दा बढी क्षेत्री ४५.७२ प्रतिशत, मगर १४.१६ प्रतिशत, कामी १४.९६ प्रतिशत, ब्राहमन १०.१० प्रतिशत, ठकुरी ४.५३ प्रतिशत, सार्की ३.७६ प्रतिशत, दमाईं २.५६ प्रतिशत र अन्य ४.२१ प्रतिशत जनसंख्या रहेको छ । यस नगरपालिकामा बसोवास गर्ने समुदायहरू बहुभाषिक र बहुजातीय भएको हुँदा, भाषिक, जातिगत र धार्मिक विविधता समेत रहेको छ ।

नगरपालिका प्रोफाइल २०७४ अनुसार नगरपालिका भित्र जम्मा ५५३३ घरपरिवार रहेका छन् भने कूल जनसंख्या ३०११९ रहेको छ । जसमध्ये १४८०१ महिला, १५२९२ जना पुरुष र २६ अन्य रहेका छन् भने नगरपालिकामा जम्मा ५०७ परिवारमा महिला घरमुली रहेका छन् भने बाँकी ५०२१ जना घरमुली पुरुष रहेका छन् । नगरपालिकाको औसत परिवार संख्या ५.४४ रहेको छ । जनसंख्याको वितरणलाई हेर्दा नगरपालिका भित्र सबैभन्दा धेरै जनसंख्या जम्मा ३४१२ र घरपरिवार संख्या ६२० भएको वडा १४ हो भने दोस्रोमा वडा नं १ मा ५३६ घरपरिवार र २९४० जनसंख्या रहेको छ भने तेस्रोमा वडा नं १३ मा ४३३ घरपरिवार र २४१८ जनसंख्या रहेको छ ।

२.५.२ जातजातिगत अवस्था

चौरजहारी नगरपालिकामा सबै प्रकारका जातजातिहरूको बसोबास रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस पालिकामा जातीय आधारमा सबैभन्दा बढी क्षेत्री ४५.७२ प्रतिशत, मगर १४.१६ प्रतिशत, कामी १४.९६ प्रतिशत, ब्राहमन १०.१० प्रतिशत, ठकुरी ४.५३ प्रतिशत, सार्की ३.७६ प्रतिशत, दमाईं २.५६ प्रतिशत र अन्य ४.२१ प्रतिशत जनसंख्या रहेको छ । यस नगरपालिकामा बसोवास गर्ने समुदायहरू बहुभाषिक र बहुजातीय भएको हुँदा, भाषिक, जातिगत र धार्मिक विविधता समेत रहेको छ ।

२.५.३ धार्मिक अवस्था

चौरजहारी नगरपालिका पार्श्वचित्र २०७४ अनुसार नगरपालिकामा हिन्दु, बौद्ध, क्रिश्चयन, मुस्लिम आदि धर्मावालम्बीहरूको बसोबास रहेको पाइन्छ । यी मध्ये सबैभन्दा बढी हिन्दु ९९.५३ प्रतिशत, बौद्ध ०.०५ प्रतिशत, क्रिश्चयन ०.०३ प्रतिशत, मुस्लिम ०.०२ प्रतिशत र अन्य ०.३७ प्रतिशत धर्मावलम्बीहरू रहेका छन् । धार्मिक विविधतामा आपसी सहिष्णुताका साथ जीवन निर्वाह गर्नु यस पालिकाको धार्मिक विशेषता हो ।

२.५.४ जनशक्तिको संरचना

चौरजहारी नगरपालिका पार्श्वचित्र २०७४ अनुसार नगरपालिका भित्र कृषि तथा पशुपालनमा पेशामा ६३४९, जागिर/नोकरीमा ११५३, व्यापारमा १८४५, ज्याला मजदुरीमा १३२, उद्योग ११३६, बैदेशिक रोजगारीमा ७१६ र अन्यमा ७ जना गरी जम्मा उत्पादनशील जनशक्ति ११३३८ रहेको देखिन्छ ।

२.५.५ बसाइँसराइको वर्तमान अवस्था

बसाइँसराइ मानिसको जीवनको स्वाभाविक प्रक्रिया हो । विकटबाट सुगम स्थानको खोजी गरी सुविधायुक्त जीवन विताउने क्रममा मानिसले बसाइँसराइ गर्ने गर्दछन् । चौरजहारी नगरपालिकाको मुख्य बजार क्षेत्र मध्य पहाडी लोकमार्ग, उत्तर दक्षिण भेरी करीडोर, सुविधायुक्त स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षाको भरपर्दो व्यवस्था, हवाइ यातायातको सुविधा, व्यापार व्यवसाय आदि कारणले विभिन्न स्थानबाट मानिसहरू यस पालिकामा बसाइँसराइ गरी आउने गरेका छन् । चौरजहारी नगरपालिका पार्श्वचित्र २०७४ अनुसार जम्मा ९५४ जनसंख्या अन्य स्थानबाट बसाइँसराइ गरी आएको देखिन्छ ।

२.५.६ वैदेशिक रोजगारीमा रहेको जनशक्ति

स्वदेशमा रोजगारीको अभाव र युवा मानसिकतामा बढेको बैदेशिक रोजगार प्रतिको मोहका कारण युवा शक्ति बैदेशिक रोजगारमा जाने चलन रहेको छ । चौरजहारी नगरपालिका पार्श्वचित्र २०७४ अनुसार नगरपालिका भित्र जम्मा ७१६ जना व्यक्ति विभिन्न देशमा वैदेशिक रोजगारीका सिलसिलामा कार्यरत रहेका छन् । लैगिंक आधारमा २४६ महिला र ४७० पुरुष छन् । जसमध्ये वडा नं. १ बाट सबभन्दा बढि १६० जना र वडा नं ५ बाट सबैभन्दा कम ९ जना वैदेशिक रोजगारीमा कार्यरत छन् ।

२.५.७ चाडपर्व तथा जात्रा

चौरजहारी नगरपालिका चाडपर्व स्थानीय मेला तथा जात्राका दृष्टिकोणले सुसम्पन्न रहेको छ । जसमा मुख्यगरी दशैं, तिहार, माघे संक्रान्ति, चैत्र दशै, असारे संक्रान्ति, श्रीकृष्ण जन्माष्टमी, हरितालिका तीज, साउने संक्रान्ति, जनै पूर्णिमा, शिवरात्री, नाग पञ्चमी, श्रीपञ्चमी, फागु पूर्णिमा आदि रहेका छन् । यस पालिकाका मुख्य मेला तथा पर्वहरूमा शंखपीपल मेला, पाँच पूर्णिमा, भदौ १२ र २० छेलो खेल्ने पर्व, खोलागाउँ मेला, देउसी भैलो पर्व, दह पोखरा मेला, कोटे र ढकै मेला आदि मेला तथा पर्वहरू हुन् ।

सिगाँरु, पैसेरी, तीज, देउसी, टप्पा, भ्याउरे आदि नाच विशेष पर्व तथा उत्सबमा मनोरञ्जनका लागि नाचिन्छ । मादल, पञ्चेबाजा, बाँसुरी, तथा अन्य बाजागाजाहरू बजाएर मनोरञ्जन गर्नुका साथै मयुर नाँचले समेत मनोरञ्जन गर्ने गरिन्छ ।

२.५.८ भाषाभाषी तथा भेषभूषा

चौरजहारी नगरपालिकामा जातीय विविधता भए पनि भाषा तथा पहिरणमा तात्विक विन्नता पाइदैन । बाह्रुन, क्षेत्री, योगी, पुरी, सन्यासी, दलित र ठकुरीको भाषा तथा पहिरणमा एकरूपता भएको र सीमित मात्रामा रहेका जनजातिले बहुसंख्यक जातिको भाषा तथा पहिरणलाई आत्मसात गरेकाले एकरूपता पाइन्छ । चौरजहारी नगरपालिका पार्श्वचित्र २०७४ अनुसार नगरपालिका भित्रको कूल जनसंख्या ३०११९ मध्ये मातृ भाषा नेपाली बोल्ने जनसंख्या ३००६८ अर्थात् ९९.८३ प्रशिशत, मातृभाषा भोजपुरी बोल्ने जनसंख्या १५ अर्थात् ०.०५ प्रतिशत, मातृभाषा गुरुङ बोल्ने जनसंख्या १० अर्थात् ०.०३ प्रतिशत, मातृभाषा मगर बोल्ने जनसंख्या ११ अर्थात् ०.०४ प्रतिशत र मातृभाषा अन्य बोल्ने जनसंख्या १५ अर्थात् ०.०५ प्रतिशत रहेको छ ।

२.५.९ शैक्षिक अवस्था

क) शैक्षिक अवस्था

चौरहारी नरपालिकाका विद्यालयहरूको तथ्यांक नगरपालिका प्रोफाइल २०७४ को पार्श्वचित्र अनुसार नगरपालिकाभित्र ३६ वटा आधारभूत र १२ वटा माध्यामिक विद्यालय गरी जम्मा ४८ वटा (४३ वटा सार्वजनिक र ५ वटा निजी) विद्यालयहरू रहेका छन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमले कक्षा १ देखि ८ सम्मलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यामिक तहको रूपमा परिभाषित गरेको छ । यस नगरपालिकाको विद्यमान अवस्थालाई हेर्दा आधारभूत तहमा क्रमशः कक्षा १ देखि ५ र कक्षा १ देखि ८ को

संरचना रहेको देखिन्छ । जसमा कक्षागत आधारमा विद्यालयको संरचना हेर्दा १-५ कक्षा भएका विद्यालयहरू २५ वटा अर्थात ५२ प्रतिशत, ६-८ कक्षा भएका विद्यालयहरू ११ वटा अर्थात् २३ प्रतिशत रहेका छन् भने माध्यमिक तह अन्तर्गत कक्षा ९-१० सम्म ११ वटा अर्थात् २३ प्रतिशत र कक्षा ११-१२ सम्म १ वटा अर्थात् २ प्रतिशत विद्यालयहरू रहेका छन् ।

नगपालिकाका विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या जम्मा ८५०५ रहेको छ । जसमा छात्र ४०९५ अर्थात ४८.१४ प्रतिशत र छात्रा ४४२५ अर्थात ५२.०२ प्रतिशत रहेका छन् । प्रावि तह (कक्षा १ देखि ५ सम्म)मा छात्र र छात्राको संख्या कमश २३३३ र २५०७ गरी जम्मा ४८४९, निम्न माध्यामिक तह (कक्षा ६ देखि ८ सम्म)मा छात्र ११७८ र छात्रा १२७२ गरी जम्मा २४२५ विद्यार्थी रहेका छन् भने माध्यामिक तह (कक्षा ९ देखि १० सम्म)मा छात्र ५८४ र छात्रा ६४६ गरी १२३१ जना विद्यार्थी रहेका छन् । यसरी हेर्दा विद्यालय प्रवेश गरेका बालबालिकालाई माध्यमिक तहसम्मको अध्ययन गर्ने गराउने कुराका लागि पालिकाले विशेष कार्यक्रम संचालन गनुपर्ने सरोकारवालाहरूको सुझाव रहेको छ ।

चौरजहारी नगरपालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्या २७४३८ को १५९८३ अर्थात ५८.२५ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ । यसमध्ये पुरुष साक्षरता दर ५३.४६ प्रतिशत र महिला साक्षरता दर ४६.५३ प्रतिशत रहेको छ ।

नगरपालिका बाट हालै प्राप्त रेकर्ड अनुसार प्रारम्भिक वाल विकासमा कूल भर्नादर १०२ प्रतिशत छ भने खुद भर्ना दर ९६ प्रतिशत छ । त्यसै गरी आधारभूत तहमा कूल भर्नादर ८८ प्रतिशत तथा खुद भर्ना दर ८० प्रतिशत रहेको छ भने माध्यमिक तहको कूल भर्ना दर ५८ प्रतिशत तथा खुद भर्ना दर ३६ प्रतिशत रहेको छ ।

नगरपालिका भित्रका विद्यालयमा जम्मा ..... शिक्षकको संख्या रहेको छ । जसमा माध्यमिक तहमा सबै प्रकारका शिक्षक दरबन्दीमा जम्मा .... जना रहेका छन् । आधारभूत तहमा .... शिक्षकको दरबन्दी रहेको छ । समग्रमा यस नगरपालिकाको साक्षरता दर ..... प्रतिशत रहेको छ ।

ख) सीपमूलक तथा व्यावसायिक शिक्षाको अवस्था

नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार व्यावसायिक तथा सीपमूलक तालिम प्राप्त व्यक्तिहरूको जम्मा संख्या ३५० रहेको छ । जसमध्ये महिला १०३ तथा पुरुष २४७ जना रहेका छन् । यी तालिम प्राप्त जनशक्ति मध्ये १ महिना भन्दा कम तालिम लिने ३१४ जना, १ देखि ६ महिना सम्मको तालिम लिने २९ जना, ६ देखि १२ महिना सम्मको तालिम लिने ५ जना र सो भन्दा बढी समयअवधिको तालिम लिने २ जना रहेका छन् । व्यावसायिक तालिम अन्तर्गत सूचना तथा प्रविधि, इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स (कम्प्युटर, विद्युत्, मोवाइल, रेडियो घडी आदि) २३२ जना, सिलाइ बुनाइ, बुटिक, श्रृंगार, पार्लर आदिमा ४५ जना, इञ्जिनियरिङ्ग, अटोमोवाइल र मेकानिक्समा ३२ जना, कृषि सम्बन्धी (जेटी, जेटीए र खाद्य प्रशोधन आदि) २१ जना, जनस्वास्थ्य सम्बन्धी ३ जना, पर्यटन टुर गाइड, ट्राभल र सत्कार २ जना, कला सम्बन्धी १४ जना रहेका छन् ।

२.५.१० स्वास्थ्य सेवा तथा सुविधाको अवस्था

चौरजहारी नगरपालिकामा १४ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् । चौरजहारीमा सरकारी स्वास्थ्य संस्था, प्राकृतिक चिकित्सा/आयुर्वेदिक, निजी स्तरका क्लिनिक तथा मेडिकलहरूले स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । सामन्यतः यस नगरपालिकाका मानिसहरू बिरामी हुँदा सर्वप्रथम सरकारी अस्पताल र स्वास्थ्य चौकी जाने गरेका छन् । नगरपालिकाको प्रोफाइल २०७४ अनुसार ३२८६ गर्भवती महिला मध्ये २९८७ जनाले टि.टी. खोप लिएको देखिन्छ ।

चौरजहारी नगरपालिकाका सार्वजनिक स्वास्थ्य संस्थामा जम्मा ६८ जना स्वास्थ्य कर्मीको दरबन्दी रहेको छ । चौरजहारी नगरपालिकाका स्वास्थ्य संस्था मध्ये ३ वटा स्वास्थ्य संस्था (कोटजहारी पब्लिक हेल्थपोस्ट, नुवाकोट हेल्थपोस्ट, शहिद मेमोरियल नगर अस्पताल) मा प्रसुती सेवा (Birthing center) को सुविधा उपलब्ध रहेको छ भने सबै स्वास्थ्य केन्द्रबाट आधारभूत स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ ।

नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व सेवा, परामर्श सेवा, स्वास्थ्य सेवा र जनचेतना सेवा उपलब्ध छ तथापि कुनै पनि स्वास्थ्य संस्थामा रक्तसंचार सेवा र आँखा उपचार सेवाको उपलब्धता छैन । नगरपालिकाभित्र शीघ्र स्वास्थ्य उद्धारका लागि एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ । प्रशुती सेवा केन्द्रमा ८ जना कुशल जन्म परिचर र ३८ जना महिला स्वयं सेविका कार्यरत छन् ।

चौरजहारी नगरपालिका स्वास्थ्य शाखाको तथ्यांक २०७४ अनुसार चौरजहारी नगरपालिका भित्र ५ वर्ष भित्रका बालबालिकाको संख्या २६३४ र १ वर्ष मुनिका ५३६ जना बालबालिका रहेका छन् । नगरपालिका भित्र विसिजी, डि.पि.टी, हेपटाइटिस बि, पोलियो, दादुरा रोग विरुद्ध खोप लिने बालबालिकाको संख्या उल्लेख्य देखिन्छ । जस मध्ये १७४० बालबलिकाले विसिजी, १७४२ बालबालिकाले डि.पि.टी, १५७७ बालबालिकाले हेपटाइटिस बि, १३९४ (९ महिना पुगेका) बालबालिकाले दादुरा, १३९१ बालबलिकाले पोलियो र १५६४ गर्भवती महिलाले टि.टि.को खोप लिएका छन् ।

चौरजहारी नगरपालिका प्रोफाइल, २०७४ अनुसार सबैभन्दा बढी ग्यास्टीक वा अल्सरका दीर्घ रोगीहरू र सबैभन्दा कम मलेरियाका दीर्घ रोगीहरू रहेको दखिएको छ । विगत ५ वर्ष भित्रमा चौरजहारी नगरपालिकामा बाल स्वास्थ्य तथा मातृस्वास्थ्यको अवस्था निकै सन्तोषजनक रहेको छ । जसअनुसार गत १ वर्षमा मातृमृत्यु ० रहेको तथा बालमृत्यु दर १७ जना रहेको छ, शिशु मृत्यु ५ जना छन् । नेपाल सरकारले हाल सञ्चालन गरी रहेको स्वास्थ्य बिमा कार्यक्रम पनि लागू भएको छ तापनि पूर्ण रूपवाट लागु भएको छैन, जम्मा ..... घरधुरीहरू मध्ये ..... परिवारले स्वास्थ्य विमा गरेका छन् भने ..... परिवारले गरेका छैनन् । यस कार्यक्रमलाई अझ व्यापक बनाउदै लैजान जरुरी छ ।

२.६ आर्थिक अवस्था

चौरजहारी नगरपालिकाको आर्थिक अवस्थाको मुख्य मेरुदण्डका रूपमा कृषि व्यवसाय रहेको छ । तथापि अधिकांश कृषकहरू निर्वाहमुखी कृषिमा निर्भर रहेका छन् । यस पालिकाको कृषिलाई व्यावसायिक र आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने देखिन्छ । कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन सकेमा आर्थिक समृद्धिका आधारहरू तय हुने, स्वदेशमै रोजगारी सृजना हुने र पालिकाले आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । तल्लो तटीय तथा मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा नगदे बाली र पशुपंक्षीजन्य उद्यमहरू संचालन गर्नका लागि उपयुक्त भौगोलिक बनावट रहेको पाइन्छ ।

ऐतिहासिक, धार्मिक, प्राकृतिक ताल, तलैया, झरणा, लेकाली घाँसे मैदान, तटीय क्षेत्र, तथा युद्ध कालीन महत्वपूर्ण स्मारकहरूले नगरपालिकाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । पालिकाको वीच भागमा भएर बग्ने जहारी खोला तथा भेरी नदी र त्यसका सहायक नदी तथा खोलाहरू को जल उपयोग गरी सिंचाइ, जलविहार, जलविद्युत जस्ता क्षेत्रमा दिगो उपयोग गर्न सके पालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । मालिका लेक, तालतलैया र सिद्ध गुफा जस्ता पर्यापर्यटनका क्षेत्रहरूको संरक्षण, प्रवर्द्धन र प्रचार प्रचार गरी पर्यटकका लागि आकर्षकको केन्द्र बनाउन सकिने देखिन्छ । प्राकृतिक, सामाजिक, सांस्कृतिक र पर्यटन क्षेत्रको विकास र विस्तार गर्न सके पालिका भित्रै रोजगारीको सृजना हुनुको साथै समृद्धिका आधारहरू निर्माण हुन सक्ने देखिन्छ ।

ठुला तथा साना र परम्परागत घरेलु उद्योग संचालन तथा व्यवस्थापन गरी पालिकाको आर्थिक क्रियाकलाप संचालन गर्न मध्य पहाडी लोकमार्ग र भेरी करीडोरले यस पालिकालाई राष्ट्रिय सञ्जालमा जोडी व्यापार व्यावसायको ढोका खोलेको छ ।

२.६.१ कृषि

चौरजहारी नगरपालिका भित्रको जम्मा जमिन १०७२७ हेक्टर मध्ये कृषि तथा मानव बसोबासका लागि ४४६२.६ हेक्टर अर्थात् ४१.६० प्रतिशत रहेको छ । उक्त जमिनमा बसोबास गर्ने जनसंख्याको आफ्नो स्वामित्वमा भएको जग्गालाई खेत, पाखो बारी, घडेरी, आवासीय, औद्योगिक, व्यापारिक र अन्य गरी उपयोग गरिएको छ । चौरजहारी नगरपालिकाको प्रोफाइल २०७४ को आधारमा नगरपालिकामा ४०.८७ प्रतिशत जमिन खेत, ३१.२३ प्रतिशत जमिन पाखो बारी रहेको छ ।

नगरपालिकाको जहारीखोला आसपासमा मेलैनाउली, नार्जी, थापाचौर, डाब, धुलेखेत, चिसापानी, घुघुती ज्यूला लगायतका फाँटहरू उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छन् । नगरपालिकाको कृषि उत्पादनलाई हेर्दा अन्न उत्पादन गर्ने ५००६, तरकारी उत्पादन गर्ने १०४५ र फलफूल उत्पादन गर्ने ६०७ परिवार रहेका छन् । तथापि परम्परागत कृषि प्रणालीमा आधारित रहेकाले कृषि पेशा केवल जीविकोपार्जनमा मात्र सीमित हुन पुगेको छ । परम्परागत कृषि प्रणालीमा प्रविधिकरण गरी कृषकहरूलाई व्यावसायिक बनाई आधुनिक कृषि प्रणालीमा जोड दिएमा नगरपालिकालाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ ।

२.६.२ पशुपालनको अवस्था

चौरजहारी नगरपालिकामा पशुपालनको रूपमा गाई, भैंसी, भेडा, बाख्रा, कुखुरा, हाँस, सुँगुर, बँगुर आदि पालन गर्ने प्रचलन रहेको छ । पशु पालनको यो परम्परागत प्रचलनलाई व्यावसायिक बनाउन नसक्दा कृषकहरूले अपेक्षित लाभ लिन सकिरहेका छैनन् । पशुपालनका लागि हावापानी, चरण क्षेत्र, खर तथा डाले घाँसको स्रोत, पानीको पर्याप्तता र परम्परादेखि पशुपालनप्रति स्थानीय कृषकहरूको लगावलाई हेर्दा यो नगरपालिका पशुपालनका दृष्टिले राम्रो सम्भावना रहेको छ । व्यावसायिक पशुपालन गरी आर्थिक उपार्जनका माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन कृषकहरूको क्षमता विकास गरी वित्तीय लगानी सुनिश्चित गर्नुपर्ने देखिन्छ । चौरजहारी नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार परम्परागत दुध तथा मासुजन्य उत्पादनका लागि पशु पालनमा ९७४ घरपरिवार, मासुजन्य पंक्षी पालनमा १११५ र माछापालनमा २२ घर परिवार रहेका छन् । यी घरपरिवारले गाई पालन ८२९३, भैंसी पालन ३५९८, बाख्रा पालन १८८५१, भेडा पालन ३५७७, सुँगुर पालन २३८ र कुखुरा पालन २४८५८ गरिरहेका छन् ।

२.६.३ खाद्यान्न आपूर्तिको अवस्था

नगरपालिकाको अभिलेख अनुसार वार्षिक रूपमा सबै भन्दा बढी १०८१४५० किलो मकै उत्पादन हुने गरेको देखिन्छ । दोस्रोमा धान २८२३०० किलो, तेस्रोमा गहुँ २९५६५२ किलो उत्पादन हुने गरेको देखिन्छ । त्यसैगरी सबैभन्दा कम कोदो २०७५० किलो, दलहन ३४३५० किलो तथा तरकारी ९४०५० किलो उत्पादन हुने गरेको पाइएको छ ।

खेतीयोग्य जमिनमध्ये ३३ प्रतिशत (३८६ परिवारको) जमिनमा १२ महिना सिँचाइको सुबिधा छ भने ६७ प्रतिशत अर्थात १५३२ परिवारको जमिन मौसमी वर्षामा निर्भर रहेको छ । पालिका क्षेत्रमा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । अधिकांश ग्रामीण परिवेश भएको हुँदा उत्पादनको मूल साधन नै जमिन हो । उत्पादनको प्रकारमा कृषि तथा पशुपालन नै हो । यस नगरपालिकामा मकै, गहुँ, धान, दलहन तथा ताजा तरकारी उत्पादनले आर्थिक क्षेत्रमा योगदान कायम राखेको छ ।

पालिकाको पार्श्वचित्र अनुसार खाद्यान्न परिपूर्तिको आधारमा वर्षभरि आफ्नो उत्पादनले खाना पुग्ने र बचत समेत हुने ७.८ प्रतिशत, १०-१२ महिना सम्म २४.१ प्रतिशत, ७-९ महिना सम्म २७.२ प्रतिशत, ४-३ महिना सम्म २५.५ प्रतिशत, ३ महिना भन्दा कम ७.८ प्रतिशत, उत्पादन नगर्ने ७.६ प्रतिशत रहेको देखिन्छ ।

२.६.४ उद्योग तथा वाणिज्य

चौरजहारी नगरपालिका भौगोलिक, यातायात सञ्जालको पहुँच र अन्तरजिल्ला व्यावसायिक पहुँचका दृष्टिकोणले औधोगिकीकरणका लागि उपयुक्त स्थान रहेको छ। डोल्पा, जाजरकोट र सल्यानको उत्तरी क्षेत्रको समेत पुरानो बजार भएकाले यी व्यापारीहरूको ज्ञान, सीप र अनुभवलाई अध्यावधिक गरी व्यावसायिक तथा औद्योगिककरणमा जोड्न सके उद्योग तथा वाणिज्य क्षेत्रको विकास गर्न सक्ने सम्भावना रहेको छ। उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको विकास गराई स्थानीय स्रोत, साधन, सीप, बजारको माग र संभावित उद्यमीको चाहनालाई एकीकृत गर्न सकेमा नयाँ व्यवसायहरू सञ्चालन गरी आर्यआर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ। उद्यम विकासका लागि पूर्व तयारी कार्य, स्रोत साधनको सर्भेक्षण, लक्षित समूह पहिचान, बजारको माग अध्यावधिक गर्न सके साना तथा कुटिर उद्योग सञ्चालन गर्नसक्ने सम्भावना छ। युवा पुस्तालाई स्वरोजगारमूलक बनाउन साना तथा मझौला उद्योगहरूलाई प्रविधिकरण, वित्तीय सेवामा पहुँच विस्तार र उत्पादित वस्तुको बजारीकरण गर्न आवश्यक उद्यमशील ज्ञान तथा सीपको विकास गराउन सकिने सम्भावना रहेको छ । यस नगरपालिकामा सीमित मात्रामा मात्र उद्योग तथा बाणिज्यको विकास भएको छ। नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार विभिन्न प्रकारका स्थापित उद्योग १२ र बाणिज्य २३३ गरी जम्मा २४५ उद्योग बाणिज्यको संख्या रहेको छ । यसले सरदर ५०० जति रोजगारी सिर्जना गरेको अवस्था छ ।

२.६.५ पर्यटन क्षेत्रको अवस्था

चौरजहारी ग्रामीण पर्यटनका दृष्टिले राम्रो सम्भावना रहेको नगरपालिका हो । यहाँका धार्मिक स्थलहरू: विजयश्वरी मन्दिर, रामजानकी मन्दिर, भगवतीका मन्दिरहरू, मुथादुरी मन्दिर, विभिन्न देवालय, सिद्ध गुफा आदि, ऐतिहासिक स्थलहरू: तिरहान्ने ढुङ्गा, ढुङ्गे कुवा, गढी लेक, वायुघट्ट आदि, प्राकृतिक स्थलहरू: तातोपानी, मालिका लेक, दयालेक आदि स्थानीय पर्यटन क्षेत्रको विकास, विस्तार, संरक्षण र प्रचार प्रसार गरी आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।

२.६.६ वित्तीय संस्थाहरू र सहकारी

वित्तीय संस्थाहरू बैंक, सहकारी र लघुवित्त आर्थिक क्षेत्रको गतिशिलताका लागि महत्वपूर्ण पक्षहरू हुन् । चौरजहारी नगरपालिकामा सरकारी तथा वाणिज्य बैंक, लघुवित्त र सहकारी संस्थाहरू संचालनमा रहेका छन् । नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, सांग्रिला डेभलप्मेन्ट बैंक, लक्ष्मी बैंक, निरधन उत्थान बैंक चिमेक लघुवित्त विकास बैंक, छिमेक लघु वित्तीय विकास बैंक, स्वाभलम्बन लघुवित्तीय संस्था, आरम्भ चौतारी लघु वित्तीय संस्था, मिर्मिरे लघुवित्तीय संस्था, NADEP लघु वित्तीय संस्था, सिटिजन लाईफ इन्सुरेन्स कम्पनी, प्रभु लाईफ इन्सुरेन्स आदि वित्तीय तथा वाणिज्य संस्थाहरूले कार्य गरिरहेका छन् । यसका अतिरिक्त ग्रामीण अर्थतन्त्रको सहयात्रीको रूपमा थुप्रै कृषि तथा बचत सहकारीहरू दर्ता भै संचालनमा रहेका छन् ।

२.६.७ पारिवारिक आय व्ययको अवस्था

चौरजहारी नगरबासीका आम्दानीका प्रमुख स्रोतहरू कृषि तथा पशुपालन, ज्याला/मजदुरी, बैदेशिक रोजगार, नोकरी तथा पेन्सन रहेका छन् भने व्यापार तथा उद्योग व्यवसाय पनि आम्दानीका अन्य स्रोतका रूपमा

रहेका छन् । चौरजहारी नगरपालिका पार्श्वचित्र २०७४ अनुसार नगरबासीका औषत आम्दानीका स्रोतहरू तपशिल अनुसार देखाइएको छ ।

तालिका : चौरजहारी नगरबासीहरूका औषत वार्षिक आम्दानीका स्रोतहरू (रु. हजारमा)

क्र.स	आम्दानीका स्रोतहरू	औषत आम्दानी रकम (रु)	घरधुरी	प्रतिशत
१	कृषि	१४०५०६८३	२५३५	१०.८२
२	व्यापार व्यवसाय	१२१७८२६२	८७६	९.३८
३	सेवा नोकरी	२३२६६७५६	१०४१	१७.९१
४	ज्याला मजदुरी	४७६९०५०८	३५९७	३६.६२
५	विप्रेषण (विदेशबाट पठाएको रकम)	२०८६५७७६	७७५	१६.०६
६	घर भाडा वापत प्राप्त रकम	८२९३६०	१३०	०.६४
७	उद्योग	१७६७०	२८	०.०१
८	व्याज	२२१६४३८	५२५	१.७१
९	पेन्सन	२२८२६०९	१०४	१.७६
१०	सवारी साधन	४५७२३९	५९	०.३५
११	अन्य	६०३८२४७	१३१८	४.६५
	जम्मा	१२९८९३५४०		१००.०१

स्रोत: चौरजहारी नगरपालिका पार्श्वचित्र, २०७४

त्यसैगरी चौरजहारी नगरपालिकाका परिवारको वार्षिक खर्चका क्षेत्रहरू खानपान, लत्ताकपडा, औषधी, बच्चाहरूको पठनपाठन, इन्धन, यातायात, चाडपर्व, मनोरन्जन आदि रहेका छन् । उल्लेखित शीर्षकहरू मध्ये सबैभन्दा बढी खानपानमा भएको पाइन्छ भने सबैभन्दा कम घरभाडा खर्च शीर्षकमा भएको पाइन्छ ।

तालिका २.७: परिवारको वार्षिक खर्चका क्षेत्रहरू (रु. हजारमा)

क्र.म	खर्च विवरण	औषत वार्षिक खर्च रकम	घरधुरी	प्रतिशत
१	खानपान खर्च	२२२१५४५३	५३११	२८.८९
२	पहिरन (लत्ताकपडा) खर्च	१०२८४६८७	४७१०	१३.३७
३	औषधी खर्च	८६३४७०८	४६५८	११.२३
४	पढाइ (बालबालिकाहरूको) खर्च	१०१६८४५०	४२२४	१३.२२
५	ईन्धन खर्च	१०१७५०७	१०५५	१.३२
६	मनोरञ्जन खर्च	२१७१२८६	१५१८	२.८२
७	यातायात खर्च	३५६६०९८	१७०६	४.६४
८	चाडपर्व खर्च	१०४८६७१०	४०७०	१३.६४
९	घरभाडा खर्च	१५८७०३	२८७	१.२५
१०	कृषि सामग्री खर्च	२०७३५६३	१६६०	२.७
११	अन्य खर्च	५३३०४१३	१९४५	६.९३
	जम्मा	**७६९०७५७८**		**१००.०१**

स्रोत: चौरजहारी नगरपालिका पार्श्वचित्र २०७४

२.७ खानेपानी तथा सरसफाइको अवस्था

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ । चौरजहारी नगरपालिकाले स्वच्छ खानेपानी उपलब्ध गराउन दीर्घकालीन तथा अल्पकालीन योजना बनाइ कार्यान्वयन गरिरहेको छ । यद्यपि पूर्णरूपमा नगरबासीका प्रत्येक घरमा स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था हुन सकेको छैन । नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी स्वच्छ खानेपानी तथा ढलनिकास सहितको शौचालय व्यवस्था गर्नु पर्ने देखिन्छ ।

नगरबासीहरू भेरी नदी, विभिन्न खोला र मुहानको पानी दैनिक उपभोगका लागि प्रयोग गर्दै आएका भएपनि ती खोला र मुहानका पानी सुरक्षित र सफा छैनन् जसको प्रयोगले विभिन्न सरुवा रोग लाग्न सक्छ । चौरजहारी नगरपालिकामा प्रशस्त पिउने पानीको श्रोत रहेको भए तापनि व्यवस्थित रूपमा सबै घरघरमा पुगेको छैन । नगरपालिका पार्श्वचित्र २०७४ अनुसार पानी प्रयोगको स्रोत अनुसार पाइपबाट ४८१७, ढाकिएको कुवाबाट १०१, नढाकिएको कुवाबाट ६४, ट्यूववेल/वोरिङ्ग/हेन्डपम्पबाट २, ढुङ्गेधारा/मूलको पानी ४९९, नदी/खोलाबाट ३६ र अन्य श्रोतबाट १ घर परिवार रहेका छन् । पाइपबाट पानी पुगेको संख्या धेरै देखिए पनि व्यवस्थित रूपमा घरमा पानी पुगेको छैन । खानेपानी ल्याउन लाग्ने समय अनुसार ०-५ मिनेट सम्मको दूरीमा १५३०, ५-१५ मिनेट सम्मको दूरीमा १८२९, १५-३० मिनेटसम्म ४४०, ३०-६० मिनेटसम्म ७८ प्रतिशत र ३० मिनेट भन्दा बढि समय लाग्ने १८ घर परिवार रहेका छन् । यस तथ्याकंलाई हेर्दा अहिले पनि विशेष गरी महिलाहरू एक गाग्री पानी थाप्न लामो दूरीसम्म हिड्न बाध्य छन् । त्यसैगरी पानी थाप्न लामो दुरी हिड्नु पर्ने समस्याले गर्दा बालबालिकाको स्कुल पढाइमा पनि यसले प्रभाव पार्ने देखिन्छ ।

नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार नगरपालिकाभित्र रहेका जम्मा ५५३३ घर परिवार मध्ये सिट सहितको साधारण शौचालय ७७.८१ प्रतिशत्, आधुनिक फल्स् सुविधा भएको सेफ्टी ट्याङ्की सहितको शौचालय १९.५३ प्रतिशत, सार्वजनिक शौचालय ०.६९ प्रतिशत् र अन्य (खोला तथा खुला) शौचालय १.९७ प्रतिशत् परिवारले प्रयोग गरिरहेका छन् । फोहोर मैला विर्सजन गर्नेमा आफ्नै घर कम्पाउण्डभित्र जलाउने/गाड्नेमा ०.५३ प्रतिशत, फोहर थुपार्ने ठाउँमा/कण्टेनरमा फाल्ने ३३.१९ प्रतिशत, घरमा लिन आउनेलाई दिने ३४.६० प्रतिशत, कम्पोष्ट मल बनाउने १३.३७ प्रतिशत, सडकमा फाल्ने १७.८६ र सार्वजनिक स्थलमा फाल्ने ०.४५ प्रतिशत घर परिवार रहेका छन् ।

२.८ इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था

चौरजहारी नगरपालिकामा मुख्यतः इन्धनको श्रोत दाउरा रहेको छ । मुख्य इन्धनको रूपमा प्रयोग गर्ने दाउराको स्रोत सामुदायिक, संरक्षित तथा निजी वन रहेका छन् । नगरपालिका पार्श्वचित्र २०७४ अनुसार दाउरा प्रयोग गर्ने ५१९९, सोलार प्रयोग गर्ने १२८, एलपि ग्याँस प्रयोग गर्ने ११८, बिजुली वत्ती प्रयोग गर्ने ३५, वायोग्याँस प्रयोग गर्ने २१, मट्टितेल प्रयोग गर्ने १ घर परिवार रहेका छन् । यसैगरी उर्जाका लागि सोलार प्रयोग गर्ने ४३४३, विद्युत प्रयोग गर्ने १११८, वायोग्याँस प्रयोग गर्ने १, मट्टीतेल प्रयोग गर्ने ८ र अन्य उर्जाको स्रोत प्रयोग गर्ने ५० घर परिवार रहेका छन् ।

२.९ वन वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था

वन सम्पदाको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्ने र नगरपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक रहेको छ । स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएको छ । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ । स्थानीय तहमा मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन,

वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गनुपर्दछ ।

वन क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रूपमा योगदान पुग्ने गरी व्यावसायिक वन व्यवस्थापन र उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणाली बीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु, बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, बाह्य मिचाहा झार (Invasive plant species) को प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु आदि प्रमुख समस्याहरू रहेका छन् ।

नगरपालिका पार्श्वचित्र २०७४ अनुसार चौरजहारी नगरपालिकामा प्राकृतिक प्रकोपका कारण विभिन्न समयमा विभिन्न विपद्हरूको सामना गर्नुपरेको छ । विगत ३ वर्ष भित्रमा सबैभन्दा वढी बाढी पहिरोबाट करिव ..... करोड ..... लाख साथै असिनावाट करिव ..... लाख ..... हजार रूपैयाँको क्षति भएको अनुमान गरिएको छ । साथै विभिन्न वडामा आगलागीवाट प्रभावित हुने घर परिवार संख्या करिव ..... घर परिवार भन्दा बढी रहेको छ । बाढी डुवानबाट ..... घर परिवार, पहिरोबाट ..... घर परिवार, सर्पको टोकाईवाट ..... जना, जंगली जनावरको आक्रमणवाट ..... घर परिवार पीडित भएका छन् ।

चौरजहारी नगरपालिकाका विभिन्न ठाउँहरूमा भूक्षय तथा बाढी पहिरोको प्रभाव परेको छ । मुख्य गरी वडा नं. ..... को .....को पहिरो सबै भन्दा ठूलो पहिरो हो । साथै ..... पहिरो आदिले नजिकका बस्तीहरूमा प्रभाव पारेको छ भने, बाढीले ..... आदि ठाउँहरूमा बाढी पहिरोको जोखिम रहेको छ । चौरजहारी नगरपालिकाका केही वडाहरूमा बाँदरको समस्या समेत रहेको छ । बाँदरले लगाएको अन्नबाली, तथा फलफूल नाश पारिदिने हुनाले यसको उचित व्यवस्थापन गर्नेतर्फ ध्यान जानु जरुरी छ ।

२.१० यातायात तथा परिवहन सुविधाको अवस्था

चौरजहारी नगरपालिकामा सडक सञ्जालको सेवा सुविधा विस्तार क्रमिक रूपमा भइरहेको भए तापनि पूर्णरूपमा सहज हुन सकेको छैन् । नगरपालिका प्रोफाइल २०७४ अनुसार घरसम्म जाने सडकको अवस्थालाई हेर्दा प्रायः ४८.७० प्रतिशत घरसम्म जाने बाटो कच्ची रहेको छ । त्यसैगरी १०.८७ प्रतिशत बाटो ग्राभेल र जम्मा ०.२५ प्रतिशत घरसम्म जाने बाटो कालोपत्रे रहेको पाइएको छ । नगरपालिकामा भएका बाँकी सडकहरू पनि धुलेकच्ची बाटाहरू छन् । यी बाटोहरू सञ्चालनमा रहे पनि बाह्रै महिना चल्न सकिरहेका छैनन् ।

चौरजहारी नगरपालिकामा धेरै जसो बाटो अवर्गीकृत १८१.५३ कि.मी रहेका छन् भने साना बाटा ७८.६० कि.मी. ट्र्याक ३३.७० कि.मी. रहेका छन् । यी विभिन्न सडकहरूमा नियमित सार्वजनिक बस सेवा तथा अन्य मोटर, ट्र्याक्टर, ट्रक, मोटरसाईकल, ट्र्याक्सी आदि यातायातका साधनहरू सञ्चालनमा रहेका छन् । वर्षात्को समयमा बाढी पहिरोको कारणले यातायात नियमित रूपमा सञ्चालन गर्न कठिनाइ हुने गरेको छ ।

चौरजहारी नगरपालिकामा हवाई यातायातका लागि एक विमानस्थल रहेको छ । यद्यपि यसको उचित मर्मत सम्भार हुन नसक्दा हाल संचालनमा रहेको छैन ।

तालिका : चौरजहारी नगरपालिकाको सडकका प्रकार

सडकका प्रकार	लम्बाई (कि.मि)	प्रतिशत
(अवर्गीकृत)	१८१.५३	५७.७९%
Path (बाटो)	७८.६०	२५.०२%
Track (ट्र्याक)	३३.७०	१०.७३%
Tertiary (तृतीय)	१२.८०	४.०८%
Residential (आवासीय)	६.२४	१.९९%
Runway (धावनमार्ग)	०.६०	०.१९%
Road (पचि बाटो)	०.४६	०.१५%
Service (सेवा)	०.१२	०.०४%
Suspension	०.०६	०.०२%
जम्मा	**३१४.११**	**१००.००%**

नक्सा: चौरजहारी नगरपालिकाको सडक सञ्जाल



२.११ सूचना तथा सञ्चारको पहुँच

चौरजहारी नगरपालिकामा सञ्चारका साधनको प्रयोग सबैभन्दा मोबाइल ४९८८ घर परिवारले प्रयोग गरेका छन् । त्यसै गरी सञ्चार सेवाका रूपमा विभिन्न ठाउँमा टेलिफोन, एफएम रेडियो, पत्रपत्रिका, इन्टरनेट, अतिरिक्त हुलाक कार्यालय, टेलिभिजन आदिको व्यवस्था रहेको छ । तर यी सुविधाहरू पर्याप्त, भरपर्दा र गुणस्तरीय छैनन् ।

२.१२ पार्क तथा मनोरञ्जन स्थलहरू

चौरजहारी नगरपालिकाका विभिन्न वडा तथा बस्तीहरूमा पार्क तथा मनोरञ्जन स्थलका रूपमा प्राकृतिक डाँडा, लेक, पोखरी, समथल स्थानहरू, विभिन्न देवी देवताका मन्दिर तथा प्रतिक्षालय, जंगलको वीचमा रहेका खाली चउरहरू आदि रहेका छन् ।

चौरजहारी नगरपालिका

परिच्छेद तीन
नगरवासीको अपेक्षा र विश्लेषण

चौरजहारी नगरपालिकाका समस्या र नगरवासीको अपेक्षालाई वडागत रूपमा पहिचान गरी विश्लेषण गरिएको छ । यस अन्तर्गत स्थलगत अध्ययन, अवलोकन र सर्वेक्षण गरी सम्वन्धित निकायहरूसँगको छलफल, विभिन्न राजनैतिक दलसँग छलफल, विषयगत विज्ञहरूसँगको अन्तर्क्रिया तथा नगरपालिकाको प्रोफाईल र नगरपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट र नगरपालिकाका विभिन्न दस्तावेजहरूमा आधारित भै गरिएको छ । यस सम्वन्धी विस्तृत अध्ययन तल प्रस्तुत गरिएको छ ।

३.१ नगरपालिकाका प्रमुख समस्याहरू

चौरजहारी नगरपालिकाबाट प्राप्त तथ्यांकहरू, विज्ञ समूहको स्थलगत अध्ययन, छलफल तथा गोष्ठीबाट नगरपालिकाका विद्यमान समस्याहरू पहिचान गरिएको छ । यस अध्ययनमा विभिन्न चरणमा विषयगत उपसमितिको छलफल, वडा भेला, स्थलगत अध्ययन भ्रमणबाट प्राप्त सूचनाका आधारमा नगरपालिकाका प्रमुख समस्याहरू पहिचान गरिएको छ । ती समस्याहरूलाई विषयगत शीर्षकअनुसार वर्गीकरण गरिएको छ । साथसाथै समस्याहरू समाधानको लागि गरिनुपर्ने अल्पकालीन तथा दिर्घकालीन योजना र कार्यक्रम समेत पहिचान गरी आवधिक योजनामा प्रस्ताव गरिएको छ ।

३.१.१ भौतिक पूर्वाधार विकाससँग सम्बन्धित समस्याहरू

यस नगरपालिकामा विद्यमान भौतिक पूर्वाधारसँग सम्बन्धित समस्याहरू निम्नअनुसार प्रस्तुत गरिएको छ ।

क) नगरपालिकामा योजनाबद्ध विकासको प्रारम्भ नभएकोले यससँग सम्बन्धित अल्पकालीन तथा दीर्घकालीन योजनाहरू छनौट गरी योजनाबद्ध रूपमा सञ्चालन हुन नसकेको,

ख) भौतिक पूर्वाधार अन्तर्गत सडकहरू विना योजना खोलिएका, खोलिएका सडकहरू पनि साँघुरा, धुले, हिले र कच्ची भएका सडक नाली नहुनुका साथै आवश्यक स्थानमा हिम पाइप नभएकाले वर्षा याममा यातायात आवतजावतमा कठीनाइ भएको,

ग) ट्र्याक खोलिएका सडकहरूमा ढलको उचित व्यवस्था नभएकोले वर्षा यामको पानीले सडकहरूको अवस्था दयनीय रहेको र नियमित यातायात सञ्चालन हुन नसकेको,

घ) स्वच्छ खानेपानीको सुविधा केही वडाबाहेक धेरैजसो वडाहरूमा नपुगेको,

ङ) वडा कार्यालय र सम्वन्धित शाखा भवनहरूको उचित निर्माण तथा व्यवस्थापन हुन नसकेको,

च) विद्यालय भवन र स्वास्थ्य चौकीहरूको स्तरोन्नति, मर्मत तथा सम्भार गर्नुपर्ने,

छ) नगरपालिकाको अधिकांश स्थानहरूमा विद्युत सुविधा नपुगेको,

ज) स्थानीय रूपमा साना जलविद्युत केन्द्रहरूको स्थापना र उत्पादन गर्न नसकिएको,

झ) सिँचाईका लागि प्रशस्त पानी हुँदापनि यसको दीर्घकालीन व्यवस्थापन हुन नसकेकोले खेतीयोग्य जमिन वाँझो रहेको र वर्षाको पानीमा निर्भर हुनु परेको,

ञ) सार्वजनिक भवन, सभासम्मेलन र सामुदायिक अन्तर्क्रिया गर्ने व्यवस्थित सामुदायिक भवनहरूको अभाव रहेको ।

३.१.२ आर्थिक तथा वित्तीय विकाससँग सम्बन्धित समस्याहरू

क) आर्थिक गतिविधिलाई प्रोत्साहित गर्ने खालका सेवामूलक उद्योगहरू सञ्चालन नभएकाले रोजगारीका अवसरहरू उपलब्ध हुन नसकेको,

ख) कृषि र वनमा आधारित उत्पादित वस्तुहरूले उचित बजार पाउन नसकेको ।

ग) कृषि तथा पशु सेवा केन्द्रहरूको उचित व्यवस्थापन हुन नसकेकोले कृषकहरूले तत् सम्बन्धी सेवाहरू पाउन नसकेको,

घ) बाली संरक्षण र भण्डारणको उचित व्यवस्था हुन नसकेकोले खाद्य सुरक्षामा समस्या देखिएको,
ङ) नगरपालिकाको आयआर्जनमा चुस्त, दुरूस्त गर्न आफ्नो क्षेत्रभित्र व्यवसाय कर, उद्योग कर, सम्पत्ति कर तथा सेवाशुल्क कर आदिको उचित व्यवस्थापन हुन नसकेको,
च) नगरपालिकाको समग्र विकास गर्नको लागि वित्तीय श्रोत व्यवस्थापन उचित किसिमले हुन नसकेको,
छ) सार्वजनिक साझेदारी तथा निजी क्षेत्रसँगको समन्वय गरी कर तथा गैरकरबाट प्राप्त हुने वित्तीय श्रोतको प्रभावकारी परिचालन हुन नसकेको,
ज) वित्तीय संस्थाहरूको अभाव र सरकारको सहयोग नभएकोले कृषि र पशुपालन क्षेत्रको आधुनिकीकरण र व्यावसायिकीकरण हुन नसकेको,
झ) गरीब तथा सीमान्तकृत परिवारहरूको पहिचान र उनीहरूको समस्याको उचित सम्बोधन हुन नसकेको,
ञ) खाद्यान्न तथा अन्य उपभोग्य सामग्रीहरूको आयातमा निर्भरता बढ्दै गएको तर नगरपालिकाबाट निर्यात हुने वस्तुहरूको पहिचान र उत्पादन हुन नसकेको,
ट) व्यापारिक केन्द्रहरूको समुचित व्यवस्थापन हुन नसकेको,
ठ) नगरपालिका क्षेत्रमा रहेका उल्लेख्य प्राकृतिक स्रोत तथा सम्पदाहरूको समुचित उपयोग हुन नसकेको ।

३.१.३ सामाजिक विकाससँग सम्बन्धित समस्याहरू

क) नगरपालिका क्षेत्रभित्र सरकारी विद्यालयहरूको कमजोर व्यवस्थापन, पाठ्य सामग्रीको अभाव, विषयगत शिक्षकको अभाव, आधुनिक प्रविधिमा पहुँचको अभाव, प्रभावकारी अनुगमनको अभावका कारण विद्यालय शिक्षाको गुणस्तर कमजोर हुँदै गएको,
ख) प्राविधिक र जीवन उपयोगी शिक्षाको व्यवस्था हुन नसकेको,
ग) स्वास्थ्य संस्थाहरूमा औषधी, आवश्यक प्रयोगशाला, गुणस्तरीय स्वास्थ्य सेवा तथा अपांगमैत्री सुविधाको अभाव रहेको,
घ) असहाय, अशक्त, बालबालिका, जनजाति, दलित, महिला, अपाङ्ग, ज्येष्ठ नागरिक आदिलाई उचित समयमा सेवा सुविधा दिन नसकेको,
ङ) दलित, उत्पडित, असहाय वर्ग एवं महिलाको शसक्तीकरण हुन नसकेको,
च) स्थानीय विकासमा युवाहरूको संलग्नतालाई परिचालन गर्न तथा सीप तथा तालिमको व्यवस्था गर्न नसकेको,
छ) साहित्य, कला र संस्कृतिको प्रवर्द्धन तथा संरक्षण गर्न नसकेको,
ज) कृषि भूमिहीन परिवारलाई उचित व्यवस्थापन गर्न नसकेको,
झ) विकास आयोजनाहरूमा अशक्त, दलित, जनजाति, महिला, बालबालिका, अपाङ्, उत्पिडीत समुदायको प्रतिनिधित्व कम रहेकाले उनीहरूको सहभागिता सुनिश्चित हुन नसकेको,
ञ) निर्माण संरचनाहरूमा अपाङ्ग, अशक्त तथा बालमैत्री हुन नसकेको,
ट) नीतिगत तहमा पीछडिएका समुदायको पहुँच नभएको,
ठ) जनचेतना कार्यक्रमहरू पर्याप्त नभएको,
ड) बृद्धबृद्धा तथा असहायका लागि आश्रय स्थलको व्यवस्थापन नभएको,

३.१.४ वातावरणीय तथा प्रकोप सम्बन्धी समस्याहरू

क) नगरपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिहरू (वनजंगल, वन्यजन्तु, जडिवुटी, नदीनाला, मठमन्दिर, गुम्बा, पाटीपौवा) आदिको अभिलेख तयार नभएको,
ख) बस्तीहरूबाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन हुन नसकेको,
ग) जलवायु परिवर्तनको कारणले पोखरी लोप हुँदै गैरहेका, मुलहरू सुक्दैगैरहेका, वन्यजन्तुहरूको बासस्थान परिवर्तन भैरहेको, केही जंगली फलफूल, कन्दमूल तथा जडिबुटीहरू हराउँदै गइरहेको,

घ) बाढीपहिरो, नदी कटान, भूक्षय जस्ता प्राकृतिक प्रकोपको समस्या भैरहेको,
ङ) डढेलो, असिना, आँधिबेरी, भूकम्प, अतिबृष्टि, अनाबृष्टि, बाँदर जस्ता प्रकोप भैरहेको,
च) सार्वजनिक तथा निजी भवनहरूको संरचना जोखिम प्रतिरोधात्मक नभएको,
छ) प्राकृतिक विपत्तिका बेला आवश्यक जनशक्ति, सामग्री तथा राहतको उचित व्यवस्थापन नभएको ।

३.१.५ संस्थागत विकाससँग सम्बन्धित समस्याहरू

क) नगरपालिकाका सबै शाखा कार्यालयहरू व्यवस्थित हुन नसक्दा सेवा प्रवाहमा समस्या भएको,
ख) नगरपालिकाका कतिपय वडाका कार्यालयहरू सेवा प्रवाहका लागि आवश्यक प्रविधिमैत्री पूर्वाधारहरू व्यवस्थित नभएकाले सेवासुविधा प्रवाहमा सहज हुन नसकेको,
ग) नगरपालिका केन्द्र र वडाहरूमा सुविधा सम्पन्न सामुदायिक हल नभएकाले सभा, गोष्ठी, तालिम, अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्न असहज भएको,
घ) प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक दक्ष जनशक्ति, भौतिक पूर्वाधार र स्रोत साधनको अभाव भएको ।

३.१.६ सांस्कृतिक तथा पर्यटन विकाससँग सम्बन्धित समस्याहरू

चौरजहारी नगरपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ । धार्मिक, सांस्कृतिक तथा पर्यटन विकाससँग सम्बन्धित समस्याहरू निम्नअनुसार छन् ।
क) सांस्कृतिक रूपमा गाउँबस्तीमा रहेका सिंगारू, लहरे नाच, टप्पा (वनगारी), मयुर नाच, पञ्चे बाजा, लोक दोहरी आदिको संस्थागत संरक्षण नभएको,
ख) पर्यटकीय सम्भावना भएका मालिका लेक मन्दिर, सिद्ध गुप्फा मन्दिर, तातोपानी धारा लगायत कतिपय पर्यटकीय क्षेत्रहरूको पहिचान र संरक्षण हुन नसकेको,
ग) सांस्कृतिक सम्पदा र पर्यटकीय पूर्वाधारहरूको व्यवस्थापन हुन नसकेको,
घ) आन्तरिक तथा वाह्य पर्यटकहरूलाई घरायसी वातावरणमा रमाउनका लागि आवश्यक होमस्टे (घरबास) हरू सञ्चालन तथा व्यवस्थापन गर्न नसकेको,

३.२ नगरपालिकाको सवलता, दुर्वलता, अवसर र चुनौतीको विश्लेषण

उल्लेखित अपेक्षा तथा समस्याहरूको पहिचानका आधारमा चौरजहारी नगरपालिकाका सम्भावना, अवसर समस्या र चुनौतीहरूलाई तपसिल अनुसार विश्लेषण गरिएको छ ।

सवलता	दुर्वलता
• प्रदेश तथा प्रमुख व्यवसायिक केन्द्रसँग सहज पहुँच, • जलश्रोतको अपार भण्डार, • विविधतायुक्त भूधरातल, हावापानी, वनस्पति तथा जैविक विविधतामा धनी, • मानवीय उपयोगमा नआइसकेको प्रशस्त सम्भाव्य प्राकृतिक स्रोत र साधनहरूको उपलब्धता, • विविधतायुक्त तर सहअस्तित्व र सद्भावयुक्त सापेक्षिक रूपमा साक्षर र सचेत जनसमुदाय,	• बढ्दो बसाइँसराई र जनशक्ति पलायन, • परम्परागत र निर्वाहमुखी कृषि प्रणाली तथा पशुपालनमा उल्लेख्य निर्भरता, • खेतीयोग्य जमिन बाँझो भूमिमा रूपान्तरण र बढ्दो खण्डीकरण, अपर्याप्त सिंचाइ, उत्पादनमा ह्रास, आयातित खाद्यवस्तुमा बढ्दो निर्भरता, • वन्यजन्तु र प्राकृतिक प्रकोपबाट बाली नालीहरूको असुरक्षा, बाली संरक्षण सुविधाको अभाव तथा शीतगृहको अभाव,

• जनता र नेतृत्वको विकासप्रतिको उच्च सकारात्मक लगाव र प्रतिबद्धता, • तलबाट उठेको (Bottom up) योजना निर्माण प्रक्रिया र यसमा स्थानीय जनताको प्रत्यक्ष सहभागिता, • योजना तथा कार्यक्रमहरूको निरन्तर स्थानीय स्तरको सरोकार अनुगमन र खबरदारीको संभावना, • जननिर्वाचित संवैधानिक अधिकार प्राप्त स्थानीय सरकार ।	• युवा वर्गमा जीवन उपयोगी सीप, उद्यमशीलता र दक्षताको कमी हुनु, • गैरकृषि क्षेत्रमा उल्लेख्य रोजगारीका अवसरहरूको सिर्जना हुन नसक्नु, • नगरपालिका कार्यालयमा पर्याप्त संस्थागत तथा प्राविधिक क्षमताको अभाव, प्रक्रियामुखी सार्वजनिक सेवा प्रवाह, • प्राकृतिक प्रकोप र जोखिम व्यवस्थापनमा संरचना, सुविधा र सक्षमताको अभाव, • विकास कार्यक्रम कार्यान्वयनमा सुस्पष्ट संरचना, कार्यविधि र दृढ इच्छाशक्तिको अभाव, • विकास, योजना र कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने परिपाटीको अभाव ।
अवसर	**चुनौतीहरू**
• आकर्षक पर्यटकीय स्थल र क्रियाकलापहरूको विकास र सम्बर्द्धन मार्फत जनताको आयआर्जनमा वृद्धि गर्न सकिने, • अपार जलश्रोतको भण्डारको प्रभावकारी उपयोगबाट ऊर्जा, सिंचाई, खानेपानी र सरसफाइको विकास गर्न सकिने, • भूमिको बहुआयामिक उपयोग मार्फत स्थानीय अर्थतन्त्रको सुदृढीकरण गर्न सकिने, • उच्च लेकहरुमा उपलब्ध वन, चरन, जडिबुटी र जैविक विविधताको समुचित उपयोग गर्न सकिने, • उच्च प्रतिफल दिने आधुनिक पशुपालन र नगदे वालीको विस्तार गर्न सकिने, • वन तथा कृषि पैदावारमा आधारित प्रशोधन उद्योगको विकास गर्न सकिने, • परम्परागत सीप र ज्ञानमा आधारित घरेलु तथा साना उद्योगको प्रर्वद्धन र यसको पर्यटन व्यवसायसँगको आबद्धतामा विस्तार गर्न सकिने, • युवा शक्तिलाई रोजगारमूलक र उद्यमशीलताको तालिम प्रदान गरी स्वरोजगारको प्रवर्द्धन गर्न सकिने,	• बाह्य (स्वदेश तथा विदेश) बसाइँसराइको परिणाम स्वरूप बित्तीय स्रोत र श्रमशक्तिको पलायन, • विकासमा जनसहभागिता वृद्धि गर्न कठिनाइ, • जनताका आकांक्षामा तीव्र वृद्धि र स्रोतसाधनको सीमितताका कारण परिपूर्ति गर्न चुनौती, • कृषिमा आधुनिकीकरणका लागि पुजी, प्रविधि, गुणस्तरीय वीउ विजन, मल तथा प्राविधिज्ञ सेवाको अभाव, • ठूला आयोजनाहरूको निर्माण र कार्यान्वयनमा पर्याप्त पुजी, प्रविधि र जनशक्तिको अभाव, • बढ्दो अव्यवस्थित बसोवास वेंसी तथा सुगम स्थानमा बसोबासको केन्द्रीकरण, • सम्भाव्य पर्यटकीय स्थलहरूमा पूर्वाधार निर्माणका लागि वित्तीय स्रोतको व्यवस्थाको अभाव, • गुणस्तरीय स्वास्थ्य र शिक्षा सेवाको पहुँच पुऱ्याउने, • फोहोर मैला प्रदूषण र भू:स्खलन नियन्त्रण र व्यवस्थापन,

चौरजहारी नगरपालिका

• विकास निर्माणमा स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्न सकिने, • संघ तथा प्रदेश सरकारको महत्वपूर्ण सहयोग र सद्भाव प्राप्त गरी विकासका कार्यक्रममा सहकार्य गर्न सकिने, • परियोजनाहरूको विकासमा स्वदेशी तथा विदेशी दातृ निकाय र लगानी कर्तालाई आकर्षण गर्न सकिने, • आधुनिक प्रविधि र सीपयुक्त नयाँ जनशक्तिको व्यवस्थापन गर्न सकिने ।	• स्थानीय तहमा संविधानले प्रदान गरेको अधिकार सूचीको प्रभावकारी कार्यान्वयन, • नगरपालिकाबाट प्रवाह हुने सेवाको सरलीकरण तथा आधुनिकीकरण, वडास्तरमा जनशक्तिको सबलीकरण ।

उपयुक्त विश्लेषणको आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने चौरजहारी नगरपालिकाले योजनावद्ध विकास प्रकृया अबलम्बन गर्न सक्छ यसका लागि पर्याप्त भौतिक, आर्थिक, सामाजिक, संस्थागत सम्भावना रहेका छन् । राज्यको पुनर्संरचनाबाट स्थानीय तहको विकास स्थानीय स्तरमै हुने वातावरण निर्माण भएको सन्दर्भ, राजनैतिक प्रतिबद्धता र उच्च इच्छाशक्ति भएको नेतृत्वले योजनाको सफल कार्यान्वयन समयवद्ध रूपमा गर्न सक्छ ।

३.३ जनसंख्याको प्रक्षेपण तथा विश्लेषण

चौरजहारी नगरपालिकाको जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार जम्मा २७४३८ भने २०७८ अनुसार जनसंख्या २९२५५ देखिएको छ । जनसंख्या प्रक्षेपण गर्दा रुकुम (पश्चिम) जिल्लाको जनसंख्या वृद्धिलाई आधार मानि २०७९ देखि २०८३ सम्म प्रक्षेपण गरिएको छ ।

तालिकाः जनसंख्या वृद्धि तथा प्रक्षेपण

साल	महिला	पुरुष	जम्मा जनसंख्या	बार्षिक वृद्धि दर (प्रतिशत)
२०६८	१४४४३	१२९९५	२७४३८	
२०७८	१५०८५	१४१७०	२९२५५	०.६४
२०७९	१५१४९	१४२९१	२९४४२	०.६४
२०८०	१५२१५	१४४१३	२९६२९	०.६४
२०८१	१५२८०	१४५३५	२९८१६	०.६४
२०८२	१५३४५	१४६५७	३०००२	०.६४
२०८३	१५४१०	१४७७९	३०१८९	०.६४

राष्ट्रिय जनगणना २०७८ अनुसार चौरजहारी नगरपालिकामा प्रति घरपरिवार औसत सदस्य संख्या ४.३० जना रहेको छ । यस नगरपालिकाको जनघनत्व १३७ जना प्रति वर्ग कि.मी छ । लैगिंक आधारमा जनसंख्याको विश्लेष्ण गर्दा महिला पुरुष अनुपात प्रति महिलामा १.०६ जना पुरुष पर्न आउँछ । यस पालिकाको महिला पुरुषको जनसांख्यिकी अनुपात पुरुषको तुलनामा महिलाको बढी रहेको देखिन्छ । चौरजहारी नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार १५ वर्ष मुनिका बालबालिकाको जनसंख्या ९८९५ अर्थात् ३२.८६ प्रतिशत, १५ देखि ५९ वर्षसम्मको सक्रिय जनसंख्या १८,२३६ अर्थात् ६०.५४ प्रतिशत र ६० वर्ष माथिका बृद्ध बृद्धाको संख्या १९८८ अर्थात् ६.६० प्रतिशत रहेको देखिन्छ । जनसंख्या निर्भरताको विश्लेषण गर्दा १ जना सक्रिय जनसंख्या बराबर ०.३२ जना निश्क्रिय जनसंख्या हुन आउँदछ । जातिगत रूपमा चौरजहारी नगरपालिकामा सबैभन्दा बढी जनसंख्या वाह्रमन क्षेत्रीको जनसंख्या ६०.७० प्रतिशत, जनजातिको जनसंख्या १०.९० प्रतिशत,

दलितको जनसंख्या २५ प्रतिशत र अन्यको जनसंख्या ३.३० प्रतिशत रहेको छ। धार्मिक हिसाबले चौरजहारी नगरपालिकामा सबैभन्दा बढी हिन्दु धर्माबलम्बी ९९.५३ प्रतिशत, बौद्ध ०.०५ प्रतिशत, त्रिश्चियन ०.०३ प्रतिशत, मुस्लिम ०.०२ प्रतिशत र अन्य ०.३७ प्रतिशत रहेका छन्।

३.४ यातायात सुविधाहरूको विश्लेषण

भौतिक तथा यातायात स्थिति विश्लेषण गर्दा नगरपालिकाको भौतिक पक्षको स्थिति र विद्यमानको अवस्थामा विश्लेषण गरिएको छ। खासगरी बाह्रै महिना यातायातका साधनहरू चल्ने सडक, पुल पुलेसाको निर्माण, सबै गाउँहरूमा सञ्चार, खानेपानी, विद्युत पुऱ्याउनुका साथै सार्वजनिक भवनहरूको अबस्था र निर्माणको विश्लेषण गरिएको छ।

चौरजहारी नगरपालिकाका केन्द्र तथा वडाकेन्द्रहरूसम्म पुग्नको लागि प्रारम्भिक सडकको ट्र्याक खोल्ने काम मात्र भएको छ। यहाँका कुनै पनि सडकमा ढल तथा नालाको निर्माण भएको छैन। सडकहरू कच्ची एवं भत्किएका कारणबाट धुलो उड्ने भएकाले जनताको स्वास्थ्यमा समेत प्रत्यक्ष असर परेको देखिन्छ। यस क्षेत्रमा हिउँदको समयमा केही सहज तरिकाबाट यातायातका साधनहरू चलेका भए तापनि वर्षादको समयमा बाढी तथा पहिरो र सडक पुल तथा कल्भर्टको निर्माण नभएको कारणले यातायातका साधनहरू नचल्दा वर्षेनी यहाँका जनताले दुख भोगिरहनु परेको छ। यस नगरपालिकाका मुख्य सडकहरू मध्ये सर्वप्रथम नुवाकोट डाँडा - खोलागाउँ हुदै चौरजहारीसम्मको खण्ड, नुवाकोट डाँडा - तिम्लेलेक - जोगीनेटा - खागल कोटजहारी हुदैं चौरजहारी सम्मको खण्ड र विजयश्वरी - मानाकोट - लहरेसिमल - भलाक्चा - खोलागाउँ, सिलिंगे - साक्चाखोला नुवाकोट खण्ड गरी जम्मा तीनवटा सडक खण्डलाई बाह्रै महिना यातायातका साधन चल्ने सडक बनाउन जरूरी देखिन्छ।

चौरजहारी नगरपालिकामा विस्तारित पालिका स्तरिय सडक सम्बन्धी विवरण

वडा नं.	सडकको नाम	सडकले छुने वस्तीहरूको नाम	सडक (कि.मी.)
१.	चौरजहारी, नार्जी, खोलागाउँ, नुवाकोट सडक खण्ड	भ्याली बजार, विजयश्वरी, मेलै नाउली, नार्जी, शान्तीबजार, मलामेडाँडा, खोलागाउँ, घुघुती, साँक्चा, नाउलीहुँदै नुवाकोट डाँडासम्म	२८
२.	चौरजहारी, खहरे, खोलागाउँ सडक खण्ड	भ्याली बजार, विजयश्वरी, मेलैनाउली, खहरे, लहरेसिमल, मानाकोट, बुढागाउँ, राणागाउँ सम्म	१६
३.	चौरजहारी, कोटजहारी, खागल, जुम्लीपोखरी, तिमिले नुवाकोट सडक खण्ड	भ्याली बजार, विजयश्वरी, मेलैनाउली, कोटजहारी, खागल जुम्लीपोखरी, तिमिले, नुवाकोट डाँडासम्म	३०
४.	चौरजहारी, जहारीखोला, शोइही मध्यपहाडी राजमार्ग सडक	भ्याली बजार, टाटागाउँ, स्यालखोला, सोती गोइरी गाउँसम्म	६
५.	विजयश्वरी, मनकोट, अमलाटाकुरा सडक खण्ड	विजयश्वरी, मनकोट, अमलाटाकुरासम्म	७
६.	चौरजहारी भ्याली, रिङरोड सडक खण्ड	नाखिरा, लामिछानेगाउँ, घरीगाउँ, बसपार्क, शंखपिपल, टाटागाउँ, स्यालखोला, विजयश्वरी, खहरे, लहरेसिमल शान्तीबजार नार्जी, सोतीखोला, बडाखोला, जहारीखोलासम्म	२९

चौरजहारी नगरपालिकामा विस्तारित वडा स्तरिय सडक सम्बन्धी विवरण

वडा नं.	सडकको नाम	सडकले छुने वस्तीहरूको नाम	सडक (कि.मी.)
१.	बसपार्क, नाखिरा, लामिछानेगाउँ हुँदै घरिगाउँ सडक खण्ड	बसपार्क, नाखिरा, एयरपोटगाउँ, लामिछानेगाउँ र घारिगाउँ	५
२.	बसपार्क, नयाँ बजार, टाटागाउँ, राणागाउँ, कुमालगाउँ सडक खण्ड	बसपार्क, नयाँ बजार, टाटागाउँ, राणागाउँ, कुमालगाउँ, लापुलेगाउँ, घारीपाखा, विजयश्वरी	६
३.	टाटागाउँ, स्यालखोला, खौचिने हुँदै ३ नं वडा कार्यालय सडक खण्ड	टाटागाउँ, स्यालखोला, मल्ल टोल	४
४.	विजयश्वरी, मानाकोट, अमलाटाकुरा सडक खण्ड	मनकोट, टाटा, अमलाटाकुरा, भण्डारी टोल	७
५.	बेतेनी, खहरे, लहरेसिमल सडक खण्ड	बेतेनी, खहरे, लहरेसिमल, खुरीडाँडा, भल्यासिम, सार्कीटोल	६
६.	शान्ती बजार, घर्ती काँडा, खागल सडक खण्ड	शान्ती बजार, घर्ती काँडा, खागल, लहना पोखरा, सम्म	९
७.	मेलैनाउली, खत्रीगाउँ, काप्रा थापागाउँ सडक खण्ड	मैलेनाउली बजार, अवलघर, खत्रीगाउँ, करेवाङ, नार्जी बजार, काप्रा, थापागाउँ सम्म	८
८.	जहारीखोला, बडाखोला, बसिगाउँ सडक खण्ड	जहारीखोला, सोती, गोइरी, बडाखोला, गैरिगाउँ, सेतिखोला	८
९.	कोटजहारी, न्याउली बजार, लेखनार्जी सडक खण्ड	कोटगाउँ, गुर्तालगाउँ, न्याउली बजार, लेखनार्जी	१०
१०.	मानाकोट, बुढागाउँ, राणागाउँ सडक खण्ड	मानाकोट, बुढागाउँ, राणागाउँ सम्म	४
११.	खोलागाउँ, सर्केना सडक खण्ड	मलामेडाँडा, चौफा बजार, सर्केना	७
१२	मलामेडाँडा, सर्केना, सानाखोला, जुम्लीपोखरी सडक खण्ड	माथी सर्केना, सानाखोला, जुम्लीपोखरी	१२
१३	आकाशे, घुघुती सडक खण्ड	आकासे, घुघुतीगाउँ, घरेलचौर, रातामाटा सम्म	६
१४	नुवाकोटडाँडा भदालेखोला सडक खण्ड	भदालेखाला, लामाडाँडा, साक्चाखोला	८

३.५ आर्थिक अवस्थाको विश्लेषण

वर्तमान अवस्थामा चौरजहारी नगरपालिकाको आर्थिक आधार कृषि हो । यहाँका प्रमुख कृषि बालीमा धान, मकै, गहुँ, कोदो, दलहनमा मास, सिमी, भट्ट, तोरी, तरकारीमा आलु, बन्दा, काउली बोडी, घिरौला, काँक्रा आदि, फलफूलमा केरा, सुन्तला, भुईकटहर, अम्बा आदि, नगदेबालीमा अलैंची, उखु आदिको उत्पादन हुन्छ । यसबाहेक नगरपालिकामा औषधीजन्य बहुमूल्य जडिबुटिहरू जस्तै टिमुर, अदुवा, गुर्जो आदि जडिबुटिहरू

पाइन्छन् । यी जडीबुटिहरू प्रशोधन गरी विक्रिवितरण गर्न सकेमा चौरजहारी नगरपालिकाको आर्थिक अवस्था मजबुत हुने देखिन्छ ।

चौरजहारी नगरपालिकाको आर्थिक अवस्थाको मुख्य मेरुदण्डका रूपमा कृषि व्यवसाय रहेको छ । तथापि अधिकांश कृषकहरू निर्वाहमुखी कृषिमा निर्भर रहेका छन् । यस पालिकाको कृषिलाई व्यावसायिक र आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने देखिन्छ । कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन सकेमा आर्थिक समृद्धिका आधारहरू तय हुने, स्वदेशमै रोजगारी सृजना हुने र पालिकाले आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । तल्लो तटीय तथा मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा नगदे बाली र पशुपंक्षीजन्य उद्यमहरू संचालन गर्नका लागि उपयुक्त भौगोलिक बनावट रहेको पाइन्छ ।

पर्यटन व्यवसाय चौरजहारीको सम्वृद्धिको आधार हो । ऐतिहासिक, धार्मिक, प्राकृतिक ताल, तलैया, झरणा, लेकाली घाँसे मैदान, तटीय क्षेत्र, तथा युद्ध कालीन महत्वपूर्ण स्मारकहरूले नगरपालिकाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । नगरपालिकाको बिच भाग भएर बग्ने जहारी खोला तथा भेरी नदी र त्यसका सहायक नदी तथा खोलाहरूको जल उपयोग गरी सिंचाइ, जलविहार, जलविद्युत जस्ता क्षेत्रमा दिगो उपयोग गर्न सके नगरपालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । मालिका लेक, तालतलैया र सिद्ध गुफा जस्ता पर्यापर्यटनका क्षेत्रहरूको संरक्षण, प्रवर्द्धन र प्रचार प्रचार गरी पर्यटकका लागि आकर्षकको केन्द्र बनाउन सकिने देखिन्छ । प्राकृतिक, सामाजिक, सांस्कृतिक र पर्यटन क्षेत्रको विकास र विस्तार गर्न सके पालिका भित्रै रोजगारीको सृजना हुनुको साथै समृद्धिका आधारहरू निर्माण हुन सक्ने देखिन्छ ।

ठुला तथा साना र परम्परागत घरेलु उद्योग संचालन तथा व्यवस्थापन गरी नगरपालिकाको आर्थिक क्रियाकलाप संचालन गर्न मध्य पहाडी लोकमार्ग र भेरी करीडोरले यस नगरपालिकालाई राष्ट्रिय सञ्जालमा जोडी व्यापार व्यावसायको ढोका खोलेको छ ।

३.६ प्रकोप तथा वातावरणीय अवस्थाको विश्लेषण

वातावरणीय हिसाबले चौरजहारी नगरपालिका स्वच्छ र हराभरा छ । तापनि यहाँ वातावरणसँग सम्बन्धित विभिन्न समस्याहरू रहेका छन् । जनचेतनाको अभावले गर्दा फोहोर मैलाको उचित व्यवस्थापन हुन सकेको छैन । चौरजहारी नगरपालिकामा वातावरण तथा प्राकृतिक प्रकोप तथा विपद्का घटनाहरू सबै वडाहरूमा हुने गरेको देखिन्छ । वन सम्पदाको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्ने र नगरपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक रहेको छ । स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएको छ । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ । स्थानीय तहमा मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गनुपर्दछ ।

वन क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रुपमा योगदान पुग्ने गरी व्यावसायिक वन व्यवस्थापन र उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणाली बीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु, बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला

उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, बाह्य मिचाहा झार (Invasive plant species) को प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु आदि प्रमुख समस्याहरु रहेका छन् ।

नगरपालिका पार्श्वचित्र २०७४ अनुसार चौरजहारी नगरपालिकामा प्राकृतिक प्रकोपका कारण विभिन्न समयमा विभिन्न विपद्हरुको सामना गर्नुपरेको छ । विगत ३ वर्ष भित्रमा सबैभन्दा वढी बाढी पहिरोबाट करिव ..... करोड ..... लाख साथै असिनावाट करिव ..... लाख ..... हजार रुपैयाँको क्षति भएको अनुमान गरिएको छ । साथै विभिन्न वडामा आगलागीवाट प्रभावित हुने घर परिवार संख्या करिव ..... घर परिवार भन्दा बढी रहेको छ । बाढी डुवानबाट ..... घर परिवार, पहिरोबाट ..... घर परिवार, सर्पको टोकाईवाट ..... जना, जंगली जनावरको आक्रमणवाट ..... घर परिवार पीडित भएका छन् ।

चौरजहारी नगरपालिकाका विभिन्न ठाउँहरुमा भूक्षय तथा बाढी पहिरोको प्रभाव परेको छ । मुख्य गरी वडा नं. ..... को .....को पहिरो सबै भन्दा ठूलो पहिरो हो । साथै ..... पहिरो आदिले नजिकका बस्तीहरुमा प्रभाव पारेको छ भने, बाढीले ..... आदि ठाउँहरुमा बाढी पहिरोको जोखिम रहेको छ । चौरजहारी नगरपालिकाका केही वडाहरुमा बाँदरको समस्या समेत रहेको छ । बाँदरले लगाएको अन्नबाली, तथा फलफूल नाश पारिदिने हुनाले यसको उचित ब्यवस्थापन गर्नेतर्फ ध्यान जानु जरुरी छ ।

नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार नगरपालिकाभित्र रहेका जम्मा ५५३३ घर परिवार मध्ये सिट सहितको साधारण शौचालय ७७.८१ प्रतिशत्, आधुनिक फल्स् सुविधा भएको सेफ्टी ट्याङ्की सहितको शौचालय १९.५३ प्रतिशत, सार्वजनिक शौचालय ०.६९ प्रतिशत् र अन्य (खोला तथा खुला) शौचालय १.९७ प्रतिशत् परिवारले प्रयोग गरिरहेका छन् । फोहोर मैला विर्सजन गर्नेमा आफ्नै घर कम्पाउण्डभित्र जलाउने/गाड्नेमा ०.५३ प्रतिशत, फोहर थुपार्ने ठाउँमा/कण्टेनरमा फाल्ने ३३.१९ प्रतिशत, घरमा लिन आउनेलाई दिने ३४.६० प्रतिशत, कम्पोष्ट मल बनाउने १३.३७ प्रतिशत, सडकमा फाल्ने १७.८६ र सार्वजनिक स्थलमा फाल्ने ०.४५ प्रतिशत घर परिवार रहेका छन् । बस्तीहरूबाट निस्कने फोहोरमैलालाई टोलविकास संस्था मार्फत व्यवस्थापन गर्न वडा कार्यालयले पहल गर्नु पर्ने देखिन्छ । सार्वजनिक तथा व्यक्तिगत भवनहरू निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक विधि अपनाउनु आवश्यक छ । सडक दायाँबायाँमा सुरक्षित ढलनिकास सहित वृक्षारोपण, भू-क्षय, पहिरो तथा नदी कटान क्षेत्रमा चेक ड्याम निर्माण र वृक्षारोपण गर्न अपरिहार्य छ ।

३.७ प्रमुख परिसूचकहरूको प्रवृत्ति विश्लेषण

प्रवृत्ति विश्लेषण गर्दा चौरजहारी नगरपालिकाको विद्यमान वस्तुस्थितीबाट भविश्यमा के कस्ता योजना तथा कार्यक्रमहरूको कार्यान्वयनबाट दिगो विकास गर्न सकिन्छ भन्ने पक्षलाई विशेष जोड दिइएको छ । यसको साथै विद्यमान अवस्थालाई विगतको तथ्यांकगत अवस्थाको आधारमा विश्लेषण गरिएको छ । वर्तमान अवस्थामा चौरजहारी नगरपालिकाका मुख्य समस्या तथा आवश्यकतामा भौतिक पूर्वाधार विकास, विस्तार र स्तरोन्नती, वातावरण संरक्षण र प्रर्वद्धन तथा विपद् व्यवस्थापन तयारी सामाजिक सेवा तथा सुविधाको विकास र विस्तार आदि छन् । यस नगरपालिकाका प्रवृत्तिगत विश्लेषणलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

३.७.१ भौतिक पूर्वाधार

क) सडक :

पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी, विद्युत आदिको विगत र वर्तमान स्थितीको विश्लेषण गरिएको छ । यस नगरपालिकाको सडक पूर्वाधारको प्रवृत्तिलाई २०७४ र २०७८ सालको सडकलाई आधार मानेर निम्नानुसार विश्लेषण गरिएको छ :

सडक निर्माणको स्थिति

सडक निर्माणको स्थिति वडा नं.	सडक कि.मी. (२०७४)	प्रतिशत	सडक कि.मी. (२०७८)	परिवर्तन (प्रतिशत)
१	२	८	१६	७००
२	३	४	१२	३००
३	२	४	८	३००
४	२	५	११	४५०
५	२	५	१०	४००
६	-		२३	१००
७	३	६	१८	५००
८	४	६	२५	५२५
९	२	१२	२४	१००
१०	-		२७	१००
११	४	४	१७	३२५
१२	-		३४	१००
१३	४	८	३१	६७५
१४	५	५	२८	४६०
जम्मा	३३	८.६	२८४	८६०.६

स्रोत : चौरजहारी नगरपालिकाको भौतिक पूर्वाधार शाखाको अभिलेख अनुसार

चौरजहारी नगरपालिकामा विगत चार वर्षको अन्तरालमा कच्ची सडकको रूपमा मात्रै विस्तार भएको पाइन्छ । समग्र नगरपालिकाको सडक २०७४ सालमा ३३ कि.मी लम्बाइमा थियो भने २०७८ मा २८४ कि.मी अर्थात् ८६०.६ प्रतिशतले सडकको वृद्धि भएको छ ।

ख) खानेपानी

चौरजहार नगरपालिकामा खानेपानी लिनजाने समय १५ मिनेट दूरीसम्मका लाई ध्यानमा राखेर खानेपानी सुविधालाई विश्लेषण गरिएको छ । वि.सं. २०७४ सालमा ६०.७० प्रतिशत घरधुरीलाई खानेपानी सुविधा उपलब्ध भएको थियो भने २०७८ सालमा करिब ९४.१४ प्रतिशत घरधुरीलाई खानेपानी सुविधा उपलब्ध भएको देखिन्छ । वडा नं. १ र २ का प्राय सबै घरहरूमा खानेपानी धारा उपलब्ध भएको र वडा नं ३, ५, ६, ७, ८, १० र ११ का घरहरूमा ५० प्रतिशतभन्दा बढी घरहरूमा धारा जडान गरिएको छ । वडा नं ४, ९ र १२ का घरमा नै धारा जडान भएका घरहरू ज्यादै कम रहेका छन् ।

खानेपानी सुविधाको स्थिति

वडा नं.	जम्मा घरधुरी संख्या नपा पार्श्वचित्र २०७४ अनुसार	खानेपानी सुबिधा (२०७४) (१५ मिनेटसम्म दूरी) घरधुरी संख्या	खानेपानी सुबिधा (२०७८) (१५ मिनेटसम्म दूरी) घरधुरी संख्या	परिवर्तन (प्रतिशत)
१	५३६	४७८	५०२	५.०२
२	२२६	१२९	३२०	१४८.०६
३	४३०	३४५	४०३	१६.८१
४	३९५	३२७	३५९	९.७९
५	३३०	१३६	३४९	१५६.६२
६	४११	६६	१८५	१८०.३०
७	३५०	२४३	५५९	१३०.०४
८	३७५	२४५	४४३	८०.८२
९	२८१	१७९	२४६	३७.४३
१०	३५४	३०४	३९४	२९.६१
११	३७१	३५०	४२१	२०.२९
१२	४१३	१७९	३२५	८१.५६
१३	४३३	७३	२८९	२९५.८९
१४	६२०	३०५	४१४	३५.७४
जम्मा	५५२५	३३५९	५२०९	५५.०८

स्रोत : नगरपालिकाले उपलब्ध गराएको अभिलेखमा आधारित, २०७८

ग) विद्युत:

समग्र चौरजहारी नगरपालिकाको स्थितीलाई सबै घरधुरीमा विद्युत सुविधा पुगेको छैन । विगत २०७४ सालमा यस नगरपालिकाका २०.२५ प्रतिशत घरहरूमा विद्युत सेवा उपलब्ध हुन सकेको थियो भने उक्त सेवा २०७८ मा ४४ प्रतिशत घरहरुमा विद्युत सेवा उपलब्ध भएको छ। नगरपालिकाको अधिकांश घरहरूमा विद्युत सेवा उलपब्ध छैन विद्युत सेवा पुगेका घरधुरीमा पनि नियमितता र गुणस्तरमा ध्यान दिनुपर्ने अवस्था रहेको छ ।

विद्युत सुविधाको स्थिति

वडा नं.	विद्युत सुविधा (%) (२०७४)	विद्युत सुविधा (%) (२०७८)	परिवर्तन (%)
१	७६%	९२%	१६%
२	७३%	९७%	२४%
३	३६%	५७%	२१%
४	९%	५४%	४५%
५	१%	२५%	२४%
६	२%	१६%	१४%
७	५१%	७७%	२६%
८	२३%	४७%	२४%
९	१९%	४२%	२३%
१०	२%	२७%	२५%
११	०%	२६%	२६%
१२	१%	१९%	१८%
१३	२%	२१%	१९%
१४	१%	१२%	११%

३.७.२ शैक्षिक स्थिति

नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार नगरपालिकाभित्र ३६ वटा आधारभूत र १२ वटा माध्यामिक विद्यालय गरी जम्मा ४८ वटा (४३ वटा सार्वजनिक र ५ वटा निजी) विद्यालयहरू रहेका छन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमले कक्षा १ देखि ८ सम्मलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यामिक तहको रूपमा परिभाषित गरेको छ । यस नगरपालिकाको विद्यमान अवस्थालाई हेर्दा आधारभूत तहमा क्रमशः कक्षा १ देखि ५ र कक्षा १ देखि ८ को संरचना रहेको देखिन्छ । जसमा कक्षागत आधारमा विद्यालयको संरचना हेर्दा १-५ कक्षा भएका विद्यालयहरू २५ वटा अर्थात ५२ प्रतिशत, ६-८ कक्षा भएका विद्यालयहरू ११ वटा अर्थात् २३ प्रतिशत रहेका छन् भने माध्यमिक तह अन्तर्गत कक्षा ९-१० सम्म ११ वटा अर्थात् २३ प्रतिशत र कक्षा ११-१२ सम्म १ वटा अर्थात् २ प्रतिशत विद्यालयहरू रहेका छन् । चौरजहारी नगरपालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्या २७४३८ को १५९८३ अर्थात ५८.२५ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ । यसमध्ये पुरुष साक्षरता दर ५३.४६ प्रतिशत र महिला साक्षरता दर ४६.५३ प्रतिशत रहेको छ ।

नगरपालिका अभिलेख २०७८ अनुसार तहगत आधारमा विद्यालयको संरचना हेर्दा २०७४ सालमा प्राथमिक तहका २३, आधारभूत तहका ५, माध्यमिक तहका १२ गरि जम्मा ४० सार्वजनिक विद्यालय रहेकोमा हाल २०७८ मा भने माध्यमिक तहका ३ वटा विद्यालय घटेर जम्मा ३७ वटा सामुदायिक विद्यालय रहेको छ ।

नगरपालिका बाट हालै प्राप्त रेकर्ड अनुसार प्रारंभिक वाल विकासमा कूल भर्नादर १०२ प्रतिशत छ भने खुद भर्ना दर ९६ प्रतिशत छ । त्यसै गरी आधारभूत तहमा कूल भर्नादर ८८ प्रतिशत तथा खुद भर्ना दर ८० प्रतिशत रहेको छ भने माध्यमिक तहको कूल भर्ना दर ५८ प्रतिशत तथा खुद भर्ना दर ३६ प्रतिशत रहेको छ ।

नगरपालिका भित्रका विद्यालयमा जम्मा .... शिक्षकको संख्या रहेको छ । जसमा माध्यमिक तहमा सबै प्रकारका शिक्षक दरबन्दीमा जम्मा .... जना रहेका छन् । आधारभूत तहमा..... शिक्षकको दरबन्दी रहेको छ ।

शैक्षिक स्थिति

२०७४				२०७८			
प्रा.वि. तह	आधारभूत तह	माध्यमिक तह	जम्मा	प्रा.वि. तह	आधारभूत तह	माध्यमिक तह	जम्मा
२३	५	१२	४०	२३	५	९	३७

स्रोतः नगरपालिका अभिलेख २०७८ अनुसार

३.७.३ स्वास्थ्य सेवा तथा सुविधाको अवस्था

चौरजहारी नगरपालिकामा १४ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् । चौरजहारीमा सरकारी स्वास्थ्य संस्था, प्राकृतिक चिकित्सा/आयुर्वेदिक, निजी स्तरका क्लिनिक तथा मेडिकलहरुले स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । सामन्यतः यस नगरपालिकाका मानिसहरु बिरामी हुँदा सर्वप्रथम सरकारी अस्पताल र स्वास्थ्य चौकी जाने गरेका छन् । नगरपालिकाको प्रोफाइल २०७४ अनुसार ३२८६ गर्भवती महिला मध्ये २९८७ जनाले टि.टी. खोप लिएको देखिन्छ ।

चौरजहारी नगरपालिकाका सार्वजनिक स्वास्थ्य संस्थामा जम्मा ६८ जना स्वास्थ्य कर्मीको दरबन्दी रहेको छ । चौरजहारी नगरपालिकाका स्वास्थ्य संस्था मध्ये ३ वटा स्वास्थ्य संस्था (कोटजहारी पब्लिक हेल्थपोस्ट,

नुवाकोट हेल्थपोस्ट, शहिद मेमोरियल नगर अस्पताल) मा प्रसुती सेवा (Birthing center) को सुविधा उपलब्ध रहेको छ भने सबै स्वास्थ्य केन्द्रबाट आधारभूत स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ ।

नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व सेवा, परामर्श सेवा, स्वास्थ्य सेवा र जनचेतना सेवा उपलब्ध छ तथापि कुनै पनि स्वास्थ्य संस्थामा रक्तसंचार सेवा र आँखा उपचार सेवाको उपलब्धता छैन । नगरपालिकाभित्र शीघ्र स्वास्थ्य उद्धारका लागि एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ । प्रशुती सेवा केन्द्रमा ८ जना कुशल जन्म परिचर र ३८ जना महिला स्वयं सेविका कार्यरत छन् ।

चौरजहारी नगरपालिका स्वास्थ्य शाखाको तथ्यांक २०७४ अनुसार चौरजहारी नगरपालिका भित्र ५ वर्ष भित्रका बालबालिकाको संख्या २६३४ र १ वर्ष मुनिका ५३६ जना बालबालिका रहेका छन् । नगरपालिका भित्र विसिजी, डि.पि.टी, हेपटाइटिस बि, पोलियो, दादुरा रोग विरुद्ध खोप लिने बालबालिकाको संख्या उल्लेख्य देखिन्छ । जस मध्ये १७४० बालबलिकाले विसिजी, १७४२ बालबालिकाले डि.पि.टी, १५७७ बालबालिकाले हेपटाइटिस बि, १३९४ (९ महिना पुगेका) बालबालिकाले दादुरा, १३९१ बालबलिकाले पोलियो र १५६४ गर्भवती महिलाले टि.टि.को खोप लिएका छन् ।

चौरजहारी नगरपालिका प्रोफाइल, २०७४ अनुसार सबैभन्दा बढी ग्यास्टीक वा अल्सरका दीर्घ रोगीहरु र सबैभन्दा कम मलेरियाका दीर्घ रोगीहरु रहेको दखिएको छ ।

३.७.४ प्राथमिकताका मुख्य विषयहरू

चौरजहारी नगरपालिकाको विभिन्न विषयगत क्षेत्रहरूको विगत र वर्तमान अवस्थाको विश्लेषण, प्रवृत्तिहरूको विश्लेषण र चौरजहारी बासी जनताको विकास आकांक्षा समेतको विश्लेषणका आधारमा यस आवधिक योजनामा देहायबमोजिमका विकासका प्राथमिकता क्रम निर्धारण गरिएको छ ।

योजनाका क्षेत्रहरू	प्राथमिकता
• शिक्षा	पहिलो
• स्वास्थ्य	दोस्रो
• कृषि	तेस्रो
• रोजगार (उद्योग, धन्दा)	चौथो
• पूर्वाधार	पाँचौं
• सामाजिक न्याय र समानता	छैठौं

चौरजहारी नगरपालिका

३.८ वित्तीय विश्लेषण र प्रक्षेपण

नगरपालिकाको आवधिक योजना अबधिको आयव्ययको वित्तीय विश्लेषण गर्नको लागि २०७४ देखि २०७८ सम्मको आयव्ययको तथ्यांक संकलन विभिन्न स्रोतबाट गरिएको र त्यसका आधारमा आगामी ५ वर्षको लागि आयव्यय-वित्तीय विश्लेषण र प्रक्षेपण गरिएको छ । आयव्ययको विश्लेषण र प्रक्षेपण क्रमशः तालिका ..... र ..... मा राखिएको छ ।

चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिकाको योजना अवधिको आय र लगानिको अनुमान र प्रक्षेपन (रु. हजारमा) आयका स्रोतहरु

योजना अबधिको आय र लगानिको अनुमान र प्रक्षेपण (रू. हजारमा) आयका स्रोतहरू	आ.व. २०७५ र ७६	आ.व. २०७६ र ७७	आ.व. २०७७ र ७८	आ.व. २०७८ र ७९	आ.व. २०७९ र ८०	कूल अपेक्षित आय र लगानी	प्रतिशत वितरण
आन्तरिक आय	०	०	०	०	०		
- आन्तरिक राजश्व	१४५००	२२७०६	३१५००	३००००	०		
- जिल्ला समन्वय समितिबाट प्राप्त हुने अपेक्षित आय	०	०	०	०	०		
- बिगत वर्षको संचित आम्दानी	३१४२४	५४०००	२३२००	३२९२५	०		
अन्तर सरकारी वित्तीय हस्तान्तरण	१००००	१२५०००	२०००००	१६५०००	०		
संघीय सरकारबाट	०	०	०	०	०		
- राजश्व बाँडफँड	०	०	०	०	०		
- समानीकरण अनुदान	९००००	१०४६००	१०३७५५	१५७०००	११६५००		
- ससर्त अनुदान	१५५९००	१३९४९९	३३३६२१	२८५७४९	३०००००		
- समपुरक अनुदान	०	०	६४००	२१००	३०००		
- विशेष अनुदान	०	०	२००००	२५०००	२७५००		
- सामाजिक सुरक्षा भत्ता	४०१५६	४१२२०	६३७५०	७२६८०	०		
- लाइन आइटम कार्यक्रम बजेट (संघीय सरकार)	०	०	०	०	०		
- संघीय सरकारको गौरबका परियोजना अपेक्षित बजेट	०	०	०	०	०		
- निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्र (संघीय सरकार)	६५००	७५००	८०००	०	९०००		
राष्टिय पूननिर्माण कार्यक्रम:	०	०	०	०	०		
- निजी आवास निर्माण	०	०	०	०	०		
- सार्वजनिक भवन निर्माण	०	०	०	०	०		
प्रदेश सरकारबाट	०	०	०	०	०		
- प्रदेश राजश्व बाँडफँड	०	०	०	०	०		
- समानिकरण अनुदान	०	०	०	०	०		

चौरजहारी नगरपालिका

- ससर्त अनुदान	०	०	०	०	०		
- समपुरक अनुदान	०	०	०	०	०		
- विशेष अनुदान	०	०	०	०	०		
- सामाजिक सुरक्षा भत्ता	०	०	०	०	०		
- लाइन आइटम कार्यक्रम बजेट (संघीय सरकार)	०	०	०	०	०		
सार्वजनिक र गैरसरकारी संस्थाबाट अपेक्षित बजेट	०	०	०	०	०		
- नगद सहभागिता (उपभोक्ताबाट)	०	०	०	०	०		
- श्रम तथा अन्य सहभागिता (उपभोक्ता बाट)	०	०	०	०	०		
- राष्टिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रम	०	०	०	०	०		
अपेक्षित निजीक्षेको लगानी	०	०	०	०	०		
- चौरजहारी बासी जनताको शेयर लगानी (कित्ता)	०	०	१०००००	०	०		
- संस्थापक निजीलगानी (प्रर्बद्धक)	०	०	०	०	०		
अपेक्षित वैदेशिक सहायता (अनुदान)	०	०	०	०	०		
कूल जम्मा आय र लगानी	**३४८४८०**	**४९४५२५**	**८९०२२६**	**७७०४५४**	**४५६०००**	**०**	**०**

चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ सम्मको यथार्थ आय व्यय, अर्न्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त विभिन्न अनुदानहरू संघीय सरकारबाट नगरपालिकामा छुट्याइएको लाइन आइटम कार्यक्रम बजेट संघीय सरकारका गौरबका परियोजनाहरूमा भएको बजेट र खर्चको अनुमान, राष्ट्रिय पूनर्निमाणमा निजी आवास र सार्वजनिक भवन निर्माणका लागि भएको खर्च र आउन सक्ने अनुमानित बजेट, संघीय र प्रदेश सरकारको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा छुट्याइने बजेट गैरसरकारी संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको अनुमानित बजेट, विकास निर्माणमा उपभोक्ताहरूको नगद तथा अन्य सहभागितालाई ध्यानमा राखी आर्थिक वर्ष २०७९/८० को लागि प्राप्त हुन सक्ने राजश्व र आयको अनुमान गरिएको छ । त्यसबाहेक निजीक्षेत्रबाट जलविद्युत, पर्यटन व्यवसाय, उद्योगधन्धा, कृषि तथा पशुपालनमा नगरपालिका क्षेत्रभित्र भैरहेको र हुन सक्ने लगानी समेतलाई मध्यनजर राखी आर्थिक वर्ष २०७९/०८० का लागि निजी क्षेत्रको कूल लगानीको अनुमान गरिएको छ । यस्तो लगानीका हकमा अरू बाँकी चार वर्षका लागि समेत समान लगानीको प्रक्षेपण गरिएको छ । तर योजना अबधिमा हुने नगरपालिकाको आन्तरिक आय, संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण गैरसरकारी संस्थाबाट अपेक्षित कार्यक्रममा हुने खर्च र जनसहभागिताबाट हुने योगदान शीर्षकहरूमा प्रत्येक अघिल्ला वर्षहरूका लागि राजश्व र आम्दानीको प्रक्षेपण १५ प्रतिशतका दरले वृद्धि हुने अनुमानका आधारमा गरिएको छ । निजी लगानीका हकमा भने योजना अबधिभरि सरदर प्रत्येक वर्ष २ अर्बका दरले लगानी हुने अनुमान र प्रक्षेपण गरिएको छ । निजी क्षेत्रको लगानी अनुमान गर्दा निजी क्षेत्रका लगानीकर्ताहरूबाट हाल नगरपालिका क्षेत्रमा भइरहेको लगानी र भविष्यमा हुन सक्ने लगानी बारे सम्बन्धित व्यवसायीहरूसँगको छलफल र अन्तर्क्रियाबाट आएका तथ्य र सुझावहरूलाई समेत आधार मानिएको छ ।

यस आवधिक योजना अबधिभरिमा कूल १७ अर्ब ७ करोड ४७ लाख आय र लगानीको अनुमान गरिएको छ । यस अन्तर्गत निजी क्षेत्रका आयोजना प्रर्वद्धकहरू, व्यवसायका लगानीकर्ताहरू र चौरजहारी बासी जनताले सम्बन्धित परियोजनाहरूमा गर्ने शेयर लगानी समेत कूल १० अर्ब लगानी हुने अनुमान गरिएको छ । नगरपालिकाले योजना अबधिमा कूल ४ करोड बैदेशिक अनुदान प्राप्त गर्ने अनुमान गरिएको छ भने यस अबधिमा नगरपालिकाको आन्तरिक राजश्व र आय कूल ३९ करोड ८० लाख प्राप्त हुने प्रक्षेपण गरिएको छ । त्यस बाहेक संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र तिनीहरूले सञ्चालन गर्ने विभिन्न कार्यक्रम र आयोजनाहरूमा ६ अर्ब ५३ करोड २२ लाख प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी योजना अबधि भरिमा गैरसरकारी संस्थाहरू र जनसहभागिता मार्फत परिचालन हुने कूल आय ३० करोड ३४ लाख अनुमान र प्रक्षेपण गरिएको छ ।

उल्लिखित आय र लगानीको प्रक्षेपण गर्दा नगरपालिकामा विगत आर्थिक वर्षमा भएको यथार्थ आय मार्फत भएको विकास खर्चको परिचालनको स्थितीलाई विश्लेषण गरीएको छ । नगरपालिकाको वर्तमान नेतृत्वको दीर्घकालीन सोच, क्रियाशीलता संघ र प्रदेशले आफ्ना निती, कार्यक्रमहरू र बजेट मार्फत देखाएको मार्गदर्शन जनताका अपेक्षा र विकासमा सहभागिता राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रभावकारी परिचालन समेतलाई दृष्टिगत गर्दा योजना अबधिका लागि अनुमानित आय र लगानीको अनुमान र त्यसलाई पूर्ति गर्ने स्रोतहरू अपेक्षा गरेअनुरूप परिचालन हुने विश्वास गरिएको छ ।

योजना अबधिको खर्च र लगानीको प्रक्षेपण (रू. हजारमा)

लगानी र खर्चका शीर्षकहरू	आ.व. २०७५ र ७६	आ.व. २०७६ र ७७	आ.व. २०७७ र ७८	आ.व. २०७८ र ७९	आ.व. २०७९ र ८०	योजना अबधिको कूल अपेक्षित खर्च र लगानी	प्रतिशत वितरण
क. चालु खर्च	०	**२५८१२९**	**५१९४२२**	०			
आर्थिक विकास		८८५३	७४५१९				
सामाजिक विकास		२२२१७३	३६७०५१				
पूर्वाधार विकास		२०५८७	६१७५०				
वातावरण तथा विपद् व्यवस्थापन		२६२१	१२०२२				
सुशासन तथा संस्थागत विकास		३८९५	४०८०				
ख. पूंजीगत खर्च (सार्वजनिक)	०	**२५८१२९**	**५१९४२२**	०			
आर्थिक विकास		८८५३	७४५१९				
सामाजिक विकास		२२२१७३	३६७०५१				
पूर्वाधार विकास		२०५८७	६१७५०				
वातावरण तथा विपद् व्यवस्थापन		२६२१	१२०२२				
सुशासन तथा संस्थागत विकास		३८९५	४०८०				
संघीय सरकारको गौरबको योजना पूर्ननिर्माणमा खर्चहुने अपेक्षित बजेट							
निजी लगानी (पूर्वाधार+आर्थिक विकास)							
कूल पूंजीगत लगानी र खर्च (सार्वजनिक+निजी)							
कूल खर्च (सार्वजनिक)							
कूल लगानी र खर्च (सार्वजनिक+निजी)							

योजना अबधिमा कूल खर्च र लगानी १७ अर्ब ७ करोड ४७ लाख हुने अनुमान गरिएको छ । यस अन्तर्गत सार्बजनिक क्षेत्रबाट हुने खर्च ७ अर्ब ७ करोड ४७ लाख (४१.४३%) र निजी क्षेत्रबाट हुने कूल लगानी १० अर्ब (५८.५७%) हुने प्रक्षेपित अनुमान गरिएको छ । निजीक्षेत्रबाट हुने लगानीका क्षेत्रहरू जलस्रोत, पर्यटन, कृषि तथा पशुपालन, उद्योग र ब्यापार र तत्सम्बन्धी पूर्वाधारका क्षेत्रहरूमा योजना आबधिक योजना

चौरजहारी नगरपालिका

अबधिको प्रत्येक वर्ष सरदर २ अर्बका दरले लगानी हुने प्रक्षेपण गरिएको छ । यसबाट नगरपालिकाको पूर्वाधार र आर्थिक विकास योजनाले प्रयाप्त मद्दत प्राप्त गर्ने छ ।

नगरपालिकाको योजना अबधिमा हुने कूल सार्वजनिक खर्च ७ अर्ब ७ करोड ४७ लाख मध्ये नियमित चालु खर्चमा २ अर्ब ६ करोड ९० लाख (२९.२४%) र पूँजिगत खर्च ५ अर्ब ५७ लाख (७०.७६%) विनियोजन गरिएको छ । विनियोजित चालु खर्चमध्ये आर्थिक विकासमा ९ करोड ४२ लाख, सामाजिक विकासमा १ अर्ब ६३ करोड ८२ लाख, पूर्वाधार विकासमा ३७ लाख, वातावरण तथा विपद्व्यवस्थापनमा १ करोड ९६ लाख र वित्त व्यवस्थापन, शुसासन र संस्थागत विकासमा ३१ करोड ३३ लाख खर्च हुने अनुमान गरिएको छ । योजना अबधिमा हुने कूल सार्वजनिक पुजीगत खर्च ५ अर्ब ५७ लाख मध्ये आर्थिक विकास योजनामा ९ करोड १६ लाख, सामाजिक विकास योजनामा १४ करोड ६१ लाख, पूर्वाधार विकास योजनामा ६१ करोड १३ लाख, वातावरण तथा विपद् व्यवस्थापनमा ३ करोड ८४ लाख, वित्त व्यवस्थापन सुशासन र संस्थागत विकासमा ३ करोड २० लाख खर्च हुने अनुमान गरिएको छ भने उक्त योजना अबधिमा संघीय सरकार, प्रदेस सरकारका गौरवका आयोजनाहरू पूर्ननिर्माण र लाइन बजेट कार्यक्रममा कूल ४ अर्ब ८ करोड ६३ लाख पुजीगत खर्च हुने अनुमान गरिएको छ । योजना अबधिको पहिलो वर्षका लागि खर्च र लगानीको अनुमानित विनियोजन नगरपालिकामा आर्थिक वर्ष २०७४/७५ मा भएको यथार्थ चालु खर्च र पुजीगत खर्चको अवस्था र त्यसपूर्व साविक गाउँविकास समितिहरूले गरेको यथार्थ चालु तथा पुजीगत खर्चको अवस्था विश्लेषण गरी यथार्थपरक रूपमा गरिएको छ । योजना अबधिका बाँकी वर्षहरूमा हुने प्रक्षेपित चालु र पुजीगत सार्वजनिक खर्च प्रत्येक अघिल्ला वर्षहरूमा १५ प्रतिशतका दरले वृद्धि हुने अनुमानका आधारमा विनियोजन गरिएको छ । संघ र प्रदेशका गौरबका आयोजना, पूर्ननिर्माणमा हुने खर्च र लाइन बजेट कार्यक्रम बाहेका नगरपालिकाको आफ्नै वार्षिक वजेटमार्फत हुने खर्च चालु र पुजीगत तर्फको खर्चको विनियोजन हुने हो भने क्रमशः ७० र ३० प्रतिशतको अनुपातमा निर्धारण गरिएको छ ।

चौरजहारी

परिच्छेद चार

नगरपालिकाको सम्भावना, अवसर, समस्या र चुनौतीको विश्लेषण

चौरजहारी नगरपालिकाका सम्भावना, अवसर, समस्या, चुनौती र नगरवासीको अपेक्षालाई विषयगत रूपमा पहिचान गरी विश्लेषण गरिएको छ। यस अन्तर्गत स्थलगत अध्ययन, अवलोकन र सर्वेक्षण गरी सम्वन्धित निकायहरूसँगको छलफल, विभिन्न राजनैतिक दलसँग छलफल, विषयगत विज्ञहरूसँगको अन्तर्क्रिया तथा नगरपालिकाको प्रोफाईल र पालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट र पालिकाका विभिन्न दस्तावेजहरूमा आधारित भै गरिएको छ। यस सम्वन्धी विस्तृत अध्ययन तल प्रस्तुत गरिएको छ।

चौरजहारी नगरपालिका

४.१ नगरपालिकाको सम्भावना, अवसर, समस्या र चुनौतीको विश्लेषण

उल्लेखित अपेक्षा तथा समस्याहरूको पहिचानका आधारमा चौरजहारी नगरपालिकाका सम्भावना, अवसर समस्या र चुनौतीहरूलाई तपसिल अनुसार विश्लेषण गरिएको छ ।

१. आर्थिक विकासका क्षेत्र	
क) कृषि	
संभावना र अवसर	**समस्या तथा चुनौती**
● चौरजहारी नगरपालिकामा भूबनोट अनुसार विभिन्न किसिमका बालीको उत्पादन हुने गरेको छ । ● कूल खेतीयोग्य जमिन ..... हेक्टर मध्ये ..... हेक्टरमा मात्र खेती गरिएको छ । पालिकाभित्रको जग्गाको स्वरूपलाई हेर्दा धेरै जसो (..... प्रतिशत) भाग भिराला पहाडहरूबाट बनेको भए पनि करिव ..... प्रतिशत भागमा मात्र खेती हुने गरेको ● जहारी खोलाको मुहान भदाले खोलादेखि साक्चाखोला, सिलीङ्गी, खोलागाउँ, नाँर्जी र चौरजहारीको फाँट सिञ्चित समथर उर्वर भूमि र नदी किनाराहरूका उत्पादनशील जग्गाहरू रहेका छन् । ● समृद्धिको यात्रा कृषिको व्यापवसायिक तथा आधुनिकीकरणबाट गर्न सकिने, खेतीपातीका सुविधा वृद्धिका साथै उच्च मूल्यका बालिको छनौट गरी खेती विस्तार गर्न सकिने संभावना देखिन्छ । ● पालिकाको पार्श्वचित्र अनुसार आर्थिक रूपले सक्रिय जनसंख्याको (१५ देखि ५९ वर्ष) .... मध्ये यस पालिकाका मानिसहरूले अपनाउँदै आएको पेशाहरूमा कुल घरधुरी संख्याको ..... प्रतिशत (.....) घरधुरीले मुख्य पेशाको रूपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएका छन् । ● यस पालिकाभित्र खाद्यान्नजन्य उत्पादन ..... मेट्रिक टन, तरकारी तथा फलफूलजन्य उत्पादन ..... मेट्रिक टन हुने गरेको छ ।	● चौरजहारी नगरपालिका भित्रका सबै स्थानहरूमा माटो र हावापानी सुहाउँदो खेती गर्ने चलनको कमी रहेको छ, ● सबै खेतीयोग्य जमिनमा खेती नगर्नु, भिरालो पाखाहरूमा भूवनोट अनुसारको व्यावसायिक फलफूल तथा लहरे खेती गर्न नसक्नु, ● उर्वरायुक्त फाँट र पर्याप्त सिचाईको सुविधा भएपनि व्यवस्थित सिचाई नहुनु, जल र जमिनको सदुपयोग गर्न नसक्नु, व्यावसायीकरणका लागि दिगो योजना नभएकाले उत्पादकत्व वृद्धिमा समस्या हुनु, ● कृषिको उत्पादनमा वृद्धि गर्नका लागि उन्नत जातका विउविजनहरू प्रयोग तथा उपयोग नहुनु नयाँ विउविजन र नविनतम प्रविधिको प्रयोगको ज्ञान नहुनु, ● कृषि प्राविधिक जनशक्तिको अभाव र परिचालन गर्न नसक्नु, ● कृषि उपजको विक्रि वितरणका लागि सडक पहुँच, बजारिकरण, संकलन केन्द्र र मूल्य स्थिरताको समस्या हुनु, ● साना तथा मझौला स्तरमा रहेका कृषकको दक्षता वृद्धि गरी व्यावसायिक बनाउनु चुनौति रहेको छ । ● प्राकृतिक प्रकोप विभिन्न किसिमका कृषिजन्य रोग र कतिपय जंगली जनावर तथा पंक्षिबाट बाली बालीनाली जोगाउनु चुनौति रहेको छ ।

• कृषिको आधुनिकीकरण व्यावसायीकरण र औद्योगीकीकरण गर्न दक्ष जनशक्ति, सिचाई सुविधा, सडक पहुँच, कृषि वजारको स्थापना, शीतभण्डारको व्यवस्था, गोदामघर तथा संकलन केन्द्रको स्थापना विजुलीको पर्याप्तता, व्यवसायिक उत्पादनका लागि यान्त्रीकीरण, तथा बजारीकरणको प्रयास गर्दा उत्पादन बढाउँन सक्ने संभावना प्रसस्तै छ । • भिरालो तथा पाखोबारीमा फलफूल लहरे तथा कोशे बाली लगाई माटोको संरक्षण र कृषि क्षेत्रको विकास गर्ने सम्भावना रहेको छ । • चौरजहारी नगरपालिकाका दयालेक, खागल लेक, जोगीनेटा लेक, कोटजहारी लेक आदि उच्च पहाडी क्षेत्रका खेतीयोग्य पाखाबारीमा विभिन्न किसिमका नगदे प्रकृतिका जडिबुटीको खेतीका लागि सम्भावना रहेको छ ।	• उत्पादकत्व बढाउँने प्रयास नहुनु, परम्परागत बालीहरू लोप हुँदै जानु, कृषिमा ब्यवसायिक तथा उत्पादनको बजारीकरणबारे ज्ञान कम हुनु, उत्पादन पकेट क्षेत्रहरूमा १२ महिना यातायात चल्ने सडक नहुनु, आवश्यक मात्रामा सिंचाईको व्यवस्था नहुनु, • कृषिमा यान्त्रीकरण र आधुनिकीकरण नहुनु, आपूर्ति श्रृंखलाको दिगो व्यवस्थापन नहुनु यस पालिका भित्रका कृषिसँग जोडिएका चुनौतीहरू हुन् । • परम्रागत कृषि प्रणालीमा मात्र भर पर्नु, उच्च मूल्यका बाली छनौट गरी न्यूनतम लगानीमा अधिकतम लाभ लिन नसक्नु, स्थानीय रैथाने जातका खाद्यान्न बालीको महत्व बुझाउन र संरक्षण गर्न नसक्नु, • माटोको नियमित परीक्षण नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, बजार संजालको निर्माण नहुनु, प्राविधिक जनशक्तिको अभाव हुनुजस्ता समस्याहरू रहेका छन् । • व्यावसायिक ज्ञान तथा सूचनाको कमी, कृषि बजारको अभाव, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव मुख्य चुनौतीको रूपमा रहेका छन् । • स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालका विभिन्न प्रजातीका बीउविजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको वोटविरूवा प्राप्त गर्न सकेका छैनन । • वाह्य तथा आनुवांशिक जातीय शुद्धता र गुणस्तर कम हुने बीउविजनको परिक्षण विना जथाभावी प्रयोग गर्नु • जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने समस्या र त्यसले पुऱ्याउने क्षेतीका बारेमा यथेष्ट जानकारी नहुनु र रोकथाम तथा न्यूनीकरणका लागि पहल नहुनु समस्याका रूपमा रहेको छ ।

चौरजहारी नगरपालिका

ख) पशुपंछी:	
संभावना र अवसर	**समस्या तथा चुनौती**
● यस नगरपालिकाका दयालेक, खागल लेक, जोगीनेटा लेक, कोटजहारी लेक आदि उच्च पहाडी भूभागमा परम्परागत पशुपंक्षीहरूमा नश्ल सुधार गरी व्यावसायिक उद्देश्यका साथ पशुपालन गर्न सकिने सम्भावना रहेको छ। साथै परिवर्तित समय सन्दर्भसँगै कानुनको दायरामा रही कतिपय वन्यजन्तु तथा घरपालुवा भेडा, वाखाको व्यावसायिक फार्महरू संचालन गर्ने राम्रो सम्भावना रहेको छ। यसले आयआर्जन, रोजगारी र मासुमा आत्मनिर्भता प्रदान गर्दछ। ● नगरपालिकाको मध्य पहाडी भाग कोटजहारी, मानाकोट, सर्केना गाउँ, भलाक्चागाउँ, खोलागाउँ, तिमीले, घुगुती, रातामाटा, साक्चा, विरालगाउँ, लिउरेवारी, नाउँली जस्ता स्थानहरूमा गाई, भैसी, नश्ल सुधार गरिएका वाखा र कालिज जस्ता पशुपंक्षीहरूको व्यावसायिक फार्महरू सञ्चालन गरी दुध तथा दुग्धजन्य उत्पादन र मासुको समेत निर्यात गरी आयआर्जनमा वृद्धि गर्ने सम्भावना रहेको छ। साथै माहुरीको परम्परागत घारमा सुधार गरी व्यावसायिक मौरी पालन गर्ने प्रचुर सम्भावना रहेको छ। ● भौगोलिक बनोट, हावापानी र बजारीकरणको सहजता भएको यस नगरपालिकाका जहारी खोलाको मुहान भदाले खोलादेखि साक्चाखोला, सिलीङ्गी, खोलागाउँ, नाँर्जी, चौरजहारीको फाँट आदि तल्लो क्षेत्रमा रहेका समर्थर स्थानहरूमा गाँस खेती र भण्डारण गरी पशुपंक्षी पालन र निर्यात गर्न सक्ने सम्भावना रहेको छ।	● परम्परागत कृषि प्रणालीमा सीमित हुनु, व्यावसायिक प्रयोजनका लागि आधुनिकीकरण गरी पशुपंक्षीको पालन नगर्नु, परम्परागत प्राकृतिक घाँसमा मात्रै निर्भर हुनाले सुक्खा, खडेरी, अस्वाभाविक प्राकृतिक वातावरणमा हुने परिवर्तन र प्राकृतिक विपत्तीका कारण पशुपंक्षीको व्यावसायिक पालन हुन नसक्नु, ● दक्ष प्राविधिक सेवा नहुँदा पोसिलो घाँस तथा कुडो पराल, गोठ, भकारा र खोरहरू पशुपंक्षी मैत्री नहुनाले दुध, मासु र प्रजनन् स्वास्थ्यमा समस्या उत्पन्न भई अपेक्षित लाभ दिन नसक्नु, ● विपन्न, साना तथा मध्यम आय भएका कृषकहरूका लागि सरल कर्जाको व्यवस्था नभएकाले निर्वाहमुखी पशुपंक्षी पालनमा मात्र सीमित रहनु, ● सीमित स्रोतसाधन, परम्परागत ज्ञान र अनुभवबाट उत्पादित दुग्धजन्य तथा मासुजन्य वस्तुले उचित मुल्य र सहज वजार पाउन नसक्दा कृषकहरू व्यावसायिक पशुपंक्षी पालनप्रति उत्साहित नहुनु। ● आफ्नै पुजी, सीप र अनुभवका आधारमा पशुपंक्षीजन्य उत्पादनमा संलग्न किसानहरूको व्यावसायिक दक्षता अभिवृद्धिमा संस्थागत ध्यान नजानु, ● नगरपालिका भित्रका सबै स्थानमा दक्ष जनशक्तिको पहुँच नहुनु, विभिन्न रोग प्रतिरोधात्मक औषधीको अभाव, पशु स्वास्थ्य उपकरणको अभाव, नश्ल सुधार सेवाको कमी, भेट्नरी प्रसार सेवाको कमी हुनु,
ग) सिँचाइ	
सम्भावना र अवसर	**समस्या र चुनौती**
● यस नगरपालिकाको जहारी खोलाको तटीय क्षेत्रमा साक्चाखोला, सिलीङ्गी, खोलागाउँ, नाँर्जी, मानाकोट र भेरी नदीको तटीय क्षेत्रमा चौरजहारी जस्ता	● समर्थर फाँटहरूमा सिँचाइका लागि परम्परागत कुलोलाई जोखिम रहित नहरमा रूपान्तरण गरी सिँचाइको दिगो व्यवस्थापन गर्न नसक्नु,

फाँटहरूमा बाह्रै महिना सिँचाइ गरी कृषिमा व्यावसायिकरण गर्न सकिने सम्भावना रहेको छ । ● नगरपालिकाको मध्य पहाडी भाग कोटजहारी, मानाकोट, सर्केना गाउँ, भलाक्चागाउँ, सानाखोला, खोलागाउँ, तिमीले, घुगुती, रातामाटा, साक्चा, विरालगाउँ, लिउरेवारी, नाउँली जस्ता भिरालो कृषि योग्य जमिनमा ग्रभिट तथा लिफ्ट पद्धतिबाट सिँचाइ सुबिधा बिस्तार गरी फलफूल तथा खाद्य बालीहरूको उत्पादनमा मनग्य वृद्धि गर्न सक्ने संम्भावना रहेको छ ।	● परम्परागत कुलोको मर्मत संभार र संरक्षण नगर्नु तथा सार्वजनिक जवाफदेहीको कमी हुनु, ● हाल संचालित सबै सिँचाइ आयोजनाहरू तोकिएको समयमा निर्माण सम्पन्न नहुनु, भएकाहरूको नियमित रूपमा मर्मत सम्भार नहुनु, सिँचाइका श्रोतहरूको संरक्षण नहुनु, ● सिँचाइ सुविधाबाट वञ्चित रहेका पाखावारीका लागि ग्रभिट तथा लिफ्ट पद्धतिबाट सिँचाइ सुबिधा पुऱ्याउन नसक्नु
घ) उद्योग तथा वाणिज्यः	
सम्भावना र अवसर	**समस्या र चुनौती**
● चौरजहारी नगरपालिका भौगोलिक, यातायात सञ्जालको पहुँच र अन्तरजिल्ला व्यावसायिक पहुँचका दृष्टिकोणले औधोगिकीकरणका लागि उपयुक्त स्थान रहेको छ । डोल्पा, जाजरकोट र सल्यानको उत्तरी क्षेत्रको समेत पुरानो बजार भएकाले यी व्यापारीहरूको ज्ञान, सीप र अनुभवलाई अध्यावधिक गरी व्यावसायिक तथा औद्योगिककरणमा जोड्न सके उद्योग तथा वाणिज्य क्षेत्रको विकास गर्न सक्ने सम्भावना रहेको छ । ● उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको विकास गराई स्थानीय स्रोत, साधन, सीप, बजारको माग र संभावित उद्यमीको चाहनालाई एकीकृत गर्न सकेमा नयाँ व्यवसायहरू सञ्चालन गरी आर्यआर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ । ● उद्यम विकासका लागि पूर्व तयारी कार्य, स्रोत साधनको सर्भेक्षण, लक्षित समूह पहिचान, बजारको माग अध्यावधिक गर्न सके साना तथा कुटिर उद्योग सञ्चालन गर्नसक्ने सम्भावना छ ।	● डोल्पा, जाजरकोट र सल्यानको उत्तरी क्षेत्र समेतको पुरानो बजारका व्यापारीहरूको ज्ञान, सीप र अनुभवलाई अध्यावधिक गरी व्यावसायिक तथा औद्योगिककरणमा जोड्न नसक्नु, ● उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको विकास गराइ स्थानीय स्रोत, साधन, सीप, बजारको माग र संभावित उद्यमीको चाहनालाई एकीकृत गरी व्यावसायिक वनाउन पोत्साहन गर्न नसक्नु, ● उद्यम विकासका लागि पूर्व तयारी कार्य, स्रोत साधनको सर्भेक्षण, लक्षित समूह पहिचान, बजारको माग अध्यावधिक गर्न नसक्नु, ● साना तथा मझौला उद्योग सिर्जना, विकास र विस्तार सम्वन्धि स्पष्ट नीतिको अभाव र लगानी मैत्री वातावरण नहुनु, ● परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, ● युवा पुस्तालाई स्वरोजगारमूलक बनाउन साना तथा मझौला उद्योगहरूलाई प्रविधिकरण, सर्वसुलभ वित्तीय सेवामा पहुँच विस्तार र

• युवा पुस्तालाई स्वरोजगारमूलक बनाउन साना तथा मझौला उद्योगहरूलाई प्रविधिकरण, वित्तीय सेवामा पहुँच विस्तार र उत्पादित वस्तुको बजारीकरण गर्न आवश्यक उद्यमशील ज्ञान तथा सीपको विकास गराउन सकिने सम्भावना रहेको छ ।	उत्पादित वस्तुको बजारीकरण गर्न आवश्यक उद्यमशील ज्ञान तथा सीपको विकास गराउन नसक्नु, • पालिकामा भित्रिने विप्रेषण (रेमिट्यान्स)लाई नीतिगत रूपमा सम्वोधन गरी उत्पादनमूलक कार्यमा लगाउन नसक्नु,
ङ) पर्यटनः	
सम्भावना र अवसर	**समस्या र चुनौती**
• चौरजहारी नगरपालिका भित्र ऐतिहासिकः कोटजहारीको बाइसे राजाको दरबार तथा बाइसे राजा, नुवाकोटे राजा, धार्मिक : विजश्वरी मन्दिर, कोटजहारी माईको मन्दिर, मालिका लेक मन्दिर, सिद्धगुफा मन्दिर, सामाजिक तथा सांस्कृतिकः मिश्रित सामाजिक परम्परा र सांस्कृतिक मान्यता, पर्यावरणीय दृष्टिले महत्वपूर्ण मानिने मालिका लेक, दयालेक आदि क्षेत्रको संरक्षण, सम्वद्धन, विकास, विस्तार र प्रचार प्रचार गरी पर्यटन क्षेत्रको विकास गर्नसक्ने प्रशस्त सम्भावना रहेको छ । • डोल्पाको से फोक्सन्डो ताल, दोरउपल्लो डोल्पो, शहर तारा जस्ता धार्मिक, सामाजिक तथा सांस्कृतिक र हिमालय सभ्यतालाई गन्तव्य बनाएर नेपालगंञ्ज नाका भएर भित्रिने पर्यटकहरूका लागि मुख्य केन्द्रको रूपमा चौरजहारी उपत्यकालाई विकास गर्न सकिने सम्भावना रहेको छ ।	• पालिकाभित्रका ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक र पर्यापर्यटनीय क्षेत्रको संरक्षण, सम्वद्धन, विकास विस्तार, र प्रचार प्रचार गर्न नसक्नु मुख्य समस्या रहेको छ । • पर्यटन विकासका लागि आकर्षक पूर्वाधार र पर्यटन मैत्री मानवीय व्यवहार र संस्कारको विकास गर्न नसक्नु, • उत्तर दक्षिण भेरी करीडोरले नेपालगंञ्जदेखि उपल्लो डोल्पासम्म जोड्दा पर्यटन क्षेत्रको मुख्य केन्द्र चौरजहारी उपत्यका हुने भएकाले त्यस अनुसारका पर्यटकीय क्षेत्रको आकर्षणका मुख्य तत्वहरू : जलविहारका पूर्वाधार, पर्यावरणीय स्वच्छता, होटेल, रेष्टुरेण्ट तथा मौलिक र घरायसी वातावरणमा सञ्चालित होमस्टे, मनोरञ्जनका लागि मौलिकतामा आधारित कला, संस्कृति, पर्यावरणमैत्री विश्राम स्थल आदिको संरचनागत विकास गर्नु चुनौतिका रूपमा रहेको छ ।
च) सहकारीः	
सम्भावना र अवसर	**समस्या र चुनौती**
• राज्यले अंगिकार गरेको सरकारी, सहकारी र नीजि साझेदारी को तीन खम्बे अर्थनीतिले सहकारीको आवश्यकता र औचित्यलाई थप बलियो बनाएको सन्दर्भमा स्थानीय स्तरमा छरिएर रहेको सानो पुजीलाई एकीकृत गरी सहकारीका माध्यमबाट ठुला आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न सक्ने सम्भावना रहेको छ ।	• सहकारी शिक्षा र यस सम्वन्धि जनचेतनाको कमी हुनु, सहकारी सञ्चालन सम्वन्धि ज्ञान, सीप र क्षमताको अभाव हुनु,

• चौरजहारी नगरपालिकामा खासगरी कृषि, वित्तीय, श्रम, सानाकिसान आदि सहकारीहरूको सञ्चालन र व्यवस्थापनका माध्यमबाट ग्रामीण पूजीको एकीकृत रूपमा परिचालन गरी नगरवासीको पूजी परिचालनको क्षमता विकास, गुणस्तरमा सुधार, रोजगारीको सृजना जस्ता कार्यहरू गर्ने सम्भावना रहेको छ।	• सञ्चालित सहकारीमा साँवा पूजीको कमी हुनु, पूजी परिचालन सम्वन्धि सहकारीको मर्म अनुसारको व्यावसायिक ज्ञानको अभाव हुनु र सहकारी को मूल्य, मान्यता र मर्म बमोजिम सञ्चालन नहुनु, • वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरूमा आम्दानी र बचतको सन्तुलन कायम हुन नसक्नु, • सहकारीहरूको नियमित एवं प्रभावकारी अनुगमन नहुनु,

छ) श्रम तथा रोजगारीः

सम्भावना र अवसर	समस्या र चुनौती
• चौरजहारी नगरपालिकामा बेरोजगारी श्रम शक्ति ... प्रतिशत रहेको छ। बेरोजगारीको प्रतिशतलाई रोजगारी सिर्जना गर्नका लागि स्थानीय सरकाले नीति कार्यक्रम र बजेटका माध्यमबाट सम्वोधन गरी श्रम बजारका विभिन्न किसिमका रोजगारीका सीपमूलक अवसरहरू प्रदान गर्न सक्ने सम्भावना रहेको छ। • चौरजहारी नगरपालिकाको जम्मा बजेट मध्ये झण्डै ४० प्रतिशत रकम पूर्वाधार विकासमा खर्च हुने गर्दछ। यो रकम मध्ये ३० देखि ६० प्रतिशत सम्मको रकम कामदार खर्चमा हुने गर्दछ। प्रधानमन्त्री, मुख्यमन्त्री र मेयर जस्ता रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित विकासे आयोजनाहरूमा अत्यावश्यक बाहेक आधुनिक औजारको प्रयोगमा कमी ल्याई मानव श्रम शक्तिलाई उपयोग गर्न सके अधिक मात्रामा रोजगारीका अवसरहरू सृजना गर्ने सम्भावना रहेको छ। • श्रम बजारको बदलिँदो आवश्यकता अनुसार सीपमूलक जनशक्ति उत्पादन गर्नका लागि पालिकाले बजेटको व्यवस्था गरी बेरोजगार युवा युवतीलाई रोजगारमूलक सीप विकास तालिम दिएर पनि रोजगारी सिर्जना गर्न सकिने संभावना रहेको छ। • विकास आयोजनाहरूमा श्रमिक उपयोग गर्दा तुलनात्मक रूपमा मंहगो भए तापनि स्रोतको वितरण गरिब तथा विपन्न वर्गसम्म पुग्न सक्ने भएकाले यसलाई अवसरको	• स्थानीय श्रम बजारमा श्रमिक बन्ने र आफ्नो गाउँघरको विकासमा आफै सहभागी हुने मानसिकताको अभाव रहेकाले युवा युवतीलाई स्थानीय रोजगारीका अवसरहरूमा जोड्न चुनौती देखिएको छ। • उपलव्ध श्रम शक्तिमा पनि आवश्यकता अनुसारको सीप र ज्ञानको अभाव रहेकाले त्यस्तो श्रमशक्तिलाई रोजगारीमा जोड्न लागत र प्रतिफलका हिसावले चुनौतीपूर्ण रहेको छ। • निर्माण कार्यमा जथाभावी आधुनिक उपकरणको प्रयोग गर्ने प्रवृत्तीले प्राकृतिक भूवनोट र पर्यावरणीय सुन्दरतामा क्षयीकरण गर्नुका साथै लागत पूजीको पलायन भएको छ।

रूपमा उपयोग गरी स्वदेशमै रोजगारी सृर्जना गर्ने कार्यलाई प्राथमिकता दिन सकिन्छ ।	
२. सामाजिक विकास क्षेत्र	
क) शिक्षा	
सम्भावना र अवसर	**समस्या र चुनौती**
• स्थानीय सरकारको अभ्यास गरेसँगै शिक्षाले व्यावहारिक, जीवनउपयोगी, सीपमूलक, प्रतिस्पर्धी र समसामयिक चुनौतीको सामना गर्नसक्ने जनशक्ति उत्पादन गर्नका लागि संवैधानिक अधिकार क्षेत्रभित्र रही विभिन्न नीतिगत र आर्थिक कार्यक्रमको व्यवस्था गर्न सक्ने अधिकार नेपालको संविधान २०७२ ले गरेको छ । • शिक्षा क्षेत्रको विकासका लागि आवश्यक पर्ने आधुनिक भौतिक पूर्वाधारको विकास अधिकांश विद्यालयमा भएकाले शैक्षिक क्षेत्रको विकासका लागि योजनावद्ध कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक आधार तयार भएको छ । • पालिका भित्र भर्ना भएका जम्मा ८५०५ विद्यार्थी संख्या र ४३२ शिक्षक संख्याको अनुपातलाई विश्लेष्ण गर्दा शिक्षक विद्यार्थी अनुपात १: २० भएकाले शिक्षक संख्या पर्याप्त रहेको र यो जनशक्तिलाई शैक्षिक गुणस्तर विकासका लागि प्रभावकारी रूपमा परिचालन गर्न सकेमा पालिकाको शैक्षिक क्षेत्रको विकास हुने सम्भावना रहेको छ । • पालिका भित्रका विद्यालयको संख्या र पालिका भित्रका विद्यालय जाने उमेर समूहका बालबालिकाको जनसंख्यालाई विश्लेषण गर्दा माध्यमिक तहमा १:१०२ र आधारभूत तहमा १:२०२ विद्यार्थी भएकाले यो अनुपातलाई हेर्दा विद्यालयको संख्या सरदर पालिकाको आवश्यकतालाई परिपूर्ति गर्न सक्ने रहेकाले यी विद्यालयमा आधुनिक शैक्षिक प्रविधिः कम्प्युटर ल्याव र विज्ञान प्रयोगशाला, ई-लाईब्रेरी तथा ICT को व्यवस्था गर्न सकेमा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सक्ने सम्भावना रहेको छ ।	• संवैधानिक अधिकारको प्रयोग गरी शैक्षिक क्षेत्रको विकासका लागि गुरु योजना नबन्नु, गुणस्तर सुधारका लागि सम्भाव्यता अध्ययन नहुनु, प्राप्त अधिकार बमोजिमका जिम्मेवारी कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोत साधनको अभाव हुनु, • तुलनात्मक रूपमा भौतिक पूर्वाधार भएपनि गुणस्तरीय सिकाइका लागि आवश्यक प्रविधिमैत्री भौतिक पूर्वाधारको अभाव हुनु, विज्ञान प्रयोगशाला नहुनु, बालबालिका मैत्री पूर्वाधार नहुनु, • प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षा विकास चुनौतीको रूपमा रहेको छ । • पालिका भित्रका विद्यालयमा विद्यालय छाड्ने दरमा अपेक्षित सुधार नहुनु, दलित तथा न्यून आय भएका परिवारका बालबालिकाहरूको भर्नादरमा कम हुनु, विद्यालयहरू आर्थिक रूपले सबल हुन नसक्नु, विषयगत शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षण पेशाप्रति प्रतिवद्धताको कमी, आधुनिक प्रविधिको प्रयोग नहुनु जस्ता समस्याहरू बिद्यमान छन् । • शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दी मिलान, विद्यालय समायोजन, पाठयोजना सहितको शिक्षणमा जोड, स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोग र प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु,

• पालिकाको हिमालय मा वि खोलागाउँमा सञ्चालित कृषि विज्ञान कार्यक्रमले पालिकाभित्र मात्र नभइ छिमेकी पालिका र अन्तर जिल्लाका विद्यार्थीलाई समेत लांभावित गरी दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुयाएको छ । यस विद्यालयमा थप स्रोत साधनको व्यवस्था गरी कृषि क्षेत्रको उत्पादनमा आधारित संरचनागत व्यवस्था तथा प्रयोगशाला निर्माण गर्न सके उत्पादित जनशक्ति सीपयुक्त र स्वरोजगार बनाउन सकिने सम्भावना रहेको छ ।	• शारीरिक, मानसिक तथा समवेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु । • सार्वजनिक विद्यालयहरूलाई आत्मनिर्भर बनाउन आवश्यक योजना, बजेट, कार्यक्रम र सवल नेतृत्व क्षमताको अभाव हुनु,
ख) स्वास्थ्य तथा पोषणः	
सम्भावना र अवसर	**समस्या र चुनौती**
• नेपालको संविधानले गुणस्तरीय स्वास्थ्यमा सबैंको सहज पहुँचलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । संविधानतः स्वास्थ्य जस्तो आधारभूत सवाल मौलिक हकको रूपमा स्थापित भइसकेको छ । दिगो विकास लक्ष्य सन् २०१६-२०३० सम्ममा सबै नेपालीलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने लक्ष्य राखेको छ । स्वास्थ्य सेवाका क्षेत्रमा राज्यले व्यक्त गरेको प्रतिवद्धता सकारात्मक छ । • चौरजहारी नगरपालिका भित्र मिसन हस्पिटल, कोटजहारी र खोलागाउँमा १५/१५ शैयाका हस्पिटलको स्थापना हुनु र प्रत्यक वडामा स्वास्थ्य चौकी व्यवस्थापन हुनु स्वास्थ्य सेवाका क्षेत्रमा यस पालिकाको अवसर हो । • आधारभूत स्वास्थ्य उपचारका लागि प्रमुख अस्पतालदेखि सबै वडासम्म सङ्क सञ्जालको विस्तार हुनु र भरपर्दो हवाइ यातायातको सुविधा हुनु पनि अवसरका रूपमा रहेको छ । • आधारभूत स्वास्थ्य सेवाप्रति सबै नागरिक सचेत र सजग रहनु पनि स्वास्थ्य सेवा सुविधाका लागि एक अवसर हो ।	• सबै नागरिकलाई निशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा दिन नसक्नु, अति विपन्न र जोखिममा परेका नागरिकलाई निशुल्क स्वास्थ्य सेवा सम्वन्धि राज्यले भरपर्दो व्यवस्था गर्न नसक्नु, • सेवा सुविधा र सहरी मानसिकताका कारण दक्ष जनशक्तिको अभाव हुनु, • परम्परागत मूल्य, मान्यता, स्वास्थ्य सेवा प्रति सचेतनाको कमी र पर्याप्त मात्रामा बर्थिङ सेन्टरको व्यवस्था नहुँदा असुरक्षित सुत्केरी हुने अवस्थालाई पूर्ण रूपमा रोक्न नसक्नु, • नगरपालिकाको २०७८७९ को अभिलेख अनुसार शिशु मृत्यु ५ जना, बाल मृत्यु १७ जना तथा मातृ मृत्यु ० हुनु अझै चुनौतीपूर्ण रहेको छ । • यस पालिकाका जम्मा ५५२० घरधुरी मध्ये ५१९९ घरधुरीले स्वास्थ्यका हिसावले हानीकारक रहेको काठदाउराबाट खाना पकाउने गरेका छन् । ..... परिवार अझै खोलाको पानी पिउनु, कतिपय विद्यालयमा अझै व्यवस्थित शौचालय नहुनु र यथेष्ट रूपमा सार्बजनिक शौचालयको अभाव पनि स्वास्थ्यसँग जोडिएका चुनौतीहरू हुन ।
ग) खानेपानी तथा सरसफाईः	
सम्भावना र अवसर	**समस्या र चुनौती**

• संविधानको निर्देशक सिद्धान्त र नीतिगत व्यवस्थाले स्वच्छ खानेपानी तथा सरसफाइ सम्वन्धि व्यवस्था गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । • यस पालिका अन्तर्गतका भेरी नदी, पापीखोला, सेतीगार, टिटियाखर्क खानेपानी, जहारी खोला, सानाखोला, सर्केना खोला, रेशम खोला, सिलिङ्गी खोला, साक्चाखोला आदि प्राकृतिक रूपमा बगिरहने खोला तथा नदीको पानीलाई आधुनिक प्रविधिको प्रयोग गरेर प्रत्येक घरधुरीलाई स्वच्छ पिउने पानीको व्यवस्था गर्न सक्ने सम्भावना रहेको छ । • सरसफाइ तथा स्वच्छताका दृष्टिले खुल्ला दिशामुक्त पालिका घोषणा हुनु, भकारो सुधार कार्यक्रम लागू गर्नु, कोराना जस्ता महामारीका कारण सावुन पानी, मास्क, स्यानीटाइजर जस्ता सरसफाइका साधनको प्रयोगमा सचेतना हुनु, • क्षेत्रीय सहरको रूपमा विकासित हुदै गइरहेको चौरजहारी बजारमा उचित ढल निकासको व्यवस्था गर्न सके स्वच्छ हरित नगरको पहिचान निर्माण गर्न सकिने सम्भावना रहेको छ ।	• चौरजहारी फाँट, कोटजहारी, खागल, जोगिनेटा, सर्केना, तिमीले आदि बस्तीहरूमा आधारभूत स्वच्छ पिउने पानीको अभाव हुनु, • पालिका भित्रका जलसम्पदाको परम्परागत तथा आधुनिक प्रविधिका माध्यमबाट पानीको अभाव रहेका बस्ती तथा घरहरूमा स्वच्छ पिउने पानीको व्यवस्था नहुनु, • उपलव्ध रहेका पानीका मुहान, धारा तथा रिजर्भ ट्याङ्कीको मर्मत सम्भार र संरक्षण गर्न नसक्नु तथा तिनको उचित प्रकारको प्रयोग गर्न नसक्नु, • प्रयोग भैइरहेको पानीलाई शद्धिकरण गरी प्रयोग नगर्नु, • यातायात क्षेत्रको विकाससँगै बढ्दै गइरहेको शहरीकरणका कारण जथाभावी रूपमा बढीरहेको फोहोरमैलाको भरपर्दो व्यवस्थापन गर्न नसक्नु, • अधिकांश घरपरिवारमा साधारण शौचालयको व्यवस्था भएता पनि केही घरपरिवारमा व्यवस्थित शौचालय नभएकाले वातावरण तथा सरसफाइ स्वच्छता कायम राख्न चुनौती देखिएको छ ।

घ) युवा तथा खेलकुदः

सम्भावना र अवसर	समस्या र चुनौती
• खेलकुद राष्ट्रको पहिचान र युवाको आकर्षणको क्षेत्र भएकाले यसको विकास र विस्तार गर्नु राज्यको दायित्व हो । खेलकुद क्षेत्रको विकासका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याती प्राप्त गर्ने भएकाले यसका लागि आवश्यक पर्ने विभिन्न किसिमका खेल पूर्वाधार निर्माणका सम्भावनाहरू रहेको छ । • चौरजहारी स्थित ..... मा रहेको स्टुडियममा विभिन्न किसिमका शारीरिक व्यामयुक्त खेल खेल्ने र विद्यालयमा रहेका खुल्ला चौवरहरूलाई प्रयोग गरी भलिवल, फुटवल, क्रिकेट, व्याडमिन्टन आदि खेल पूर्वाधारहरूको निर्माण गर्न सके खेलकुद क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।	• खेलकुद क्षेत्र सामाजिक विकासको महत्वपूर्ण अंग हो भन्ने कुरालाई समाजमा बोध गराउन नसक्नु र युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभइ नहुने खेलकुदको क्षेत्रमा पर्याप्त लगानी नहुनु, • पालिका भित्र निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत सम्भार समयमा हुन नसक्नु • बालबालिकाको मानसिक तथा शारीरिक विकाससँगै खेलकुदको महत्व सम्वन्धि सकारात्मक धारणाको विकास गर्नका लागि खेल प्रशिक्षकको व्यवस्था नहुनु,

• विद्यालय स्तरदेखि नै खेल प्रशिक्षकको व्यवस्था गरी दक्ष र उर्जावान खेलाडी उत्पादन गरी प्रतियोगितात्मक खेलकुदका माध्यमबाट क्षेत्रीय तथा राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न सकिने सम्भावना रहेको छ।	• राष्ट्रिय स्तरका भलिबल, फुटबल, व्याडमिन्टन, क्रिकेट, एथ्लेटिकस जस्ता खास खेलहरूमा विशेष रुचि भएका खेलाडीहरूका लागि दक्ष प्रशिक्षक र राज्यको तर्फबाट प्रोत्साहित गर्ने वातावरणको निर्माण गर्न नसक्नु,
ङ) कला संस्कृति	
सम्भावना र अवसर	**समस्या र चुनौती**
• सांस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्ने जिम्मेवारी स्थानीय सरकार संविधानले दिएको सन्दर्भमा, चौरजहारी नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक, पौराणिक, सामाजिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वद्धन, विकास, विस्तार र प्रचारप्रचार गर्नका लागि गुरु योजना निर्माण गरी कार्यान्वयन गर्न सके कला संस्कृति क्षेत्रबाट चौरजहारी नगरपालिका लाभावित हुने राम्रो संभावना रहेको छ। • चौरजहारी नगरपालिकामा रहेका लहरे, टप्पा, सिँगारु, ठाडी भाका, दोहोरी भाका, खस जातिको परम्परागत पहिरन र तिनका सामाजिक सांस्कृतिक मूल्य मान्यताको विकास र विस्तार गरी कला संस्कृतिको मौलिक पहिचान सहित नगरपालिकालाई चिनाउने सम्भावना रहेको छ। • यस पालिकामा रहेका मालिका लेक, दहपोखरा, सिद्धपाइला, जहारी राज्यको गढी दरवार, तिर हान्ने ढुङ्गा, ढुङ्गे कुवा, शिव गुफा, मालिका पर्वतीय क्षेत्र जस्ता प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक कला संस्कृतिका प्रतीकहरूको प्रचार प्रचार गरी पर्यटन क्षेत्रको विकास गर्न सक्ने सम्भावना रहेको छ।	• सांस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्ने जिम्मेवारी स्थानीय सरकार संविधानले दिएको सन्दर्भमा, चौरजहारी नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक, पौराणिक, सामाजिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वद्धन, विकास, विस्तार र प्रचारप्रचार गर्नका लागि गुरु योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु, • चौरजहारी नगरपालिकामा रहेका लहरे, टप्पा, सिँगारु, ठाडी भाका, दोहोरी भाका, खस जातिको परम्परागत पहिरन र तिनका सामाजिक सांस्कृतिक मूल्य मान्यताको विकास र विस्तार गरी कला संस्कृतिको मौलिकतामा आधारित कला संस्कृतिको संरक्षण र प्रचार प्रचार गर्न यसको महत्वप्रति ध्यान नदिनु, • यस पालिकामा रहेका मालिका लेक, दहपोखरा, सिद्धपाइला, जहारी राज्यको गढी दरवार, तिर हान्ने ढुङ्गा, ढुङ्गे कुवा, शिव गुफा, मालिका पर्वतीय क्षेत्र जस्ता प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक कला संस्कृतिका प्रतीकहरूको प्रचार प्रचार गरी पर्यटन क्षेत्रको विकास गर्न नसक्नु,
च) लक्षित समूह विकास	
सम्भावना र अवसर	**समस्या र चुनौती**
• चौरजहारी नगरपालिकामा भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय तथा वर्गीय रूपमा पछाडि पारिएका र समाजको मूल प्रवाहीकरणबाट	• चौरजहारी नगरपालिकामा भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय तथा वर्गीय रूपमा पछाडि पारिएका र समाजको मूल

वञ्चितीकरणमा परेका समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकाले तिनीहरूको पहिचान तथा आवश्यक कार्यक्रमको कार्यान्वन गरी मुल प्रवाहमा ल्याउन सक्ने सम्भावना रहेको छ । ● खास गरी बादी जाति लगायत विपन्न समुदायका अन्य जातिहरूलाई समाजको मूल प्रवाहमा ल्याउन उच्च शिक्षासम्म छात्रवृतिको व्यवस्था गर्ने, रोजगारयुक्त श्रमशक्तिलाई स्थानीय स्तरमा रोजगारीको व्यवस्था गर्ने, फुसको छाना वा घरवारी विहीनहरूलाई जनता आवास कार्यक्रम र सुकुम्वासी समस्या सामाधान आयोग जस्ता कार्यक्रमबाट सुरक्षित घरवासको व्यवस्था गर्नका लागि स्थानीय सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सम्भावना रहेको छ ।	प्रवाहीकरणबाट वञ्चितीकरणमा परेका समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि उनीहरूको बसाईका कारण फरक फरक आवश्यकता तथा स्वतःस्फूर्त रूपमा अगाडिक बढ्ने तत्परताको अभाव, विशेष कार्यक्रम सञ्चालनका लागि पर्याप्त आर्थिक स्रोत साधनको कमी हुनु जस्ता समस्याहरू रहेका छन् ।
३. पूर्वाधार विकास	
क) सडक तथा पुलः	
सम्भावना र अवसर	**समस्या र चुनौती**
● चौरजहारी नगरपालिका सडक तथा पुल पूर्वाधारको दृष्टिले मध्यपहाडी लोकमार्ग, राप्ती राजमार्ग, सुर्खेत छिन्चु जाजरकोट हुदै डोल्पासम्मको भेरी करिडोर जस्ता राष्ट्रिय र छिमेकी जिल्ला जाजरकोट र सल्यानसँग सडक सञ्जालमा जोडिएकाले स्थानीय सडक पूर्वाधारको निर्माण र विस्तार गरी राष्ट्रिय तथा क्षेत्रीय यातायात सञ्जालमा जोडिन सक्ने अवसर रहेको छ । ● चौरजहारी नगरपालिकाको मध्य भूभाग तथा वस्तीलाई समेटेको नुवाकोट डाँडा-खोलागाउँ- चौरजहारी सडकलाई मुख्य मेरुदण्डका रूपमा विकास गरी पालिकाको पूर्व पश्चिम, उत्तर दक्षिण खण्ड नुवाकोट डाँडा-तिमीले लेक-जोगीनेटा-खागल-कोटजहारीगाउँ हुदै चौरजहारीसम्म र पुनः चौरजहारी -नुवाकोट डाँडा सडक खण्डको सिलिङ्गेसम्म कच्ची सडक सञ्चालन भैरहेकाले यसले समग्र नगरवासीलाई यातायात पहुँचमा जोडेको छ । यी सडकलाई मापदण्ड अनुसार स्तरोन्नती गरी	● चौरजहारी नगरपालिकाको अधिकांश भूभाग भिरालो पहाडी भूभाग र बाढि, पहिरो, खहरे, भूक्षय जस्ता कारणले सडक तथा पुल निर्माण तथा दिगो व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ । ● भौगोलिक विकटता र जटिलताका कारण पनि अपेक्षित पूर्वाधार विकासका लागि श्रोत साधनको जोहो गर्न समस्या रहेको छ ।

आर्थिक तथा सेवाका क्षेत्रमा नगरवासीलाई जोड्न सक्ने राम्रो सम्भावना रहेको छ । ● मेलैनाउँलीदेखि कोटजहारीसम्म, विजयश्वरीदेखि मनकोट लहरेसिमल हुँदै भलाक्चा खोलागाउँसम्म, खोलागाउँ बजारदेखि सर्केनासम्म, सिलिङ्गेदेखि तिमीले सम्मका आदि वडास्तरमा सञ्चालनमा आएका सडकलाई मापदण्ड अनुसार सडक नाली र ढलको व्वस्थापन गरी बाह्रै महिना चल्न सक्ने बनाउन सके नगरवासीलाई गुणस्तरीय सेवा प्रदान गर्न सकिने सम्भावना रहेको छ । ● घरकटुवा नदी जयराम खोला, मेलैनाउँली जहारी खोला पुल लगायत पालिकाका विभिन्न खोला तथा नदीहरूमा बनेका साना ठुला पुलहरूले यहाँको यातायात तथा व्यापारिक क्षेत्रलाई लाभ दिइरहेका छन् । मुख्य रूपमा सल्यानका विभिन्न स्थानबाट पालिकालाई जोड्ने र जाजरकोटबाट पालिकालाई जोड्ने मोटरेवल पुन निर्माण गर्न सके पालिकाको समग्र पक्षको विकास हुने सम्भावना रहेको छ ।	
ख) उर्जा	
सम्भावना र अवसर	**समस्या र चुनौती**
● चौरजहारी नगरपालिका भित्र भेरी नदी, जहारी खोला, सानाखोला, मुलखोला, खानीखोला, साक्चा खोला जस्ता जल उर्जाका श्रोतहरू रहनु उर्जा क्षेत्रको विकास र विस्तारका लागि राम्रो सम्भावना हुन । ● रुकुम जिल्लामा विस्तार भैरहेको राष्ट्रिय प्रशारण लाइनले यस पालिकालाई पनि समेट्ने र चालु अवस्थामा रहेको चौरजहारी जलविधुत आयोजना तथा पालिका अर्न्तगतका साना तथा ठुला खोला र नदीहरूबाट जलविधुत उत्पादन गरी पालिका वासीलाई विधुत सेवा पुऱ्याउन सक्ने सम्भावना रहेको छ । ● उत्पादित उर्जालाई घरायसी तथा औद्योगिक क्षेत्रमा प्रयोग गरी पेट्रोलियम पदार्थको खपतमा कमी र औद्योगिक सामग्री उत्पादन गरी आयआर्जनमा वृद्धि गर्ने सम्भावना रहेको छ ।	● उर्जा उत्पादनको सम्भावना र उपयोगका लागि दीर्घकालीन योजना बनाउन नसक्नु प्रमुख समस्या रहेको छ । ● सरकारी, सहकारी र नीजि क्षेत्रको पुजीलाई एकीकृत गरी उर्जा क्षेत्रको उत्पादन र दिगो प्रयोगका लागि लगानीमैत्री वातावरण निर्माण गर्न नसक्नु, ● चौरजहारी नगरपालिकामा सञ्चालनमा रहेका चौरजहारी हाइड्रोपावर लगायत साना जलविधुत आयोजनाहरूको मर्मत सम्भावर र प्रयोगलाई प्रभावकारी बनाउन नसक्नु, ● सानीभेरी नदीलाई सिम्लीबाट डाइभर्सन गरी सिलिङ्गेमा पुऱ्याई विद्युत उर्जाको विकास गर्नका लागि दीर्घकालीन सोच सहित सम्भाव्यता अध्ययन गर्न नसक्नु,

चौरजहारी नगरपालिका

• सानीभेरी नदीलाई सिम्लीबाट डाइभर्सन गरी सिलिङ्गेमा पुऱ्याई विद्युत उर्जा निकाल्नुका साथै सिचाइको व्यवस्था गर्न सक्ने सम्भावना रहको छ।	
ग) भवनः	
सम्भावना र अवसर	**समस्या र चुनौती**
• मध्यपहाडी लोकमार्ग अन्तर्गतका दश ठुला सहरहरूमध्ये चौरजहारी पनि एक भएकाले व्यापारिक, प्रशासनिक र औद्योगिक दृष्टिकोणले सुरक्षित ठुला भवनहरू निर्माण हुन सक्ने सम्भावना रहेको छ। चौरजहारी बजार र चौरजहारी -खोलागाउँ -नुवाकोट डाँडा सम्मको • सडक सँगै भवन आचारसहिंता अनुसारका आधुनिक भवन निर्माण गरी छरिएर रहेका वस्तीहरूलाई एकीकृत वस्तीमा रूपान्तरण गर्ने सम्भावना रहेको छ। • चौरजहारी नगरपालिका यातायात सञ्जालमा जोडिएसँगै नगरवासीहरूले पक्की घर निर्माण गर्ने क्रममा रहेकाले नगरपालिकाले घरनिर्माणको मापदण्ड तयार गरी लागु गर्न सके जोखिम प्रतिरोधात्मक, वातावरण अनुकुल, पर्यटन मैत्री नगर निर्माण हुन सक्ने सम्भावना रहेको छ। • बदलिदो परिस्थितिसँगै मानिसमा सहरीकरणको प्रवृत्ति बढेको, अव्यवस्थित वस्तीको विकासले उत्पादन योग्य जमिनलाई ओगटेको, संघीयता कार्यान्वयनसँगै जनताको सेवाका लागि प्रशासनिक तथा सामुदायिक संरचनाहरू नयाँ निर्माण गर्नुपर्ने भएकाले एकीकृत सार्वजनिक सेवा र आवास तथा स्मार्ट सिटी निर्माण गर्नसकिने संभावना रहेको छ।	• मध्य पहाडी लोकमार्ग अन्तर्गतका दश ठुला सहरहरू मध्येको एक चौरजहारीलाई सरकारले नीति, कार्यक्रमको घोषणा गरी बजेटको विनियोजन गर्दा पनि प्रक्रियागत उल्झन र कार्यान्वयनमा भएको ढिलासुस्तीका कारण व्यापारिक, प्रशासनिक र औद्योगिक दृष्टिकोणले सुरक्षित ठुला भवनहरू निर्माण हुन सकिरहेका छैनन्। • चौरजहारी बजार र चौरजहारी -खोलागाउँ -नुवाकोट डाँडा सम्मको सडकसँगै भवन आचारसहिता अनुसारका आधुनिक भवन निर्माण गरी छरिएर रहेका वस्तीहरूलाई एकीकृत वस्तीमा रूपान्तरण गर्न दीर्घकालीन योजना बनाउने सोच नहुनु, • संघीयता कार्यान्वयनसँगै स्थापना भएको चौरजहारी नगरपालिकाले भवन निर्माण सम्वन्धि दीर्घकालीन योजना ल्याउन नसक्नु, • सार्वजानिक सेवालाई एकीकृत रूपमा प्रवाह गर्नका लागि निर्माण गर्नुपर्ने संरचनाहरूको डिपिआर समयामा गराउन नसक्नु तथा स्रोत जुटाउन नसक्नु,
४ वन, वातावरण तथा विपद व्यवस्थापन	
क) वन तथा वातावरण संरक्षण	
सम्भावना र अवसर	**समस्या र चुनौती**
खाली जमिन, प्रशस्त बाटाघाट, नदी तटहरू र १७ वटा सामुदायिक वन समितिहरू भएका हुँदा यस्ता समितिहरू सँग कार्यगत एकता कायम गर्दै सडक किनारा, खालि	• हराभरा चौरजहारीक्षेत्र बनाउँन वनको हैसियत सुधार र जलवायु परिवर्तन अनुकुलनमा पनि थुप्रै कार्यहरू गर्नु पर्ने छ। जलवायु परिवर्तनका हिसावले

जमिन र नदी तटहरूमा वृक्षरोपण गरेर र प्रत्येक वर्ष १० बिरवा रोप्ने वातावरण बनाएर चौरजहारीक्षेत्रलाई हराभरा बनाउँन सकिने संभावना प्रशस्तै छ ।	कतिपय वालिनालीहरूको उत्पादनमा असर परेको छ भने पानीका मुहान सुक्ने तथा पानीको सतह घट्ने जस्तो अवस्था आई रहेको छ ।
ख) विपद व्यवस्थापनको :	
सम्भावना र अवसर	**समस्या र चुनौती**
● संघीय सरकार मातहतमा संबैधानिक प्रत्याभूति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३० लगायतका नीतिगत तथा कानूनी व्यवस्था हुनु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भइ सञ्चालनमा आउनु, ● सबै तहका सरकारमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अधिकार तथा जिम्मेवारीको बाँडफाँट हुनु, दफा ११ मा पूर्व ● विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन हुँदै जानु, जोखिम न्यूनीकरणमा निजी क्षेत्र तथा समुदायको जागरुकता र सचेतना अभिवृद्धि हुनु, गैरसरकारी संस्थाको सक्रियता रहनु, प्राज्ञिक तथा अध्ययन अनुसन्धान क्षेत्रमा संलग्नता बढ्दै जानु र आधुनिक प्रविधिमा पहुँच एवम् विस्तार हुनु अवसरका रूपमा रहेका छन् ।	● विपद् जोखिमका बारेमा पर्याप्त सूचना र ज्ञानको कमी हुनु, विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु, विपद् उत्थानशील विकास प्रक्रियाको कमजोर अवलम्बन हुनु, विकास निर्माणमा विपद् व्यवस्थापनको न्यून मूल प्रवाहीकरण हुनु, सबै विषयगत क्षेत्रमा विपद् जोखिमको पहिचान तथा नक्साङ्कन हुन नसक्नु, प्राकृतिक स्रोतहरूको अव्यवस्थित एवम् अत्यधिक दोहन हुनु, सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना र पर्याप्त लगानीको कमी हुनु, सरोकारवालाहरू बीचको कार्यमा सामाञ्जस्यताको कमी हुनु, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सूचकमा आधारित सूचना व्यवस्थापन प्रणालीको अभाव हुनु र आपतकालीन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्रीको कमी हुनु प्रमुख समस्याका रूपमा रहेका छन् । ● विकास आयोजनाहरूको छनोट प्रक्रियादेखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्याङ्कनलाई समाविष्ट गराउनु, जोखिममा आधारित योजना तथा निर्णय प्रक्रिया अवलम्बन गराउनु, विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त लगानी जुटाउनु, अव्यवस्थित एवम् छरिएर रहेका बस्तीलाई विपद्को दृष्टिकोणबाट उत्थानशील बनाई नागरिकलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउनु, सरोकारवालाहरू बीचको आपसी समन्वय र सहकार्य सुदृढ गर्नु, संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विपद् व्यवस्थापन सम्वन्धी कोषको निर्माण एवम् व्यवस्थापन गर्नु र एकीकृत विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन, संघीय शासन

चौरजहारी नगरपालिका

	प्रणाली अनुसार विपद् व्यवस्थापनलाई संघ प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र र जिम्मेवारीमा आन्तरिकीकरण र कार्यान्वयन क्षमता अभिवृद्धि गर्दै उत्थानशील समाज निर्माण गर्नु मुख्य चुनौतीका रूपमा रहेका छन् ।
५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन	
क) संस्थागत क्षमता विकासः	
सम्भावना र अवसर	**समस्या र चुनौती**
● संविधान प्रदत्त अधिकारको प्रयोग गरी चौरजहारी नगरपालिकाले संस्थागत क्षमता विकास र सुशासनका लागि आवश्यक ..... ऐन, नियम, नीति, कार्यविधि तयार गरी कार्यान्वयन गरिरहेको छ । ● एकीकृत सेवा प्रवाहका लागि पालिकाले प्रशासनिक भवनको निर्माण गरी सबै शाखाहरूलाई व्यवस्थित गर्ने प्रयास गरेको छ । ● भौगोलिक सुगमता र यातायात क्षेत्रको पहुँचका कारण मानव संशाधनको आवश्यक उपलब्धता रहेको छ । पालिकाले संञ्चालन गर्ने कतिपय कार्यक्रमका लागि आवश्यक पर्ने मानव स्रोतको व्यवस्था गरी परिचालन गर्न पाउने अधिकार पालिकासँग रहनु,	● नगरपालिकाका कतिपय वडाका वडा कार्यालयहरू नभएका र भएका पनि व्यवस्थित नभएकाले सेवासुविधा प्रवाहमा सहज हुन नसकेको, ● नगरपालिकाका केन्द्र र वडाहरूमा सुविधा सम्पन्न सामुदायिक हल नभएकाले सभा, गोष्ठी, तालिम, अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्न नसकिएको, ● पालिकाका वडाहरूमा स्वास्थ्य संस्थामा आवश्यक स्रोत, साधन र दक्ष जनशक्तिको व्यवस्था नहुनु ● नगरपालिकालाई संविधान प्रदत्त एकल र साझा अधिकारहरू प्रशस्त प्राप्त भए तापनि विकास व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सेवा प्रवाह मापदण्ड निर्धारण, राजस्व परिचालन र वित्तीय अनुशासन जस्ता एकल, साझा तथा संघीय कानुनबाट व्यवस्थित अधिकारहरूको प्रभावकारी उपयोगका लागि भौतिक स्रोत साधन व्यवस्था, नीति, योजना, ऐन/नियम/कार्यविधि तयारी, मानव संसाधन प्राप्ती जस्ता कुराहरूमा खासै ध्यान नपुगेको अवस्था छ ।
ख) मानव संसाधन विकासः	
सम्भावना र अवसर	**समस्या र चुनौती**

• पालिकाले मानव संसाधनको विकासका लागि शैक्षिक क्षेत्रको संस्थागत विकास गरी ह्वाइट कलर जब गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने र पूर्वाधार निर्माण, कृषि क्षेत्रको विकास, पर्यापर्यटन तथा जलपर्यटन र व्यावसायिक सीपमूलक क्षेत्रको विकास गरी अधिक मात्रामा मानिसलाई रोजगारी र आयआर्जनमा जोड्न सक्ने सम्भावना रहेको छ । • पालिकाभित्रका मानव संसाधनलाई जीवन उपयोगी सीप विकासका लागि आवश्यक स्वरोजगार मूलक तालिम तथा प्रशिक्षण दिई उनीहरूलाई विभिन्न क्षेत्रमा परिचालन गर्न सक्ने सम्भावना रहेको छ । • मध्ये पहाडी लोकमार्ग, नेपालगञ्ज-डोल्पा भेरी करीडोर र हवाइ यातायातको पहुँच भएको र बजारीकरण तथा औद्योगिकरणका लागि सम्भावित ठाउँ भएकाले सबै किसिमका मानव श्रोत साधनलाई रोजगारी पाउन सक्ने सम्भावना रहेको छ । • कृषि सहकारीका माध्यमबाट किसानहरूलाई कृषि तथा पशुपालनका क्षेत्रमा व्यावसायीकरण गराई मानव संसाधनलाई स्वरोजगार बनाउने सम्भावना रहेको छ ।	• मानव संसाधन विकासका लागि संस्थागत कार्ययोजना नहुनु, विभिन्न क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्ने संस्थागत संरचना र सीप विकास तालिम सञ्चालन नहुनु, • आफ्नो गाउँठाउँको श्रमप्रति विश्वस्त नहुनु, त्यस किसिमको सामाजिक परिवेश नबन्नु र सीपयुक्त मानव स्रोत पनि विदेश पलायन नहुनु,
ग) सुशासनः	
सम्भावना र अवसर	**समस्या र चुनौती**
• सुशासन कायम गर्नका लागि आवश्यक पर्ने कानुनहरूको निर्माण हुनु, शासकीय स्वरूप संघीयतामा जानु, कर्मचारी प्रशासन तथा जनप्रतिनिधि प्रत्यक्ष रूपमा जनताप्रति जवाफदेही हुनु, वित्तीय संघीयताको कार्यान्वयन हुनु, सार्वजनिक जीवनका व्यक्तिहरूले सार्वजनिक सेवाका सिद्धान्तको परिपालना गर्नु, भष्ट्राचारप्रति शून्य सहनशीलताको नीति लिनु र सेवाग्राही पनि सचेत र सजक हुनु सुशासनका लागि राम्रो सम्भावना हुन ।	• सुशासन कायम गर्नका लागि आवश्यक पर्ने कानुनहरूको निर्माण हुनु, शासकीय स्वरूप संघीयतामा जानु, कर्मचारी प्रशासन तथा जनप्रतिनिधि प्रत्यक्ष रूपमा जनताप्रति जवाफदेही हुनु, वित्तीय संघीयताको कार्यान्वयन हुनु, सार्वजनिक जीवनका व्यक्तिहरूले सार्वजनिक सेवाका सिद्धान्तको परिपालना गर्नु, भष्ट्राचारप्रति शून्य सहनशीलताको नीति लिनु र सेवाग्राही पनि सचेत र सजक हुनु जस्ता पक्षहरूको प्रभावकारी कार्यान्वयन नहुनु ।

परिच्छेद पाँचः
सोच, समग्र लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम

५.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भएसँगै देशमा संघीय शासन प्रणाली आरम्भ भएको छ । यस प्रणाली अन्तर्गत स्थापना भएका ७५३ स्थानीय सरकार मध्ये कर्णाली प्रदेशको रुकुम पश्चिम चौरजहारी नगरपालिका पनि एक हो । नागरिकलाई घरआगनबाट नै सेवा प्रवाह गर्ने उद्देश्यले स्थापना गरिएका स्थानीय सरकारले त्यसका लागि आवश्यक पर्ने नीति कार्यक्रम र योजनाहरू निर्माण गर्नु पर्दछ । स्थानीय स्रोत र साधनको परिचालन तथा उपयोग र विकास आयोजनाहरूको प्राथमिकीकरण गर्ने र पारदर्शी जनउत्तरदायी र सुसम्पन्न नगरपालिका निर्माणका लागि यो प्रथम आवधिक योजना तयार गरिएको छ । यसमा चौरजहारी नगरपालिकाका विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य र उद्देश्यका साथै पाँच वर्षभित्र गर्न सकिने विकासका कार्यक्रमहरू र आयोजनाहरू समेटिएका क्षेत्रगत योजनाहरू रहेका छन् । प्रत्येक क्षेत्रगत योजनाहरू अन्तर्गत योजनाका लक्ष्य, कार्यक्रमहरू, आयोजनाहरू, तिनीहरूको उपलब्धिका सूचकहरू, पुष्ट्याइका आधारहरू र पूर्व मान्यताहरू समेटिएका तर्कबद्ध योजनाहरू प्रस्तुत गरिएको छ । दीर्घकालीन सोंच, लक्ष्य, ध्येय र उद्देश्यहरू मध्यनजर राखी विषयगत योजनाका कार्यक्रमहरूको प्राथमिकता तय गरिएको छ । संघ र प्रदेशका योजनाहरूलाई नगरपालिकाका योजनाहरूसँग तालमेल मिलाइनुका साथै वडा स्तरमा सञ्चालन हुने कार्यक्रम र आयोजनाहरूको समयबद्ध तालिका पनि प्रस्तुत गरिएको छ ।

नेपालको संविधान, राष्ट्रिय दीर्घकालीन लक्ष्य, दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाले राखेका लक्ष्य र कर्णाली प्रदेश आवधिक योजनाका तीव्र आर्थिक विकासका लक्ष्यहरू समेतलाई मध्यनजर गर्दै परिच्छेद २ र ३ मा चित्रण गरिएको चौरजहारीको विद्यमान मानचित्रलाई समृद्धिको मानचित्रमा रूपान्तरण गर्ने सोच तथा दीर्घकालीन परिमाणात्मक लक्ष्य र मार्गचित्र सहित चौरजहारी नगरपालिकाको सोच २०८३/०८४ अगाडि सारिएको छ । समग्रमा, सामाजिक न्यायमा आधारित र समाजवाद उन्मुख समतामूलक समाज निर्माण गर्नेतर्फ दीर्घकालीन सोच लक्षित रहेको छ । नगरपालिकाको दीर्घकालीन सोच तयार गर्दा संघीय सरकार र प्रदेश सरकारका दीर्घकालीन सोच २१०० र पन्ध्रौं योजनाको सोच, लक्ष्य र रणनीतिहरू, प्रदेशको दीर्घकालीन सोच, लक्ष्यसँग तादाम्यता सुनिश्चित गर्ने प्रयास गरिएको छ ।

५.२ राष्ट्रिय पन्ध्रौ योजनाको सोच, लक्ष्य र रणनीतिहरू

राष्ट्रिय योजना आयोगले तयार पारेको पन्ध्रौ योजनाले अगाडि सारेको राष्ट्रिय सोच, लक्ष्य र रणनीतिहरू देहाय अनुसार रहेका छन् ।

५.२.१ राष्ट्रिय सोच

"समृद्ध नेपाल, सुखी नेपाली"

नेपाल एक समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिकहरू बसोबास गर्ने मुलुक हुनेछ ।

तालिका नं.: राष्ट्रिय दीर्घकालीन लक्ष्य

समृद्धि	सुख
१.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता	२.१ परिष्कृत तथा मर्यादित जीवन
१.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग	२.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज
१.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व	२.३ स्वस्थ र सन्तुलित पर्यावरण

१.४ उच्च र समतामूलक राष्ट्रिय आय	२.४ सुशासन
	२.५ सबल लोकतन्त्र
	२.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान

५.२.२ राष्ट्रिय दीर्घकालीन रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
२. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् शहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिवी निवारण र आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने,
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

५.३ कर्णाली प्रदेशको दीर्घकालीन सोंच

"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"

उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारीसहित सुरक्षित र स्वच्छ वातावरणमा बसोबास गर्ने सुखी नागरिकहरूको प्रदेश ।

५.३.१ प्रदेशको दीर्घकालीन लक्ष्य

सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धि दर हासिल गरी समृद्ध कर्णाली र सुखारी कर्णालीबासीको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्ने दीर्घकालीन लक्ष्य रहेको छ । यसका लागि समृद्धि र सुखारीका देहाय बमोजिम लक्ष्यहरू निर्धाण गरिएको छ :

प्रदेशको दीर्घकालीन लक्ष्य

समृद्धि	सुखारी
१.सम्भाव्य आर्थिक क्षेत्रको पहिचान र परिचालन	१.आधारभूत आवश्यकता परिपूर्तिका लागि न्यायपूर्ण वितरण
२.सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता	२.परिष्कृत तथा मर्यादित जीवन
३.मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग	३.सुरक्षित, सभ्य र न्यायपूर्ण समाज
४.हरित अर्थतन्त्रमा आधारित उच्च र दिगो उत्पादन तथा उत्पादकत्व	४.स्वस्थ र सन्तुलित पर्यावरण
५.उच्च र समतामूलक प्रदेश आय	५.सुशासन
	६. सबल लोकतन्त्र
	७. प्रदेश एकता, राष्ट्रिय एकता, सुरक्षा र सम्मान

५.४ चौरजहारी नगरपालिकाको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्य

आवधिक योजना तयार गर्दा दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू निर्धारण गर्न जरुरी हुन्छ। यस आवधिक योजनाको तयारीका क्रममा यससँग सम्बन्धित पक्षहरूको अन्तक्रियाका आधारमा विशेषज्ञहरूको समेत राय लिइ चौरजहारी नगरपालिकाको दीर्घकालीन सोंच, ध्येय लक्ष्य र उद्देश्यहरू देहायबमोजिम निर्धारण गरिएको छ।

५.४.१ चौरजहारी नगरपालिकाको दीर्घकालीन सोंच

चौरजहारी नगरपालिका रुकुम पश्चिमको पश्चिम तथा दक्षिणी भेगमा अवस्थित रहेको छ। यो नगरपालिका जलसम्पदा, वनपैदावर, कृषि उपज, बजारीकरण, औद्योगिकीकरण, सडक यातायात तथा पर्यापर्यटनका दृष्टिले सम्पन्न रहेको छ। समाजवाद उन्मुख समृद्ध पालिका निर्माणका लागि आवश्यक दक्ष मानव संशाधनका दृष्टिकोणले समेत पालिका सम्पन्न रहेको छ। तथापि यी सम्पदा र संशाधनको समुचित सदुपयोग गरी पालिकाले निर्धारण गरेका समृद्धिका लक्ष्यहरू हासिल गर्नका लागि आवधिक योजना निर्माण गरिएको छ। नेपालको संविधान २०७२ को व्यवस्था अनुसार संघीय संरचना अनुरूप यो पालिकाले स्थानीय सरकारका रूपमा पालिकाको समृद्धिको यात्रामा रणनीतिक योजना बनाई अगाडि बढीरहेको छ। आवधिक योजना निर्माणका आधारका सन्दर्भमा नगरवासीको आवश्यकता, चाहना, यथार्थताका आधार र योजना तर्जुमा गोष्ठीमा सहभागी सरोकारवालाहरू बीच भएको छलफल, विचार विमर्ष र मस्तिष्क मन्थनका आधारमा सबै सहभागीहरूको एकमतका साथ चौरजहारी नगरपालिकाको ५ वर्षे दीर्घकालीन सोच निम्न अनुसार निर्धारण गरिएको छ :

"समृद्ध चौरजहारी: जनउत्तरदायी सरकार"

चौरजहारी नगरपालिकाले निर्धारण गरेका सोच पुरा गर्ने प्रमुख आधारहरू :

जनउत्तरदायी सरकारका आधारहरू	समृद्धिका आधारहरू
१. सबैको पहुँचयोग्य सार्वजनिक सेवा प्रवाह	१.स्थानीय आर्थिक विकास LED -Local Economic Development) क्षेत्रको पहिचान र परिचालन
२. राजनीतिक तटस्थता	२. मानव संशाधनको विकास तथा उपयोग
३. कार्यसम्पादनमा पारदर्शिता	३. प्राथमिकतामा आधारित उत्पादन तथा बजारीकरण केन्द्रीत भौतिक पूर्वाधार निर्माण
४. भष्ट्राचारमा शून्य सहनशीलता	४.आर्थिक उपार्जनमा समतामूलक सहभागिता र समानता
५. आधारभूत सेवा सुविधाको सुनिश्चितता	५. स्वच्छ वातावरण र स्वस्थ जीवन
६. जनमुखी भौतिक पूर्वाधारको निर्माण	
७. जनमुखी आर्थिक उपार्जनको विकास	
८. सामाजिक न्यायमा आधारित नगरपालिका निर्माण	

५.४.२.सोच पुरा गर्ने प्रमुख आधारहरू :

५.४.२.१ जनउत्तरदायी सरकारका आधारहरू

क) सबैको पहुँचयोग्य सार्वजनिक सेवा प्रवाह :

सार्वजनिक सेवा प्रवाह गर्नु सरकारको पहिलो दायित्व हो। लोकतान्त्रिक शासन व्यवस्थामा सरकार संविधान प्रदत्त अधिकारको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहमा पूर्णत: जवाफदेही हुनुपर्दछ। चौरजहारी नगरपालिका भित्र प्रदान गरिने सार्वजनिक सेवा प्रवाह स्थानीय सरकार स्वयमले, अर्धसरकारी निकाय तथा संस्थाका

माध्यमबाट, निजी सार्वजनिक साझेदारीका माध्यमबाट, गैरसरकारी संघसंस्थाका माध्यमबाट र सामुदायिक संघ संस्थाका माध्यमबाट नागरिकको दैनिक जीवनसँग सम्वन्धित सेवा, व्यवसायसँग सम्वन्धित सेवा, व्यक्तिको क्षमता विकाससँग सम्वन्धित सेवा, सामाजिक सुरक्षा व्यवस्थासँग सम्वन्धित सेवा, मानव कल्यान तथा हितसँग सम्वन्धित सेवा, पूर्वाधार विकाससँग सम्वन्धित सेवा, सूचना तथा सञ्चारसँग सम्वन्धित सेवा, सहजीकरण र नियमनसँग सम्वन्धित सेवा, सुरक्षात्मक सेवा, न्यायिक सेवा, अध्ययन तथा अनुसन्धानसँग सम्वन्धित सेवा, मनोरञ्जनसँग सम्वन्धित सेवा आदि सेवाहरू चौरजहारी नगरवासीको पहुँचयोग्य हुनेछन् ।

ख) राजनीतिक तटस्थता :

चौरजहारी नगरपालिका (दुई अभिन्न अंग जननिर्वाचित प्रतिनिधि र कर्मचारी प्रशासन)ले सम्पादन गर्ने कार्यहरू नीति निर्माण, योजना निर्माण, बजेट विनियोजन, सामाजिक सेवा प्रवाह र आर्थिक उपार्जनसँग सम्वन्धित क्रियाकलापहरूमा राजनीतिक आग्रह तथा पूर्वाग्रहबाट मुक्त रहनेछ । जननिर्वाचित प्रतिनिधि वैधानिक शासन प्रणाली, व्यवस्था, राजनीतिक अभ्यास र मूल कानुनप्रति प्रतिवद्ध भै राजनीतिक अभिभावकत्वमा रहेर तटस्थ भूमिका निर्वाह गर्ने र कर्मचारीले जुनसुकै दलको दर्शन बोकेका भएपनि विधिवत तरिकाले गठन भएको सरकारले निर्धारण गरेका लक्ष्यहरू हासिलका लागि आफ्नो जिम्मेवारीलाई व्यावसायिक तवरले तटस्थ रही कार्य सम्पादन गर्ने प्रणालीको विकास गरिनेछ । यी दुवैको आपसी सामञ्जस्यताबाट जनउत्तरदायी सरकारको आधार निर्माण हुनेछ ।

ग) कार्यसम्पादनमा पारदर्शिता :

चौरजहारी नगरपालिका तथा त्यसका निकायहरूले सम्पादन गर्ने कामकार्वाहीमा प्रक्रियागत सरलता, सहभागितामूलक कार्यप्रणाली, खुल्ला सरकारको प्रवद्धन, खुल्ला बैठक तथा छलफल, सूचनादाताको संरक्षण तथा अन्तर्क्रिया, नागरिक वडापत्रको प्रयोग, वेभसाइटको प्रयोग, नागरिक पृष्ठपोषण तथा परामर्श, सार्वजनिक सुनुवाइ, कार्य प्रगति र खर्च विवरणको सार्वजनिकीकरण, सूचना प्रविधिको प्रयोग र सूचना अधिकारीको व्यवस्थाको माध्यमबाट जनउत्तरदायी सरकार सञ्चालनका लागि आवश्यक शर्तका रूपमा स्वीकार गरी लागू गरिनेछ ।

घ) भष्ट्राचारमा शून्य सहनशीलता :

चौरजहारी नगरपालिका सरकारले सेवा प्रवाह, बजेट कार्यान्वयन, र पूर्वाधार निर्माण जस्ता पक्षहरूमा हुने आर्थिक अवचलनको नीतिलाई निष्तेज गरी भष्ट्राचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्नेछ ।

ङ) आधारभूत सेवा सुविधाको सुनिश्चितता :

नगरवासीका आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्य, खानेपानी, आवास जस्ता जनजीविकासँग सरोकारका विषयहरूको सुनिश्चितता गर्ने छ ।

च) जनमुखी भौतिक पूर्भाधारको निर्माण :

जनतासँग प्रत्यक्ष रूपमा जोडिएका र उनीहरूको जीवन पद्धतिको आधार बनेका सडक, पुल, विधुत, खानेपानी, सभाहल, सार्वजनिक आवास, मनोरञ्जनसँग सम्वन्धित भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।

छ) जनमुखी आर्थिक उपार्जनको विकास :

चौरजहारी नगरपालिकाभित्र रहेका न्यूनतम् प्राकृतिक स्रोत साधनको अधिकतम् सदुपयोग गरी कृषि, पर्यटन, साना किसान, कुटिर तथा घरेलु उद्योग, वनपैदावर जस्ता क्षेत्रहरूमा जनताको पहुँच वृद्धि गरी आर्थिक उपार्जनमा जोड्ने नीति लिइनेछ ।

ज) सामाजिक न्यायमा आधारित नगरपालिका निर्माण :

समानता: समाजमा सबैको समान हैसियत, सम्मान, पहिचान कायम गर्ने, समानतामा आधारित अवसरहरू प्रदान गर्ने, आर्थिक, न्यायिक, प्रशासनिक, राजनैतिक क्षेत्रमा समान सहभागिता गर्ने, कुनै पनि व्यक्ति, समुदाय, जाति, वर्ग, क्षेत्र, लिङ्ग उपर शोषण, दमन हुन नपाउने अवस्था सिर्जना गरी पालिकाले सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग, समुदायका मानिसहरूको संरक्षकको रूपमा समान व्यवहारको संवैधानिक, कानुनी तथा व्यवहारगत सुनिश्चितता प्रदान गरिनेछ । सुविधा, अवसर एवं लाभहरूको समान वितरण गरेर सामाजिक न्याय प्राप्तिका लागि सहजता प्रदान गरिनेछ ।

विभेदरहित समाज निर्माण: संघीय कानुनको अनुप्रयोग र पालिकाले निर्धारण गरेका कानुननी व्यवस्थामा आफ्ना नागरिकहरू बिच भेदभाव गर्न नपाउने र राज्यद्वारा निर्दिष्ट गरेका क्रियाकलापमा समेत भेदभाव गर्न नदिने मान्यता स्थापित गरिनेछ । सबै नागरिकलाई न्यायोचित र समानतामा आधारित भेदभावरहित व्यवहारको अनुभूति गराइनेछ ।

समावेशीकरण: राज्यको शासकीय, प्रशासकीय एवं व्यवस्थापकीय संयन्त्रमा पछाडि परेका/पारिएका जाति, वर्ग, क्षेत्र, लिङ्ग एवं समुदायलाई मूलप्रवाहिकरण गर्ने राज्यको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । यो प्रयासले पछि परेका जाति, वर्ग, क्षेत्र, लिंग र समुदायका नागरिकहरूलाई राज्यको शासन सञ्चालन, सार्वजनिक नीतिको तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा समान रूपमा सहभागी हुने अवसर प्रदान गर्नेछ । समावेशीकरण आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, लैङ्गिक अधिकार प्राप्तिको आधार भएकाले यसका माध्यमबाट नागरिकहरूले देशको साधनस्रोत, अवसर, सुविधा र लाभमा समान हिस्सेदारी र साझेदारी प्राप्त गर्न सक्नेछन् ।

विशेष संरक्षण: भौगोलिक दुरता र विकटता, सामाजिक सांस्कृतिक असचेतना, लैङ्गिक विभेद तथा अल्पसंख्यकता, शारीरिक अवस्था आदिका कारणबाट पछि परेका वा पारिएका वर्ग, क्षेत्र वा समुदायका नागरिकहरूलाई शसक्तीकरण गर्ने, संरक्षण गर्ने सारवान् समानतामा आधारित अवधारणा कार्यान्वयन गरिनेछ । यस्तो वर्ग, समुदायलाई प्राथमिकतामा राखी अन्य व्यक्ति वा वर्गको भन्दा विशेष व्यवहार गर्ने, निश्चित कोटा तोकेर एवं सशक्तीकरण गरेर राज्य प्रणालीमा सहभागिता सुनिश्चित गर्ने नीति लिइनेछ ।

आरक्षण: असमानहरूबिचको प्रतिस्पर्धाले झन् असमानता बढाउने तथा समानता ल्याउन नसक्ने स्पष्ट भइसकेकोले समान स्तरमा मात्र प्रतिस्पर्धा गराउने र असमान छन् भने आरक्षणको माध्यमबाट निश्चित कोटा निर्धारण गरी सामाजिक, आर्थिक, राजनीतिक लगायतका क्षेत्रमा पिछडिएको जाती, वर्ग, क्षेत्र, समुदायको सहभागिता सुनिश्चितता गर्ने संरक्षणवादी नीति कार्यान्वयन गरिनेछ ।

अन्य: यसैगरी जनचेतनामूलक कार्यक्रमहरूको माध्यमबाट, निजी क्षेत्र, नागरिक समाज र गैरसरकारी क्षेत्र बिच समन्वय र सहकार्यको माध्यमबाट एवं सूचनामा पहुँच स्थापित गर्दै कानुनको शासन र सुशासको स्थापना गरी सम्मान र सद्भावयुक्त समाजको निर्माण एवं विकास गरेर सामाजिक न्याय प्रदान गरिनेछ ।

५.४.२.२. समृद्धिका आधारहरू

क) स्थानीय आर्थिक क्षेत्र (LED) को पहिचान र परिचालन : चौरजहारी नगरपालिकाभित्र रहेका जल, जमिन, जंगल, कृषि उपज, बजारीकरण, औद्योगिकीकरण, सडक यातायात, पर्यटन तथा पर्यापर्यटन, खनिज, जडिवुटी, ऐतिहासिक सम्पदा, जस्ता हाल स्थानीय आर्थिक विकासको क्षेत्रमा भैरहेका क्रियाकलापहरू र सम्भावित आयआर्जनका क्षेत्रको पहिचान र परिचालन गरी नगरबासीको हित र कल्यानका लागि उपयोग गरिनेछ ।

ख) मानव संशाधनको विकास तथा उपयोग: चौरजहारी नगरपालिका भित्रका मानवसंशाधन क्षमताको पहिचान गरी समयको माग र श्रमका क्षेत्रहरूको आवश्यकताका आधारमा विषयगत दक्षता विकास गरी नगरको समृद्धिका लागि उपयोग गरिनेछ ।

ग) प्राथमिकतामा आधारित भौतिक पूर्वाधार निर्माण: नगरबासीको सेवा र सुविधाका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, विधुतीकरण, सुरक्षित सडक यातायात, सभाहल, खेलमैदान, पार्क, प्रतीक्षालय, औद्योगिक प्रतिष्ठान आदि भौतिक पूर्वाधारको प्राथमिकताका आधारमा निर्माण गरी समृद्धिको यात्रा अगाडि बढाइनेछ ।

घ) आर्थिक उपार्जनमा समतामूलक सहभागिता र समानता: नगरबासीको समृद्धिका लागि आर्थिक उपार्जनका क्षेत्रमा प्रत्येक व्यक्तिको योग्यता, क्षमता र सीपका आधारमा समान सहभागी हुने र अर्थोपार्जनमा समान अवसर प्रदान गरिनेछ ।

ङ) स्वच्छ वातावरण र स्वस्थ जीवन: चौरजहारी नगरपालिकाको प्राकृतिक वातावरणलाई स्वच्छ तथा सन्तुलित कायम गरिनेछ। प्रकृतिमैत्री विकास आयोजनाहरूको सञ्चालन, प्राकृतिक प्रर्यावरण र सम्पदाहरूको संरक्षण, अर्गानिक कृषि उपजको उत्पादन र उपभोगमा जोड दिइ प्राकृतिक योगा र शारीरिक व्यामका माध्यमबाट स्वच्छ वातावरणमा स्वस्थ जीवन जीउने आधार तयार गरिनेछ ।

५.४.३ दीर्घकालीन लक्ष्य

चौरजहारी नगरपालिकाको कृषि क्षेत्रको व्यावसायिकरण, सामाजिक, आर्थिक क्षेत्रको विकास, जलसम्पदाको उपयोग, पर्यटन क्षेत्रको विकास र विस्तार तथा पूर्वाधार निर्माणलाई अभियानका रूपमा अगाडि बढाउदै, विविधतायुक्त सामाजिक सांस्कृतिक वातावरणको संरक्षण, सम्बर्द्धन, सहभागितात्मक समावेशी समन्यायिक विकास प्रकृयाको माध्यमबाट जनतालाई उत्पादनका साधन र प्रतिफलमाथि पहुँच अभिवृद्धि गरी नगरपालिकावासीहरूको जीवनस्तरमा अपेक्षित सुधार ल्याई दिगो, समुन्नत, सुरक्षित र समृद्ध चौरजहारी नगरपालिका निर्माण गर्ने ।

५.४.४ उद्देश्यहरू

उल्लेखित दीर्घकालीन सोंच र लक्ष्यलाई मध्यनजर राखी चौरजहारी नगरपालिकाको आवधिक योजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

उद्देश्य १: नगरपालिका क्षेत्रमा सर्वसुलभ, आधुनिक र अन्तर पालिका, अन्तर जिल्ला तथा अन्तर प्रदेशसँग जोडने भौतिक पूर्वाधारहरूको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरूमा पहुँच सुनिश्चित गर्ने,

उद्देश्य २: नगरपालिकामा विद्यमान जल, जमिन, जङ्गल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट जनताको रोजगारी, आय अभिवृद्धि र जनजीविकाका अवसरहरू प्रवर्द्धन गर्ने,

उद्देश्य ३: नगरपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गर्दै असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास र सशक्तीकरण गर्ने र नगरपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्वर्द्धन गर्दै मौलिकतामा आधारित चौरजहारी नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने ।

उद्देश्य ४: नगरपालिकाको प्राकृतिक तथा सांस्कृतिक वातावरणीय धरोहरहरूको संरक्षण तथा संवर्द्धन गर्नुका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरूबाट उत्पन्न विपद्हरूको समुचित व्यवस्थापन गर्ने ।

उद्देश्य ५: नगरपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरू पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी वनाउने, नगरपालिका कार्यालय र वडाकेन्द्रहरूको संस्थागत क्षमता अभिवृद्धि गर्दै, स्थानीय जनताले प्राप्त गर्ने सेवा तथा अवसरहरू सहज तथा प्रभावकारी, निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गर्ने र संस्थागत विकासका प्रयासहरूलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउने ।

५.४.५ समग्र रणनीति तथा कार्यनीतिहरू

उद्देश्य १: सँग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू
उद्देश्य १: नगरपालिका क्षेत्रमा सर्वसुलभ, आधुनिक र अन्तर पालिका, अन्तर जिल्ला तथा अन्तर प्रदेश जोड्ने भौतिक पूर्वाधार विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरूमा पहुँच सुनिश्चित गर्ने,
रणनीतिहरू
• नगरपालिका भित्रका प्रमुख सडकहरूको निर्माण, पुल, सामुदायिक भवन र नगरपालिकाको भवन निर्माण गर्न प्रदेश तथा केन्द्र सरकारसँग साझेदारी गर्ने, • विद्युत, टेलिफोन र इन्टरनेट गुणस्तरीय सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने, • भौतिक पूर्वाधारहरूको विकासको दीर्घकालीन नीति अबलम्बन गर्ने, • भू-उपयोगको योजना तयार गरी कार्यान्वयन गर्दै जाने, • वडास्तरका सडक तथा अन्य पूर्वाधारहरू निर्माण र मर्मतका साथै स्थानीय स्रोत साधन र सम्भावनाको खोजी गरी उपयोग गर्ने ।
कार्यनीतिहरू
• भौतिक पूर्वाधार विकासको गुरूयोजना तयार गर्ने, • चौरजहारी नगरबासीलाई बाह्रै महिना भरपर्दो र सुरक्षित यात्रा सुनिश्चित गर्न नगरपालिकाभित्रका प्रमुख सडकहरू नुवाकोटडाँडा-खोलागाउँ चौरजहारी सडक खण्ड, नुवाकोटडाँडा -तिमिले-जोगीनेटा -खागल चौरजहारी सडक खण्ड, विजयश्वरी-मानाकोट- खोलागाउँ-भुरूङखोला-साक्चाखोला-नुवाकोट डाँडा सडक खण्ड गरी जम्मा तीनवटा नगरस्तरका सडक राष्ट्रिय मापदण्ड अनुसारका बनाई कालोपत्रे गर्ने, • मुख्य सडकबाट वडापालिका केन्द्र र सबै बस्तीहरूमा जोडने ग्रामीण सडकको निर्माण गर्ने, • मोटरेबल पुल, झुलुङ्गे पुल, सामुदायिक भवनहरू निर्माण गर्ने, • सार्वजनिक सेवा प्रवाहका लागि नगर तथा वडाहरूमा आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण गर्न प्रदेश र संघीय सरकारको पर्याप्त लगानी सुनिश्चित गर्ने, • राष्ट्रिय प्रशारण लाइन विस्तारका लागि विद्युत प्रशारण सब स्टेशनको निर्माण गरी विद्युत नपुगेका वडा र बस्तीहरूमा विद्युत पुऱ्याउने, • गुणस्तरीय इन्टरनेट तथा टेलिफोन सेवाका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने, • भू-उपयोग योजना अनुसार बस्ती विकासको सम्भाव्यता अध्ययन गर्ने र स्थानीय जनतासँग सहकार्य गर्ने, • चौरजहारीका नदी वेंशीहरूमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने, • नगरपालिका र वडा भवनहरू निर्माण गरी सेवा प्रवाह गर्ने,

- आकस्मिक विपद् जोखिमलाई उद्धार तथा राहतका लागि पालिकाको केन्द्र भागहरूमा हेलिप्याड निर्माण गर्ने,
- यस्ता पुर्वाधार निर्माण गर्दा बोटविरूवामा हुने क्षेतिको परिपूर्तिको लागि सडकको दायाँबायाँ तथा तलमाथि वृक्षारोपण (बायोइन्जिनियरिङ्ग) गर्ने,
- निर्माण पूर्वाधारहरूको आकस्मिक क्षति पुग्दाको अवस्थामा मर्मत सम्भार गर्न निर्माण लागतको २ प्रतिशतका दरले जम्मा गर्ने गरी मर्मत सम्भार कोष स्थापना गर्ने,
- सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल र गुणस्तरीय बनाउन आवश्यक भौतिक पूर्वाधारहरू अत्याधुनिक निर्माण गर्ने ।

उद्देश्य २:सँग सम्वन्धित रणनीति तथा कार्यनीतिहरू

उद्देश्य २: नगरपालिकामा विद्यमान जल, जमिन, जङ्गल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट जनताको रोजगारी, आय अभिवृद्धि र जनजीविकाका अवसरहरू प्रवर्द्धन गर्ने,

रणनीतिहरू

- मुख्य गरी सबैले प्रत्याभूति गर्ने गरी स्वरोजगारी र आर्थिक विकासलाई पहिलो प्राथमिकतामा राखिने छ ।
- स्थानीय आर्थिक विकासका क्षेत्रको पहिचान र परिचालन गर्ने,
- कृषि तथा पशुपालनको विकासमा स्थानीय जनतासँग सहकार्य गर्ने साथै यस क्षेत्रमा अगाडि बढ्न चाहने व्यवसायीहरूलाई नगरपालिकाले प्राविधिक सहयोग र वित्तीय क्षेत्रमा पहुँच वृद्धि गर्ने,
- पर्यटन क्षेत्रको विकासका लागि गुरूयोजना निर्माण गरी समग्र चौरजहारी नगरपालिकाको विद्यमान सामाजिक तथा सांस्कृतिक सम्पदाहरूको अधिकतम् उपयोग गर्ने,
- स्थानीय स्रोतसाधनमा आधारित उद्योग तथा व्यवसायहरूको विकासका लागि भौतिक पूर्वाधारको निर्माण र संस्थागत व्यवस्था मिलाउने,
- पर्यटन उद्योग र जलस्रोतको विकास निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने ।

कार्यनीतिहरू

- स्थानीय स्रोतको पहिचान र उपयोगको लागि विस्तृत स्रोत सर्भेक्षण र नक्सांकन गर्ने,
- पर्यटन क्षेत्रको विकास दीर्घकालीन गुरूयोजनाका आधारमा निजी क्षेत्रको सहकार्यमा गर्ने,
- कृषि र पशुपालनको विकासका लागि पकेट क्षेत्रहरू निर्धारण गर्ने र नगरपालिकाबाट सम्बद्ध पकेट क्षेत्रहरूमा आवश्यक प्रविधि, प्राविधिक सेवा र वित्तीय सहायता पुऱ्याउने,
- नगरपालिकाभित्र छरिएर रहेका स्थानीय स्रोतसाधनहरूको पहिचान गरी उद्योग तथा व्यवसायहरू स्थापनामा साझेदारी सहित भौतिक तथा संस्थागत कार्य गर्ने,
- पर्यटन उद्योग र जलविद्युतको विकास निजी क्षेत्रसँग साझेदारी गरी उत्पादन कार्य गर्ने ।
- कृषि र पशुपालनका पकेट क्षेत्रहरूको विकास गरी आधुनिक व्यावसायिक खेती तथा पशुपालन फर्महरू सञ्चालन गर्ने,
- प्रत्येक वडामा कृषि र पशुपालन सम्बन्धी प्राविधिक सेवा र सुबिधा उपलब्ध गराउने,

- नुवाकोट डाँडा, तिमिले, जोगिनेटा, खागल, जहारीगाउँ लगायतका पालिकाकाको उपल्लो स्थानहरूमा व्यवसायिक फलफूल खेती तथा जडिबुटी खेतीको सम्भाव्यता अध्ययन गरी फर्महरू स्थापना गर्ने,
- कृषि तथा पशु उत्पादनमा पकेट क्षेत्रको अवधारणा अनुसार व्यावसायीकरण गर्न यसका लागि तालिम, लागत सहभागिता, बीऊ पूँजी, उत्पादन तथा बाली संरक्षणमा आधारित अनुदान प्रदान गर्ने,
- कृषि तथा पशुपंछी विकासलाई निर्वाह मुखी बाट कृषि एक उद्यमको रूपमा विकास (Agriculture as Enterprise) गर्ने,
- पशुहरूको गोठ/खोर सुधार र मुत्र संकलन तथा प्राङ्गारिक मल तथा जैविक विषादीका रूपमा उपयोग गर्न कृषकहरूलाई सहजीकरण गर्ने,
- कृषिको व्यावसायीकरणलाई मद्दत पुग्ने गरी विभिन्न विकल्पबाट सिंचाई सुबिधा वृद्धि गरी हाल सिंचाइ सुविधा भएको जमिनको प्रतिशत बढाउने,
- कृषि क्षेत्रको व्यावसायिकरण र यान्त्रीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुजी र पूर्वाधारमा सहयोग गर्ने,
- ग्रामीण श्रमको उपयोग वृद्धि गरी कृषि तथा पशु सेवा कार्यकर्ता तयारी र परिचालन गर्ने,
- बेरोजगार जनशक्तिलाई विकास निर्माण कार्यमा अधिकतम् मात्रामा परिचालन गरी समान काम र आयका लागि विदेश जाने वातावरणको न्यूनीकरण गर्ने,
- उत्पादित वस्तुको बजारीकरणका लागि त्यसता स्थानबाट बजारसम्मको सहज पहुँचका लागि ग्रामीण कृषि सडकको निर्माण गर्ने,
- कृषि उपजजन्य वस्तुको दिगो सुरक्षा र भण्डारणका लागि शीतगृह निर्माण गर्ने,
- चौरजहारी नगरवासीको आवश्यकतालाई परिपूक्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि **हाम्रो लागि हामै उत्पादन** अभियान संचालन गरी पालिकालाई आत्मनिर्भर बनाउने,
- नगरको बेरोजगार समस्याको न्यूनीकरण गर्न पालिकाले सीपमा आधारित स्वरोजगार कार्यक्रम संचालन गरी १००० युवाहरूलाई विभिन्न किसिमका उद्यम संचालन गराउने,
- निरपेक्ष गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी गरिबी निवारणका कार्यक्रम लागू गर्ने,
- पालिकामा उद्योग ग्राम स्थापना गरी स्थानीय स्रोतमा आधारित उद्योगहरू सञ्चालन गर्ने,
- चौरजहारीबासी जनताको औषत पारिवारिक प्रतिव्यक्ति आम्दानी राष्ट्रिय औषत आम्दानी बराबर बनाउने,
- स्थानीय र बाह्य बजार प्रवर्द्धन गर्न संकलन केन्द्रहरूको स्थापना गर्ने,
- किसानका उत्पादनहरूलाई पालिकाका मुख्य उत्पादन क्षेत्रदेखि नजिकका ठूला बजार सुर्खेत र दाङसम्म जोडनका लागि आपूर्ति संजाल निर्माण गर्ने
- समान उद्देश्य भएका सहकारीहरूलाई मर्ज गरी पुजी र सीपलाई एकीकृत गरी परिचालन गर्ने,
- किसान तथा व्यवसायीहरूलाई सरल कर्जामा पहुँच वृद्धि गर्न वित्तीय संस्थाहरूसँग सहजीकरण गर्ने,

चौरजहारी नगरपालिका

- पर्यटन गुरूयोजनाका आधारमा पर्यटन स्थलहरूको पहिचान गरी ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक, जलसम्पदा, पर्यावरणीय सुन्दरता र प्राचीन संस्कृति तथा सम्पदाहरूको संरक्षण, सम्वद्धन र आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने,
- प्रमुख पर्यटकीय पदमार्गहरूको निर्माण, स्तरोन्नति र नक्शाङ्कन गरी प्रमुख पहाडी चुचुराहरूमा पर्यटकीय दृष्यावलोकन स्थलहरू निर्माण तथा होमस्टेको व्यवस्था सहित चौरजहारीका कम्तिमा ५ वटा गाउँहरूलाई नमूना पर्यटकीय गाउँको रूपमा विकास गर्ने,

उद्देश्य ३ सँग सम्बन्धित रणनीतिहरू

उद्देश्य ३: नगरपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गर्दै असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास र सशक्तीकरण गर्ने र नगरपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्वर्द्धन गर्दै मौलिकतामा आधारित चौरजहारी नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने,

रणनीतिहरू

- सामाजिक सुसम्पन्नतालाई प्रमुख रूपमा कायम गर्ने,
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने,
- उच्च तथा प्राविधिक शिक्षाको अवसरहरू बढाउने,
- युवाहरूलाई खेलकुदको माध्यमबाट नगरपालिकाको गौरब वृद्धिमा सरिक गराउने,
- सामाजिक सुरक्षा र न्याय प्रवर्द्धन गर्ने,
- परम्परागत मौलिक संस्कृति, भाषा र परम्पराको जगेर्ना गर्ने,
- स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने,
- सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अबलम्बन गर्ने ।

कार्यनीतिहरू

- विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालयहरूको आधुनिक भौतिक पूर्वाधार, सुविधायुक्त डेस्कबेञ्च, स्मार्ट बोर्ड, विषयगत प्रयोगशालाहरू निर्माण, दक्ष शिक्षक व्यवस्थापन, शैक्षिक सामग्रीहरूको उपलब्धता मूल्याङ्कन प्रकृयामा सुधार गर्ने र नगरपालिकाबाट निरन्तर अनुगमन गर्ने,
- आधारभूत र माध्यमिक शिक्षामा ब्यापक सुधार गरी प्रत्येक वडामा कम्तिमा १ वटा आवासीय नमूना विद्यालय सञ्चालन गर्ने,
- प्राविधिक शिक्षालयलाई बहुउद्देश्यीय विद्यालयमा रूपान्तरण गरी सञ्चालन गर्ने,
- विद्यालय छाडेका किशोर किशोरीहरूलाई जीवनउपयोगी सीप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउने,
- निरक्षरता उन्मूलन गर्न साक्षरता कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने,
- शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारमा स्थानीय जनता, गैरसरकारी संस्था र शिक्षा तथा स्वास्थ्य कर्मीहरूसँग सहकार्य गर्ने,
- दिगो विकास लक्ष्यअनुसारको शतप्रतिशत साक्षरता वृद्धि गर्ने

- विद्यालय उमेरदेखि नै बालबालिकालाई खेलकुदमा लगाउन खेलकुद शिक्षकको व्यवस्थापन गरी विभिन्न समयमा खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने,
- खेलकुदलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाइ नगरपालिका भित्रका युवा क्लबहरू र उनीहरूका खेलकुद क्रियाकलापहरूलाई भौतिक तथा वित्तीय सहयोग मार्फत सुदृढ गर्ने,
- खेलकुदको विकासलाई जोड दिन एक वार्ड एक भलिवल मैदान र एक वार्ड एक कभर्डहल निर्माण र चौरजहारीमा समग्र खेलकुदका लागि भौतिक पूर्वाधार खेल मैदान निर्माण गर्ने,
- प्रत्येक वडामा दक्ष जनशक्ति र सुविधासम्पन्न पूर्वाधार सहित स्वास्थ्य संस्थाहरू स्थापना गर्ने, भैरहेका स्वास्थ्य संस्थाहरूको स्तर वृद्धि गर्दै १५ शैयाका २ वटा अस्पताल सञ्चालन गर्ने,
- प्रत्येक स्वास्थ्य संस्थामा Birthing Centre र आधारभूत प्रयोगशालाको सेवा उपलब्ध गराउने,
- स्वास्थ्य सेवालाई बढी सहज र सेवाहरूको स्तरोन्नती गर्ने ।
- मातृशिशु मृत्युदरमा उल्लेख्य कमी ल्याउने,
- पोषणको अवस्था सुधार गर्न **एक घर एक घरबारी** कार्यक्रम संचालन गर्ने,
- स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था गर्न एक घर एक खानेपानी धारा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न संघ, प्रदेश र गैरसरकारी संस्थाहरूसँग साझेदारी गरी हरेक घरमा स्वच्छ र शुद्ध खानेपानी (१ घर १ धारा) को सुविधा सुनिश्चित गर्ने,
- सरसफाइलाई जनताको बानीको रूपमा विकास गर्ने,
- विभिन्न जातजातिहरूको भाषा, कला र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा निरन्तर सहयोग गर्ने,
- दलित तथा विपन्नहरूको आवास र जनजीविका सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने,
- चौरजहारी नगरपालिकाभित्र हुने कार्यक्रमहरूमा स्थानीय मौलिक संस्कृति र साधनहरूको उपयोग गर्ने,
- महिला हिंसा लगायत घरेलु हिंसाहरूको उल्लेख्य रूपमा कमी ल्याउने,
- बृद्ध, अपाङ्ग, असक्त र असहायहरूको आत्म सम्मान सहितको सामाजिक सुरक्षा सुनिश्चित गर्ने,
- सामाजिक, लैंगिक तथा जातीय विभेद अन्त्य गर्न सो अनुकूलका योजना र गतिविधिहरू अगाडि बढाउने,
- लैङ्गिक तथा सामाजिक समावेशीकरण व्यावहारिक बनाउन नीतिगत र कार्यक्रम कार्यान्वयनका प्रत्येक चरणमा ध्यान दिने,
- विभिन्न जातजातिका भाषा, कला, संस्कृति, भेषभूषा, साहित्य र संस्कारको संरक्षण गरी जात, धर्म, लिङ्ग, वर्ग र वर्णका आधारमा हुने भेदभाव अन्त्य गर्दै सबैले सामाजिक सम्मान पाउने वातावरण निर्माण गर्ने,
- पालिकाको मानव विकास सूचकाङ्क राष्ट्रिय सूचकाङ्कको हाराहारीमा पुऱ्याउने,
- नगरबासीको आर्थिक र सामाजिक पक्षलाई सबलीकरण गर्दै सुसम्पन्नताको विकासलाई सँगसँगै लग्ने र
- नगरपालिकाको समग्र क्षेत्रको विकासमा सामाजिक रूपमा पछि परेका र पारिएका बहिस्कृत तथा सीमान्तकृत समुदायलाई केन्द्रबिन्दुमा राखिने ।

चौरजहारी नगरपालिका

उद्देश्य ४: सँग सम्बन्धित रणनीतिहरू
उद्देश्य ४: नगरपालिकाको प्राकृतिक, वातावरणीय तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गर्नुका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरूबाट उत्पन्न विपद्हरूको समुचित व्यवस्थापन गर्ने,
रणनीतिहरू
• चौरजहारीका प्राकृतिक, वातावरणीय र सांस्कृतिक स्रोतहरूको सूची (Inventory) अद्यावधिक गर्ने, • पर्यटन लगायत आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दा दिगो विकासको मान्यतालाई अवलम्बन गर्ने, • प्राकृतिक तथा सांस्कृतिक मौलिकतालाई संरक्षण गर्न स्थानीय रैथाने प्रविधिको अधिकतम् उपयोग गर्ने, • प्राकृतिक विपत्ती र मानवीय विपद्हरूको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने, • विपद् व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गर्न सम्बद्ध संस्थाहरूसँग सहकार्य गर्ने ।
कार्यनीतिहरू
• विपद व्यवस्थापन, वातावरण संरक्षण तथा प्रवर्द्धन गर्ने • चौरजहारीका प्राकृतिक, वातावरणीय र सांस्कृतिक स्रोतहरूको अध्ययन गरी स्रोत नक्सांकन र व्यावसायिक प्रर्वद्धन गर्ने, • प्राकृतिक र सांस्कृतिक सम्पदाहरूलाई पर्यटन र आर्थिक विकास कार्यक्रमहरूसँग आबद्ध गर्ने, • दिगो विकासको अवधारणा अनुसार प्राकृतिक र सांस्कृतिक स्रोतहरूको संरक्षण गर्ने, • मौलिक संस्कृति, परम्परा, खानपान, पहिरन, चाडपर्वहरूलाई पर्वद्धन गरी पर्यटन विकास गर्ने । • आर्थिक विकासका कार्यक्रमहरूमा स्थानीय स्रोत साधन, प्रविधि र ज्ञानको अधिकतम् प्रयोग गर्ने, • प्राकृतिक विपत्ती र मानवीय विपद्बारे जनचेतना अभिवृद्धि गर्ने, • विद्यालय स्तरमा प्राकृतिक विपत्ती र मानवीय विपद्बारे नियमित कार्यक्रमहरू सञ्चालन गर्ने, • विपद् व्यवस्थापनको लागि वडा स्तरमा विपद् कोष खडा गर्ने र कोषको परिचालन मार्फत स्थानीय स्तरमा आइपर्ने विपद्को सामना गर्न भौतिक क्षमता विकास गर्ने, • विपद् पछिको पुर्नस्थापनाको लागि आवश्यक संस्थागत, भौतिक र कानुनी संरचनाको विकास गर्ने, • हराभरा चौरजहारी बनाउन सडक किनारामा वृक्षारोपण गर्नुका साथै सार्वजनिक खाली जमिनमा वृक्षारोपण गरी वनको क्षेत्र बढाउने, • खाली रहेका सार्वजनिक स्थानहरूको संरक्षण, सम्वद्धन र दिगो उपयोगको नीति निर्माण गर्ने, • जलवायु अनुकूलनका उपायहरू अवलम्बन गर्ने, • प्राकृतिक प्रकोपका घटनाको न्यूनीकरणका लागि वन तथा प्राकृतिक वातावरणको उचित संरक्षण गरी वातावरणमा सन्तुलन कायम गर्ने, • मानव सिर्जित कारणहरूबाट हुने मानवीय र स्वास्थ्य सम्बन्धी विपद्हरूमा कमी ल्याउने, • विपद् पूर्व सूचना प्रणालीको विकास गर्ने, • विपद् व्यवस्थापन तथा उद्धारका लागि क्षमता अभिवृद्धि गर्ने,

- जोखिमयुक्त पहिरो भू-क्षय र नदी कटान भएका क्षेत्रहरूको पहिचान गरी समुचित व्यवस्थापन गर्ने,

उद्देश्य ५ सँग सम्बन्धित रणनीतिहरू

उद्देश्य ५: नगरपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरू पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी वनाउने, नगरपालिका कार्यालय र वडा केन्द्रहरूको संस्थागत क्षमता अभिवृद्धि गर्दै, स्थानीय जनताले प्राप्त गर्ने सेवा तथा अवसरहरू सहज, प्रभावकारी र निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गर्ने र संस्थागत विकासका प्रयासहरूलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउने ।

रणनीतिहरू

- मानव संसाधनको विकास, परिचालन र सुशासन सहितको चुस्त सेवा प्रवाह गर्ने
- नगरपालिकाको आन्तरिक राजश्व वृद्धि गर्ने उपायहरू खोजी गर्दै वित्तीय आत्म निर्भरतातर्फ अघि बढाउने,
- केन्द्र र प्रदेश तथा अन्य स्रोतहरूबाट प्राप्त वित्तीय स्रोतको मितव्ययी र परिणाममुखी सदुपयोग गर्ने,
- विकेन्द्रीकरणको अवधारणाअनुसार नगरपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने,
- जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अबलम्बन गर्ने,
- नगरपालिकाबाट हुने निर्णय र सेवा प्रवाहमा पारदर्शिता जवाफदेहिता र समयवद्धतालाई अबलम्बन गर्ने,
- सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता र जवाफदेहितालाई अबलम्बन गर्ने,
- जनताको जीउधनको सुरक्षालाई उच्चतम् प्राथमिकता दिने ।

कार्यनीतिहरू

- नगरपालिकाको आन्तरिक वित्तीय स्रोतको वृद्धिका लागि विभिन्न विकल्पहरूको खोजी गरी क्रमशः लागू गर्ने,
- कर तथा शुल्कहरू वृद्धि गर्दा न्यायपूर्ण र दिगो वृद्धिलाई आधार बनाउने,
- आधुनिक डिजिटल प्रविधिको प्रयोगबाट नगरपालिकालाई सुसज्जित गर्दै सेवा प्रवाहमा सरलीकरण र प्रभावकारिता ल्याउने,
- नगरपालिकाबाट बनाइने ऐन नियमहरू जनमुखी र समावेशी प्रकृतिका बनाउने,
- नगरपालिकाबाट हुने सेवा प्रवाहका कार्यहरूलाई क्रमशः वडा केन्द्रहरूमा विकेन्द्रीकरण गर्ने,
- सबै वडा केन्द्रहरूलाई भौतिक र जनशक्तिका हिसाबले साधन स्रोत सम्पन्न बनाउने,
- विकास कार्यहरूलाई सहभागितामूलक र समावेशी आधारहरूमा अगाडि बढाउने,
- नगरपालिकामा हुने विकास निर्माणका कामहरूमा स्थानीय भौतिक तथा मानवीय स्रोतहरूको अधिकतम् उपयोग गर्ने,
- विकास निर्माण कार्यहरूको सार्वजनिक लेखा परीक्षण (Public Auditing) गर्ने,
- नगरपालिकामा हुने विकास निर्माणमा दोहोरो पन र पक्षपात हुन नदिन नगरपालिका कार्यालयले समन्वयकारी भूमिका निर्वाह गर्ने,

- नगरपालिकाभित्र जनताको जीउधनको सुरक्षाको लागि सुरक्षा व्यवस्था मिलाउने,
- नगरपालिकाको आन्तरिक वित्तीय स्रोत वार्षिक बजेटको कम्तिमा १० प्रतिशत पुऱ्याउने,
- योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा जनताको सहभागिता वृद्धि गर्ने,
- वार्षिक बजेटमा आधारित पुजीगत विकास खर्च शतप्रतिशत गर्ने,
- नगरपालिकाको आयव्ययको कारोबार पूर्ण रूपमा बैंकिङ्ग प्रणालीबाट सञ्चालन गर्ने,
- Digital Apps मार्फत नगरपालिकाका सेवा, सुविधाहरू र प्रकृयाहरूको जानकारी सर्बसाधारणलाई गराउने,
- नगरपालिका अन्तर्गतका कार्यालय तथा शाखाहरू र वडा कार्यालय निर्माण गरी सेवा प्रवाहलाई सहज बनाउने,
- नगरपालिकाबाट प्रदान गरिने नागरिक सेवाहरूमा चुस्तता ल्याउन कर्मचारीहरूको पेशागत दक्षतामा वृद्धि गर्ने,
- प्रभावकारी सेवा प्रवाहको वातावरण निर्माण गरी उच्च मनोवलका साथ काम गर्नका लागि कर्मचारीको सेवा सुविधामा वृद्धि गर्ने,
- नगरपालिका भित्रका जनताको जीउधनको सुरक्षाको प्रत्याभूति र असामाजिक तथा फौजदारी अपराध कार्यमा कमी ल्याउने,
- कृषि क्षेत्रको विकासका लागि ग्रामीण कृषि तथा पशु सेवा कार्यकर्ता तयार गरी परिचालन गरेर सेवा प्रवाहमा सहजता ल्याउने,
- खानेपानी आपूर्तिलाई चुस्त बनाउन प्रत्येक वडामा खानेपानी उपभोक्ता समूहबाट दुई जना ग्रामीण खानेपानी मर्मत संभार कार्यकर्ता छनौट गरी परिचालन गर्ने,
- वित्तीय जवाफदेहिता र मितव्ययिता कायम गरी वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्ने ।

५.५ अपेक्षित नतीजा/उपलब्धिहरू

१. आर्थिक विकासको लक्ष्य तथा गन्तव्यका सूचकहरू

नतिजा तहहरु	आर्थिक उपलब्धिका सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य
प्रभाव	१.दुई वर्ष मुनिका बालबालिका कुपोषित संख्या	३८	शुन्यमा झार्ने
	२.बार्षिक न्यून आय सरदर रु ४०,००० भन्दा कम भएका परिवारको संख्या कमी भएको	४७५५ परिवार (नगर पार्श्वचित्र २०७४)	२००० मा झार्ने
	३.बार्षिक सरदर आय रु ४० हजार देखी १,००,००० सम्म आय भएका परिवारको संख्या वृद्धि भएको हुँनेछ ।	७२८ परिवार (नगर पार्श्वचित्र २०७४)	२५०० पुऱ्याउँने

	४.बेरोगारको संख्या कमी भएको	२९९२ (चौ.न.पा)	१२०० मा झार्ने
असर	५.समग्रमा आफ्नो उत्पादनले १२ महिना खान र बेच्न पुग्ने परिवारको संख्या बढेको हुँनेछ ।	१३८१ (न.पा.को रेकर्ड)	२५०० पुऱ्याउँने
	६.आफ्नो उत्पादनले ० देखी ३ महिना सम्म मात्र खान पुग्ने परिवार संख्या घटेको हुँनेछ ।	८२८ (न.पा.को रेकर्ड)	२२८ मा झार्ने
	७.आफ्नो उत्पादनले ४ देखी ६ महिना सम्म मात्र खान पुग्ने परिवार संख्या बढेको हुँनेछ	९९४ (न.पा.को रेकर्ड)	१५९४
	८.आफ्नो उत्पादनले ७ देखी ९ महिना सम्म मात्र खान पुग्ने परिवार संख्या बढेको हुँने छ	१०४९ (न.पा.को रेकर्ड)	१८०० पुऱ्याउँने
	९.आफ्नो उत्पादनले १० देखी १२ महिना सम्म मात्र खान पुग्ने परिवार संख्या बढेको हुँने छ ।	७१८ (न.पा.को रेकर्ड)	१५०० पुऱ्याउँने
	१०.वैदेशिक रोजगारिमा जानेको संख्या घटको हुँनेछ ।	१२१६ (पालिका पार्श्वचित्र)	५१० मा झार्ने
सि.नं	**आर्थिक उत्पादनका लक्ष्य तथा गन्तव्यका सूचकहरू**	**आधार वर्ष २०७८/२०७९को अवस्था**	**२०८३/२०८४ सम्मको लक्ष्य**
१	माछा तथा मासु उत्पादन	१३२५ मे.टन (नगरपालिका)	थप ५०४ मे.टन समेत १७२९ मे.टन पुऱ्याउँने
२	खसी बाखा तथा भेडाको संख्या	३०००० (नगरपालिका)	थप २२२५० समेत ५२२५० पुऱ्याउँने
३	कूल चरा जाती २४८५८ (नगर पार्श्वचित्र २०७४) मध्ये कुखुरा, हाँस, कालिज तथा बट्टाको संखया	५७००० (नगरपालिका)	थप ४०३००० समेत ४६०००० पुऱ्याउँने
४	बंगुरको संख्या वृद्धि हुँने छ ।	२३८ (नगर पार्श्वचित्र २०७४)	थप ३२५ समेत ५६३ पुऱ्याउँने
५	बार्षिक दुध उत्पादनमा वृद्धि हुँने छ ।	???	७२१२० लिटर पुऱ्याउँने
६	गाई भैरसीको संख्या ११८९६ (नगर पार्श्वचित्र २०७४) मध्दे दुध दिने गाई भैसीको संख्या वृद्धि हुँने छ ।	७५०० (नगरपालिका)	थप ६२३० समेत १३७३० संख्या पुऱ्याउँने

चौरजहारी नगरपालिका

७	अण्डा उत्पादन	३५४२५ गोटा (न.पा.अनुमान)	थप ३०००० समेत ६५४२५ गोटा पुऱ्याउँने
८	आलु उत्पादनमा	६७४२५ मे.टन (पालिका पार्श्वचित्र २०७४)	थप ४००० मे.टन समेत ७१४२५ मे.टन
९	फलफूल उत्पादन	??	थप ४३९२ मे.टन
१०	तरकारी उत्पादन	??	थप ३३९६ मे.टन
११	मकै, भटमास तथा तरकारीको बीऊ उत्पादन	?????	????
१२	खाद्यान्न उत्पादन	??	थप १००० मे. टन उत्पादन
१३	उद्यम स्थापना	१५० (न.पा. रेकर्ड)	थप ९५० गरी ११०० पुऱ्याउँने
१४	सहकारीमा आवद्ध हुनेको संख्या	३९१० (न.पा. रेकर्ड)	थप २०० समेत ४११० पुऱ्याउँने
१५	थप उद्यम व्यवसाय तथा श्रम तथा रोजगारी बाट थप रोजगारी सिर्जना	??	१००० नयाँ रोजगारी सिर्जना हुँने
१६	सिँचाई हुने जमीनको क्षेत्रफल बढेको हुँनेछ	२८ (न.पा.को जानकारी)	६५ प्रतिशत
१७	बाह्रै महिना सिंचाई पाउने कृषक परिवार संख्या बढेको हुँनेछ	१९०३ (पालिका पार्श्वचित्र)	४७९८ परिवार
१८	बाह्रै महिना सिंचाई नपाउने किसान परिवार संख्या घटेको हुँनेछ ।	३७१० (पालिका पार्श्वचित्र)	८१५ परिवार

२. सामाजिक विकासका लक्ष्य तथा गन्तव्यका सूचकहरू

नतिजा तहहरु	सामाजिक विकासका उपलब्धिका सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य
प्रभाव	१.साक्षरता दर बढेको हुँनेछ	९७ प्रतिशत (पालिका)	१०० प्रतिशत पुऱ्याउँने
	२. शिशु मृत्यु दर घटेको हुँनेछ	१००० मा ५ (नगरपालिका)	शुन्यमा झार्ने
	३. वाल मृत्यु दर घटेको हुँनेछ	१००० मा १७ (नगरपालिका)	शुन्यमा झार्ने
	४. मातृ मृत्यु दर घटेको हुँनेछ	१००००० मा ० (नगर पालिका)	यथावत कायम राख्ने
असर	१. प्रारम्भिक बालविकास कुल भर्नादरमा वृद्धि भएको हुँनेछ ।	९६ प्रतिशत (नगरपालिका)	९९ प्रतिशत पुऱ्याउँने

	२. प्रारम्भिक बालविकास खुद भर्ना दरमा वृद्धि भएको हुँने छ ।	९६ प्रतिशत (नगरपालिका)	९९ प्रतिशत पुऱ्याउँने
	३.आधारभूत तहमा कुल भर्ना दरमा वृद्धि भएको हुँने छ ।	८८ प्रतिशत (नगरपालिका)	९९ प्रतिशत पुऱ्याउँने
	३.आधारभूत तहमा खुद भर्ना दरमा वृद्धि भएको हुँने छ ।	८० प्रतिशत (नगरपालिका)	९५ प्रतिशत पुऱ्याउँने
	४.माध्यमिक तहमा कुल भर्ना दरमा वृद्धि भएको हुँने छ ।	५८ प्रतिशत (नगरपालिका)	९५ प्रतिशत पुऱ्याउँने
	५.माध्यमिक तहमा खुद भर्ना दरमा वृद्धि भएको हुँने छ ।	३६ प्रतिशत (नगरपालिका)	५४ प्रतिशत पुऱ्याउँने
	६. हिंसामा परेका महिलाको संख्यमा कमि आएको हुँनेछ ।	१६८ (नगरपालिका)	शुन्यमा झार्ने
	७. बाल विवाहको अवस्थामा सुधार आउको हुँनेछ	११३ जना (पालिका)	१० मा झार्ने
	८. सुरक्षित पिउँने पानीमा पहुच वृद्धि गर्ने	४८१७ (नगर पार्श्वचित्र २०७४)	६५०० पुऱ्याउँने
	९.घरमै प्रसुती हुनेको संख्या घटेको हुँनेछ	१८	० मा झार्ने
सि.नं	**सामाजिक विकासका लक्ष्य तथा गन्तव्य र सूचकहरु**	**आधार वर्ष २०७८/२०७९ को अवस्था**	**२०८३/२०८४ सम्मको लक्ष्य**
१	१५ बर्ष माथिको निरक्षर जनसंख्या घटेको हुँनेछ	७३८ (नगर पार्श्वचित्र २०७४)	
२	बिभिन्न कारणले बिद्यालय छाड्ने वालवालिकाको संख्या घटेको हुँछ ।	१६३० (नगर पार्श्वचित्र २०७४)	
३	विद्यालय जाने उमेर समूहका बालबालिका मध्ये ३ देखी ४ वर्ष उमेर समूहकाको भर्ना दर वृद्धि	६ प्रतिशत (पालिका)	१२ प्रतिशत
४	५ देखी ९ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या	१३० जना नगएका	१० जनामा झार्ने
५	१० देखी १२ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या	१५० जना नगएका	४० जनामा झार्ने
६	१३ देखी १६ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या	१८० जना नगएका	१९ जनामा झार्ने

७	खुल्ला क्षेत्रमा शौचालय बस्नेको संख्या घटेको हुँने छ ।	१०५ (नगर पार्श्वचित्र २०७४)	शुन्यमा झर्ने
८	स्तर विकास भै साधारण शौचालय भएकाको संख्या घटेको हुँने छ ।	४२९५ (नगर पार्श्वचित्र २०७४)	१५०० मा झार्ने
९	घरबाट निस्को फोहर पानीलाई नदि तथा खोल्सामा फाल्ने वा यत्र तत्र जान दिनेको संख्या घटेको	१७४९ (नगर पार्श्वचित्र २०७४)	शुन्यमा झार्ने
१०	घरबाट निस्केको पानीलाई करेशा बारीवा घरबारी व्यवस्थापनमा उपयोग गर्नेको संख्य वृद्धि भएको हुँनेछ ।	१९१० -नगर पार्श्वचित्र २०७४)	४५०० पुऱ्याउँने
११	सडक तथा सार्बजनिक स्थाना फोहर फाल्नेको संख्या घटेको हुँने छ ।	१०११ (नगर पार्श्वचित्र २०७४)	शुन्यमा झार्ने
१२	दलित तथा विपन्न वर्गको सामाजिक सहभागिता	४० प्रतिशत (नगरपालिका)	९० प्रतिशत पुऱ्याउँने
१३	फरक क्षमता भएकाहरुले परिचयपत्र पाई सेवा सुविधा पाएको नपाएको अवस्था	४१७ जाना (नगरपालिका)	१०० प्रतिशत लाई दिने ।
१४	वृद्ध चौतारीका माध्यमबाट जेष्ठ नागरिकको जीवन यापन उत्साहप्रत बनाउँन वृद्धि चौतारी स्थापना भएको हुँनेछन ।	२ (नगरपालिका)	थप एउटा स्थापना गरी ३ पुऱ्याउँने
१५	परंपरागत सास्कृतिक धरोहरहरु र रिति रिवाजहरुको संरक्षण र प्रवर्द्धन भएको नभएको अवस्था ।	हुँदै गरेको	नियमित रुपमा संरक्षण र प्रबर्द्धन गर्ने ।

३ शहरी तथा पूर्वाधार विकासका लक्ष्य तथा गन्तव्यका सूचकहरू

नतिजा तहहरु	सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य
प्रभाव	भरपर्दो र सुरक्षित यात्राका लागी योजनाकालमा १२०३ कि.मि सडक निर्माण तथा स्तरोन्नती गरी जनताको पहुँच बढाईएको हुँने छ ।		
असर	१२ महिना भरपर्दो र सुरक्षित सडमक यायतायतम पहुँच भएका जनताको प्रतिशत वृद्धि भएको हुँने छ ।	??? (गोष्ठिको अनुमान)	८० प्रतिशत

	कालोपत्रे सडकमा पहुँच भएका जनताको प्रतिशत	१० प्रतिशत	२५ प्रतिशत

सि नं	लक्ष्य तथा गन्तव्य र सूचकहरु	आधार वर्ष २०७८/२०७९ सम्मको अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य
१	कच्चि सडकको कि.मि.बढेकोहुँने छ	२९० (न.पा रेकर्ड)	२९५
२	ग्राभेल तथा सोलिङ्ग सडक कि.मि बढेको हुँने छ	२० (न.पा रेकर्ड)	१६
३	नाला सहित कालोपबे सडको कि.मि.बढेको हुँने छ ।	५ (न.पा रेकर्ड)	८६
४	भरपर्दो बिद्युत तथा बैकल्पिक उर्जामा पहुँच सुनिश्चितता बढके हुँने छ	८५ प्रतिशत (नगरपालिका)	९५ प्रतिशत
५	एकीकृत आवास तथा सार्वजनिक सेवा प्रवाहका लागी वडा भवन र सामुदायिक संरचनाहरू स्थापनाको अवस्था	९ वडा कार्यालय भवन, १३ स्वास्थ्य चौकि भवन, ० कृषि उपज हाट बजार र	१४ वडा कार्यालय, १४ सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन, १० हेल्थ हटको स्तर विकास, १५ शैयाको अस्पत्ताल, नगरपालिका भवन, १ आयुर्वेदिक भवन र १ कोल्ड स्टोर गरी २

४. विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका लक्ष्य तथा गन्तव्यका सूचकहरू

नतिजा तहहरु	सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य
प्रभाव	• बिपद संबोधन भएको अवस्था • जलवायु परिवर्तनको असर न्युनिकरणका लागी प्रतिकार्यहरु भएका		
असर	• खालि तथा पर्ति जमीनमा वृक्षारोपण गरी व्यवस्थित वनले ओगटेको क्षेफलमा वृद्धि भएको • जोखिम क्षेत्रका नदिस खहरे, घोल तथा पैरोहरु नियन्त्रण भएका • महामारी बिरुध्द लड्ने तयारी भएको अवस्था		

चौरजहारी नगरपालिका

सि.नं	विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका लक्ष्य तथा गन्तव्य र सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य
१	पालिका तहमा बिपद कोषको व्यवस्था भएको वा नभएको	????	रु २ करोडको स्थापना गर्ने
२	बिपद प्रतिकार्यका लागी स्वयंसेवक तयार भए नभएको	०	१४०० संख्याम स्वयंसेवक तयार गर्ने
३	खाली पर्ति जमिन, सामुदायिक वन तथा नदि र सडक किनारामा बृक्षा रोपण भएको हुँने छ	हुँदै गरेको	तिब्रता दिने ।
४	जलवायु परिवर्तका अनुकुलका उपायहरु अवलम्बन भएको हुँने छ	हुँदै गरेको	तिब्रता दिने ।
५	खाना पकाउँन दाउरा प्रयोग गर्नेको परिवारको संख्या घटेको हुँनेछ ।	४७०० परिवारा (न.पा)	१८०० मा झार्ने
६	विपद्मा प्रत्येक वडामा प्रतिकार्यहरु हुँने गरेको हुँने छ ।	हुँदै गरेको	निरन्तरता दिने
७	खर र परालले छाएका तथा असुरक्षित र जोखिमयुक्त आवासहरु बिस्थापित भै सुरक्षित भउका हुँने छन ।	३९३ (पालिका पार्श्वचित्र)	९३ मा झार्ने
८	वनले ढाकोको क्षेत्रफल वृद्धि भएको हुँनेछ	३५ प्रतिशत	३७ प्रतिशत पुऱ्याउँने

५ संस्थागत विकास, सेवा प्रवाह र सुशासनका लक्ष्य तथा गन्तव्यका सूचकहरू

नतिजा तहहरु	सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य
प्रभाव	योजनाको अन्त्य सम्ममा सेवाग्राहीले पालिकाको सेवाहरु पारदर्शि र सुशासन सहितको भएको महशुस गरेका अवस्था हुँनेछ ।		
असर	• जन सरोकारका सेवा हरु शिघ्र र चुस्त ढंगबाट प्रवाह भएको आवस्था • खास गरी कृषि पशु सम्बन्धि सेवाहरु र खानेपानी मर्मत सेवा घरदैलोमा नै उपलब्ध भएका हुँने छन । • हालको बेरुजु रु २६०५१५८ मा ४० प्रतिशत घटेको हुँनेछ ।		

सि. नं.	लक्ष्य तथा गन्तव्य र सूचकहरु	आधार वर्ष २०७८/२०७९ को अवस्था	जम्मा
१	सैवा बजारका रुपमा दक्ष जनशक्ति थप भएको हुँनेछ ।	नभएको	८४ थप गर्ने
२	वडाहरको संचार सेवा तथा ईटरनेटको व्यवस्था भएको हुँनेछ ।	नरहेको	तयारी र चुस्त पार्ने
३	वडामा वेभ बेस तथ्याँक प्रणाली स्थापनाको अवस्था भएको हुँनेछ	नभएको	स्थापना गर्ने
४	लेखा परीक्षण तथा पालिकाको आय व्यय बिबरण वेभमा तथ्याँक समावेस गरी श्रोत साधनको परिचालन पारदर्शी भएको हुँनेछ	हुने गरेको	निरन्तरता दिने
५	भू-उपयोग योजना तयी भएको हुँनेछ	नरहेको	तयार गर्ने
६	राजश्व सुधार योजना तयार भएको हुँनेछ।	नभएको	तयार गर्ने
७	कर्मचारी, जन प्रतिनिधि र सरोकारवाला संस्थाहरको क्षमता विकास योजना तयार भएको हुँनेछ ।	नभएको	तयार गर्ने
८	हाल सम्म तयार भएका ऐन, नियम, कार्यबिधि तथा	११४	आवश्यकता अनुसार तयार गर्दै जाने

चौरजहारी नगरपालिका

	मापदण्डहरुको संख्या बढेको हुँनेछ ।		
९	संगठन र संरचना सर्भे भएको हुँनेछ ।	नभएको	सर्भे गर्ने
१०	पालिका तथा वडाहरुबाट प्रवाह हुँने सेवाको हार्डिङ्गबोर्ड राखेको हुँनेछ ।	राखेको	निरन्तरता दिने
११	पालिका तथा वडाहरुमा सुझाव पेटिका राखेको हुँनेछ ।	राखेको	निरन्तरता दिने
१२	पालिकाका गुनासो सुनुवाई गर्ने अधिकारीको व्यवस्था भएको हुँनेछ ।	भएको	क्षमता विकास गरी थप जनमैत्री बनाउँने
१३	भए गरेका कामको बिबरण सार्वजनिक गर्ने गरेको हुँनेछ ।	हुँने गरेको	निरन्तरता दिने
१४	हाल आन्तरिक राजश्व	हाल बार्षिक रू ६,८९,२५,००० (चालु आ.ब. २०७८/७९ को अनुमान)	रु ११,१०,०४,००० पुऱ्याउने
१५	करदाताको लगत दुरूस्तिको अवस्था	खासै नरहेको	करदाताको प्रकार अनुरूप दुरूस्त राख्ने
१६	अलग्गै राजश्व शाखा भएको	नभएको	स्थापना गर्ने
१७	सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्था (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि)	भएको	वडाहरू र पालिकामा दुरूस्त राख्ने
१८	नतिजामुखी अनुगमन प्रणालीको स्थापना भएको हुँनेछ ।	नभएको	स्थापना गर्ने

चौरजहारी नगरपालिका

१९	आर्थिक विकास र निजी क्षेत्रसँगको साझेदारी नीति तयारी भएको हुँनेछ	नभएको	तयारी गरी कार्यान्वयन गर्ने
२०	बेरूजु सीमित गर्दै लगेको हुँनेछ ।	हाल रू.२६०५१५८	१५६३८९५ मा झार्ने
२१	परियोजना तथा कार्यक्रम बिच सहकार्य र समन्वय बारे अन्तरकृया हुँने गरेको हुँनेछ ।	हुँने गरेको	निरन्तरता दिदै अर्थपूण बनाउँने
२२	अन्तर सरकारी समन्य सहकार्यअन्तर योजना, बजेट, नीति नियम तथा कार्यगत तालमेल र एकता बारे संघ, प्रदेश र पालिका बिच अन्तरकृया हुँने गरेको हुँनेछ ।	नभएको	नियमितरुपमा गर्ने

५.६ आवधिक योजनाका भौतिक, आर्थिक तथा सामाजिक लक्ष्यहरू

यस आवधिक योजनको अन्तमा निम्न लिखित भौतिक, आर्थिक तथा सामाजिक लक्ष्यहरू प्राप्त भएको हुनेछ ।

विषयगत योजना	अपेक्षित लक्ष्यहरू
१. भौतिक विकास	१. प्रमुख ३ सडकहरू सम्पन्न हुने, २. १० वटा मोटरेबल पुलहरू निर्माण हुने, ३. विभिन्न १५ स्थानहरूमा झोलुङ्गे पुलको निर्माण हुने, ४.चौरजहारीका नदी वेंशीहरूमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध भएको हुने, ५.वडा भवनहरू निर्माण भई सेवा प्रवाह भएको हुने, ७. विद्युत प्रसारणमा प्रयोग भएको काठको पोललाई सिमेण्ट र स्टिल पोलले विस्थापित भएको हुने, ८. विद्युत प्रसारण सब स्टेशनको निर्माण भएको हुने, ९. प्रत्येक चौरजहारीवासी जनताले विद्यत परियोजनाको शेयर प्राप्त गरेको हुने, १०. प्रत्येक वडाहरूमा सामुदायिक भवन निर्माण भएको हुने, ११. प्रत्येक वडाका प्रमुख बस्तीहरूमा हेलिप्याड निर्माण भएको हुने ।
२. आर्थिक विकास	१. कृषि र पशुपालनका पकेट क्षेत्रहरूको विकास भइ आधुनिक व्यवसायिक खेती तथा पशुपालन फर्महरू सञ्चालनमा आएको हुने,

चौरजहारी नगरपालिका

	२. प्रत्येक वडामा कृषि र पशुपालन सम्बन्धी प्राविधिक सेवा र सुबिधा उपलब्ध हुने, ३. उपल्लो भेकमा व्यवसायिक फलफूल खेती तथा जडिबुटि खेतीको सम्भाव्यता अध्ययन भई फर्महरू स्थापना हुने उपयुक्त वातावरणको सिर्जना हुने, ४. चौरजहारीका विभिन्न ठाउँहरूलाई पर्यटन केन्द्रको रूपमा विकास गर्न प्रारम्भिक कार्य सम्पन्न भएको हुने, ५. चौरजहारीका कम्तिमा ५ वटा गाउँहरू नमूना पर्यटकीय गाउँको रूपमा विकास भएको हुने, ६. प्रमुख पर्यटकीय पदमार्गहरूको निर्माण, स्तरोन्नति र नक्शाङ्कन भएको हुने, ७. सांस्कृतिक संग्राहलयहरूको निर्माण भएको हुने, ८. चौरजहारीका प्रमुख पहाडी चुचुराहरूमा पर्यटकीय दृष्यावलोकन स्थलहरू निर्माण भइ आवश्यक पुर्वाधारहरूले सम्पन्न भएको हुने, ९. मेयरसँग स्वरोजगार कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भई १००० युवाहरूले स्वरोजगार उद्यम प्रारम्भ गरेको हुने, १०.चौरजहारीमा निरपेक्ष गरीवीको रेखामुनिका परिवारहरूको पहिचान भै गरीवी निवारणको कार्यक्रम लागू भएको हुने, ११.उज्यालो चौरजहारी कार्यक्रम अन्तर्गत बैकल्पिक ऊर्जा पुऱ्याई सबै घरपरिवारमा ऊर्जाको उपलब्धता भएको हुने, १२. उद्योग ग्राम स्थापना भई स्थानीय स्रोतमा आधारित उद्योगहरू सञ्चालनमा आएको हुने, १३. शीतगृह निर्माण भई कृषकहरूले भण्डारण सेवा प्राप्त गरेको हुने, १४. चौरजहारीबासी जनताको औषत पारिवारिक प्रतिव्यक्ति आम्दानी राष्ट्रिय औषत आम्दानीको हाराहारीमा भएको हुने । १५. उत्पादन क्षेत्रमा सडकको पहुँच पुगेको हुने ।
३. सामाजिक विकास	१. आधारभूत र माध्यमिक शिक्षामा ब्यापक सुधार भई प्रत्येक वडामा कम्तिमा १ वटा विद्यालय आवासीय नमूना विद्यालयको रूपमा सञ्चालन भएको हुने, २. SEE र राष्ट्रिय परीक्षा बोर्डको नतिजामा उल्लेख्य सुधार भएको हुने, ३. प्राविधिक शिक्षालय र महाविद्यालयको स्थापना भएको हुने, ४. चौरजहारीमा शतप्रतिशत साक्षरता हाँसिल भएको हुने, ५. प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना र २ वटा १५ शैयाका सुविधा सम्पन्न अस्पताल स्थापना भई सञ्चालन भएको हुने, ६. प्रत्येक स्वास्थ्य संस्थामा Birthing Centre र आधारभूत प्रयोगशालाको सेवा उपलब्ध भएको हुने, ७. मातृशिशु मृत्युदरमा उल्लेख्य कमी आएको हुने, ८. हरेक घरमा खानेपानीको सुबिधा १ घर १ धारा उपलब्ध भएको हुने, ९. महिला हिंसा लगायत घरेलु हिंसाहरूको उल्लेख्य रूपमा कमी भएको हुने, १०. बृद्ध, असहाय र असक्तहरूले सामाजिक सुरक्षा र सामाजिक सम्मान पाएको हुने,

चौरजहारी नगरपालिका

	११. जाती जनजातिहरूका भाषा, भेषभूषा, साहित्य र संस्कृतिको संरक्षण भई सबैले सामाजिक सम्मान पाएको हुने, १२.जात, धर्म, लिङ्ग र वर्गका आधारमा हुने भेदभाव अन्त भएको हुने, १३.चौरजहारी नगरपालिकाको मानव विकास सूचकाङ्क राष्ट्रिय सूचकाङ्कको बराबर हुने
४. वातावरण तथा विपद व्यवस्थापन	१. नगरपालिकाको वन तथा प्राकृतिक वातावरणको उचित संरक्षण भई वातावरणमा सन्तुलन कायम भएको र प्राकृतिक प्रकोपहरूमा कमी आएको हुने, २. मानव सिर्जित कारणहरूबाट हुने मानवीय र स्वास्थ्य सम्बन्धी विपद्हरूमा कमी आएको हुने, ३. नगरपालिकाका परम्परागत सांस्कृतिक धरोधहरहरूको संरक्षण र सम्बर्धन भएको हुने, ४. विपद् पूर्व सूचना प्रणालीको विकास भएको हुने, ५. विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि भएको हुने, ६. प्रमुख पहिरोहरू र नदी कटान भएका क्षेत्रहरूको समुचित व्यवस्थापन भएको हुने, ७. विपद् पछिको पुर्नस्थापनाको लागि आवश्यक भौतिक र कानुनी संरचनाको विकास भएको हुने ।
५. वित्तीय तथा शुसाशन तथा संस्थागत विकास	१. नगरपालिकाको आन्तरिक वित्तीय स्रोत वार्षिक बजेटको कम्तिमा १० प्रतिशत पुगेको हुने, २. केन्द्र, प्रदेशबाट प्राप्त हुने अनुदान प्राप्त गर्ने क्षमता वृद्धि भएको हुने, ३. योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन र मुल्याङ्कनमा जनताको सहभागिता वृद्धि भएको हुने, ४. वार्षिक बजेटमा आधारित पूँजिगत विकास खर्च शतप्रतिशत भएको हुने, ५. नगरपालिकामा वित्तीय अनुशासनमा सुधार भई पारदर्शिता आएको हुने, ६. नगरपालिकाबाट हुने सेवा प्रवाहमा सरलीकरण भै जनताले शीघ्र स्वच्छ र भेदभावरहित सेवाप्राप्तिको अनुभूति गरेको हुने, ७. नगरपालिकाको आयव्ययको कारोबार पूर्ण रूपमा बैंकिङ्ग प्रणालीबाट सञ्चालित भएको हुने, ८. Digital Apps मार्फत नगरपालिकाका सेवा, सुविधाहरू र प्रकृयाहरूको जानकारी सर्बसाधारणले प्राप्त गरेको हुने, ९. नगरपालिकाका विभिन्न कार्यालयहरू र वडा कार्यालयहरूको निर्माण सम्पन्न भई सेवा प्रवाह सहज भएको हुने, १०.नगरपालिकामा कार्यरत कर्मचारीहरूको सेवा सुविधा र कामको वातवरणमा सुधार भई उनीहरूको मनोवल उच्च भएको हुने, ११.नगरपालिकामा जनताको जिउधनको सुरक्षाको प्रत्याभूति र असामाजिक तथा फौजदारी अपराध कर्ममा कमी आाएको हुने ।

चौरजहारी नगरपालिका

५.७ आय-व्ययको प्रवृत्ति र प्रक्षेपण

आय प्रक्षेपण:

१. चालु आ.व. मा विभिन्न स्रोतको आयमा प्रति वर्ष १० प्रतिशत वृद्धिका आधारमा			
प्रथम वर्ष रू	७५,६१,४१,०००		
दोस्रो वर्ष रू	८३,५७,१८,०००		
तेस्रो वर्ष रू	९२,३८,४८,०००		
चौथो वर्ष रू	१,०२,१४,७४,०००		
पाचौ वर्ष रू	१,१२,९६,४९,०००		
५ वर्षमा जम्मा रू	४,६६,६८,३०,०००		

५.८ लगानीको स्रोत र व्यवस्था

५.८.१ लगानीको आवश्यकता र स्रोत

यो योजना कार्यान्वयन गर्न ५ वर्षका लागि चालु खर्चका अतिरिक्त आर्थिक, सामाजिक, शहरी विकास तथा पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन र अन्तर सम्बन्धितमा गरी कुल जम्मा रू ६,५८,९३,८८,००० आवश्यक पर्ने र ५ वर्षमा हुने अनुमानित आय रू ४,६६,६८,३०,००० को अनुपातमा रू १,९२,२५,५८,००० अपुग हुने देखिन्छ। यो अपुग स्रोतको परिपूर्तिका लागि निम्न विकल्प अनुसार व्यवस्थापन गरिनेछ,

बिकल्प १. आवधिक योजनालाई संघ र प्रदेश सरकार समक्ष पेश गरी गौरवका योजनाहरूमा लगानी गर्न पहल गरेर,

बिकल्प २: चालु खर्च नियन्त्रण तथा पूजिगत खर्च गर्दा न्यूनतम खर्चमा बढी उपलब्धी हुने ढंगबाट खर्च गरेर,

बिकल्प ३: आन्तरिक राजश्वका स्रोत पहिचान र वृद्धि गरेर,

बिकल्प ४: अन्य दातृ निकायहरूसंग योजनामा सहभागिता गराएर,

बिकल्प ५: कार्यरत संघ संस्थाहरूसँग सहकार्य बढाएर

बिकल्प ६: लाभग्राहीहरू तथा स्थानीय सहकारीहरू सँग लागत सहभागिता बढाएर

बिकल्प ७: कम जरूरी र कम महत्वपूर्ण योजनाहरू लाई बार्षिक योजनामा पुर्न बिचार गरेर।

स्रोत आँकलनका विविध उपायहरू मध्ये बढी सरदर ५ वर्षका लागि उपलब्ध हुने भनि आ.व. २०७८/०७९ को सिलिङ्गका आधारमा सामान्यतया प्रति वर्ष १० प्रतिशतका दरले सबै क्षेत्रबाट उपलब्ध हुने आय र अनुदान तथा राजश्व बाँडफाँटमा वृद्धि हुने अपेक्षाका आधारमा ५ वर्षका लागि आय प्रक्षेपण गरिएको छ आयको आधार र प्रक्षेपण गरिएका प्रतिफलहरूको प्राप्तिका प्रत्येक नतीजा र सो अन्तर्गतका कार्यहरूको अनुमानित सरदर लागत लाई हिसाबका आधारमा ५ वर्षको खर्च प्रक्षेपण गरिएको छ। यसरी हिसाब गर्दा केहि फरकता आउने बजेट तल तालिकामा प्रस्तुत गरिएको छ। यसरी अपुग भएको बजेट लाई नगरपालिकाले माथि दिईएका बिकल्पहरूको उपयोग गरेर घाट पुरा गर्न सक्नेछ।

चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिकाको योजना अवधिको आय र लगानिको अनुमान र प्रक्षेपन (रु. हजारमा) आयका स्रोतहरु

आय बिबरण

आय तर्फ रु.००० मा

शिर्षक /स्रोत	आ.ब २०७५ /२०७६ को यथार्थ	आ.ब. २०७६ /२०७७ को यथार्थ	आ.ब. २०७७ /२०७८ को यथार्थ	आ.ब. २०७८/२०७९ को अनुमान	आ.ब. २०७९/२०८० को अनुमान	आ.ब. २०८०/२०८१ को अनुमान	आ.ब. २०८१/२०८२ को अनुमान	आ.ब. २०८२/२०८३ को अनुमान	आ.ब. २०८३/२०८४ को अनुमान	५ बर्षको जम्मा
नेपाल सरकार	**२४८९००**	**२९४०९९**	**४६३७२१**	**४१९८४९**	**४६१८३३.९**	**५०८०१७**	**५५८८१९**	**६१४७००.९**	**६७६१७१**	**२८१९५४२**
समानिकरण अनुदान	९००००	१०४६००	१०३७००	१०७०००	११७७००	१२९४७०	१४२४१७	१५६६५८.७	१७२३२५	७१८५७०.३
सशर्त अनुदान	१५८९००	१८९४९९	३३३६२१	२८५७४९	३१४३२३.९	३४५७५६	३८०३३२	४१८३६५.११	४६०२०२	१९१८९७९
समपुरक अनुदान	०	०	६४००	२१००	२३१०	२५४१	२७९५	३०७५	३३८२	१४१०३
बिशेष अनुदान	०	०	२००००	२५०००	२७५००	३०२५०	३३२७५	३६६०३	४०२६३	१६७८९०.३
प्रदेश सरकार	**४२१५०**	**१०३३६**	**१०११९३**	**६७२५६**	**७३९८१.६**	**८१३८०**	**८९५१७.७**	**९८४६९.५१**	**१०८३१६**	**४५१६६५**
समानिकरण अनुदान	९१००	१०३३६	१०१९३	११३२९	१२४६२	१३७०८	१५०७९	१६५८७	१८२४५	७६०८१
सशर्त अनुदान	३००५०	०	६९०००	२८४२७	३१२७०	३४३९७	३७८३६	४१६१९.९७१	४५७८२	१९०९०४.६
समपुरक अनुदान	०	०	१७०००	२०५००	२२५५०	२४८०५	२७२८६	३००१४	३३०१५	१३७६७०
बिशेष अनुदान	३०००	०	५०००	७०००	७७००	८४७०	९३१७	१०२४९	११२७४	४७००९
राजश्व बाडफाँट	**४९०००**	**६१३०३**	**७००४४**	**८६३१३**	**९४९४४.३**	**१०४४३९**	**११४८८३**	**१२६३७०.९**	**१३९००८**	**५७९६४४**
नेपाल सरकार	४४५००	५४४४३	६९५४३	७९७४७	८७७२२	९६४९४	१०६१४३	११६७५७.५८	१२८४३३	५३५५५०
प्रदेश सरकार	४५००	६८६०	५०१	६५६६	७२२३	७९४५	८७३९	९६१३	१०५७५	४४०९५
आन्तरिक स्रोत	**६७७५०**	**२२७०६**	**१०५१५२**	**१०१८५०**	**११५४८१.३**	**१३०९९३**	**१४८६४९**	**१६८७५५.७**	**१९१६५९**	**७५५५३८**

संचित कोष	२२७५०	२२७०६	३७८२१	३२९२५	३६२१८	३९८३९	४३८२३	४८२०५	५३०२६	२२१११.५
राजश्व	४५०००	०	६७३३१	६८९२५	७९२६४	९११५३	१०४८२६	१२०५५०	१३८६३३	५३४४२६.४
निर्वाचन क्षेत्र पूर्वाधार	**६५००**	**७५००**	**८०००**	**९०००**	**९९००**	**१०८९०**	**११९७९**	**१३१७७**	**१४४९५**	**६०४४०**
जम्मा आय रु .००० मा	**४१४३००**	**३९५९४४**	**७४८११०**	**६८४२६८**	**७५६१४१**	**८३५७१८**	**९२३८४८**	**१०२१४७४**	**११२९६४९**	**४६६६८३०**

ब्यय तर्फ					**५ बर्षको ब्यय प्रक्षेपण**					
खर्च शिर्षक	**यथार्थ आ.ब २०७५ /२०७६**	**यथार्थ आ.ब. २०७६ /२०७७**	**यथार्थ आ.बं. २०७७ /२०७८**	**आधार बर्ष २०७८/२०७९ को अनुमान**	**आ.ब. २०७९/२०८० को अनुमान**	**आ.ब. २०८०/२०८१ को अनुमान**	**आ.ब. २०८१/२०८२ को अनुमान**	**आ.ब. २०८२/२०८३ को अनुमान**	**आ.ब. २०८३/२०८४ को अनुमान**	**जम्मा**
क.चालु खर्च तर्फ	०	२६४३५९	३१५५१८	????	३४०७५९	३६८०२०	३९७४६२	४२९२५९	४६३५९९	१९९९१००
ख.पूजिगत खर्च तर्फ	०	२५८१२९	५२०२८०		८४६०८०	९१३७६६	८८०६६०	८९९४७०	१०५०३१२	**४५९०२८८**
क आर्थिक विकास	०	८८५३	७४५१९	??	२४८०००	२६७८४०	२६५०००	२७००००	२८५१७६.५	१३३६०१७
ख सामाजिक विकास	०	२२२१७३	३६७९५१	??	१२२०००	१३१७६०	१३५०००	१४७०००	१६१२९५	६९७०५५
ग शहरी विकास तथा पूर्वाधार	०	२०५८७	६१७५०	??	४३१०८०	४६५५६६.४	४३१०८०	४३१०८०	५५१०९०	२३०९८९६

घ वन, वातावरण तथा बिपद ब्यवस्थापन	०	२६२१	१२०२२	??	२००००	२१६००	२४०००	२५५००	२६६२०	११७७२०
ङ संस्थागत विकास, सेवा सेवा प्रवाह र सुशासन	०	३८९५	४०३८	??	२५०००	२७०००	२५५८०	२५८९०	२६१३०	१२७९००
जम्मा ब्यय रु. (क र ख को जोड)	**०**	**५२२४८८**	**८३५७९८**		**११८६८३९**	**१२८१७८७**	**१२७८१२२**	**१३२८७२९**	**१५१३९११**	**६५८९३८८**
पुग तथा अपुग बजेट					-४३०६९८	-४४६०६८	-३५४२७४	-३०७२५५	-३८४२६२	-१९२२५५८

चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ सम्मको यथार्थ आय व्यय, अर्न्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त विभिन्न अनुदानहरू संघीय सरकारबाट नगरपालिकामा छुट्याइएको लाइन आइटम कार्यक्रम बजेट संघीय सरकारका गौरबका परियोजनाहरूमा भएको बजेट र खर्चको अनुमान, राष्ट्रिय पूनर्निमाणमा निजी आवास र सार्वजनिक भवन निर्माणका लागि भएको खर्च र आउन सक्ने अनुमानित बजेट, संघीय र प्रदेश सरकारको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा छुट्याइने बजेट गैरसरकारी संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको अनुमानित बजेट, विकास निर्माणमा उपभोक्ताहरूको नगद तथा अन्य सहभागितालाई ध्यानमा राखी आर्थिक वर्ष २०७९/८० को लागि प्राप्त हुन सक्ने राजश्व र आयको अनुमान गरिएको छ । त्यसबाहेक निजीक्षेत्रबाट जलविद्युत, पर्यटन व्यवसाय, उद्योगधन्धा, कृषि तथा पशुपालनमा नगरपालिका क्षेत्रभित्र भैरहेको र हुन सक्ने लगानी समेतलाई मध्यनजर राखी आर्थिक वर्ष २०७९/०८० का लागि निजी क्षेत्रको कूल लगानीको अनुमान गरिएको छ । यस्तो लगानीका हकमा अरू बाँकी चार वर्षका लागि समेत समान लगानीको प्रक्षेपण गरिएको छ । तर योजना अबधिमा हुने नगरपालिकाको आन्तरिक आय, संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण गैरसरकारी संस्थाबाट अपेक्षित कार्यक्रममा हुने खर्च र जनसहभागिताबाट हुने योगदान शीर्षकहरूमा प्रत्येक अघिल्ला वर्षहरूका लागि राजश्व र आम्दानीको प्रक्षेपण १५ प्रतिशतका दरले वृद्धि हुने अनुमानका आधारमा गरिएको छ । निजी लगानीका हकमा भने योजना अबधिभरि सरदर प्रत्येक वर्ष १० करोडका दरले लगानी हुने अनुमान र प्रक्षेपण गरिएको छ । निजी क्षेत्रको लगानी अनुमान गर्दा निजी क्षेत्रका लगानीकर्ताहरूबाट हाल नगरपालिका क्षेत्रमा भइरहेको लगानी र भविष्यमा हुन सक्ने लगानी बारे सम्बन्धित व्यवसायीहरूसँगको छलफल र अन्तर्क्रियाबाट आएका तथ्य र सुझावहरूलाई समेत आधार मानिएको छ ।

यस आवधिक योजना अबधिभरिमा कूल ६ अर्ब ५८ करोड ९३ लाख ८८ हजार लगानीको अनुमान गरिएको छ जस्मा प्रक्षेपित आयले रु ४ अरब ६६ करोड, ६८ लाख ३० हजार (**७०.८२ प्रतिशत**) धान्ने देखिन्छ भने बाकी अपुग रु १,९२,२५,५८,००० को हकमा,

- निजी क्षेत्रका आयोजना प्रर्वद्धकहरू, व्यवसायका लगानीकर्ताहरू र चौरजहारी बासी जनताले सम्बन्धित परियोजनाहरूमा गर्ने लागत सहभागिता बाट करिब ४० करोड लगानी (**६.०७ प्रतिशत**) हुने अनुमान गरिएको छ ।
- यस बाहेक संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र तिनीहरूले सञ्चालन गर्ने विभिन्न कार्यक्रम र आयोजनाहरूमा १ अर्ब ५२ करोड (**२३.०७ प्रतिशत**) प्राप्त हुने अनुमान गरिएको छ ।
- त्यसैगरी योजना अबधि भरिमा गैरसरकारी संस्थाहरू र जनसहभागिता मार्फत परिचालन हुने कूल आय २५ लाख ५८ हजार (**०.०४ प्रतिशत**) अनुमान र प्रक्षेपण गरिएको छ ।

उल्लिखित आय र लगानीको प्रक्षेपण गर्दा नगरपालिकामा विगत आर्थिक वर्षमा भएको यथार्थ आय मार्फत भएको विकास खर्चको परिचालनको स्थितीलाई विश्लेषण गरीएको छ । नगरपालिकाको वर्तमान नेतृत्वको दीर्घकालीन सोच, क्रियाशीलता संघ र प्रदेशले आफ्ना निती, कार्यक्रमहरू र बजेट मार्फत देखाएको मार्गदर्शन जनताका अपेक्षा र विकासमा सहभागिता राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रभावकारी परिचालन समेतलाई दृष्टिगत गर्दा योजना अबधिका लागि अनुमानित आय र लगानीको अनुमान र त्यसलाई पूर्ति गर्ने स्रोतहरू अपेक्षा गरेअनुरूप परिचालन हुने विश्वास गरिएको छ ।

नगरपालिकाको योजना अबधिमा हुने कूल खर्च ६ अर्ब ५८ करोड ९३ लाख ८८ हजार मध्ये नियमित चालु खर्चमा १ अर्ब ९९ करोड ९१ लाख (३०.३४%) र पूँजिगत खर्च ४ अर्ब ५९ करोड २ लाख ८८ हजार (

६९.६६६%) विनियोजन गरिएको छ। विनियोजित पूँजिगत खर्चमध्ये बिभिन्न ५ विकास क्षेत्रमा निम्न अनुसार प्रक्षेपण गरिएको छ ,

- आर्थिक विकासमा रु १,३३,६०,१७,००० (२९.११ प्रतिशत)
- सामाजिक विकासमा रु ६०,७०,५५,००० (१५.१९ प्रतिशत)
- पूर्वाधार विकासमा रु.२,३०,९८,९६,००० (५०.३२ प्रतिशत)
- वातावरण तथा विपद्व्यवस्थापनमा रु.११,७७,२०,००० (२.५६ प्रतिशत)
- संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा रु. १२,७९,००,००० (२.७९ प्रतिशत)

विगत ३ आ.व.हरुको आन्तरिक राजस्वको हिसाब गर्दा आ.व. २०७५/७६ रु ४,५०,००,००० आ.व. २०७६/७७ को बिबरण प्राप्त नभएको ०, आ.व. २०७७/७८ मा रु ६,७३,३१,००० भएकोमा आ.व. २०७८/७९ को अनुमान रु ६,८९,२५,००० भएको हुँदा यसको सरदर वृद्धि तथा न्यूनले एकरुपता नपाएको हुँदा चालु आ.व. आ.व. २०७८/७९ कै अनुमान लाई राजश्व सुधार कार्य योजना बनाएको खण्डमा सालाना १५ प्रतिशत वृद्धिका दरले आन्तरिक राजस्वबाट हुँने आयलाई पनि सोहि अनुपातमा अनुमान गरिएको छ।

५.८.२ आन्तरिक स्रोतको व्यवस्था र परिचालन नीति

यस नगरपालिकाको राजस्व परामर्श समितिको सिफारिसमा नगरपरिषदले तोकेको दरमा नगरपालिकाले राजस्व संकलन गर्ने गर्दछ। सामान्यतया चौरजहारी नगरपालिका अन्तर्गत कर तथा गैर कर अन्तर्गत विभिन्न सिफारिस दस्तुरहरू, व्यक्तिगत घटना दर्ता तथा व्यवसाय दर्ता तथा नविकरण शुल्क, एकिकृत सम्पत्ति कर, घर बहाल कर, विज्ञापन कर, मालपोत तथा भूमि कर, व्यवसाय कर, उद्योगहरूको कर तथा निकासी करहरू नगरपालिकाका आन्तिरिक स्रोत हुन। यसरी प्राप्त स्रोतलाई यसै आवधिक योजनामा निर्दिष्ट गरिएका योजना तथा कार्यक्रमहरूमा परिचालन गरिनेछ।

५.८.३ अन्तर सरकारी स्रोत परिचालन

सामान्यतया संघिय तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकबाट नगरपालिकामा बजेट प्राप्त हुने प्रावधान रहेको छ। राजस्व बाँडफाँडका अतिरिक्त अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदान, वित्तिय समानिकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, अन्तर स्थानीय तहबाट प्राप्त रकम, सामाजिक सुरक्षा भत्ता तथा संस्थागत सहभागिताबाट बजेट प्राप्त हुन्छ भने प्रदेश सरकारबाट पनि सवारी करको राजस्व बाँडफाँड तथा सशर्त अनुदान, वित्तिय समानिकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान प्राप्त हुन्छ। यसरी प्राप्त स्रोतलाई पनि यसै आवधिक योजनामा निर्दिष्ट गरिएका योजना तथा कार्यक्रमहरूमा परिचालन गरिनेछ।

५.८.४ जनसहभागिता परिचालन

नगरको विकासका लागि जनसहभागिता एक महत्वपूर्ण उपाय हो। यो नगरपालिका **नागरिक र नगरपालिका सँगसँगै** भन्ने मान्यतामा काम गर्ने र जनताको विकासमा स्वामित्वबोध गराउँन पनि जनताले धान्न सक्ने हद सम्मका उत्पादन तथा उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने प्रकारका योजनाहरू लागत सहभागितामा पहिलो प्राथामिकताका साथ कार्यान्वयन गर्ने तर्फ उन्मुख हुनेछन।

५.८.५ निजी र सहकारी क्षेत्रको स्रोत परिचालन

निजि तथा सहकारी क्षेत्र नगरपालिकाको विकास योजनाहरूका लागि अर्का महत्वपूर्ण विकास साझेदार रहनेछन्। खास गरी सहकारीहरू ग्रामिण अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण अंग हुन्। नेपाल सरकारको तीन खम्बे अर्थ नीति अन्तर्गत सहकारी र नीजि क्षेत्र एक महत्वपूण अंग हुन्। तसर्थ गाउँको आर्थतन्त्र मजबुत बनाउँन नीजिक्षेत्र र सहकारीसँगको सहकार्य बढाईने छ।

५.८.६ संघ संस्थाको स्रोत परिचालन

स्थानीय स्तरमा कार्यरत संघ संस्था र दातृ निकाय तथा अन्य संघसंस्थाहरू नगरपालिकाको विकासका महत्वपूर्ण साझेदार पात्रहरू हुने छन् । विकास साझेदारी तथा लागत साझेदारीमा यस्ता संघ संस्थाहरू सँगको सहकार्यलाई तिब्रता दिईने छ ।

५.८.७ अन्य स्रोत परिचालन

यो आवधिक विकास योजना कार्यान्वयन गर्न आवश्यकताका आधारमा यो योजनाको लक्ष्य प्राप्तिमा सहयोग गर्न चाहने र असल नियतबाट आउने जुन सुकै स्रोतलाई पनि स्वागत गरिनेछ ।

५.८.८ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू

स्रोत बाँडफाँटको मूल आधार वित्तिय व्यवस्थापनका न्यूनतम आधारहरू जस्तै,

१. **जनताको साधन जनताकै हितमाः** जनता बाट माग भै आएका योजनाहरू लाई प्राथमिकिकरण गरी कार्यान्वयन गरिनेछ ।

२. **वित्तिय जवाफदेहिताः** स्रोतहरूको परिचालन जनताले महशुस गर्ने गरी पारदर्शि र जवाफदेहि भएर गरिनेछ ।

३. **नीतिगत व्यवस्था प्रति अडिगः** राजस्व संकलन, लक्ष्य निर्धारण र खर्च निर्धारण स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ र स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित) का प्रवधान अनुसार गरिनेछ ।

४. **प्रथमिकता केन्द्रितः** योजनाहरूको प्राथमिकतामा खर्च गरिने छ ।

५. **कार्य संचालनका लागि क्षमता विकासः** स्थानीय सरकारको संस्थागत र मानव संसाधनको क्षमताले कार्यलाई असर पार्ने हुँदा यस तर्फ पनि ध्यान दिईने छ । कार्यान्वयन कार्य योजना, कार्य जिम्मेवारी निर्धारण, नतीजा र सूचकहरूको निर्धाण प्रष्ट पारिने छ ।

६. **जवाफदेहिता मापनः** आय व्ययको लेखा परीक्षण, आय व्ययको सार्वजनिकरण तथा सार्वजनिक सुनुवाईका माध्यमबाट जवाफदेहिता मापनको व्यवस्था गरिनेछ ।

प्रस्तुत गरिएका योजनाहरूमा लाग्ने अनुमानित लागत नै हो । खास गरी कृषिको यान्त्रिकरणका माध्यमबाट व्यावसायिकरण, पशु पालनमा व्यावसायिकरण, स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसायको स्थापना, सम्पदामैत्री पर्यटन विकास, सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, दिगो पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, अन्तर सम्बन्धित विषयहरू, सेवा प्रवाह र सुशासन जस्ता विषयहरूको एकिकृत विकास गर्ने लक्ष्य तथा प्रतिफल प्राप्तीका लागि तयार गरिएको खर्च योजना नै स्रोत साधनको बाँड फाँटका मूल आधारहरू हुन ।

स्रोत साधनहरूको बाँडफाँटलाई निम्न संवैधानिक, कानुनी र नीतिगत आधार समेतलाई ख्याल गरिएको छ,

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूचि,
- नेपाल सरकार तथा प्रदेश सरकारबाट आ.व. २०७८/०७९ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
- संघीय, प्रदेश तथा स्थानीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरू,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरू,
- नेपाल सरकारको पन्ध्रौं योजना (२०७६/२०७७–२०८०/२०८१)
- दिगो विकास लक्ष्य २०३०

५.९ सार्वजनिक खर्च र राजस्व परिचालन नीतिः

५.९.१ सार्वजनिक खर्च नीति

चौरजहारी नगरपालिकाको सार्वजनिक खर्चको मूल नीति भनेको नगरबासीको वृहत्तर हीत र उनीहरूकै सरोकारका योजनाहरूमा पारदर्शि ढंगबाट खर्च गरिने नीति लिइने छ। थोरै लागतमा धेरै प्रतिफल प्राप्त हुने प्रकारका गतिविधिहरूमा खर्च गरी लेखा परीक्षण तथा सार्वजनिक सुनुवाईको माध्यमबाट पारदर्शि बनाईने नीति लिईएको छ।

५.९.२ राजस्व नीति

आन्तरिक राजस्व नगरपालिकाको अभिन्न अंग हो र विकासका लागि ज्यादै महत्वपूर्ण अंश हो। संम्भावित र वर्तमानमा उपलब्ध राजश्वलाई व्यवस्थित रूपमा नियन्त्रण, व्यवस्थापन गर्नु आवश्यक छ। नगरपालिकाको आफ्नो सार्वजनिक खर्च नियमावली तयार गरिएको छ र सोको मातहतमा रहेर राजस्व खर्च गरिँदै छ।

५.१० निजी क्षेत्रको स्रोत परिचालन नीति

योजनाका कतिपय गतिविधिहरू लागत साझेदारीमा संचालन गरिने छन्। खास गरी व्यावसायिक कृषि तथा पशुपालन, सिंचाईका लागि पोखरी निर्माण, होम स्टेहरूको विकास गरिने छ। यस्ता प्रकारका गतिविधिहरूमा निजिक्षेत्रको स्रोत परिचालनलाई प्राथमिकतामा राखिएको छ।

५.११ सहकारी क्षेत्रको स्रोत परिचालन नीति

ग्रामिण अर्थतन्त्रलाई चलायमान बनाउन सहकारीको निकै ठूलो भूमिका छ। सहकारीमा जनताको पहुँच वृद्धिका साथै आय आर्जनका क्षेत्रमा सहकारीबाट व्यवसाय विकास र ऋण प्रवाहलाई जोडिने छ।

५.१२ जनसहभागिता परिचालन नीति

जनताले धान्न सक्ने हद सम्मका उत्पादन तथा उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने प्रकारका योजनाहरू लागत सहभागितामा पहिलो प्राथामिकताका साथ कार्यान्वयन गर्ने नीति लिईने छ।

५.१३ संघ संस्थाको स्रोत परिचालन नीति

योजनामा अनुमान गरिएका अपुग स्रोत जुटाउँन र लागत साझेदारीमा कार्य गर्न स्थानीय संघ संस्थासँगको सहकार्य बढाईने छ।

परिच्छेद छ
पालिकाका क्षेत्रगत विकास योजनाहरू

६.१ परिचय

यस अध्यायमा चौरजहारी नगरपालिकाको दीर्घकालीन योजनाको प्रारूपलाई मध्यनजर राखी क्षेत्रगत विकासका योजना तथा कार्यक्रमहरू समावेश गरिएको छ । खासगरी यस अन्तर्गत Terms of Reference (TOR) मा उल्लिखित विषयगत क्षेत्रहरू क्रमशः आर्थिक विकास योजना, सामाजिक विकास योजना, भौतिक विकास योजना, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन दिगो विकास योजना, संस्थागत विकास योजना र वित्तीय विकास योजना समेटिएका छन् । क्षेत्रगत बिकास योजनाहरूको तर्कबद्ध प्रणाली (Logical Framework Approach) मा गरिएको विश्लेषण समेत यसमा उल्लेख गरिएको छ ।

६.२ आर्थिक विकास योजना

आर्थिक विकास योजना अन्तर्गत नगरपालिकाबासीको आर्थिक स्तर सुधारका लागि गरिने विकास कार्यक्रमहरू समावेश गरिएको छ । आर्थिक विकास योजना वडागत तथा नगरपालिका स्तरीय आयोजनाहरूको रूपमा समेत प्रस्ताव गरिएको छ । यसका लक्ष्य, उद्देश्य, कार्यक्रमहरू र उपलब्धि देहाय बमोजिम रहेका छन् ।

६.२.१ कृषि

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्यांक अनुसार चौरजहारी नगरपालिकाको जम्मा घरधुरी संख्या ६७९१ रहेको छ । नगरपालिकाको पार्श्वचित्र अनुसार कृषि पेशामा संलग्न घरधुरी संख्या ६३४९ रहेको छ । जसका आधारमा कुल घरधुरी संख्याको ९३.४९ प्रतिशत घरधुरी कृषि तथा पशुपालन पेशामा संलग्न रहेको देखिन्छ । नगरपालिकाको जम्मा भू-भाग १०७२७ हेक्टर जमिन मध्ये ४४६२.६ हेक्टर अर्थात् ४१.६ प्रतिशत भू-भाग खेतीयोग्य जमिन रहेको छ । नगर क्षेत्रमा बसोबास गर्ने जनसंख्याको आफ्नो स्वामित्वमा भएको जग्गालाई खेत, बारी, आवासीय, औद्योगिक, व्यापारिक, पाखो भीर र अन्य गरी सात तहमा विभाजन गरिएको छ । चौरजहारी नगरपालिकाको भदालेखोला, साक्चा, सिलिङ्गे, घुघुती ज्यूला, सर्केना ज्यूला, खोलागाउँ, नार्जि, थापाचौर, डाब, धुलेखेत, मानकोट, लहरेसिमल आदि बाह्रै महिना सिँचाइ हुने उर्वर भूमि रहेका छन् । पर्याप्त सिँचाइको व्यवस्था नभएका नाउली, लिउरेवारी, लामाडाँडा, तिम्ले, साक्चा, रातामाटा, घुघुती, सर्केना, जोगिनेटा, खागल, कोटजहारी, मनकोट, भलाक्चा, खोलागाउँ जस्ता ठाउँहरू पाखाबारीहरूमा फलफूल तथा मकै गहुँ, जौ, कोदो जस्ता नगदे बालीहरू उत्पादनका लागि राम्रो सम्भावना भएका ठाउँहरू हुन । यद्यपि कृषिमा आकर्षण हुने नीति नियमको अभाव, उत्पादित वस्तुको बजारीकरणको समस्या तथा प्राविधिक ज्ञानको कमीका कारण अपेक्षित उत्पादन हुन सकेको छैन । हावापानी र जमिन अनुसार बालीहरूको छनोट नहुँदा र बैदेशिक रोजगारीको मानसिकताका कारण कतिपय कृषि योग्य जमिन बाँझो छोडिएको छ ।

यसका लागि कृषि क्षेत्रको दीर्घकालिन योजना बनाइ कृषिमा आधुनिकीकरण र व्यावसायिकीकरण गर्नु नितान्त आवश्यक छ । नगरपालिकाको पार्श्वचित्र अनुसार अन्न बाली उत्पादनमा संलग्न घर धुरी ५००६, तरकारी खेतीमा संलग्न घरधुरी १०४५ र परम्रागत फलफूल खेतीमा संलग्न घरधुरी संख्या ६०७ रहेको छ । परम्परागत रूपमा चलिरहेको कृषि पेशा व्यावसायीकरण र प्रविधिकरण हुन सकिरहेको छैन् ।

नगरपालिकाको रेकर्ड अनुसार वार्षिक रूपमा सबै भन्दा बढी १०८१४५० किलो मकै उत्पादन हुने गरेको देखिन्छ । दोस्रोमा धान २८२३०० किलो, तेस्रोमा गहुँ २९५६५२ किलो उत्पादन हुने गरेको देखिन्छ । त्यसैगरी सबैभन्दा कम कोदो २०७५० किलो, दलहन ३४३५० तथा तरकारी ९४०५० किलो उत्पादन हुने गरेको पाइएको छ ।

खेतीयोग्य जमिनमध्ये ३३ प्रतिशत (३८६ परिवारको) जमिनमा १२ महिना सिँचाइको सुबिधा छ भने ६७ प्रतिशत अर्थात १५३२ परिवारको जमिन मौसमी वर्षामा निर्भर रहेको छ। पालिका क्षेत्रमा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। अधिकांश ग्रामीण परिवेश भएको हुँदा उत्पादनको मूल साधन नै जमिन हो। उत्पादनको प्रकारमा कृषि तथा पशुपालन नै हो। यस नगरपालिकामा मकै, गहुँ, धान, दलहन तथा ताजा तरकारी उत्पादनले आर्थिक क्षेत्रमा योगदान कायम राखेको छ।

पालिकाको पार्श्वचित्र अनुसार खाद्यान्न परिपूर्तिको आधारमा वर्षभरि आफ्नो उत्पादनले खाना पुग्ने र बचत समेत हुने ७.८ प्रतिशत, १०-१२ महिना सम्म २४.१ प्रतिशत, ७-९ महिना सम्म २७.२ प्रतिशत, ४-३ महिना सम्म २५.५ प्रतिशत, ३ महिना भन्दा कम ७.८ प्रतिशत, उत्पादन नगर्ने ७.६ प्रतिशत रहेको देखिन्छ ।

संभावना र अवसर

चौरजहारी नगरपालिकाको भूबनोट अनुसार विभिन्न किसिमका बालीको उत्पादन हुने गरेको छ। कूल खेतीयोग्य जमिन ४४६२.६ हेक्टर अर्थात ४१.६० मध्ये ..... हेक्टरमा मात्र खेती गरिएको छ। पालिकाभित्रको जग्गाको स्वरूपलाई हेर्दा जम्मा १०७२७ हेक्टर मध्ये समथर जमिन १५४८ हेक्टर, सामान्य (पाखोबारी) जमिन १७७६ हेक्टर, भिरालो जमिन ३६४१ हेक्टर र अति भिरालो ३७६१ हेक्टर क्षेत्रफल रहेको छ। भिराला पहाडहरूबाट बनेको भए पनि करिव ४१.६० प्रतिशत भागमा मात्र खेती हुने गरेको छ। जहारी खोलाको मुहान भदाले खोलादेखि साक्चाखोला, सिलिङ्गी, खोलागाउँ, नाँर्जी र चौरजहारीको फाँट सिञ्चित समथर उर्वर भूमि र नदी किनाराहरूका उत्पादनशील जग्गाहरू रहेका छन्। समृद्धिको यात्रा कृषिको व्यावसायीकरण तथा आधुनिकीकरणबाट गर्न सकिने, खेतीपातीका सुविधा वृद्धिका साथै उच्च मूल्यका वालीनालीको छनौट गरी खेती विस्तार गर्न सकिने संभावना देखिन्छ। पालिकाको पार्श्वचित्र अनुसार आर्थिक रूपले सक्रिय जनसंख्याको (१५ देखि ५९ वर्ष) .... मध्ये यस पालिकाका मानिसहरूले अपनाउँदै आएका पेशाहरूमा कुल घरधुरी संख्याको ६३४९ घरधुरीले मुख्य पेशाको रूपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएका छन्। यस पालिकाभित्र खाद्यान्नजन्य उत्पादन १६८०१५२ किलो, दलहन ३४३५० तथा तरकारी ९४०५० किलो उत्पादन हुने गरेको छ। कृषिको आधुनिकीकरण व्यावसायीकरण र औद्योगीकीकरण गर्न दक्ष जनशक्ति, सिँचाइ सुविधा, सडक पहुँच, कृषि बजारको स्थापना, शीतभण्डारको व्यवस्था, गोदाम घर तथा संकलन केन्द्रको स्थापना, विजुलीको पर्याप्तता, व्यावसायिक उत्पादनका लागि यान्त्रीकीरण तथा बजारीकरणको प्रयास गर्दा उत्पादन बढाउँन सक्ने संभावना प्रसस्तै छ। भिरालो तथा पाखोबारीमा फलफूल लहरे तथा कोशे बाली लगाई माटोको संरक्षण र कृषि क्षेत्रको विकास गर्ने सम्भावना रहेको छ। चौरजहारी नगरपालिकाका दयालेक, खागल लेक, जोगीनेटा लेक, कोटजहारी लेक आदि उच्च पहाडी क्षेत्रका खेतीयोग्य पाखाबारीमा विभिन्न किसिमका नगदे प्रकृतिका जडिबुटीको खेतीका लागि सम्भावना रहेको छ।

समस्या तथा चुनौती

- चौरजहारी नगरपालिका भित्रका सबै स्थानहरूमा माटो र हावापानी सुहाउँदो खेती गर्ने चलनको कमी रहेको छ,
- सबै खेतीयोग्य जमिनमा खेती नगर्नु, भिरालो पाखाहरूमा भूवनोट अनुसारको व्यावसायिक फलफूल तथा लहरे खेती गर्न नसक्नु,
- उर्वरायुक्त फाँट र पर्याप्त सिँचाइको सुविधा भएपनि व्यवस्थित सिँचाइ नहुनु, जल र जमिनको सदुपयोग गर्न नसक्नु, व्यावसायीकरणका लागि दिगो योजना नभएकाले उत्पादकत्व वृद्धिमा समस्या हुनु,

- कृषिको उत्पादनमा वृद्धि गर्नका लागि उन्नत जातका विउविजनहरू प्रयोग तथा उपयोग नहुनु नयाँ विउविजन र नविनतम प्रविधिको प्रयोगको ज्ञान नहुनु,
- कृषि प्राविधिक जनशक्तिको अभाव र परिचालन गर्न नसक्नु,
- कृषि उपजको विक्रि वितरणका लागि सडक पहुँच, बजारीकरण, संकलन केन्द्र र मूल्य स्थिरताको समस्या हुनु,
- साना तथा मझौला स्तरमा रहेका कृषकको दक्षता वृद्धि गरी व्यावसायिक बनाउनु चुनौति रहेको छ ।
- प्राकृतिक प्रकोप विभिन्न किसिमका कृषिजन्य रोग र कतिपय जंगली जनावर तथा पंक्षिबाट बाली बालीनाली जोगाउनु चुनौती रहेको छ ।
- उत्पादकत्व बढाउँने प्रयास नहुनु, परम्परागत बालीहरू लोप हुँदै जानु, कृषिमा ब्यवसायिक तथा उत्पादनको बजारीकरणबारे ज्ञान कम हुनु, उत्पादन पकेट क्षेत्रहरूमा १२ महिना यातायात चल्ने सडक नहुनु, आवश्यक मात्रामा सिँचाइको व्यवस्था नहुनु,
- कृषिमा यान्त्रीकरण र आधुनिकीकरण नहुनु, आपूर्ति श्रृंखलाको दिगो व्यवस्थापन नहुनु,
- परम्रागत कृषि प्रणालीमा मात्र भर पर्नु, उच्च मूल्यका बाली छनौट गरी न्यूनतम लगानीमा अधिकतम लाभ लिन नसक्नु, स्थानीय रैथाने जातका खाद्यान्न बालीको महत्व बुझाउन र संरक्षण गर्न नसक्नु,
- माटोको नियमित परीक्षण नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, बजार संजालको निर्माण नहुनु, प्राविधिक जनशक्तिको अभाव हुनुजस्ता समस्याहरू रहेका छन् ।
- व्यावसायिक ज्ञान तथा सूचनाको कमी, कृषि बजारको अभाव, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव मुख्य चुनौतीको रूपमा रहेका छन् ।
- स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालका विभिन्न प्रजातीका बीउविजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको वोटविरूवा प्राप्त गर्न सकेका छैनन ।
- वाह्य तथा आनुवांशिक जातीय शुद्धता र गुणस्तर कम हुने बीउविजनको परिक्षण विना जथाभावी प्रयोग गर्नु
- जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने समस्या र त्यसले पुऱ्याउने क्षेतीका बारेमा यथेष्ट जानकारी नहुनु र रोकथाम तथा न्यूनीकरणका लागि पहल नहुनु समस्याका रूपमा रहेको छ ।

सोचः

"आफ्ना लागि आफ्नै मेहनत, हाम्रा लागि हाम्रै उत्पादन"

लक्ष्यः

- कृषिको यान्त्रिकीकरण, औद्योगीकरण र व्यावसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने ।

उद्देश्यः

- उच्च उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर नगरपालिका बनाउने,

- कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्ने,
- कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्ने र
- ब्यावसायिक कृषि तथा उत्पादनलाई बजार संजालमा जोड्ने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. कृषि क्षेत्रको व्यावसायीकरण गरी समग्र कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने,	• कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि कृषि प्रसार तथा विस्तारमा जोड दिने, • खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटोको प्रकार र हावापानी अनुसार पकेट क्षेत्र पहिचान गर्ने, • व्यावसायिक बन्न इच्छुक कृषकलाई आवश्यक प्राविधिक तथा वीउ पुजीका लागि वित्तीय संस्थामा पहुँच वृद्धिका लागि सहयोग गर्ने, • सम्भावनाका आधारमा कृषकले छनौट गरेका उच्च मूल्यका बालीहरूमा व्यावसायिक उत्पादन गर्नका लागि व्यावसायिक योजना निर्माण गर्न सहजीकरण गर्ने, • कृषकहरूको लगानी सुनिश्चितताका लागि बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गराउने, • नगरपालिका भित्रका साना लगानी कर्ताहरूको लगत अद्यावधिक गरी व्यावसायिक क्षमताको विकास गर्न व्यावसाय विकास सेवा प्रदायकहरूको सहयोग लिई कृषकहरूलाई आवश्यक सीप प्रदान गर्ने, • आयात प्रतिस्थापन हुने तथा निर्यात प्रवर्द्धन गर्ने प्रकारका आय मूलक कृषि व्यवसाय छनौट र संचालन गर्न ऋणमा पहुँच वृद्धि र प्रविधिसँग जोड्न सहयोग गर्ने, • कृषकहरूको हौसलाका लागि कृषक सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने, • जीविकोपार्जनका लागि कृषिमा आधारित विपन्न वर्गलाई लक्षित गरी आर्यआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने, • पाखो जमिन र खेती नगरिएको बाँझो जमिनमा बैकल्पिक बालीहरूको प्रवर्द्धन गर्ने, • विभिन्न प्रजातिका फलफूलको व्यावसायिक उत्पादनका लागि प्राविधिक सहयोग उपलव्ध गराउने, • जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने समस्या र त्यसले पुऱ्याउने क्षेतीका बारेमा यथेष्ट जानकारी गराइ रोकथाम तथा न्यूनीकरणका लागि पहल गर्ने, • वाह्य तथा आनुवांशिक जातीय शुद्धता र गुणस्तर कम हुने बीउविजनको परिक्षण गरी सस्तो मूल्यमा कृषकलाई वीउ वितरण गर्ने,

चौरजहारी नगरपालिका

	• स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन हुने खालका विभिन्न प्रजातिका बीउविजन उत्पादन गर्ने नर्सरीको व्यवस्था गरी कृषकहरूको माग र आवश्यकताका आधारमा वोटविरूवा सुलभ मूल्यमा वितरण गर्ने, • प्राकृतिक प्रकोप विभिन्न किसिमका कृषिजन्य रोग र कतिपय जंगली जनावर तथा पंक्षीबाट बाली बालीनाली जोगाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने र • कृषि प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था गरी परिचालन गर्ने ।
२. कृषि उपजको बजारीकरणका लागि कृषकलाई बजार सञ्जालमा जोड्न सहयोग गर्ने,	• पालिका भित्रको उत्पादनलाई नजिकका ठुला बजारहरू सुर्खेत, दाङ्ग र नेपालगञ्ज हुँदै देशका विभिन्न ठुला बजारसँग पहुँच वृद्धि गर्ने, • व्यावसायीकरणमा सहयोग गरिएका साना किसानहरूको उत्पादनको बजारीकरण गर्न आवश्यक संकलन केन्द्रको निर्माण गर्ने, • बजार सञ्जालमा आवद्ध गराउन थोक खरिद कर्ताहरूको पहिचान गरी उत्पादक र थोक खरिद कर्तावीच समन्वय गराइ उत्पादक र थोक बिक्रेताहरू बीच खरिद विक्री सम्झौताको लागि सहजीकरण गर्ने, • विशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी संकलन तथा निर्यात केन्द्रको निर्माण गर्ने र • उत्पादन कर्तालाई बजारीकरणको सीप प्रदान गर्ने ।
३. बाली बिमामा जोड,	• किसानको हितका लागि बाली बिमाको महत्व, आवश्यकता र बिमा प्रक्रियाबारे जनचेतनामूलक प्रचार प्रसार कार्यक्रम संञ्चालन गर्ने, • विमा प्रदायक संस्थाहरू र किसान समूहबीच समन्य गराई जोखिम न्यूनीकरणका लागि कृषकहरूलाई बाली विमा गर्न प्रोत्साहन गर्ने, • बिमा सहजकर्ताको सेवा धरदैलोमा नै उपलब्ध गराउने ।
४. कृषिमा यान्त्रिकीकरण गर्ने,	• सम्भावना र आवश्यकताका आधारमा कृषि क्षेत्रको यान्त्रिकीकरण गर्न सहयोग गर्ने, • विपन्न वर्ग र सामाजिक रूपमा पछाडि पारिएका वर्गलाई लागत सहभागिताको प्रतिशतमा अन्यको तुलनामा २० प्रतिशत कम गराई

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष					५ वर्ष जम्मा	अनुमानित लागत रु.मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेशको संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५						
१.कृषि विकास														
कृषकहरूलाई व्यवसायिकरण तालिम संचालन	किसान संख्या	५०००	सबै वडा	८००	१००००	१००००	१००००	१२००	५००००	२५००००००	न.पा र कृषक	१.२	४	३
कृषि क्षेत्रको यान्त्रिकरण									०	०				
आधुनिक हाते ट्राक्टर	थान	५००	सबै वडा	८०	९०	१००	११०	१२०	५००	१७५००००	न.पा र कृषक	१.२	४	७
गहुँ, धान, घाँस काट्ने मेसिन)	थान	५००	सबै वडा	८०	९०	१००	११०	१२०	५००	५०००००	न.पा र कृषक	१.२	४	३
हावा लगाउने पंखा	थान	५००	सबै वडा	८०	९०	१००	११०	१२०	५००	१७५००००	न.पा र कृषक	१.२	४	३
हलो	थान	५००	सबै वडा	८०	९०	१००	११०	१२०	५००	७५००००	न.पा र कृषक	१.२	४	३
सुधारिएको घरेकोली	थान	१०००	सबै वडा	१५०	२००	२१०	२१०	२३०	१०००	१००००००	न.पा र कृषक	१.२	४	३
हाते पम्प	थान	१०००	सबै वडा	१५०	२००	२१०	२१०	२३०	१०००	१५०००००	न.पा र कृषक	१.२	४	३
माटोको नमूला संकलन तालिम तथा माटो जाँच शिविर	सहभागी संख्या	४०००	सबै वडा	६००	७००	८००	९००	१०००	४०००	८०००००	न.पा र कृषक	१.२	४	३
किसानको अवलोकन भ्रमण	पटक	५	सबै वडा	१	१	१	१	१	५	१२५००००	न.पा र कृषक	१.२	४	३

चौरजहारी नगरपालिका

उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम	किसान संख्या	२५०	सबै वडा	५०	५०	५०	५०	५०	२५०	२५००००	न.पा र कृषक	१.२	४	३
नगर कृषि प्रोफायल तयारी	संख्या	५	सबै वडा	१	१	१	१	१	५	५०००००	न.पा र कृषक	१.२	४	३
जैविक मल तथा विषादी व्यवस्थापन	मे.टन	२००	सबै वडा	३०	३५	४०	४५	५०	२००	४००००००	न.पा र कृषक	१.२	४	३
वडा नं. १ का योजनाहरू									०	०		१.२	४	३
व्यावसायिक मकै विउ उत्पादन	किसान संख्या	३०	घारिगाउँ, नाखिरा, घर्ति गाउँ	०	१०	१०	१०	०	३०	७५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक अदुवा खेती	किसान संख्या	३०	घारिगाउँ, नाखिरा, घर्ति गाउँ	१०	०	१०	१०	०	३०	७५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक बदाम विउ उत्पादन	किसान संख्या	५०	घारिगाउँ, नाखिरा, घर्ति गाउँ	०	१०	१०	१०	२०	५०	१२५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक भट्मास विउ उत्पादन	किसान संख्या	६०	घारिगाउँ, नाखिरा, घर्ति गाउँ	१०	१०	१०	१५	१५	६०	१५००००	न.पा र कृषक	१.२	४	३
वडा नं. २ का योजनाहरू									०	०		१.२	४	३
व्यवसायिक तरकारी खेती गर्ने किसानहरूलाई तालिम तथा सहयोग कार्यक्रम संचालन गर्ने	किसान संख्या	८०	रुकुमे गाउँ	१०	१५	१५	१८	२२	८०	२०००००	न.पा र कृषक	१.२	४	७

चौरजहारी नगरपालिका

कृषकहरूलाई व्यवसायिकरण तालिम संचालन	किसान संख्या	१००	गोतामेगाउँ	१५	१५	१५	१५	४०	१००	२५००००	न.पा र कृषक	१.२	४	७
कृषीको यान्त्रिकरणका लागि सहयोग	किसान संख्या	२००	गोतामेगाउँ	३०	३५	४०	४५	५०	२००	५०००००	न.पा र कृषक	१.२	४	३
व्यवसायिक फलफुल (आँप, कागती, अनार, अंगुर, अम्बा आदि) खेती गर्न चाहने किसानहरूको पहिचान गरी विरुवा वितरण तथा आवश्यक प्राविधिक सहयोग गर्ने	किसान परिवार	३००	50	५०	५०	६०	७०	७०	३००	७५००००	न.पा र कृषक	१.२	४	३
कृषि क्षेत्रको यान्त्रिकरण गर्नका लागि आवश्यक प्रविधीहरूको सहयोग गर्ने जस्तै थ्रेसर मेसिन, हाते टयाक्टर, धान गहुँ काट्ने मेसिन	किसान	३००	गोतामेगाउँ	५०	५०	६०	७०	७०	३००	७५००००	न.पा र कृषक	१.२	४	३
प्याज, लसुन, अदुवा, धनियाको उत्पादन तथा विउ उत्पादनका लागि सहयोग	किसान	१००	गोतामेगाउँ	२०	२०	२०	२०	२०	१००	२५००००	न.पा र कृषक	१.२	४	३
वडा नं. ३ का योजनाहरू										०		१.२	४	३

चौरजहारी नगरपालिका

व्यावसायिक मकै खेती	घरधुरी	४३८	स्यालखोला, अमचौर, टाटागाउँ, लपूलेगाउँ	७०	७०	८०	९०	१२८	४३८	१०९५०००	न.पा र कृषक	१.२	४	३
भटमास, मुसुरो, चना, मास उत्पादन, प्रवर्द्धन कार्यक्रम	घरधुरी	४३८	टाटागाउँ, लाइलेगाउँ, स्यालाखोला	७०	७०	८०	९०	१२८	४३८	१०९५०००	न.पा र कृषक	१.२	४	३
धान उत्पादनका लागि वीउ मल तथा उपकरण अफिस	घरधुरी	४३०	स्यालखोला	७०	७०	८०	९०	१२०	४३०	१०७५०००	न.पा र कृषक	१.२	४	३
तेलहन, तोरी, तिल, वदाम, रायो उत्पादन प्रवर्द्धन कार्यक्रम	घरधुरी	४३८	अम्माचौर, स्यालखोला, लाइले गाउँ, टाटागाउँ	७०	७०	८०	९०	१२८	४३८	१०९५०००	न.पा र कृषक	१.२	४	३
वडा ४ का योजनाहरू										०		१.२	४	३
तरकारी विउ उत्पादन (मुला, प्याज, काउली, लसुन, रायो)	घरधुरी	१५०	टाटा, टाकुरा, जंगले	२०	२५	२५	३५	४५	१५०	३७५०००	न.पा र कृषक	१.२	४	३
बेसार र अदुवा खेती	घरधुरी	१२५	अमलाटाकुरा , मन्कोट	२०	२२	२५	२५	३३	१२५	३१२५००	न.पा र कृषक	१.२	४	३
फलफू खेती (आँप, केरा, लिचि, कागती)	घरधुरी	२६०	अमलाटाकुरा , मन्कोट	३०	५०	५२	६०	६८	२६०	६५००००	न.पा र कृषक	१.२	४	३
मकै विउ उत्पादन	घरधुरी	१००	अमलाटाकुरा , मन्कोट	२०	२०	२०	२०	२०	१००	२५००००	न.पा र कृषक	१.२	४	३
टिमुर खेती/ अलैच पकेट क्षेत्र	घरधुरी	६०	अमलाटाकुरा	१०	१२	१२	१५	११	६०	१५००००	न.पा र कृषक	१.२	४	३

चौरजहारी नगरपालिका

ताजा तरकारी (वेमौसमी टनेल) उत्पादन	घरधुरी	१२०	वडा नं ४	२०	२०	२२	२५	३३	१२०	३०००००	न.पा र कृषक	१.२	४	३
उन्नत विउ (धान, मकै, गहुँ) उत्पादन तथा प्रवर्द्धन	घरधुरी	१२०	वडा नं ४	२०	२०	२२	२५	३३	१२०	३०००००	न.पा र कृषक	१.२	४	३
वडा ५ का योजनाहरू										०				
व्यावसायिक कागती खेती प्रवर्द्धन कार्यक्रम	घरधुरी	३५०	लहरेसिमल, मल्यासिम, जीवि डाडा टोल, खहरे, वेतेनी	५०	६०	७०	७०	१००	३५०	८७५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक केरा खेती प्रवर्द्धन कार्यक्रम	घरधुरी	२००	लहरेसिमल, मल्यासिम, जीवि डाडा टोल, खहरे, वेतेनी	४०	४०	४०	४०	४०	२००	५०००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक आँपखेती प्रवर्द्धन कार्यक्रम	घरधुरी	१००	लहरेसिमल, जीवि डाडा टोल, खहरे, वेतेनी	१५	२०	२०	२०	२५	१००	२५००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक अदुवा/बेसार प्रवर्द्धन कार्यक्रम	घरधुरी	२५०	लहरेसिमल, मल्यासिम, वेतेनी	४०	४०	५०	६०	६०	२५०	६२५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक तरकारी विउ उत्पादन कार्यक्रम	घरधुरी	१००	लहरेसिमल, जीवि डाडा टोल, खहरे	१५	२०	२०	२०	२५	१००	२५००००	न.पा र कृषक	१.२	४	३
वडा ६ का योजनाहरू										०		१.२	४	३

चौरजहारी नगरपालिका

मकैको विउ उत्पादन	घरधुरी	२५०	घार्तिकाडा, खागल	४०	४५	५०	५०	६५	२५०	६२५०००	न.पा र कृषक	१.२	४	३
फलफूल उत्पादन (आँप, केरा, सुन्तला, कागती)	घरधुरी	४००	घार्तिकाडा, खागल	७०	७०	८०	९०	९०	४००	१००००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक बेसार, अदुवा उत्पादन	घरधुरी	१००	घार्तिकाडा, खागल	२०	२०	२०	२०	२०	१००	२५००००	न.पा र कृषक	१.२	४	३
तरकारी विउ उत्पादन	घरधुरी	१००	अधिकारी पाखा, जिउला	१५	२०	२०	२०	२५	१००	२५००००	न.पा र कृषक	१.२	४	३
धानको विउ उत्पादन	घरधुरी	२५०	घर्तिकाडा, खागल	५०	५०	५०	५०	५०	२५०	६२५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक टिमुर उत्पादन	घरधुरी	४००	खागल, घर्तिकाडा	७०	८०	८०	९०	८०	४००	१००००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक अलैची उत्पादन	घरधुरी	२००	खागल, घर्तिकाडा	०	४०	४५	४५	७०	२००	५०००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक ओखर, ट्रफि ओखर उत्पादन	घरधुरी	२००	मालिका, चौखेसय	४०	४०	४०	४०	४०	२००	५०००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक लिचि उत्पादन	घरधुरी	२००	वडेका तल्नो, वस्ती	३०	३५	४०	४५	५०	२००	५०००००	न.पा र कृषक	१.२	४	३
वडा ७ का योजनाहरू										०		१.२	४	३
तरकारी खेती (आलु, प्याज, काउली, गोबी, टमाटर, केराउ, सिमी, लौका)	किशान संख्या	१००	मेलैनाउली देखि नार्जी	१५	१५	२५	२५	२०	१००	२५००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक फलफूल खेती (केरा, आँप,	किशान संख्या	५०	कोटजहारी	८	९	१०	१०	१३	५०	१२५०००	न.पा र कृषक	१.२	४	३

चौरजहारी नगरपालिका

कागती, मेवा, लिची, कटहर)														
कृषि यन्त्रीकरण (मिनिटेलर, थ्रेसर, ट्याक्टर)	किशान संख्या	४००	वडा भरी	७०	८०	८०	८०	९०	४००	१००००००	न.पा र कृषक	१.२	४	३
वडा ८ का योजनाहरू										०				
व्यावसायिक आँप खेती	किसान	५५०	सोती खोला	८०	९०	१००	१४०	१४०	५५०	१३७५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक लिच्छी खेती	किसान	४५०	वडा खोला	७०	८०	९०	९०	१२०	४५०	११२५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक टिमुर खेती	किसान	३५०	गोहिटी	५०	६०	७०	८०	९०	३५०	८७५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक बेसार खेती	किसान	५००	गेस्मा बडीखोला	१००	१००	१००	१००	१००	५००	१२५००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक मकै खेती	किसान	३००	सोती	६०	६०	६०	६०	६०	३००	७५००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक कागती खेती	किसान	४५०	गोहिरी	७०	८०	९०	९०	१२०	४५०	११२५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक तरकारी खेती	किसान	५००	जरी जिउला	४५	५०	६०	७०	७५	३००	७५००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक आलु खेती	किसान	४००	बसीगाउँ वडाखोला	८०	८०	८०	८०	८०	४००	१००००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक अनार खेती	किसान	३५०	सोती खोला	६०	६०	६०	६०	६०	३००	७५००००	न.पा र कृषक	१.२	४	३
वडा ९ का योजनाहरू										०				

चौरजहारी नगरपालिका

व्यावसायिक मकैको विउ उत्पादन	घर धुरी संख्या	२५०	कोटगाउँ, माझमेला लेख नार्जि, गुतालगाउँ	४०	४५	५०	५५	६०	२५०	६२५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक टिमुर, कागती, कफि, आँप, सन्तला, अनार, केरा, उखु उत्पादन	घर धुरी संख्या	२९०	मझमेला, चिउरीपानी, कोटगाउँ, गुतौल गाउँ, लेख नार्जि	४०	५०	६०	६०	८०	२९०	७२५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक अदुवा, बेसार, अलैचि उत्पादन	घर धुरी संख्या	१८०	गुतौलगाउँ, माझमेला, लेखनार्जि	३०	३५	३५	४०	४०	१८०	४५००००	न.पा र कृषक	१.२	४	३
वडा १० का योजनाहरू									०	०		१.२	४	३
व्यवसायीक तरकारी खेती पकेट क्षेत्र बिस्तार	घरधुरी	११५	टाटाटोल, नेपाने, नाउला, खहरे,पेदिखोला	२०	२०	२५	२५	२५	११५	२८७५००	न.पा र कृषक	१.२	४	३
वेमौसमि तरकारी खेति (प्लास्टिक सेल) विस्तार	घरधुरी	१३७	वडा १० का बिभिन्न टोलहरू	२०	२०	२५	३०	४२	१३७	३४२५००	न.पा र कृषक	१.२	४	३
मसला वाली (अदुवा, वेसार, लसुन, प्याज, धनेवा) खेती विस्तार	घरधुरी	२३५	वडा १० का बिभिन्न टोलहरू	४०	४०	४५	४५	६५	२३५	५८७५००	न.पा र कृषक	१.२	४	३
वडा ११ का योजनाहरू										०				

चौरजहारी नगरपालिका

व्यावसायिक फलफूल खेती	किसान संख्या	४००	माथिल्लो, बीच र तल्लो भाग	७०	७०	८०	९०	९०	४००	१००००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक तरकारी खेती	किसान संख्या	२००	तल्लो भाग	३०	३५	३५	५०	५०	२००	५०००००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक मसला बाली उत्पादन	किसान संख्या	३००	सबै भाग	५०	५०	६०	७०	७०	३००	७५००००	न.पा र कृषक	१.२	४	३
वडा १२ का योजनाहरू										०				
अनार आँप खेती	किसान संख्या	४५०	चौ.न.पा. १२	७०	८०	९०	१००	११०	४५०	११२५०००	न.पा र कृषक	१.२	४	३
तरकारी बीउ उत्पादन	किसान संख्या	१५०	उल्लेरी, घरेरी डाँडा	३०	३०	३०	३०	३०	१५०	३७५०००	न.पा र कृषक	१.२	४	३
वडा १३ का योजनाहरू										०				
कम्चेखोला, वैलेटा, एकौली, घुघुती, आमासेरा, मटेला, मुलाजिउला, दारखेतमा तरकारी बीउ उत्पादन	घरधुरी	४००	वडा १३	८०	८०	८०	८०	८०	४००	१००००००	न.पा र कृषक	१.२	४	३
फलफूल खेती (सुन्तला, कागती, वेर्ना)	घरधुरी	२००	सौरे पोखरी, नारुला पोखरी, टिलोहाल्ला	३०	३५	४०	४५	५०	२००	५०००००	न.पा र कृषक	१.२	४	३

चौरजहारी नगरपालिका

अदुवा खेती	घरधुरी	२००	सौरे पोखरी, नारुला पोखरी, टिलोहाल्ला	३०	३५	४०	४५	५०	२००	५०००००	न.पा र कृषक	१.२	४	३
वीउ भण्डार	वटा	१	घुघुती	०	०	०	१	०	१	२५००	न.पा र कृषक	१.२	४	३
वडा १४ का योजनाहरू										०				
व्यावसायिक अनार खेती प्रर्वद्धन कार्यक्रम	किसान घरधुरी	१५०	साक्चा, विराललगाउ लामडाडा, अधेरी खोला, भदाले खोला	३०	३०	३०	३०	३०	१५०	३७५०००	न.पा र कृषक	१.२	४	३
टिमुर खेती मसाला वाली प्रर्वद्धन कार्यक्रम	किसान	१५०	नाउली तलिगाउ नाउली, लिउरेवारी तिमिले	२०	३०	३०	३०	४०	१५०	३७५०००	न.पा र कृषक	१.२	४	३
स्याउ खेती प्रर्वद्धन कार्यक्रम	किसान	२०	तिमिले पात टोल	३	४	४	४	५	२०	५००००	न.पा र कृषक	१.२	४	३
सन्तला प्रर्वद्धन कार्यक्रम	किसान	३०	तिमिले तलिगाउ	५	५	५	६	९	३०	७५०००	न.पा र कृषक	१.२	४	३
व्यववसायिक तरकारी खेती	किसान	८०	नाउली, भदालेखोला गटयान मूल खला, साक्चा विराल गाउ	१५	१५	१६	१६	१८	८०	२०००००	न.पा र कृषक	१.२	४	३
जम्मा कृषि विकास तर्फ रु										**८८५४२५००**				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धि

- खाद्यान्न वालीको उत्पादकत्वमा वृद्धि भइ नगरपालिका खाद्य सुरक्षामा आत्मनिर्भर हुने छ ।
- उच्च मूल्यका बालीहरूको अधिकतम् उत्पादन गरी कृषिको व्यावसायीकरण भएको हुने छ ।
- फलफूल तथा तरकारी खेती प्रविधि प्रसार भै स्थानीय आर्यआर्जनमा सुधार हुनुका साथै पर्यावरणमा सुधार भएको हुने छ ।
- नगरपालिकामा फलफूलको व्यावसायिक उत्पादनले आयातमा न्यूनीकरण गरी निर्यात गरिएको हुने छ ।
- कृषि उत्पादनमा यान्त्रिकीकरण र आधुनिकीकरण गरी आयआर्जनमा वृद्धि भएको हुने छ ।
- कृषकहरूको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि भएको हुने छ ।
- विपन्न वर्गको जीविकोपार्जनमा उल्लेख्य सुधार आएको हुने छ ।
- कृषि विमा, राहत र जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील कार्यक्रम मार्फत कृषकहरूले राहत प्राप्त गर्न सकेका हुनेछन् ।
- पाखो तथा बाँझो जमिनमा वैकल्पिक खेती मार्फत थप आयआर्जन र स्थानीय पर्यावरणमा सुधार आएको हुनेछ ।
- कृषिमा आधारित दिगो रूपमा वजार प्रवर्द्धनको लागि आवश्यक पूर्वाधारहरूको विकास भएको हुनेछ ।
- कृषि उपजको सहज विक्रि वितरणका लागि कृषकहरूलाई बजार सञ्जालसँग जोडिएको हुनेछ ।
- साना कृषकहरूका लागि शीतभण्डार र संकलन केन्द्रको स्थापना भएको हुने छ ।
- कृषि उपजको उत्पादन वृद्धि, व्यावसायिक सीप र सहजीकरणका लागि कृषकहरूले दक्ष प्राविधिकहरूबाट निरन्तर सहयोग पाएका हुने छन् ।
- कृषकका लागि आवश्यक वाह्य तथा आनुवांशिक जातीय शुद्धता र गुणस्तरयुक्त बीउविजनको परिक्षण गरी सस्तो मूल्यमा कृषकलाई वीउ वितरण गरिएको हुने छ ।
- कृषि उपजको वृद्धिका लागि आवश्यक मल र किटनाशक औषधीको भरपर्दो व्यवस्था गरिएको हुने छ ।
- जंगली जनावरको उचित व्यवस्थापन गरी खेतवारीमा हुने क्षतिमा न्यूनीकरण आएको हुने छ ।

६.२.२. पशुपंछी विकास

चौरजहारी नगरपालिकामा कुल कृषि ग्राहस्थ्य उत्पादनमा खाद्यान्नपछि पशुपंक्षीको योगदान महत्वपूर्ण रहेको छ । यस नगरपालिकामा पशुपालनको रूपमा गाई, भैंसी, भेडा, बाख्रा, सुँगुर, बँगुर, कुखुरा, माछा आदि पाल्ने चलन रहेको छ । नगरपालिकाको पार्श्वचित्र अनुसार पशुपंक्षी उपक्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ । नगरवासीहरूले गाई ८२९३, भैसी ३५९८, बाख्रा १८८५१, भेडा ३५७७, सँगुर २३८, कुखुरा २४८५८ पालन गरेका छन् । मूलतः निर्वाहमुखी पशुपंक्षी पालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामग्रीहरूको यथोचित उपलब्धता नभएकाले चौरजहारी नगरपालिकामा पशुपंक्षी विकासतर्फ आशातित उपलब्धि हुन सकेको छैन । साथै वित्तीय पहुँच नहुनु, बजार पूर्वाधारको विकास नहुनु जस्ता कारणहरू पनि अवरोधका रूपमा रहेका छन् । आम उपभोक्ताहरूको क्रयशक्तिमा आएको वृद्धि र नगरपालिकाका विभिन्न स्थानहरूमा प्रवर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपंक्षीजन्य उत्पादनहरूको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न जरुरी छ । पशुपंक्षी क्षेत्रको व्यावसायीकरण

तथा वजारीकरणबाट स्थानीय स्तरमै रोजगारी सिर्जना र आयआर्जन गर्न सकिने हुँदा यस क्षेत्रको विकास गरिनु जरुरी छ ।

सम्भावना र अवसर

- चौरजहारी नगरपालिकाका दयालेक, खागल लेक, जोगीनेटा लेक, कोटजहारी लेक आदि उच्च पहाडी भूभागमा परम्परागत पशुपंक्षीहरूमा नश्ल सुधार गरी व्यावसायिक उद्देश्यका साथ पशुपालन गर्न सकिने सम्भावना रहेको छ । साथै परिवर्तित समय सन्दर्भसँगै कानुनको दायरामा रही कतिपय वन्यजन्तु तथा घरपालुवा भेडा, वाखाको व्यावसायिक फार्महरू संचालन गर्ने राम्रो सम्भावना रहेको छ। यसले आयआर्जन, रोजगारी र मासुमा आत्मनिर्भता प्रदान गर्दछ ।
- पर्यटक आकर्षित गर्न पर्यटनका पूर्वाधारहरूको विकासका साथै खास गरी होटलहरूको सुधार तथा होमस्टे प्रणालीको स्थापना गरी पर्यटनमैत्री बनाउन स्थानीय व्यवसायीहरूलाई सीप तथा उत्प्रेरणा प्रदान गरिएको हुने छ ।
- नगरपालिका भित्र विद्यमान प्राकृतिक, धार्मिक, ऐतिहासीक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र प्रवद्धन गरिएको हुने छ ।
- पर्यटनका दृष्टिकोणले आवश्यक स्थानहरूमा शान्ति स्तम्भ तथा भ्यू टावरहरूको निर्माण गरिएको हने छ ।
- पदमार्गलाई नक्शाङ्कन गरी पर्यटक सूचना केन्द्रको स्थापना गर्नुका साथै पर्यटकहरूको लागि गाइड (पथ प्रर्दशकहरू) तयार गर्न जनशक्ति विकास गरिएको हुने छ ।
- मुख्य पर्यटक स्थलहरूको प्रचार प्रसारका लागि परिचय पुस्तिका (Brochure) तथा भिडियोहरू (Documentry Film) तयार गरिएका हुने छन् ।
- सांगीतिक सांस्कृतिक समूहहरूलाई तालिमहरू प्रदान गरिएको हने छ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा चौरजहारी नगरपालिकाको पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि Website वनाई सामग्रीहरू अपडेट गर्ने प्रणालीको विकास भएको हुने छ ।
- ट्रेकिङ रूटमा सूचना प्रवाह गर्न होर्डिङ वोर्ड राखिएको हुने छ ।
- साहसिक पर्यटन अन्तरगत पर्वतारोहण, बन्जि जम्पिङ, रक क्लाइम्बिङ, कायाकिङ, र्‍याफ्टिङ, प्यारागलाइडिङ, क्यानोनिङ, हनी हन्टिङ आदिको सम्भाब्यता अध्ययन गरी सम्भावना भएका साहसिक पर्यटनका कार्यक्रमहरू संचालन गरिने छ ।
- फिल्म सुटिङ स्थलहरू, पार्कहरू निर्माण गरिएको हुने छ ।
- प्रमुख सांस्कृतिक ग्रामको वरिपरि आधुनिक सुविधा सम्पन्न होटल, स्वास्थ्य केन्द्र र पर्यटकले खरिद गर्ने सामान सम्वन्धि घरेलु उद्योग सञ्चालन गरिएको हुने छ ।
- जाति जनजातिका संस्कृति झल्काउने सांस्कृतिक संग्रहालयहरूको स्थापना भएको हुने छ ।
- चौरजहारी नगरपालिका भित्रका अग्ला चुचुराहरूमा दृश्यावलोकन स्थल र पार्कको विकास गरी उक्त स्थानहरू पुग्नको लागि आवश्यक पदमार्ग र भौतिक पूर्वाधारको विकास गरिएको हुने छ ।

- चौरजहारी नगरपालिका भित्र रहेका तातोपानीका मुलहरूको संरक्षण र सम्वर्द्धन गर्ने ।

६.२.६ सार्वजनिक, निजी र सहकारी साझेदारी

संघ, प्रदेश र स्थानीय तीन वटै तह मार्फत हुने विकासका गतिविधिहरूमा समुदाय, निजी क्षेत्र र सहकारी क्षेत्रको प्रत्यक्ष संलग्नता अपरिहार्य छ । विकासको लागि निजी क्षेत्रको अग्रणी भूमिका हुने भएकोले निजी क्षेत्रका समस्या, समाधानका उपाय र निजी क्षेत्रको विकासमा स्थानीय सरकारले गर्नुपर्ने सहयोगको समेत विश्लेषण गरी कार्य गर्न सक्नु पर्दछ । त्यसैगरी आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान बढ्दै गएको वर्तमान परिवेशमा समुदायमा छरिएर रहेका श्रम, सीप, प्रविधि र पुजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरू वृद्धि गरी स्थानीय तहको आर्थिक वृद्धि गर्न निजी र सहकारी क्षेत्रको सहकार्य आवश्यक छ ।

चौरजहारी नगरपालिकामा जम्मा जम्मी ..... वटा सहकारी स्थापना भइ संचालनमा रहेका छन । सहकारीमा आबद्धता हेर्दा जम्मा ... जना आवद्ध रहेका छन । जस मध्ये महिलाको संख्या .... प्रतिशत र पुरुषको संख्या .... रहेको छ ।

सम्भावना र अवसर

- राज्यले अंगिकार गरेको सरकारी, सहकारी र नीजि साझेदारीको तीन खम्बे अर्थनीतिले सहकारीको आवश्यकता र औचित्यलाई थप बलियो बनाएको सन्दर्भमा स्थानीय स्तरमा छरिएर रहेको सानो पुजीलाई एकीकृत गरी सहकारीका माध्यमबाट ठुला आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न सक्ने सम्भावना रहेको छ ।
- चौरजहारी नगरपालिकामा खासगरी कृषि, वित्तीय, श्रम, सानाकिसान आदि सहकारीहरूको सञ्चालन र व्यवस्थापनका माध्यमबाट ग्रामीण पूजीको एकीकृत रूपमा परिचालन गरी नगरवासीको पूजी परिचालनको क्षमता विकास, गुणस्तरमा सुधार, रोजगारीको सृजना जस्ता कार्यहरू गर्ने सम्भावना रहेको छ ।
- सहकारीलाई व्यवस्थित, मर्यादित, सुशासनयुक्त र समुदायमुखी वनाई उत्पादन, बजारीकरण र प्रविधीमैत्री वातावरण निर्माण गर्ने वातावरण बनाउनका लागि स्थानीय सरकारलाई अधिकार हुनु यस क्षेत्रका अवसरहरू रहेका छन् ।

समस्या र चुनौती

- सहकारी शिक्षा र यस सम्वन्धि जनचेतनाको कमी हुनु,
- सहकारी सञ्चालन सम्वन्धि ज्ञान, सीप र क्षमताको अभाव हुनु,
- सञ्चालित सहकारीमा साँवा पूजीको कमी हुनु,
- पूजी परिचालन सम्वन्धि सहकारीको मर्म अनुसारको व्यावसायिक ज्ञानको अभाव हुनु,
- सहकारी को मूल्य, मान्यता र मर्म बमोजिम सञ्चालन नहुनु,
- वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी हुनु,
- स्थानीयहरूमा आम्दानी र बचतको सन्तुलन कायम गर्न नसक्नु,
- सहकारीहरूको नियमित एवं प्रभावकारी अनुगमन नहुनु,
- सार्वजनिक, निजी र सहकारी क्षेत्र बीच समन्वयात्मक वातावरण निर्माण गर्न नसक्नु,
- पर्याप्त विकासमैत्री तथा उत्तरदायी निजी क्षेत्रको विकास गर्न नसक्नु,
- सर्वसाधारणमा सहकारी क्षेत्रको सही ज्ञानको अभाव हुनु,

- सहकारीमा आवद्धता पश्चात् पनि भरपुर फाइदा लिन नसक्नु,
- निजी क्षेत्र प्रतिस्पर्धी, उद्यमशील र नवप्रवर्तनीय हुन नसक्नु
- प्रतिस्पर्धी निजी क्षेत्रको विकासका लागि सरकारले सहज कर्ता र निर्णयकारी भूमिका प्रभावकारी नहुनु,
- लगानी मैत्री वातावरण सिर्जना गरी सहकारीको योगदानमा वृद्धि गर्न नसक्नु
- सहकारीलाई उचित नियमन गर्दै सहकारीको गुणस्तर वृद्धि र विकासमा योगदान पुऱ्याउन नसक्नु,

सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

सोच

"सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहयात्रामा गुणात्मक साझेदारी"

लक्ष्य

- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीको वातावरणको निर्माण मार्फत आर्थिक वृद्धि र रोजगारीमा योगदान गर्ने,

उद्देश्य

- सहकारीहरूलाई पारदर्शी र व्यवस्थितरुपले सञ्चालन गरी उत्पादन र रोजगारी सिर्जनामा योगदान गर्ने,
- निजी क्षेत्रलाई उत्पादन क्षेत्रमा लगानी गर्ने वातावरण बनाई समग्र विकासमा योगदान गर्ने,
- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा पुजीलाई केन्द्रीकृत गरी उत्पादनमा लगानी गर्ने,
- संचालनमा रहेका सहकारीहरूको संस्थागत विकास गरी स्तरोन्नती गर्ने,
- सहकारीका आम सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गर्ने,

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• निजी क्षेत्रलाई पुजी सिर्जना र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने, • सहकारी क्षेत्रलाई उत्पादनमुखी बनाउने, • सहकारी व्यवस्थापनका लागि स्थानीय तहले सहज सरल र जनमुखी नीति निर्देशिका तयार गर्ने, • सहकारीका माध्यमबाट नगरवासीहरूलाई सशक्तीकरण गरी लगानी मैत्री वातावरण निर्माण गर्ने,	• सहकारीलाई उत्पादन, प्रशोधन, भण्डारण, वजारीकरण र विविधिकरणका आयोजनाहरूमा सहयोग गर्ने, • कृषि सहकारी आयोजनाहरूमा प्राविधिक सहयोग उपलब्ध गराइने, • नमूना सहकारी निर्माणका लागि दस्तावेजीकरण, लेखा व्यवस्थापन, योजना निर्माण र सहकारी व्यवस्थापनका क्षेत्रमा सीपमुलक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने, • सहकारी भित्रको सुशासन, जवाफदेहिता, पारदर्शिता कायम गर्नका लागि नगरपालिका र सहकारीवीच नियमित अन्तरक्रियात्मक छलफलको आयोजना गर्ने, • नियमित सहकारी अनुगमन तथा मूल्यांकन प्रणालीको व्यवस्था गर्ने,

• सहकारी व्यवस्थापन, संचालन, पुजी परिचालन र उत्पादन गरी आर्थिक समृद्धिमा संस्थागत विकास गर्ने, • सहकारीका सञ्चयकर्ता, व्यवस्थापक र कर्मचारीलाई सहकारी शिक्षा दिने, • निजी क्षेत्र र सहकारीका गतिविधिहरूको अनुगमन तथा मूल्यांकनका लागि नगरपालिकाले संयन्त्र तयार गर्ने • सहकारीलाई नियमित रुपमा नियमन गर्ने,	• राम्रो र प्रभावकारी सेवा व्यवस्थापनको क्षेत्रमा सफल कार्य गर्ने सहकारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गर्ने, • निजी क्षेत्रलाई आवश्यक सेवा तथा सुबिधाको व्यवस्था मिलाउन सहजीकरण गर्ने, • संभाब्यता अध्ययन गरी निजी क्षेत्रसँग सहकार्यको लागि आयोजना बैंक निर्माण गर्ने, • नगरपालिकाभित्रका आयोजनाहरूको विकासको लागि निजी क्षेत्रहरूसँग नियमित छलफल तथा समन्य गर्ने, • निजी क्षेत्रमार्फत विभिन्न आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास र भौतिक सुरक्षाको प्रबन्ध मिलाउने, • निजी क्षेत्रको लगानीको उपयोग पर्यटन, ऊर्जा, उद्योग र भौतिक पूर्वाधारको क्षेत्रमा गर्ने,

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

बिषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ बर्षको लक्ष बितरण						अनुमानित लागत रू.०००मा	लागत सहभागिता
				बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५	जम्मा		
६. सहकारी विकास											
पालिका भित्रका सहकारीसँगको साझेदारीमा साधारण सदस्यलाई सहकारी शिक्षा प्रदान गर्ने,	सहभागी संख्या	१०००	सबै वडामा	२००	२००	२००	२००	२००	१०००	३०००	नगरपालिका र सहकारी
स्थानीय स्तरमा कृषि सहकारी स्थापना गर्ने,	संख्या	१	सबै वडामा	१	०	०	०	०	१	१००	नगरपालिका र सहकारी
सहकारी संस्थाहरुको कार्यालय व्यवस्थापनका लागि भवन निर्माण गर्ने,	संख्या	१	सबै वडामा	०	१	०	०	०	१	३०००	नगरपालिका र सहकारी
सहकारीको अनुगमन र अवस्था विश्लेषण गर्ने,	पटक	१०	सबै वडामा	२	२	२	२	२	१०	५०	नगरपालिका र सहकारी
समान उद्देश्य भएका सहकारी समायोजन गर्ने,	संख्या	३००	सबै वडामा	६०	६०	६०	६०	६०	३००	१००	नगरपालिका र सहकारी
जम्मा सहकारी विकास रू										**६२५०**	

अपेक्षित उपलब्धि

- सहकारी र निजी क्षेत्रको विकासका लागि सामान्य नागरिकका जिम्मेवारी, काम कर्तव्य र अधिकारका विषयमा स्पष्टता आएका हुनेछ ।
- सहकारीहरूको व्यवस्थापकीय क्षमतामा सुधार आई सहकारीमा आवद्ध जनशक्तिले सहकारीको माध्यमबाट ऋण परिचालन, आफ्ना व्यवसाय व्यवस्थापन गर्ने कार्यमा सफलता प्राप्त गरेका हुनेछन् ।
- निजी क्षेत्रको सहकार्य र सह-लगानीमा आयोजनाहरू संञ्चालन भएको हुने छन् ।
- निजी क्षेत्रबाट संचालित आयोजनाहरूमा स्थानीय जनताको लागि उल्लेख्य मात्रामा रोजगार सिर्जना भएको हुने छ ।
- सहकारीहरूलाई विभिन्न प्रकारका सीप तथा प्रविधि हस्तान्तरण गरिएको हुने छ ।

६.२.७ श्रम तथा रोजगारी र मानव संसाधन विकास

गरिबी निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्यनजर गरी श्रम वजारको आवश्यकता अनुरुप सीपमूलक श्रमशक्तिको विकास गर्नु आजको आवश्यकता हो । गुणस्तरीय जनशक्तिको विकास मार्फत् श्रमको उत्पादकत्व अभिवृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पुजी तथा प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउनु आवश्यक छ । स्थानीय स्तरमा विद्यमान बढ्दो बेरोजगारी न्यूनीकरण गर्नु आवश्यकता छ । उत्पादनमुखी, आत्मनिर्भर र समृद्ध नगरपालिका निर्माणको प्रमुख साधन मानव संसाधन हो । शिक्षालाई सीपसँग, सीपलाई उत्पादन सँग, उत्पादनलाई बजारसँग, बजारलाई रोजगारीका अवसर र आर्थिक विकाससँग जोड्न सक्ने जनशक्ति विकास गर्नु चौरजहारी नगरपालिकाको आवश्यकता हो । युवा जनशक्तिलाई प्रविधियुक्त सीप विकास गरी प्रतिस्पर्धा गर्न सक्ने बनाउन जरुरी देखिन्छ । नगरपालिकाभित्र रोजगारीको अवसर सिर्जना गर्ने तथा स्वरोजगार हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ ।

सम्भावना र अवसर

- चौरजहारी नगरपालिकामा बेरोजगारी श्रम शक्ति २९९२ जना रहेका छन् । बेरोजगारीको प्रतिशतलाई रोजगारी सिर्जना गर्नका लागि स्थानीय सरकाले नीति कार्यक्रम र बजेटका माध्यमबाट सम्वोधन गरी श्रम बजारका विभिन्न किसिमका रोजगारीका सीपमूलक अवसरहरू प्रदान गर्न सक्ने सम्भावना रहेको छ ।
- चौरजहारी नगरपालिकाको जम्मा बजेट मध्ये झण्डै ४० प्रतिशत रकम पूर्वाधार विकासमा खर्च हुने गर्दछ । यो रकम मध्ये ३० देखि ६० प्रतिशत सम्मको रकम कामदार खर्चमा हुने गर्दछ । प्रधानमन्त्री, मुख्यमन्त्री र मेयर जस्ता रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित विकासे आयोजनाहरूमा अत्यावश्यक बाहेक आधुनिक औजारको प्रयोगमा कमी ल्याई मानव श्रम शक्तिलाई उपयोग गर्न सके अधिक मात्रामा रोजगारीका अवसरहरू सृजना गर्ने सम्भावना रहेको छ ।
- श्रम बजारको बदलिँदो आवश्यकता अनुसार सीपमूलक जनशक्ति उत्पादन गर्नका लागि पालिकाले बजेटको व्यवस्था गरी बेरोजगार युवा युवतीलाई रोजगारमूलक सीप विकास तालिम दिएर पनि रोजगारी सिर्जना गर्न सकिने संभावना रहेको छ ।

- विकास आयोजनाहरूमा श्रमिक उपयोग गर्दा तुलनात्मक रूपमा मंहगो भए तापनि स्रोतको वितरण गरिब तथा विपन्न वर्गसम्म पुग्न सक्ने भएकाले यसलाई अवसरको रूपमा उपयोग गरी स्वदेशमै रोजगारी सृर्जना गर्ने कार्यलाई प्राथमिकता दिन सकिन्छ ।
- श्रममैत्री ऐन कानुनहरू निर्माण हुनु, श्रम तथा रोजगार सम्बन्धी संस्थागत संरचनाहरू स्थापना तथा सञ्चालन हुनु, सामाजिक तथा संस्थाहरू श्रम तथा रोजगारका क्षेत्रमा क्रियाशील रहनु, सरकारको शिक्षालाई बजारसँग जोडने प्राथमिकता रहनु, शिक्षा क्षेत्रमा सीपलाई आबद्ध गर्दै लैजानु, रोजगार तथा सीपमूलक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको लगानी बढ्दै जानु, रोजगारमूलक क्षेत्रको विकास तथा विस्तार हुँदै जानु, वैदेशिक रोजगारबाट फर्केको युवाशक्ति यही नै रही स्वरोजगारको क्षेत्रमा आकर्षित हुनु जस्ता अवसरहरू रहेका छन् ।

समस्या र चुनौती

- स्थानीय श्रम बजारमा श्रर्मिक बन्ने र आफ्नो गाउँघरको विकासमा आफै सहभागी हुने मानसिकताको अभाव रहेकाले युवा युवतीलाई स्थानीय रोजगारीका अवसरहरूमा जोड्न चुनौती देखिएको छ ।
- उपलब्ध श्रम शक्तिमा पनि आवश्यकता अनुसारको सीप र ज्ञानको अभाव रहेकाले त्यस्तो श्रमशक्तिलाई रोजगारीमा जोड्न लागत र प्रतिफलका हिसावले चुनौतीपूर्ण रहेको छ ।
- निर्माण कार्यमा जथाभावी आधुनिक उपकरणको प्रयोग गर्ने प्रवृत्तिले प्राकृतिक भूवनोट र पर्यावरणीय सुन्दरतामा क्षयीकरण गर्नुका साथै लागत पुजीको पलायन भएको छ ।
- श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, युवा विदेश पलायन हुनु, वैदेशिक रोजगार सुरक्षित र भरपर्दो हुन नसक्नु, वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी नरोकिनु, स्थानीय तहमा रोजगारीको सृजना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीको सीप र पुजीलाई उत्पादनमा जोड्न नसक्नु, निजी क्षेत्रलाई रोजगार मैत्री लगानीमा प्रोत्साहन गर्न नसक्नु, श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त हुन नसक्नु, स्थानीय स्तरमा आवश्यक जनशक्तिको प्रक्षेपण गर्ने र सोही अनुसार जनशक्तिको उत्पादन नहुनु, उत्पादित जनशक्ति र तिनको बजार व्यवस्थापन हुन नसक्नु, उत्पादित जनशक्तिलाई टिकाइ राख्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।
- स्थानीय स्तरमा श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्न नसक्नु, उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्न नसक्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याई उद्यमशीलता विकास गर्न नसक्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो वनाउन नसक्नु, नयाँ श्रम क्षेत्रको पहिचान मार्फत जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्न नसक्नु, वैदेशिक रोजगारमा जाने व्यक्तिलाई दक्ष बनाउन नसक्नु र विदेशबाट फर्केर आउने व्यक्तिको सीप र दक्षतालाई उपयोग गर्न नसक्नु, छोटा, मध्यम तथा लामो अवधिका सीपमूलक तालिम संचालन गरी रोजगारीको क्षेत्रमा जोड्न नसक्नु ।

क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"दक्ष जनशक्ति उत्पादन मार्फत रोजगारी सिर्जना"

लक्ष्य

- दक्ष श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गरी वेरोजगारी न्यूनीकरण गर्ने ।

उद्देश्य

- बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू सिर्जना गर्ने,
- वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने,
- आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने व्यवस्था गर्ने,
- प्रतिस्पर्धी, सक्षम र गुणस्तरीय जनशक्तिको आपूर्ति गर्ने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• श्रम सम्बन्ध सुदृढ गरी रोजगार सृजना गर्ने, • श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने, • स्थानीय तहको निम्ति आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गर्ने, • शिक्षालाई बजारको माग र सीपसँग आवद्ध गर्ने, • स्थानीय सरकार तथा निजी क्षेत्रवीच साझेदारी गर्ने, • जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड दिने, •	• रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गर्ने, • श्रम र ज्याला बीचको सन्तुलन कायम गर्ने, • बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम दिइ दक्ष जनशक्ति निर्माण गर्ने, • वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवं मर्यादित बनाउन आवश्यक समन्वय गर्ने, • वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गर्ने, • स्थानीय तह र निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गर्ने, • शैक्षिक संस्थासँग सहकार्य गरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था गर्ने, • उत्पादन क्षेत्रलाई चाहिने मध्यम खाले जनशक्ति उत्पादनलाई प्राथमिकता दिने, • युवाहरूलाई माग तथा आवश्यकताका आधारमा अल्प, मध्यम तथा लामो अवधिका ब्यावसायिक तालिम संचालन गर्ने, • विदेशबाट फर्केका व्यक्तिको सीपको प्रयोग गरी स्वरोजगार हुन तथा रोजगारी सिर्जना गर्न प्रोत्साहन गर्ने, • नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने, • आर्थिक तथा सामाजिक हिसाबले पछि परेका समूहको क्षमता विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा छात्रबृत्ति लगायत सुविधाहरू प्रदान गर्ने, • युवाहरूलाई स्वरोजगारतर्फ आकर्षित गर्न अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरी १०० जना बेरोजगारलाई प्रति वर्ष स्वरोजगार बनाउन व्यवसायमा वीउ पुजीको रूपमा अनुदान दिने र अन्य आवश्यक सहयोग गर्ने, • निर्माण दलको गठन र परिचालनः स्थानीय वेरोजगार युवाहरूलाई विकास निर्माणका कार्यहरूको जिम्मेवारी दिने गरी वडाध्यक्षहरूको

चौरजहारी नगरपालिका

	प्रत्यक्ष निगरानीमा रहने १० देखि १५ जनाको एक निर्माण दल गठन गर्ने र निश्चित र समयबद्ध जिम्मेवारी दिने, आवश्यक तालिम दिने, निर्माण दलका सदस्यहरूको क्षमता पहिचान गरी जिम्मेवारी दिने, कामका आधारमा पारिश्रमिक र मूल्याङ्कन गर्ने र सीप प्रमाणीकीकरण गरी प्रमाणपत्र उपलब्ध गराउने । ● महिलाहरूको घरयासी कामको मूल्यांकन प्रमाणीकिकरण गरी प्रमाणपत्र उपलब्ध गराउने, आयमूलक सीपको तालिम दिने र महिला स्वरोजगार प्रवर्द्धन गर्ने, ● विभिन्न सीपमुलक तालिम जस्तै: बिद्युत जडान, सिकर्मी, डकर्मी, सिलाई बुनाई, इलेक्ट्रोनिक्स, प्लम्बिङ्, कम्प्यूटर आदि छोटो तथा लामो अवधिका तालिम सञ्चालन गरी उद्यमशीलता र रोजगारी अभिवृद्धि गर्ने, ● गरिवी मापन र नक्सांकन गरी निरपेक्ष गरिवीको रेखामुनि रहेका घर परिवारको पहिचान गर्ने, ● गरिवीको रेखामुनि रहेका घर परिवारको सदस्यलाई कम्तिमा १०० दिनको रोजगारी सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने (जस्तै: नगरपालिकावाट सञ्चालित विकास निर्माण कार्यहरूमा गरिव परिवारका सदस्यहरूलाई प्राथमिकता दिने, स्थानीय विकास निर्माणका कार्यहरूमा श्रममूलक प्रविधिलाई प्राथमिकता दिने), ● कृषिमा आधुनिकीकरण र उन्नत पशुपालन कार्यक्रमहरूलाई गरिव लक्षित गर्दै आयस्तरमा वृद्धि गर्ने, ● गरिव परिवारका महिलाहरूलाई केन्द्रित गरी स्वरोजगार सीप प्रदान गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने, ● स-साना व्यवसाय सञ्चालन गर्न लघुवित्त संस्था मार्फत वीउ पुजी उपलब्ध गराउन नगरपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने, ● गरिव घर परिवारलाई सहकारी मार्फत सामुहिक खेती, पशुपालन, स-साना व्यवसाय सञ्चालन गर्न नगरपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने (जस्तै भूमि बैंक मार्फत जमिन उपलब्ध गराउने), ● गरिव परिचय पत्र प्राप्त परिवारलाई सुपथ मूल्यमा खाद्यान्न तथा अन्य सेवा उपलब्ध गराउने, ● गरिव व्यक्तिसँग भएको परम्परागत सीप तथा ज्ञानको पहिचान गरी तदनुसारको कार्यक्रमतर्फ उन्मुख गराउन उत्प्रेरित गराउने, ● गरिव परिवारको शिक्षा स्वास्थ्य र आय आर्जनको क्षेत्रमा पहुँच बढाउन वडास्तरमा १ वर्षमा २ पटक परामर्श सेवा (Counselling) अभियान सञ्चालन गर्ने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

बिषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	ईकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ बर्षको लक्ष बितरण						अनुमानितलागत रू.०००मा	लागत सहभागिता
				बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५	जम्मा		
७.श्रम तथा रोजगारी											
स्थानीय तहमा जनशक्तिको माग पहिचानका लागि द्रुत बजार सर्भेक्षण गर्ने,											
प्राविधिक तथा व्यावसायिक तालिम प्रदान गर्ने,											
उद्यमबाट उत्पादित वस्तुको बजार व्यवस्थापन सहयोग गर्ने,											
वदेशिक रोजगारीमा जानेको अभिलेख तयारी र अद्यावधिक गर्ने,											
बेरोजगारहरूलाई उत्पादनमा लगाउन न्यून ब्याज दरको ऋण तथा प्रविधी सहयोग गर्ने											
बेरोजगार युवा युवती बिच युवा स्वरोजगार कार्यक्रम संचालन गर्ने	सहभागी संख्या	४००	सबै वडामा	६०	८०	६०	१००	१००	४००	२०००	गा.पा
बैदशिक रोगारी बाट फर्केका युवा वा बिप्रेण	संख्या	३००	सबै वडामा	४०	५०	६०	७०	८०	३००	१५००	

प्रप्त परिवारलाइ लक्षित गरी रोजगारमूलक तालिम दिने											
परम्परागत सीपहरूको आधुनिकिकरण गरी परम्परागत पेशा पुनरस्थापन गर्ने	सहभागी संख्या	१००	सबै वडामा	२०	२०	२०	२०	२०	१००	५००	
जम्मा श्रम तथा रोजारी रू										४०००	

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धि

योजनाको अन्तमा स्रोतको उपलब्धता, बजार र श्रमको अवस्था विश्लेषण भएको हुने, बजारको माग अनुसार प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन भएको हुने, उद्यमबाट उत्पादित वस्तुको बजार व्यवस्थापनमा सहयोग पुगेको हुने, वैदेशिक रोजगारीमा जानेको अभिलेख तयार भएको हुने र बेरोजगारहरूलाई उत्पादनमा लगाउन न्यून ब्याज दरको ऋण तथा अन्य सहयोग प्रवाह भएको हुनेछ । जनशक्ति प्रक्षेपण तथा उत्पादन योजना निर्माण तथा कार्यान्वयन पश्चात् स्थानीय तहको आवश्यकता बमोजिम सीपयुक्त जनशक्ति उत्पादन भएको हुनेछ। श्रम बजारमा जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम भएको हुनेछ । जनशक्ति विकासमास्थानीय तह तथा निजी क्षेत्रहरूबीच सहकार्य र समन्वय उन्नत अवस्थामा हुनेछ ।

६.३. सामाजिक विकास क्षेत्र

नगर पालिकाको समृद्धिका लागि पूर्वाधार विकास र सामाजिक विकास एकअर्काका अभिन्न अंग हुन् । भौतिक विकासले वाह्रय पक्षलाई देखाउँदछ भने सामाजिक विकासले नागरिकका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, युवा तथा खेलकुद, कला तथा संस्कृति र लक्षित समूहको विकास लगायतका उपक्षेत्रहरू पर्दछन् । यी उपक्षेत्रहरूको समुचित विकासका लागि नगरपालिकाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति कार्यनीति प्रमुख कार्यक्रम र अपेक्षित उपलब्धिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

६.३.१ शिक्षा

नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकाभित्र २७ वटा आधारभूत र ७ वटा माध्यमिक गरी जम्मा ३४ वटा सार्वजनिक विद्यालय र १ वटा निजी विद्यालय, ३ वटा सामुदायिक क्याम्पस, २ वटा सामुदायिक प्राविधिक शिक्षालय र ६ वटा सामुदायिक बाल विकास केन्द्र गरी जम्मा ४६ वटा शैक्षिक संस्थाहरू रहेका छन् । नगरपालिकाको जम्मा २३१५५ जनसंख्या मध्ये अधिकांश जनसंख्या १९५०५ साक्षर रहेको छ । जसमा १०५५६ पुरुष र ८९४९ महिला रहेका छन् । ४२७६ घर मध्ये ३९१९ घरमा महिला पुरुष दुबै साक्षर रहेका छन । तर कूल जनसंख्यामा ३६५० जना भने निरक्षर रहेका छन ।

नगरपालिका बाट हालै प्राप्त रेकर्ड अनुसार प्रारंभिक वाल विकासमा कूल भर्नादर १०२ प्रतिशत छ भने खुद भर्ना दर ९६ प्रतिशत छ । त्यसै गरी आधारभूत तहमा कूल भर्नादर ८८ प्रतिशत तथा खुद भर्ना दर ८० प्रतिशत रहेको छ भने माध्यमिक तहको कूल भर्ना दर ५८ प्रतिशत तथा खुद भर्ना दर ३६ प्रतिशत रहेको छ ।

नगरपालिका भित्रका विद्यालयमा जम्मा ३३७ शिक्षकको संख्या रहेको छ । जसमा माध्यमिक तहमा सबै प्रकारका शिक्षक दरबन्दीमा जम्मा ४५ जना रहेका छन् । आधारभूत तहमा २९२ शिक्षकको दरबन्दी रहेको छ । समग्रमा यस नगरपालिकाको साक्षरता दर ९५ प्रतिशत रहेको छ ।

सम्भावना र अवसर

- स्थानीय सरकारको अभ्यास गरेसँगै शिक्षाले व्यावहारिक, जीवनउपयोगी, सीपमूलक, प्रतिस्पर्धी र समसामयिक चुनौतीको सामना गर्नसक्ने जनशक्ति उत्पादन गर्नका लागि संवैधानिक अधिकार क्षेत्रभित्र रही विभिन्न नीतिगत र आर्थिक कार्यक्रमको व्यवस्था गर्न सक्ने अधिकार नेपालको संविधान २०७२ ले गरेको छ ।
- शिक्षा क्षेत्रको विकासका लागि आवश्यक पर्ने आधुनिक भौतिक पूर्वाधारको विकास अधिकांश विद्यालयमा भएकाले शैक्षिक क्षेत्रको विकासका लागि योजनावद्ध कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक आधार तयार भएको छ ।

- पालिका भित्र भर्ना भएका जम्मा ८५०५ विद्यार्थी संख्या र ४३२ शिक्षक संख्याको अनुपातलाई विश्लेष्ण गर्दा शिक्षक विद्यार्थी अनुपात १: २० भएकाले शिक्षक संख्या पर्याप्त रहेको र यो जनशक्तिलाई शैक्षिक गुणस्तर विकासका लागि प्रभावकारी रूपमा परिचालन गर्न सकेमा पालिकाको शैक्षिक क्षेत्रको विकास हुने सम्भावना रहेको छ ।
- पालिका भित्रका विद्यालयको संख्या र पालिका भित्रका विद्यालय जाने उमेर समूहका बालबालिकाको जनसंख्यालाई विश्लेषण गर्दा माध्यमिक तहमा १:१०२ र आधारभूत तहमा १:२०२ विद्यार्थी भएकाले यो अनुपातलाई हेर्दा विद्यालयको संख्या सरदर पालिकाको आवश्यकतालाई परिपूर्ति गर्न सक्ने रहेकाले यी विद्यालयमा आधुनिक शैक्षिक प्रविधि: कम्प्युटर ल्याव र विज्ञान प्रयोगशाला, ई-लाईब्रेरी तथा क्ष्त्रृत को व्यवस्था गर्न सकेमा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सक्ने सम्भावना रहेको छ ।
- पालिकाको हिमालय मा वि खोलागाउँमा सञ्चालित कृषि विज्ञान कार्यक्रमले पालिकाभित्र मात्र नभइ छिमेकी पालिका र अन्तर जिल्लाका विद्यार्थीलाई समेत लांभावित गरी दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुयाएको छ । यस विद्यालयमा थप स्रोत साधनको व्यवस्था गरी कृषि क्षेत्रको उत्पादनमा आधारित संरचनागत व्यवस्था तथा प्रयोगशाला निर्माण गर्न सके उत्पादित जनशक्ति सीपयुक्त र स्वरोजगार बनाउन सकिने सम्भावना रहेको छ ।

समस्या र चुनौती

- संवैधानिक अधिकारको प्रयोग गरी शैक्षिक क्षेत्रको विकासका लागि गुरु योजना नबन्नु, गुणस्तर सुधारका लागि सम्भाव्यता अध्ययन नहुनु, प्राप्त अधिकार बमोजिमका जिम्मेवारी कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोत साधनको अभाव हुनु,
- तुलनात्मक रूपमा भौतिक पूर्वाधार भएपनि गुणस्तरीय सिकाइका लागि आवश्यक प्रविधिमैत्री भौतिक पूर्वाधारको अभाव हुनु, विज्ञान प्रयोगशाला नहुनु, बालबालिका मैत्री पूर्वाधार नहुनु,
- प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षा विकास चुनौतीको रूपमा रहेको छ ।
- पालिका भित्रका विद्यालयमा विद्यालय छाड्ने दरमा अपेक्षित सुधार नहुनु, दलित तथा न्यून आय भएका परिवारका बालबालिकाहरूको भर्नादरमा कम हुनु, विद्यालयहरू आर्थिक रूपले सबल हुन नसक्नु, विषयगत शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षण पेशाप्रति प्रतिवद्धताको कमी, आधुनिक प्रविधिको प्रयोग नहुनु जस्ता समस्याहरू बिद्यमान छन् ।
- शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दी मिलान, विद्यालय समायोजन, पाठयोजना सहितको शिक्षणमा जोड, स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोग र प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु,
- शारीरिक, मानसिक तथा समवेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु ।
- सार्वजनिक विद्यालयहरूलाई आत्मनिर्भर बनाउन आवश्यक योजना, बजेट, कार्यक्रम र सवल नेतृत्व क्षमताको अभाव हुनु,

क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"दक्ष मानव संसाधनको विकासका लागि पहुँच योग्य, समावेशी र गुणस्तरीय शिक्षा"

लक्ष्य

- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

उद्देश्य

- चौरजहारी नगरपालिका अन्तर्गतका सबै वर्ग तथा क्षमताका बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सुनिश्चित गर्ने,
- विद्यालय उमेर समूहका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउने,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोडदिंदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउने,
- शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण अनुकुल, सुरक्षित, र प्रविधि मैत्री बनाउने र
- गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गर्ने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकालाई बालमैत्री वातावरणमा पठनपाठनको सुनिश्चित गर्ने,	• स्थानीय समुदायसँगको सहकार्यमा प्रत्येक वडा तथा वस्तीहरूमा सामुदायिक बालविकास केन्द्रको स्थापना गरी आवश्यक भौतिक, प्राविधिक एवं शैक्षिक जनशक्तिको प्रवन्ध मिलाउने, • यस्ता केन्द्रहरूमा दिवा खाजा, पोशाक, शैक्षिक सामग्री र अन्य साधनहरू उपलब्ध गराउन नगरपालिका/वडाले आवश्यक वित्तीय सहयोग गर्ने । • वाल विकास केन्द्रको पहुँच नभएका बालबालिकाको बाहुल्यता भएको स्थानहरूको छनौट गरी थप बाल विकास केन्द्रहरूको स्थापना गर्ने,
• दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्ने,	• पालिका भित्रका सबै सार्वजनिक विद्यालयहरूको भौतिक पूर्वाधार तथा सामग्री, विषयगत प्रयोगशाला, सुरक्षित खेलमैदान, स्वच्छ र शुद्ध पिउने पानी तथा सरसफाइ आदिको राष्ट्रिय मापदण्ड अनुसार व्यवस्था गर्ने, • आधुनिक प्रविधिमैत्री शैक्षिक कार्यक्रम संचालन गर्ने, • विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना गर्ने, • ई. लाईब्रीको व्यवस्था गर्ने, • कक्षा कोठाहरू प्रविधियुक्त बनाउने
साक्षरता दर शत प्रतिशत पुऱ्याउने,	• विद्यालय उमेर समूहका बालबालिकाका लागि आधारभूत शिक्षा अनिवार्य गर्ने, • पौढहरूका लागि प्रौढ र अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, • विद्यालय शिक्षा छोडेका बेरोजगार युवायुवतीहरूलाई सीपमूलक, जीवनउपयोगी र बजारको मागनुसारका शैक्षिक कार्यक्रम संचालन गर्ने,

	• निरक्षर जनसंख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रत्येक वस्तीमा आमा समूह, महिला समूहलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने, • आगामी ४ वर्षमा चौरजहारी नगरपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने ।
प्राविधिक शिक्षामा जोड दिने,	• खेलकुद तथा तालिम सामाग्री सहयोग गरिने • विद्यालयहरूको स्तरोन्न्ती तथा अपुग दरबन्दी पुरा गरिने । • आवश्यक ठाँउमा केहि नमूना विद्यालयहरूको स्थापना गरिने • विद्यालयहरूलाई प्रात्रिधिक शिक्षामा जोड्ने • आधारभूत तथा माध्यामिक तहको शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन आफ्नो विद्यालय आफै बनाऊँ कार्यक्रम सञ्चालन गर्ने । • आवश्यक जनशक्ति स्थानीय पाठ्यक्रम, शैक्षिक सामग्री तर्जुमा, शैक्षिक सामाग्री तथा भौतिक सुविधाको विकासमा (कम्पाउन्ड वाल सहित) नगरपालिकाले वडा मार्फत सहयोग गर्ने । • सबै माध्यामिक विद्यालयहरूलाई प्रभावकारी व्यवसायिक शिक्षा प्रारम्भ गर्न आवश्यक सहयोग गर्ने । • पाठ्यपुस्तक, पुस्तकालय तथा आधुनिक सञ्चार प्रविधि (ईन्टरनेट) माथीको पहुँच सवै विद्यालयहरूमा पुऱ्याउने, • विषयगत शिक्षक व्यवस्थापन, शिक्षकहरूको नियमित विषयगत पूनर्ताजगी तालिम, नियमित पठनपाठनको अनुगमन उपलब्धिका आधारमा शिक्षकको कार्यदक्षता मूल्याङ्कन, वार्षिक शैक्षिक अडिट गर्ने र दण्ड एवं पुरस्कारको व्यवस्था लागू गर्ने । यस कामको लागि आवश्यक कानुनी र संस्थागत संयन्त्रको व्यवस्था गर्ने, • विद्यालयको शैक्षिक स्तरको उन्नतिको लागि शैक्षिक नेतृत्वको आवश्यकता भएकोले प्रत्येक विद्यालयको प्रधानाध्यापक सक्षम व्यक्तिलाई नियुक्त गर्ने र उसको निरन्तरता शैक्षिक उपलब्धिको मूल्याङ्कनमा निर्भर हुने व्यवस्था गर्ने, • जेहेन्दार, गरिव, उत्पिडित, असहाय र महिला छात्राहरूका लागि आधारभूत तथा माध्यामिक विद्यालयमा छात्र, छात्रालाई छात्रबृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने, • नगरपालिका भित्रका सम्पूर्ण विद्यालयका विद्यार्थीहरूलाई दिवा खाजाको कार्यक्रम सञ्चालन गर्ने, • सम्पूर्ण विद्यालयमा भौतिक सुविधा सहित खेलकुद (Indoor and Outdoor Games) को व्यवस्था गर्ने, • आगामी ४ वर्ष भित्रमा CTEVT वाट सम्वन्धन लिई कार्यक्रम संचालन गर्न चाहने विद्यालयहरूलाई सहजीकरण गरी प्राविधिक शिक्षाको व्यवस्था गर्ने,

चौरजहारी नगरपालिका

	• शिक्षाको गुणस्तर सुधार तथा प्रविधिमैत्री भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक योजना वनाई केन्द्र र प्रदेशवाट समपूरक वा विशेष अनुदान प्राप्त गर्न पहल कदमी गर्ने, • प्राविधिक उच्च शिक्षा हासिल गर्न चाहने चौरजहारी नगरपालिकाभित्रका विद्यार्थीहरूलाई उच्च शिक्षामा आंशिक छात्रबृत्ति प्रदान गर्ने, • शैक्षिक गुणस्तर सुधारका लागि प्रयोगात्मक शिक्षण, स्थानीय पाठ्यक्रम (व्यवसायिक शिक्षा) र अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने, • आगामी ५ वर्ष भित्रमा नगरपालिकाका एक वडा एक नमुना विद्यालयको (सुविधा सम्पन्न छात्रावास सहितको) रूपमा ब्यबस्थापन गर्ने, • शिक्षकलाई प्रविधिसँग परिचित हुन ICT तालिम एवं अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने, • नगरपालिका भित्रका विद्यालयहरूमा किशोरीहरूलाई निःशुल्क सेनिटरी प्याड वितरण गर्ने, • नगरपालिका भित्रका विद्यालयहरूमा किशोर किशोरीहरूलाई प्रजनन स्वास्थ्य तथा लैङ्गिक समानता सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने, • विद्यालयका भौतिक पूर्वाधारहरू वाल मैत्री, अपाङ्गता मैत्री र किशोरी मैत्री वनाउने, • आधारभूत तहका प्राथमिक कक्षाहरूमा स्थानीय मातृभाषामा पठनपाठनको संभाब्यताको अध्ययन गरी क्रमशः लागु गर्दै जाने, • नगरपालिका भित्रका विद्यालयहरूको अनुगमन गरी विद्यालय समायोजन प्रकृयालाई अगाडी बढाउने, • चौरजहारी नगरपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षा शाखाले स्थानीय पाठ्यक्रम निर्माण, शिक्षण सिकाई, शिक्षक तालिम, भौतिक सुविधा, अभिभावक सचेतिकरण, विद्यालय समायोजन लगायत विद्यालयको समग्र व्यवस्थापनको लागि कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
समावेशी शिक्षाका जोड दिने,	• दलित तथा पिछडा वर्गका किशोर किशोरीहरू मध्ये जेहेन्दार हरूको छनौट गरी उच्च शिक्षा • अपाङ्गता भएका युवा युवती मध्ये जेहेन्दारहरूको छनौट गर्ने • त्यस्ता जेहेन्दार लाई उच्च शिक्षाका लागि भर्ना शुल्कमा अनुदान दिईने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेशको संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा ५ वर्ष					
१.शिक्षा विकास														
पालिका स्तरीय योजनाहरू														
वडा स्तरीय योजनाहरू														
श्री जनप्रिय आधारभुत विद्यालयको २ कोठे भवन निर्माण	संख्या	१	वडा १	१	०	०	०	०	१	४०००००	न.पा	४	२	७
श्री जनप्रिय आधारभुत विद्यालयको कम्पाउन्द वाल निर्माण	संख्या	१	वडा १	०	१	०	०	०	१	५०००००	न.पा	४	२	७
श्री जनप्रिय आधारभुत विद्यालयको विद्यालय फिल्द निर्माण तथा बगैचा	संख्या	१	वडा १	०	०	१	०	०	१	१०००००	न.पा	४	२	७
विद्यालय लाई खेलकुद सामग्री वितरण	सेट	२	वडा १	०	०	०	२	०	२	५००००	न.पा	४	२	७
आधारभुत विद्यालय, नाखिरा को ६ कोठे भवन निर्माण	संख्या	१	वडा १	१	०	०	०	०	१	१२००००००	न.पा	४	२	७

चौरजहारी नगरपालिका

आधारभुत विद्यालय, नाखिरामा लाइब्रेरी स्थापना	संख्या	१	वडा १	०	१	०	०	०	१	५००००	न.पा	४	२	७
सितल क्याम्पस फिल्ड निर्माण	संख्या	१	वडा २	१	०	०	०	०	१	१०००००	न.पा	४	२	७
आधारभूत विद्यालय विजयश्वरी ४ कोठे भवन निर्माण	संख्या	१	वडा २	०	१	०	०	०	१	८००००००	न.पा	४	२	७
जनज्योती आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, विज्ञान ल्याब	वटा	१	वडा ३	०	०	१	०	०	१	१०००००	न.पा	४	२	६
मालिका आ.वि. भवन निर्माण	वटा	१	वडा ४ अमलाटाकुरा	०	०	०	१	०	१	७००००००	न.पा	४	२	७
आधारभूत विद्यालय मन्कोट घुरावार, फिल्ड निर्माण	मिटर	५००	वडा ४	०	०	०	०	५००	५००	१०००००	न.पा	४	२	७
मालिका आधारभूत विद्यालय, फिल्ड निर्माण घेरावार	मिटर	१००	वडा ४	१००	०	०	०	०	१००	५००००	न.पा	४	२	७
मालिका आधारभूत विद्यालय सौचालय निर्माण	संख्या	१	वडा ४	०	१	०	०	०	१	४००००	न.पा	४	७	७
आधारभूत विद्यालय मन्कोट सौचालय निर्माण	संख्या	१	वडा ४	०	०	१	०	०	१	४००००	न.पा	४	७	७
दुईटा बिद्यदालयमा वेन्च डेस्क	सेट	२००	वडा ४	०	०	०	१००	१००	२००	१००००००	न.पा	४	२	७
कम्प्युटर टेबल	वटा	२	वडा ४	२	०	०	०	०	२	१००००	न.पा	४	२	७
खेलकुद सामग्री (भलिबल, फुटबल, व्याट)	सेट	४	वडा ४	०	२	०	२	०	४	२५०००	न.पा	४	२	७

चौरजहारी नगरपालिका

खहरे र लहरे सिमलमा बाल विकास केन्द्र भवन निर्माण	संख्या	१	वडा ५	१	०	०	०	०	१	३००००००	न.पा	४	२	७
खहरे र लहरे सिमलमा तराबार निर्माण	स्थान	२	वडा ५	०	१	०	१	०	२	२५०००	न.पा	४	२	७
मुलपानी विद्यालय र श्री जनकल्यान मा.वि. खागलका ६ कोठे भवन निर्माण	संख्या	२	वडा ६	०	०	१	०	१	२	२४००००००	न.पा	४	२	७
तीनवटा विद्यालयहरूमा फर्निचर सहयोग	बिद्यालय संख्या	३	वडा ६	१	१	०	१	०	३	३०००००	न.पा	४	२	७
बाल शिक्षा अधिकारी पाखामा संचालन गर्ने	संख्या	१	वडा ६	०	०	१	०	०	१	२०००००	न.पा	४	२	७
आ.वि. मुलपानी र मा.वि. खागलमा कम्प्युटर प्रयोगशाला	संख्या	२	वडा ६	१	१	०	०	०	२	१०००००	न.पा	४	२	६
विज्ञान प्रयोगशाला मा.वि. खागल र आ.वि. घर्तिकाडामा	संख्या	२	वडा ६	०	०	१	१	०	२	२०००००	न.पा	४	२	६
मा. वि. कोटजहारी, आ. विद्यालय नार्जी र आ. विद्यालय काला पत्थर मा कम्प्यूटर प्रयोगशाला स्थापना	संख्या	३	वडा ७	१	१	१	०	०	३	१५००००	न.पा	४	२	६
मा. वि. कोटजहारी, आ. विद्यालय नार्जी र आ. विद्यालय काला पत्थर मा विज्ञान प्रयोगशाला स्थापना	संख्या	३	वडा ७	०	०	१	१	१	३	६०००००	न.पा	४	२	६

चौरजहारी नगरपालिका

मा. वि. कोटजहारी, आ. विद्यालय नार्जी र आ. विद्यालय काला पत्थरमा लाइब्रेरी स्थापना	संख्या	३	वडा ७	१	१	१	०	०	३	१५००००	न.पा	४	२	६
मा. वि. कोटजहारी र आ. विद्यालय नार्जीमा घेरावार	संख्या	२	वडा ७	०	०	०	१	१	२	१०००००	न.पा	४	२	७
आ. विद्यालय काला पत्थरमा फिल्ड निर्माण	संख्या	१	वडा ७	१	०	०	०	०	१	१०००००	न.पा	४	२	७
वडाखोला, अंगेरी र ल्याटा वडाखोलाका बिद्यालयमा ६ कोठे भवन निर्माण	संख्या	३	वडा ८	१	०	१	०	१	३	३६००००००	न.पा	४	२	७
ल्याँटा वडाखोलामा खेल मैदान निर्माण	संख्या	१	वडा ८	०	०	०	१	०	१	१०००००	न.पा	४	२	७
लेखनार्जी र गुर्नालगाउँका आधारभूत बिद्यालयमा ४ कोठो भवन निर्माण	संख्या	२	वडा ९	१	०	०	०	०	१	८००००००	न.पा	४	२	७
आ.वि. गुर्नालगाउँमा फिल्ड निर्माण	संख्या	१	वडा ९	०	०	१	०	०	१	१०००००	न.पा	४	२	७
लेखनार्जी आधारभूत बिद्यालयमा शौचालय निर्माण	संख्या	१	वडा ९	०	०	०	१	०	१	४००००	न.पा	४	७	७
जनकल्यान मा.वि.जोगिमिटा घेरावार	वटा	१	वडा ११	१	०	०	०	०	१	५००००	न.पा	४	२	७
जनकल्यान मा.वि. जोगिमिटा चर्पि निर्माण	संख्या	१	वडा ११	०	१	०	०	०	१	४००००	न.पा	४	७	७

चौरजहारी नगरपालिका

जनकल्यान मा.वि. जोगिमिटामा IT प्रयोगशाला स्थापना	संख्या	१	वडा ११	०	०	०	१	०	१	२०००००	न.पा	४	२	६
जनकल्यान मा.वि. जोगिमिटा पुस्तकालय स्थापना	संख्या	१	वडा ११	०	०	०	०	१	१	५००००	न.पा	४	२	६
पोखरी,घरेलडाँडा र थारीहाल्नेमा वालविकास केन्द्र स्थापना	संख्या	३	वडा १२	१	१	१	०	०	३	३०००००	न.पा	४	२	७
प्रा.वि. पुरानापानी भवन	वटा	१	चौ.न.पा. १२	०	१	०	०	०	१	७५०००००	न.पा	४	२	७
सभाहल निर्माण	वटा	१	चौ.न.पा. १२	०	०	१	०	०	१	१५०००००	न.पा	४	२	७
विद्यालय वरिपरि कम्पाउण्ड वाल निर्माण	वटा	३	चौ.न.पा. १२	०	०	०	१	१	२	१०००००	न.पा	४		७
सरस्वती मा.वि.घरेलीचौर पशु प्राविधिक विद्यालयका रुपमा विकास गर्ने	वटा	१	वडा १३	१	०	०	०	०	१	५०००००	न.पा	४	२	७
बाल विकास केन्द्र स्थापना	वटा	१	वडा १३	०	१	०	०	०	१	२०००००	न.पा	४	२	७
आ.वि. नाउली ६ कोठे भवन निर्माण		१	वडा १४	०	०	१	०	०	१	१२००००००	न.पा	४	२	७
मा.वि. साक्चाखोला विज्ञान प्रयोगशाला	संख्या	१	वडा १४	०	०	०	१	०	१	२०००००	न.पा	४	२	६
मा.वि. साक्चाखोला प्राविधिक शिक्षा थप (इलेष्ट्रीक)	संख्या	१	वडा १४	१	०	०	०	०	१	५०००००	न.पा	४	२	७
जम्मा शिक्षामा रु										**१२५८७००००**				

चौरजहारी नगरपालिका

उपलब्धि:

- चौरजहारी नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरूका भौतिक पूर्वाधारहरू आधुनिक र प्रविधि मैत्री निर्माण हुनेछन् ।
- आधारभूत तथा माध्यमिक तहको खुद भर्ना दरमा वृद्धि भएको हुनेछ ।
- बालबालिकाहरूको विद्यालय छाड्ने संख्यामा कमी भएको हुनेछन् ।
- बालबालिकाको विद्यालय भर्ना भएका, दलित तथा अपाङ्गता सुधार र समग्रमा साक्षरतामा वृद्धि भएको हुनेछ
- चौरजहारी नगरपालिका भित्रका सार्वजनिक विद्यालयहरू नविनतम प्रविधिको प्रयोगले पठन पाठनमा प्रभावकारीता अभिवृद्धि भएको हुनेछ ।
- सार्वजनिक विद्यालयहरूमा पहुँचयुक्त भौतिक पूर्वाधारहरूको व्यवस्था गरी सुरक्षित तथा मर्यादीत पठन पाठनमा प्रभावकारीता अभिवृद्धि गरी सिकाइलाई उपलव्धीमूलक भएको हुनेछन् ।
- विद्यालय शिक्षा सम्बन्धि सरोकारवालाहरू विशेषगरी विद्यालय व्यवस्थापन समिति, शिक्षक शिक्षिका, स्थानीय सरकारका सम्बन्धित इकाईहरूको योजना तर्जुमा, विद्यालय सुधार कार्ययोजना तर्जुमा, कार्यान्वयन अनुगमन, नविनतम विधि अपनाई पठनपाठन साथै बालबालिकालाई विद्यालयमा आर्कषण गर्ने सीप, क्षमता तथा नेतृत्वको विकास भएको हुनेछ ।
- विद्यालयहरूका आधारभूत कक्षामा अध्यनरत पढाई छोडन सक्ने बालबालिकाको शैक्षिक सिकाइलाई उपलव्धीमूलक बनाउन परिवार र समाजको प्रभावकारी परिचालन गरी विद्यालय छोडने दरलाई न्यूनीकरण गरिएको हुनेछ ।
- विद्यालयमा प्रकोप जोखिम न्यूनिकरण तथा अक्तिरिक्त क्रियाकलापलाई थप शसत बनाई सुरक्षित शैक्षिक वातावरण बनाइ संवाङ्गीन विकासमा टेवा पुगेको हुनेछ ।
- माध्यामिक विद्यालयहरूमा कम्प्युटर ल्याबसहितको इ-लाइवेरीको स्थापना तथा संचालकलाई तालिम र सामग्री सहयोग गरिनेछ ।
- सार्वजनिक विद्यालयमा इन्टरनेटको जडान गर्न सहयोग गरिनेछ ।
- विद्यालयहरूमा ० देखि ३ कक्षा सम्मका बालबालिकाका लागि श्रव्य दृष्य सामग्रीको सहयोग गरिनेछ ।
- माध्यमिक तहका विद्यालयलाई कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर, स्मार्ट बोर्डको सहयोग र आवश्यक तालिम दिइनेछ ।
- स्कुललाई खानेपानीको आवश्यक व्यवस्था गरिनेछ ।
- माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गरिनेछ ।
- विद्यालयहरूमा छात्र छात्राका लागि छुटै शौचालयको व्यवस्था गरिनेछ ।
- विद्यालयहरूमा जैविक तथा संरचनागत घेरावार गरिनेछ ।
- विद्यालयहरूमा बुक कर्नरको स्थापना गरिनेछ ।
- विद्यालयमा इसिडि कक्षाकोठा निर्माण तथा व्यवस्थापनमा सहयोग गरिनेछ ।
- बालमैत्री कक्षा संचालन गर्न शिक्षकलाई तालिम प्रदान गरिनेछ ।
- ० देखि ३ कक्षासम्म शिक्षण गर्ने शिक्षकहरूलाई स्थानीय सामग्री, संस्कृति भाषा आदिको प्रयोग सम्वन्धि पहिचान र कार्यान्वयन गर्नका लागि तालिम दिइनेछ ।

- विद्यालयका विगतका विद्यालय सुधार योजनाको सहभागितात्मक छलफल माध्यमबाट मूल्याकन गरी नयाँ विद्यालय सुधार योजना निर्माण गर्न सहयोग गरिनेछ ।
- अभिभावक शिक्षक संघ, विद्यालय संचालक समिति र लक्षित शिक्षक शिक्षिकालाई गुणस्तरीय शिक्षाका लागि परिवार र समाज परिचालनका निम्ति आवश्यक तालिम प्रदान गरिनेछ ।
- प्रारम्भिक कक्षाका बालबालिकाको सिकाईलाई प्रभावकारी बनाउन परिवार तथा समाजलाई सक्रिय सहभागिता गराउन विद्यालयका आधारक्षेत्रहरूका समुदायमा आधारित संस्थाहरू जस्तै युवा क्लब, आमा समुह परिचालन गरिनेछ ।
- समुदायमा प्रारम्भिक कक्षाका बालबालिकालाई पढनलेखन अभिप्रेरित गर्न स्कुलका समुदायमा रिडिङ समुह बनाई परिचालन गरिनेछ ।
- आधारभूत तहको प्रारम्भिक कक्षाहरूमा पठनपाठन गराउँदा स्थानीय भाषा, स्रोतको प्रयोग र सफलतापूर्वक परिवार र समाजसँग सहकार्य गरेका नमुना विद्यालयको पहिचान गरी अन्य विद्यालयहरूसँग अनुभवको आदान प्रदान गरिनेछ ।
- विद्यालयहरूलाई पर्याप्त मात्रामा खेलकुद सामग्रीको व्यवस्था गरिनेछ ।
- विद्यालयका अक्तिरिक्त क्रियाकलापलाई थप मजबुत गर्न सहयोग गरिनेछ ।

६.३.२. स्वास्थ्य तथा पोषणः

संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै संदर्भमा लोककल्याणकारी राज्यको अवधारणा अनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ । संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिएको छ । स्वास्थ्यसम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ । चौरजहारी नगरपालिकामा विभिन्न कारणले गर्दा स्वास्थ्य सेवा भरपर्दो र सर्वसुलभ हुन सकेको छैन । यहाँ विगत केहि वर्षदेखि रोगहरूको संरचना बद्लिएको छ । पहिले झाडापखाला र सरुवा रोगवाट मृत्यु हुनेको संख्या बढी थियो भने हाल निको हुन गाह्रो हुने रोगहरू जस्तै क्यान्सर, श्वासप्रश्वास, मुटु रोग र मृगौला सम्बन्धी समस्याबाट मृत्यु हुनेको संख्या बढ्दै गएको पाइन्छ । यसले नगरपालिकामा स्वास्थ्य सेवामा विशिष्टिकृत सेवाहरूको माग बढ्दै गएको देखिन्छ । संविधानको मर्मानुसार मानव विकास सूचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गरी नगरपालिकाले "स्वस्थ नगरपालिका र दीर्घजीवि नागरिक" तयार गर्ने नीति तथा कार्यक्रमहरू संचालन गर्नु पर्ने देखिन्छ ।

सम्भावना र अवसर

- नेपालको संविधानले गुणस्तरीय स्वास्थ्यमा सबैंको सहज पहुँचलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । संविधानतः स्वास्थ्य जस्तो आधारभूत सवाल मौलिक हकको रूपमा स्थापित भइसकेको छ । दिगो विकास लक्ष्य सन् २०१६-२०३० सम्ममा सबै नेपालीलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ । स्वास्थ्य सेवाका क्षेत्रमा राज्यले व्यक्त गरेको प्रतिवद्धता सकारात्मक छ ।

- चौरजहारी नगरपालिका भित्र मिसन हस्पिटल, कोटजहारी र खोलागाउँमा १५/१५ शैयाका हस्पिटलको स्थापना हुनु र प्रत्येक वडामा स्वास्थ्य चौकी व्यवस्थापन हुनु स्वास्थ्य सेवाका क्षेत्रमा यस पालिकाको अवसर हो ।
- आधारभूत स्वास्थ्य उपचारका लागि प्रमुख अस्पतालदेखि सबै वडासम्म सड्क सञ्जालको विस्तार हुनु र भरपर्दो हवाइ यातायातको सुविधा हुनु पनि अवसरका रूपमा रहेको छ ।
- आधारभूत स्वास्थ्य सेवाप्रति सबै नागरिक सचेत र सजग रहनु पनि स्वास्थ्य सेवा सुविधाका लागि एक अवसर हो ।

समस्या र चुनौती

- सबै नागरिकलाई निशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा दिन नसक्नु, अति विपन्न र जोखिममा परेका नागरिकलाई निशुल्क स्वास्थ्य सेवा सम्वन्धि राज्यले भरपर्दो व्यवस्था गर्न नसक्नु,
- सेवा सुविधा र सहरी मानसिकताका कारण दक्ष जनशक्तिको अभाव हुनु,
- परम्परागत मूल्य, मान्यता, स्वास्थ्य सेवा प्रति सचेतनाको कमी र पर्याप्त मात्रामा बर्थिङ सेन्टरको व्यवस्था नहुँदा असुरक्षित सुत्केरी हुने अवस्थालाई पूर्ण रूपमा रोक्न नसक्नु,
- आधारभूत स्वास्थ्य सेवा तथा कुपोषणका कारण नगरपालिकाको अभिलेख अनुसार २०७८/७९ मा शिशु मृत्यु ५ जना, वाल मृत्यु १७ जना तथा मातृ मृत्यु ० हुनु अझै चुनौतीपूर्ण रहेको छ ।

यस पालिकाका जम्मा ५५२० घरधुरी मध्ये ५१९९ घरधुरीले स्वास्थ्यका हिसावले हानीकारक रहेको काठदाउराबाट खाना पकाउने गरेका छन् । ..... परिवार अझै खोलाको पानी पिउनु, कतिपय विद्यालयमा अझै ब्यवस्थित शौचालय नहुनु र यथेष्ट रूपमा सार्बजनिक शौचालयको अभाव पनि स्वास्थ्यसँग जोडिएका चुनौतीहरू हुन ।

क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"स्वस्थ नगरपालिका, दीर्घजीवि नागरिक"

लक्ष्य

- पालिका स्तरमा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार गर्ने ।

उद्देश्य

- आधारभूत स्वास्थ्य सेवा निःशुल्क र पहुँच योग्य बनाउने,
- विशिष्ट सेवा सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय बनाउने,
- स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,
- पोषण सुरक्षा सुनिश्चितता गर्ने,
- सुरक्षित मातृत्वको सुनिश्चिता गदै बाल मृत्यु दर र मातृ मृत्यु दरमा कमी ल्याउने,
- स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्ने र
- स्वास्थ्य विमालाई अनिवार्य गर्ने ।

चौरजहारी नगरपालिका

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. जनस्वास्थ्य सम्बन्धि सेवाहरू जनमैत्री बनाइने,	• नगरपालिका भित्र हाल संचालित स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्ने • आवश्यकताका आधारमा थप स्वास्थ्य केन्द्र तथा चौकीहरूको निर्माण गर्ने, • सबै वडामा सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर स्थापना गरी संचालन गर्ने • स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकासका लागि योजनाबद्ध कार्यक्रम संचालन गर्ने, • निश्चित समयावधिमा विशेष किसिमका रोगको निदानका लागि विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन गर्ने, • आधारभूत खोप र प्रसुति सेवालाई प्रभावकारी रूपमा संचालन गर्ने, • स्वास्थ्य सेवालाई विपन्न, सीमान्तकृत, ज्येष्ठ नागरिक, दीर्घ रोगी, अपाङ्ग तथा अशक्त हरूका लागि विशेष कार्यक्रम संचालन गर्ने, • नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने र थप विशेषज्ञ सुविधा सहितको दक्ष जनशक्तिको व्यवस्था गर्ने, • स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नका लागि वडा स्तरीय स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा अतिरिक्त सुविधासहितको विस्तारित स्वास्थ्य सेवा कार्यान्वयन गर्ने, • नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधी तथा औषधीजन्य सामग्रीको आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने, • नगरवासीको सुरक्षित र स्वस्थ जीवनको सुनिश्चितताका लागि स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, • विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेद लगायत अन्य स्वास्थ्य सेवालाई बीमा कार्यक्रम मार्फत् उपलब्ध गराउने, • प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवाका बारेमा जनचेतना अभिवृद्धि गर्ने, • विपद् तथा महामारीको तत्काल सम्बोधन, एम्बुलेन्स सेवाको एकीकृत विकास, साधन सम्पन्न तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोलीलाई परिचालन गर्ने, • फोहोर मैलाको उचित व्यवस्थापन गर्ने, • जनस्वास्थ्य विपद् व्यवस्थापनका एकीकृत उपायहरू अवलम्बन गर्ने, • स्वाथ्यसम्बन्धी निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लग्नका लागि अनुसन्धान तथा विकासमा जोड दिने र सबै विकास कार्यक्रममा स्वास्थ्यलाई एकीकृत गर्दै लैजाने, • छोरा छोरीको बिचको वीभेद अन्त्य गर्न गर्भ पहिचान गरी गर्भपतन गर्ने प्रचलन लाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने, • कुपोषित गर्भवती तथा सुत्केरी आमा तथा बालबालिकाहरूका लागि विशेष पोषण कार्यक्रम संचालनका लागि नगरपालिकाले विशेष पहल गर्ने,

चौरजहारी नगरपालिका

	• खोप, औषधी तथा उपकरणको भण्डारणका लागि आधुनिक सुविधा सम्पन्न Cold Storage भवनको निर्माण गर्ने र Blood Bank को समेत व्यवस्थापन गर्ने, • एम्वुलेन्स सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि स्थानीय क्लब, समुदाय वा संस्थाहरूलाई व्यवस्थापनको जिम्मा दिने, • स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूलाई अतिरिक्त कामको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने र • सूर्तिजन्य, मदिराजन्य र लागूऔषधजन्य पदार्थहरूका प्रयोगलाई निरुत्साहित पार्दै लिने ।
२. बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउने,	• रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनका लागि पोषण युक्त आहारमा लगानी गर्ने बानीको विकास गर्न बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन जनचेतना अभिवृद्धि गर्ने, • आयातित वस्तुहरूको न्यूनीकरण गदै स्थानीय परिवेश अनुकूल उपलब्ध अर्गानिक खाद्य पदार्थ, फलफूल र हरियो तरकारी उत्पादन तथा उपभोग गर्ने बानीको विकास गराउने, • कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको पहुँच सुनिश्चित गरी उपभोग बढाउँदै स्वस्थ बानी र व्यवहारलाई प्रवर्द्धन गर्ने, • प्राकृतिक तथा मानवीय विपद् तथा महामारीका कारण उत्पन्न हुने खाद्य संकट न्यूनीकरणलाई तत्काल सम्बोधन गर्न खाद्य बैंकको स्थापना गर्ने, • 'सुनौला हजार दिन' सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिने,
३. एक घर एक घरबारी (Home Garden)	• आँगनमै पोषणयुक्त खाद्य बस्तुहरूको उत्पादनका लागि एक घर एक घरबारी कार्यक्रम संचालन गर्ने, • प्रत्येक घरको एक जनालाई घरबारी व्यवस्थापन तालिम दिइ घरबारी स्थापना र स्तरोन्नतिका लागि लागत सहभागितामा सिँचाइका लागि पाइप र न्यूनतम् औजार प्रदान गर्ने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेश को संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा ५ वर्ष					
२.स्वास्थया तथा पोषण														
नुवाकोट स्वास्थ्या चौकी भवन निर्माण	संख्या	१	वडा नं १४	१	०	०	०	०	१	१२०००००००	न.पा, संघ र प्रदेश	३	७	८
शहिद स्मृति नगर अस्पत्तालको स्तरोन्नती	संख्या	१	वडा १०	०	१	०	०	०	१	१००००००	न.पा, संघ र प्रदेश	३	७	८
अस्पत्ताल र स्वास्थ्य संस्थलाई औजार उपकरण खरिद	संख्या	१४	चौरजहारी नगर अस्पत्ताल र अन्य स्वास्थ्या संस्थाहरू	०	०	७	७	०	१४	७०००००	न.पा, संघ र प्रदेश	३	७	८
स्वास्थ्य संस्थाहरूमा अपाँगमैत्री शौचालय निर्माण	संख्या	६	वडा ५,६,७,१०, ११ र १४	१	१	१	१	२	६	२४००००	न.पा	३	७	८
शहिद स्मृतिनगर अस्पत्तालका लागी एम्बुलेन्स खरिद	संख्या	१	वडा १०	०	०	१	०	०	१	३५०००००	न.पा. र प्रदेश	३	७	८
८ वडाका आधारभूत स्वास्थ्य सेवा केन्द्र र १ श्हरी स्वास्थ्या केन्द्रमा इन्टरनेट जडान	संख्या	९	बिभिन्न वडाहरू	२	२	२	२	१	९	४५००००	न.पा. र प्रदेश	३	७	८
स्वास्था संस्थामा सुत्केरी हुँने आमाहरूलाई खाना र आवासको व्यवस्था	स्वास्थ्य संस्था संख्या	३	वडा ७, १० र १४	०	०	०	०	३	३	१५०००००	न.पा.	३	७	८

चौरजहारी नगरपालिका

लागत सहभागितामा एक घर एक घरबारी व्यवस्थापन	घर संख्या	७०००	सबै वडा	१०००	१०००	१५००	१५००	२०००	७०००	१०५००००००	न.पा.	३	७	८
२५ सैयाको अस्पताल निर्माण	संख्या	१	वडा १, टिकाचौर	०	१	०	०	०	१	५०००००००	न.पा र प्रदेश	३	७	८
एम्बुलेन्सको व्यवस्था	संख्या	१	वडा १	०	०	०	०	१	१	३५०००००	न.पा र प्रदेश	३	७	८
स्वास्थ्य चौकीमा स्वास्थ्य सामग्रीको व्यवस्थापन	संख्या	९	वडा ३	१	१	२	२	३	९	१८०००००	न.पा.	३	७	८
आ.वि. मन्कोट र मालिका आ.वि. आधारभूत स्वास्थ्य सामग्री बितरण	संख्या	२	वडा नं ४	०	१	१	०	०	२	४०००००	न.पा.	३	७	८
पोषण सम्बन्धी तालिम (जनचेतनामूलक)	सहभागी संख्या	२००	वडा नं ४	३०	३५	४०	४५	५०	२००	१००००००	न.पा.	३	७	८
विपन्न नागरिकलाई स्वास्थ्य विमा निःशुल्क	घरधुरी	५०	वडा नं ४	०	०	२५	२५	०	५०	१७५०००	न.पा.	३	७	८
विजयश्वरी स्वास्थ्य चौकी भवन निर्माण	वटा	१	वडा ५ खहरे	१	०	०	०	०	१	८००००००	न.पा, संघ र प्रदेश	३	७	८
पुर्तिमकाडा स्वास्थ्य चौकी भवन निर्माण	संख्या	१	वडा ६ खागल, धमधमे	०	०	१	०	०	१	८००००००	न.पा, संघ र प्रदेश	३	७	८
पुर्तिमकाडा स्वास्थ्य चौकी भवनको फिल्ड निर्माण	संख्या	१	वडा ६ खागल, धमधमे	०	०	०	१	०	१	१०००००	न.पा.	३	७	८
गाउँघर क्लिनिक घर्तिकाडा भवन थप	संख्या	१	वडा ६ घर्तिकाडा	०	०	१	०	०	१	३०००००	न.पा.	३	७	८

चौरजहारी नगरपालिका

सुनौलो हजार दिनका आमालाई पौष्टिक आहाराको व्यवस्था	संख्या	५००	वडा नं ६	१००	१००	१००	१००	१००	५००	१५०००००	न.पा.	३	७	८
पुर्तिमकाडा स्वास्थ्य चौकीमा सम्पूर्ण उपकरणहरू	संख्या	एक सेट	वडा ६ खागल	०	०	०	०	१	१	५०००००	न.पा.	३	७	८
सामाजिक स्वास्थ केन्द्र कोटजहारीमा यन्त्र र उपकरणहरू- एक्स्रे, भिडियोएक्स्रे	संख्या	२	वडा ७ कोटजहारी	१	०	०	०	०	१	१००००००	न.पा.	३	७	८
पोषण सम्बन्धी आधारभूत तालिम	सहभागी संख्या	२००	वडा ७ भरी	४०	४०	४०	४०	४०	२००	१००००००	न.पा.	३	७	८
रोग प्रतिरोधात्मक तालिम	सहभागी संख्या	२००	वडा ७ भरी	४०	४०	४०	४०	४०	२००	१००००००	न.पा.	३	७	८
नगर हस्पिटलको स्वरोन्नति	संख्या	१	वडा १०	०	०	०	०	१	१	२००००००	न.पा. र प्रदेश	३	७	८
गाउँघर क्लिनिक स्थापना	वटा	३	वडा ११ नेप्टेवाडा, टाटा	०	१	१	१	०	३	६०००००	न.पा	३	७	८
बर्थिङ सेन्टर संचालन	वटा	१	वडा ११ खोलागाउँ स्वास्थ्य चौकी, माथि सर्केना	१	०	०	०	०	१	१०००००	न.पा	३	७	८
स्वास्थ्य चौकी स्तरोन्नती कार्यक्रम	वटा	१	वडा ११ खोलागाउँ	०	०	१	०	०	१	५०००००	न.पा	३	७	८

चौरजहारी नगरपालिका

			स्वास्थ्य चौकी, माथि सर्केना											
बाल पोषण, वृद्ध पोषण र सुत्केरी पोषण योजना	घरधुरी	४००	वडा ११ भरी	६०	७०	८०	९०	१००	४००	२००००००	न.पा	३	७	८
स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर स्थापना गर्ने	वटा	१	वडा १३ एकौती	०	०	०	०	१	१	२०००००	न.पा	३	७	८
स्वास्थ्य भवन निर्माण (७ कोठा)	संख्या	१	वडा १४	१	०	०	०	०	१	१४००००००	न.पा र प्रदेश			
जम्मा स्वास्थ्यमा रु.									०	**२२८३६५०००**				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धि

- चौरजहारीबासीले आधारभूत स्वास्थ्य सेवा निशुल्क र गुणस्तरीय प्राप्त गरेका हुने छन् ।
- अति विपन्न, असहाय र जोखिममा परेका नागरिकलाई नगरपालिकाले निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराएको हुनेछ ।
- चौरजहारी नगरभित्रका स्वास्थ्य संस्थाहरूमा राज्यको मापदण्ड अनुसारका दक्ष जनशक्तिको व्यवस्था भएको हुने छ ।
- परम्परागत मूल्य, मान्यता र स्वास्थ्य सेवाप्रति सचेतनाको कमी तथा पर्याप्त मात्रामा बर्थिङ सेन्टरको अभावका कारण हुने असुरक्षित सुत्केरीको अवस्थालाई पूर्ण रूपमा रोकिएको हुने छ ।
- शिशु मृत्यु, वाल मृत्यु तथा मातृ मृत्यु दरमा न्यूनीकरण गरिएको हुने छ ।
- स्वच्छ, सफा र शुद्ध खानेपानीको व्यवस्था गरिएको हुने छ ।
- पालिका भित्रका सम्पूर्ण विद्यालयमा व्यवस्थित लैगिंक मैत्री शौचालयको व्यवस्था गरिएको हुने छ ।
- यथेष्ट रूपमा सार्बजनिक शौचालयको व्यवस्था गरिएको हुने छ ।
- चौरजहारी नगरपालिका भित्रका प्रत्येक घरले एउटा घरबारी गरी पोषणयुक्त खानेकुरा उत्पादन तथा उपभोग गर्ने बानीको विकास भएको हुने छ ।
- नगरवासीको सुरक्षित र स्वस्थ जीवनको सुनिश्चितताका लागि स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको हुने छ ।

६.३.३ खानेपानी तथा सरसफाइ

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ । त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्य ६ मा खानेपानी तथा सरसफाइ सम्बन्धी ८ स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ । चौरजहारी नगरपालिकाले स्वच्छ खानेपानी उपलब्ध गराउन दीर्घकालीन तथा अल्पकालीन योजना बनाई कार्यान्वयन गरिरहेको छ । यद्यपि नगरबासीका प्रत्येक घरमा स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था गर्न सकेको छैन । स्वस्थ नागरिक उत्पादन र समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्न स्वच्छ खानेपानी र सरसफाइ सुविधाको व्यवस्था गर्नु स्थानीय सरकारको दायित्व हो । नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी स्वच्छ खानेपानी तथा ढलनिकास सहितको शौचालय व्यवस्था गर्नु पर्ने देखिन्छ ।

नगरपालिकामा सबै भन्दा बढी ४०५१ घर परिवारले पाइप धाराको पानी प्रयोग गरेका छन् भने सबैभन्दा कम ३१ घरपरिवारले इनारको पानी प्रयोग गरेका छन् । १४१८ घर परिवार आकाशे पानी भर्ने ट्याङ्कीको प्रयोग गरेका छन् । २३५ मुलको पानीमा तथा १०८ परिवार खोलाको पानीको प्रयोग गर्दछन् ।

नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार नगरपालिकाभित्र रहेका जम्मा ५५३३ घर परिवार मध्ये सिट सहितको साधारण शौचालय ७७.८१ प्रतिशत, आधुनिक फल्स् सुविधा भएको सेफ्टी ट्याङ्की सहितको शौचालय १९.५३ प्रतिशत, सार्वजनिक शौचालय ०.६९ प्रतिशत् र अन्य (खोला तथा खुला) शौचालय १.९७ प्रतिशत् परिवारले प्रयोग गरिरहेका छन् । फोहोर मैला विर्सजन गर्नेमा आफ्नै घर कम्पाउण्डभित्र जलाउने/गाड्नेमा ०.५३ प्रतिशत, फोहर थुपार्ने ठाउँमा/कण्टेनरमा फाल्ने ३३.१९ प्रतिशत, घरमा लिन आउनेलाई दिने ३४.६० प्रतिशत, कम्पोष्ट मल बनाउने १३.३७ प्रतिशत, सडकमा फाल्ने १७.८६ र सार्वजनिक स्थलमा फाल्ने ०.४५ प्रतिशत घर परिवार रहेका छन् ।

सम्भावना र अवसर

- संविधानको निर्देशक सिद्धान्त र नीतिगत व्यवस्थाले स्वच्छ खानेपानी तथा सरसफाइ सम्वन्धि व्यवस्था गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ ।
- यस पालिका अन्तर्गतका भेरी नदी, पापीखोला, सेतीगार, टिटियाखर्क खानेपानी, जहारी खोला, सानाखोला, सर्केना खोला, रेशम खोला, सिलिङ्गी खोला, साक्चाखोला आदि प्राकृतिक रूपमा बगिरहने खोला तथा नदीको पानीलाई आधुनिक प्रविधिको प्रयोग गरेर प्रत्येक घरधुरीलाई स्वच्छ पिउने पानीको व्यवस्था गर्न सक्ने सम्भावना रहेको छ ।
- सरसफाइ तथा स्वच्छताका दृष्टिले खुल्ला दिशामुक्त पालिका घोषणा हुनु, भकारो सुधार कार्यक्रम लागू गर्नु, कोराना जस्ता महामारीका कारण सावुन पानी, मास्क, स्यानीटाइजर जस्ता सरसफाइका साधनको प्रयोगमा सचेतना हुनु,

क्षेत्रीय सहरको रूपमा विकासित हुदै गइरहेको चौरजहारी बजारमा उचित ढल निकासको व्यवस्था गर्न सके स्वच्छ हरित नगरको पहिचान निर्माण गर्न सकिने सम्भावना रहेको छ ।

समस्या र चुनौती

- चौरजहारी फाँट, कोटजहारी, खागल, जोगिनेटा, सर्केना, तिमीले आदि बस्तीहरूमा आधारभूत स्वच्छ पिउने पानीको अभाव हुनु,
- पालिका भित्रका जलसम्पदाको परम्परागत तथा आधुनिक प्रविधिका माध्यमबाट पानीको अभाव रहेका बस्ती तथा घरहरूमा स्वच्छ पिउने पानीको व्यवस्था नहुनु,
- उपलव्ध रहेका पानीका मुहान, धारा तथा रिजर्भ ट्यांङ्कीको मर्मत सम्भार र संरक्षण गर्न नसक्नु तथा तिनको उचित प्रकारको प्रयोग गर्न नसक्नु,
- प्रयोग भैइरहेको पानीलाई शद्धिकरण गरी प्रयोग नगर्नु,
- यातायात क्षेत्रको विकाससँगै बढ्दै गइरहेको शहरीकरणका कारण जथाभावी रूपमा बढीरहेको फोहोरमैलाको भरपर्दो व्यवस्थापन गर्न नसक्नु,
- अधिकांश घरपरिवारमा साधारण शौचालयको व्यवस्था भए तापनि केही घरपरिवारमा व्यवस्थित शौचालय नभएकाले वातावरण तथा सरसफाइ स्वच्छता कायम राख्न चुनौती देखिएको छ ।

क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोचः

"गुणस्तरीय र स्वस्थ जीवनका लागि स्वच्छ र शुद्ध खानेपानी तथा सरसफाइ"

लक्ष्यः

- सबैंका लागि सहज रूपमा स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी व्यवस्था गर्ने,

उद्देश्यः

- आधारभूत स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी सुविधा शतप्रतिशत घर परिवारमा व्यवस्था गर्ने र
- आधारभूत सरसफाइ सुविधा शतप्रतिशत घर परिवारमा व्यवस्था गर्ने,

चौरजहारी नगरपालिका

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• पानीका मुहानहरूको संरक्षण र सम्बर्द्धन गर्ने	• पानीका मुहानहरूको पहिचान गरी तिनको संरक्षणका लागि योजना निर्माण गर्ने, • मुहानका संरक्षण र जलवायु परिवर्तनका असरहरू बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, • मुहानको संरक्षणका लागि तारवार र पानीको स्रोतको दिगोपना तथा स्वच्छताका लागि वृक्षारोपन कार्यक्रम संचालन गर्ने, • ग्रामीण तथा शहरी खानेपानी आयोजनाहरूको जलाधारक्षेत्र तथा मुहान संरक्षण गर्ने, • खानेपानी स्रोतहरूको अभिलेखन तथा संरक्षण गर्ने,
• नगरवासीलाई स्वच्छ, शुद्ध र सुरक्षित खानेपानीको सुनिश्चितता गर्ने	• स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी उपलब्ध नभएको परिवारलाई प्राथमिकता दिई विभिन्न नयाँ खानेपानी योजना निर्माण गर्ने, • संचालनमा रहेका खानेपानीका योजनाहरूको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने, • खानेपानीको आपूर्तिलाई सहज बनाउन बहावको स्रोत नभएका ठाउँमा आधुनिक लिफ्ट प्रविधिको प्रयोग गरी शुद्ध पानीको व्यवस्था गर्ने, • खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा वैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने, • खानेपानी आयोजना मर्मत सम्भार र व्यवस्थापन सम्बन्धी समुदाय लक्षित तालिम संचालन गर्ने, • पुरातात्विक तथा ऐतिहासिक कुवा, मुल, धारा तथा पोखरीको संरक्षण
• सरसफाइ कार्यक्रमबाट जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउने,	• घर, आँगन, टोल, छिमेक र समाजमा सरसफाइ तथा शौचालयको पहुँचमा वृद्धि गर्ने, • शहरोन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गर्ने, • सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, • सुरक्षित खानेपानीका लागि संचालनमा रहेका खानेपानीका मुहान तथा आयोजनाहरूमा शुद्धीकरण प्रविधिको प्रयोग गर्ने, • सरसफाइका माध्यमबाट वातावरण सुरक्षित बनाउने र जनताको जीवनस्तरमा सुधार ल्याउने, • विद्यालय, घरपरिवार तथा समुदाय लक्षित सरसफाइ अभियान संचालन गर्ने, • सार्वजनिक स्थलहरूमा शौचालय निर्माण गर्ने, • शहरोन्मुख क्षेत्रको फोहोर तथा ढल व्यवस्थापन गर्न गुरुयोजना निर्माण गर्ने, • शहरोन्मुख क्षेत्रहरूमा फोहोरमैला डम्पिङ साइटहरूको पहिचान र निर्माण गर्ने, • बजार क्षेत्रमा ढल र डम्पिङ्ग साइट थप व्यवस्थित गर्ने, • घरायसी फोहर व्यवस्थापनमा जोड दिने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेशको संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा ५ वर्ष					
३ खानेपानी तथा सरसफाई														
सिद्धिखर्क खानेपानी योजना (पाइप+धारा)	मी	२०००	वडा ४ अमलाटाकुरा	२००००	०	०	०	०	२०००	१०००००००	न.पा	६	५	१
मन्कोट खानेपानीको लागि २०mm पाइप वितरण	मी	१००००	वडा ४ मन्कोट	०	०	१००००	०	०	१००००	५०००००	न.पा	६	५	१
चौतारी, अमलाटाकुरामा सार्वजनिक धारा निर्माण	वटा	१	वडा ४	१	०	०	०	०	१	१००००	न.पा	६	५	१
खहरे, लहरे सिमल, जिविडाडा, वेतेनी, मल्यसिम वृहत खानेपानी योजना	वटा	५	वडा ५	०	१	१	१	२	५	२५०००००	न.पा	६	५	१
भेरी मालिका लिप्ट खानेपानी योजना	संख्या	१	वडा नं ६, ७, ८, ९	१	०	०	०	०	१	४५००००००	न.पा., संघ र प्रदेश	६	५	१
साफ्चा धारापानी खागल लिप्ट खानेपानी	संख्या	१	वडा ६ खागल	०	१	०	०	०	१	४५००००००	न.पा., संघ र प्रदेश	६	५	१
खरीखानी लायेला खानेपानी योजना	संख्या	१	वडा ६ खागल	०	०	१	०	०	१	५०००००	न.पा	६	५	१
जल रातामाटा खानेपानी योजना	संख्या	१	वडा ६ खागल	१	०	०	०	०	१	५०००००	न.पा	६	५	१
गाराखोला मुल सुधार योजना	संख्या	१	वडा ६ खागल	०	०	१	०	०	१	१०००००	न.पा	६	५	१

चौरजहारी नगरपालिका

पुतली खोला टैकी निर्माण	संख्या	१	वडा ६ खागल	०	०	०	१	०	१	१०००००	न.पा	६	५	१
मंगारा मुल सुधार घर्तिकाडा	संख्या	१	वडा ६ घर्तिकाडा	०	०	०	०	१	१	१०००००	न.पा	६	५	१
दोभान खोला अधिकारी पाखा खानेपानी योजना	संख्या	१	वडा ६ अधिकारी पाखा	१	०	०	०	०	१	५०००००	न.पा	६	५	१
सिस्ने खोला सिद्धथान लिप्ट खानेपानी योजना	संख्या	१	वडा ६ घर्तिकाडा	०	१	०	०	०	१	४५००००००	न.पा., संघ र प्रदेश	६	५	१
कोटजहारी खानेपानी योजना	संख्या	१	वडा ७	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
कालिका आ.वि. खानेपानी योजना	संख्या	१	वडा ८ सिझवारी	१	०	०	०	०	१	२०००००	न.पा.	६	५	१
गेरुखोला ल्याटा खानेपानी योजना	संख्या	१	वडा ८ ठूलाखोला	०	१	०	०	०	१	५०००००	न.पा.	६	५	१
सिझवारी खानेपानी योजना मर्मत	संख्या	१	वडा ८ तिलपारा	०	०	१	०	०	१	२०००००	न.पा.	६	५	१
सोती खोला खानेपानी योजना	संख्या	१	वडा ८ दुलाखोला	०	०	०	१	०	१	५०००००	न.पा.	६	५	१
चिसापानी सिमल पाखा खानेपानी योजना	संख्या	१	वडा ८ चिसापानी	०	०	०	०	१	१	५०००००	न.पा.	६	५	१
ठूलाखोला वडाखोला खानेपानी योजना	संख्या	१	वडा ८ धारीखोला	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
गोहिरी खा.पा. मर्मत	संख्या	१	वडा ८ गोहिठी	०	१	०	०	०	१	२०००००	न.पा.	६	५	१
दोब्के खा.पा मर्मत	संख्या	१	वडा ८ गोहिठी	०	०	१	०	०	१	२०००००	न.पा.	६	५	१

चौरजहारी नगरपालिका

पानीखोला खानेपानी आयोजना एक घर एक धारा	संख्या	१५०	वडा ९ कोटजहारी	३०	३०	३०	३०	३०	१५०	७५००००	न.पा.	६	५	१
कनैपानी खानेपानी आयोजना एक घर एक धारा	संख्या	७०	वडा ९ गुर्नालगाउँ	१४	१४	१४	१४	१४	७०	३५००००	न.पा.	६	५	१
सलेरी पधेरी लिफ्ट खानेपानी आयोजना	संख्या	१	वडा ९ लेखनार्जि	०	१	०	०	०	१	४५०००००	न.पा., संघ र प्रदेश	६	५	१
रानागाउँ माझगाउँ लिपलट खानेपानी योजना	संख्या	१	वडा १०	०	०	१	०	०	१	५०००००	न.पा.	६	५	१
पातालखोला दारेगौरा झाँक्रेढुङ्गा खानेपानी योजना	संख्या	१	वडा १०	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
खर्क खानेपानी योजना	संख्या	१	वडा १०	०	१	०	०	०	१	५०००००	न.पा.	६	५	१
कफलडाँडा खानेपानी योजना	संख्या	१	वडा १०	०	०	१	०	०	१	५०००००	न.पा.	६	५	१
डाँडाटोल पेदिखोला खानेपानी योजना	संख्या	१	वडा १०	०	०	०	१	०	१	५०००००	न.पा.	६	५	१
नेपाने खानेपानी योजना	संख्या	१	वडा १०	०	०	०	०	१	१	५०००००	न.पा.	६	५	१
गरुले स्वाइगारी खानेपानी योजना	संख्या	१	वडा १०	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
स्पालकोट वाजिगारे खानेपानी योजना	संख्या	१	वडा १०	०	१	०	०	०	१	५०००००	न.पा.	६	५	१
नाउला चिदिपाखा खानेपानी योजना	संख्या	१	वडा १०	०	०	१	०	०	१	५०००००	न.पा.	६	५	१

चौरजहारी नगरपालिका

मुसिगारे कफ्लेनी खानेपानी योजना	संख्या	१	वडा १०	०	०	०	१	०	१	५०००००	न.पा.	६	५	१
जोगिमिटा, माझगाउँ, खौलाखेला, नेप्टेकाडामा सौर्य खानेपानी योजना	वटा	२	वडा ११	१	०	१	०	०	२	१००००००	न.पा.	६	५	१
डलसिङ्ग, घारी, टाकुरा, सर्केना सौर्य खानेपानी मर्मत	वटा	३	वडा ११	०	१	०	१	१	३	२०००००	न.पा.	६	५	१
छरे खोला खोर्सली खानेपानी निर्माण	वटा	१	वडा ११ को चौपा, खोरसली	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
घारीखोला हिमालय मा.वि. खोलागाउँ खानेपानी योजना	वटा	१	वडा ११ खलामिरी	०	०	१	०	०	१	२०००००	न.पा.	६	५	१
ट्वाङटुवाए टाटा स्कुल खानेपानी योजना	वटा	१	वडा ११ चौपा	०	०	०	१	०	१	२०००००	न.पा.	६	५	१
प्लास स्वारा खानेपानी	वटा	१	वडा ११ स्वारा टोल	०	०	०	०	१	१	५०००००	न.पा.	६	५	१
चौपा, पाखापानी, ढन्या रुख र पाखापानी माझगाउँ, तल्ली गाउँ, चैतखोला, छिर्मेपानी, सर्केनाका खानेपानी मर्मत	वटा	७	वडा ११	१	२	१	१	२	७	३५००००	न.पा.	६	५	१
चौपाबजार, टाटा, मलामैडाडामा डम्पिङ साइट निर्माण	वटा	३	वडा ११	०	१	१	१	०	३	१००००००	न.पा.	६	५	१
चौपाबजार, टाटा, मलामैडाडामा सार्वजानिक सौचालय	वटा	३	वडा ११	१	०	०	०	२	३	१२००००	न.पा.	६	७	१

चौरजहारी नगरपालिका

पधेरा तेप्टेवाडा खानेपानी मुहान संरक्षण तथा मर्मत	वटा	१	वडा ११ नेप्टेकाडा	०	१	०	०	०	१	२०००००	न.पा.	६	५	१
सानीखोरचा पाथीहाल्ना पम्पिङ खानेपानी	वटा	१	वडा १२ सानीखोरया पाथीहाल्ना	१	०	०	०	०	१	१००००००	न.पा.	६	५	१
पातलकटेरी चुकेलेसल्ला बरागैरी खानेपानी	वटा	१	वडा १२ चुकेलेसल्ला	०	१	०	०	०	१	५०००००	न.पा.	६	५	१
जोगिनेटा खोला कोर्ता घरेलडाँडा खानेपानी	वटा	१	वडा १२ घरेलडाँडा	०	०	१	०	०	१	५०००००	न.पा.	६	५	१
पातल खौलोपरया इर्ज खानेपानी	वटा	१	वडा १२ इर्ज	०	०	०	१	०	१	५०००००	न.पा.	६	५	१
मुलकाफल उल्लेरी खानेपानी	वटा	१	वडा १२ उल्लेरी	०	०	०	०	१	१	५०००००	न.पा.	६	५	१
सानाखोला स्वारा खानेपानी	वटा	१	सानाखोला	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
तिदु खोला सुर्य टाकुरी सर्योलिण्ट खानेपानी	वटा	५०	वडा १२ पुरानापानी	१०	१०	१०	१०	१०	५०	५००००००	न.पा.	६	५	१
एक घर एक धारा खानेपानी	वटा	८०	वडा १२ पुरानापानी पतेरी	१४	१५	१६	१७	१८	८०	४०००००	न.पा.	६	५	१
पाखापानी कालुमल्के रत्वारे नारुला खानेपानी	संख्या	१	वडा १३ नारुला, कालुमल्ले	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
धारी मुल संरक्षण देउरालटाकुरा	संख	१	वडा १३ देउरालटाकुरा	०	१	०	०	०	१	१०००००	न.पा.	६	५	१
पेदीखोला वारुखोला खानेपानी योजना	संख्या	१	वडा १३ वारुखोला	०	०	१	०	०	१	५०००००	न.पा.	६	५	१

चौरजहारी नगरपालिका

भुरुङखोला खानेपानी योजना	संख्या	१	वडा १३ गरुले	०	०	०	१	०	१	५०००००	न.पा.	६	५	१
रातामाटा दुलटाकुरी खा.पा. यो	संख्या	१	वडा १३ रातामाटा	०	०	०	०	१	१	५०००००	न.पा.	६	५	१
झापखोला वैलेटा एकौली खानेपानी योजना	संख्या	१	वडा १३ वैलेटा, एकौली	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
रातामाटा गाउँ पोखरी मर्मत	संख्या	१	वडा १३ रातामाटा, पोखरी	०	१	०	०	०	१	५००००	न.पा.	६	५	१
पनेटा खानेपानी मुल संरक्षण	संख्या	१	वडा १३ रातामाटा	०	०	१	०	०	१	१०००००	न.पा.	६	५	१
पुलचोक खानेपानी	संख्या	१	वडा १३	०	०	०	१	०	१	५०००००	न.पा.	६	५	१
भेगुते खोली मुल संरक्षण	संख्या	१	वडा १३ वैलेटा	०	०	०	०	१	१	१०००००	न.पा.	६	५	१
जुगेपानी रातामाटा खानेपानी	संख्या	१	वडा १३ रातामाटा	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
झापेखोला थरेलीडाँडा खानेपानी	संख्या	१	वडा १३ झापेखोला	०	१	०	०	०	१	५०००००	न.पा.	६	५	१
मुलजिउला औलाटाकुरा खानेपानी	संख्या	१	वडा १३ दमदमे	०	०	१	०	०	१	५०००००	न.पा.	६	५	१
लामाडाँडा फलोट खानेपानी योजना	संख्या	१	वडा १४	१	०	०	०	०	१	५०००००	न.पा.	६	५	१
साक्चा दलित तथा जनजाति टोल खा.पा. योजना	संख्या	१	वडा १४	०	१	०	०	०	१	५०००००	न.पा.	६	५	१

चौरजहारी नगरपालिका

नाउली तलिगाउँ, विचगाउँ खा.पा. योजना	संख्या	१	वडा १४	०	०	१	०	०	१	५०००००	न.पा.	६	५	१
विचकटिया खानीखोला खा.पा. योजना	संख्या	१	वडा १४	०	०	०	१	०	१	५०००००	न.पा.	६	५	१
डपिङ साइट निर्माणका लागि DPR□निर्माण गरी कार्यान्वयन गर्ने	संख्या	१	वडा २	०	०	०	०	१	१	१०००००००	न.पा.	६	७	८
अति विपन्न नागरिकलाई सौचालय निर्माण	घर	२५	वडा नं ४	५	५	५	५	५	२५	२५००००	न.पा.	६	७	८
खहरे, लहरेसिमलमा डम्पिङ साइट निर्माण	टोल	२	वडा ५	०	०	०	१	०	१	२०००००००	न.पा.	६	७	८
फोहोर डम्पिङ साइत	संख्या	१	वडा ६ तिसेरखोला	०	०	०	०	१	१	१०००००००	न.पा.	६	७	८
जम्म खानेपानी तथा सरसफाई रु.										**२९१४८००००				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धिः

- शत प्रतिशत घरधुरीमा स्वच्छ, शुद्ध र सुरक्षित पिउने पानीको व्यवस्था गरिएको हुने छ ।
- सरसफाइ तथा पानीजन्य रोगका कारण हुने रोगमा पनि कमी आएको हुने छ ।
- नगरपालिकाका सवै वडा अन्तरगत रहेका वस्तीहरूमा एक घर एक धारा शुद्ध खानेपानीको वितरणको व्यवस्था सुनिश्चित गर्ने
- नगरपालिका अन्तरगत रहेका सवै खानेपानीका श्रोतहरूको उचित संरक्षणको व्यवस्था गर्ने ।
- खानेपानीको श्रोतको अभाव भएका वस्तीहरूमा खानेपानीको वैकल्पिक उपायहरूको खोजी गरी समाधानका उपायहरू निकाल्ने । (जस्तै : सौर्य शक्तिमा आधारित लिफ्ट प्रणालीवाट खानेपानी आपूर्ति गर्ने) वर्षाद्को पानी जम्मा गरी काम चलाउने उपायसमेत अपनाउने, यसका लागि नगरपालिकाले अनुदान सहयोग जुटाउने ।

६.३.४. युवा तथा खेलकुदः

स्थानीय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या करिव ४० प्रतिशत रहेको छ । जनसांख्यिकी पुँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै स्थानीय विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट स्थानीय विकासमा योगदानको वातावरण सिर्जना गर्नु आवश्यक छ । त्यसरी नै व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकुद मानिसको संर्वाङ्गिन विकासका लागि महत्वपूर्ण पक्ष हो । वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलकुदलाई मनोरञ्जनका रूपमा मात्र नलिई मानव विकासको सूचकाङ्कको रूपमा लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा स्थानीय विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ ।

सम्भावना र अवसर

- खेलकुद राष्ट्रको पहिचान र युवाको आकर्षणको क्षेत्र भएकाले यसको विकास र विस्तार गर्नु राज्यको दायित्व हो । खेलकुद क्षेत्रको विकासका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याती प्राप्त गर्ने भएकाले यसका लागि आवश्यक पर्ने विभिन्न किसिमका खेल पूर्वाधार निर्माणका सम्भावनाहरू रहेको छ ।
- चौरजहारीमा रहेको स्टेडियममा विभिन्न किसिमका शारीरिक व्यामयुक्त खेल खेल्ने र विद्यालयमा रहेका खुल्ला चौवरहरूलाई प्रयोग गरी भलिवल, फुटवल, क्रिकेट, व्याडमिन्टन आदि खेल पूर्वाधारहरूको निर्माण गर्न सके खेलकुद क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।

विद्यालय स्तरदेखि नै खेल प्रशिक्षकको व्यवस्था गरी दक्ष र उर्जावान खेलाडी उत्पादन गरी प्रतियोगितात्मक खेलकुदका माध्यमबाट क्षेत्रीय तथा राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

समस्या र चुनौती

- खेलकुद क्षेत्र सामाजिक विकासको महत्वपूर्ण अंग हो भन्ने कुरालाई समाजमा बोध गराउन नसक्नु र युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभइ नहुने खेलकुदको क्षेत्रमा पर्याप्त लगानी नहुनु,

- पालिका भित्र निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत सम्भार समयमा हुन नसक्नु
- बालबालिकाको मानसिक तथा शारीरिक विकाससँगै खेलकुदको महत्व सम्वन्धि सकारात्मक धारणाको विकास गर्नका लागि खेल प्रशिक्षकको व्यवस्था नहुनु,
- राष्ट्रिय स्तरका भलिबल, फुटबल, व्याडमिन्टन, क्रिकेट, एथ्लेटिकस जस्ता खास खेलहरूमा विशेष रुचि भएका खेलाडीहरूका लागि दक्ष प्रशिक्षक र राज्यको तर्फबाट प्रोत्साहित गर्ने वातावरणको निर्माण गर्न नसक्नु

क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोचः

"स्वस्थ, तन्दुरुस्त र रचनात्मक खेलाडीको निर्माण, खेलकुदका माध्यमबाट चौरजहारीको पहिचान"

लक्ष्यः

- युवा जनशक्तिलाई नगरपालिकाको सामाजिक र आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने र नगरपालिकालाई खेलकुद केन्द्र (हव) का रूपमा विकास गर्ने ।

उद्देश्य

- युवाको जोश, जाँगर, सीप र नेतृत्व क्षमतालाई प्रस्फुटन गर्दै पालिकाको समग्र विकासमा युवाको सहभागिता वृद्धि गर्ने,
- युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिने
- युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउने,
- खेलकुदका माध्यमबाट युवा युवतीको शारीरिक विकासको सुनिश्चितता गर्ने,
- खेलकुद पूर्वाधारको विकास गर्ने,
- खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउने र
- युवा युवतीलाई खेलकुदका पूर्वाधारमा पहुँच वृद्धि गर्दै खेलकुद समग्रीमा उपलब्ध गराउने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• युवा वर्गको शारीरिक, मानसिक तथा संवेगात्मक क्षमताको विकास गर्ने, • युवालाई उद्यमशील, व्यावसायिक र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने, • युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने, • युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने,	• युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गर्ने, • रोजगार तथा स्वरोजगार सिर्जनाका लागि वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याज दरमा लगानीका लागि कर्जा प्रवाहको व्यवस्था गर्ने, • युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज, र ज्येष्ठ नागरिक प्रतिको दायित्व बोध गराउने, • खेलकुदको विकासका लागि खेल पूर्वाधारहरूको विकास र विस्तार गर्ने,

• खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने ।	• स्थानीयस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास गर्ने, • खेल मैदान नभएका वडाहरूमा पायक पर्ने गरी खेल मैदानहरू निर्माण गर्ने, • सबै वडामा कम्तिमा पनि एक भलिबल मैदान र कभर्डहलको व्यवस्था गर्ने, • वार्षिक रूपमा खेलकुद प्रतियोगिता आयोजना गरी ठूलो संख्यामा युवाहरूलाई सहभागी गराइने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेशको संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा ५ वर्ष					
४. युवा तथा खेलकुद														
खेल मैदान	वटा	२	वडा ४ राजम्पिनी, अमलाटाकुरा	१	०	०	१	०	२	२०००००	न.पा.	५	५	१
खेल मैदान ल्याँटा वडाखोला		१	वडा ८ राताखोला	०	०	१	०	०	१	१०००००	न.पा.	५	५	१
खेलाडीको जीवन निर्वाहमूखी कार्यक्रम तथा प्रशिक्षण	वटा	४	वडा ११ जोगिमिरा घारी	०	१	०	१	२	४	८०००००	न.पा.	५	५	१
खेल मैदान निर्माण तथा मर्मत योजना	वटा	१	वडा ११ टाकुरा	१	०	०	०	०	१	१०००००	न.पा.	५	५	१
पाथीहाल्ना रंगशाला खेलमैदान	वटा	१	वडा १२ पाथीहाल्ना	०	१	०	०	०	१	१०००००	न.पा.	५	५	१
पुराणापानी खेलमैदान	वटा	१	वडा १२ पुरानापानी	०	०	१	०	०	१	१०००००	न.पा.	५	५	१
उल्लेरी घरेलडाँडा खेलमैदान	वटा	१	वडा १२ घरेलडाँडा	१	०	०	०	०	१	१०००००	न.पा.	५	५	१
भट्कारे खेलमैदान	संख्या	१	वडा १३ भट्कारे	०	१	०	०	०	१	१०००००	न.पा.	५	५	१
जम्मा युवा तथा खेल कुदमा रु										**१६०००००				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धि:

- युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था भएको हुने छ ।
- चौरजहारी नगरपालिका भित्रका वेरोजगार युवा युवतीले साना तथा ठुला उद्योगहरू खोली स्वरोजगार बन्नका लागि वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याज दरमा कर्जा प्रवाहको व्यवस्था भएको हुने छ ।
- युवाहरू सदाचार, नैतिकवान र व्यावसायिक भइ समाज र देशलाई योगदान दिइरहेका हुनेछन् ।
- खेलकुदको विकासका लागि खेल पूर्वाधारहरूको विकास र विस्तार भएको हुने छ ।
- स्थानीय स्तरमा विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरू सञ्चालन भई प्रतिभावान खेलाडीहरूको पहिचान गरी प्रदेश तथा राष्ट्रिय स्तरका खेलाडीका रूपमा विकास भएका हुनेछन् ।
- खेल मैदान नभएका वडा तथा बस्तीहरूमा खेल मैदानहरू निर्माण भएका हुने छन् ।
- सबै वडामा कम्तिमा पनि एक भलिबल मैदान र कभर्डहलको व्यवस्था भएको हुनेछ ।
- वार्षिक रूपमा खेलकुद प्रतियोगिता आयोजना गरी ठूलो संख्यामा युवाहरूलाई सहभागी गराइएको हुने छ ।

६.३.५. कला तथा संस्कृति:

कला तथा संस्कृति कुनै निश्चित भूगोल र त्यहाँ बसोबास गर्ने मानव जातिको पहिचान हो । हरेक कला र संस्कृति मानवीय मूल्य मान्यताको सम्पत्ती पनि हो । कला र संस्कृतिको जगेर्ना गर्नु मानव जातिको कर्तव्य पनि हो । नेपालको संविधान २०७२ ले स्थानीय कला, संस्कृति र सभ्यताको संरक्षण, प्रवर्द्धन र प्रचार प्रचार गर्ने जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ । यस सन्दर्भमा चौरजहारी नगरपालिकाले आफ्नो पालिका भित्रको कला र संस्कृतिलाई जगेर्ना गर्नु प्रमुख दायित्व रहेको छ । यो नगरपालिका धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक आदि दृष्ट्रिकोणले विविधतामा रमेको छ । एकले अर्काको कला र संस्कृतिको संरक्षण सम्वर्द्धन गरी आपसी मित्रता र सदभावका साथ जीउने कुरामा पालिकाले अभिभावकको भूमिका निर्वाह गर्नुपर्दछ ।

धार्मिक रूपमा मुख्यत: हिन्दुहरूको बाहुल्यता रहेको यस पालिकामा बौद्ध, क्रिश्चयन र मुश्लिम समुदायको बसोबास रहेको छ । जातीय रूपमा क्षेत्री, बाहुन, मगर, दलित, ठकुरी, नेवार आदि समुदायको बसोबास रहेको छ । हरेक धार्मिक विश्वास र आस्था तथा जातीय परम्परा र प्रचलन अनुसार आफ्ना मूल्य मान्यता कला संस्कृति र परम्परा फरक फरक रहेका छन् । तथापि एक आपसमा मिलेर बसोबास गरेका छन् । यस किसिमको सामाजिक सांस्कृतिक र धार्मिक परम्परालाई स्थानीय सरकारले संरक्षण गर्न आवश्यक छ ।

सम्भावना र अवसर

- सांस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्ने जिम्मेवारी स्थानीय सरकार संविधानले दिएको सन्दर्भमा, चौरजहारी नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक, पौराणिक, सामाजिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वद्धन, विकास, विस्तार र प्रचारप्रचार गर्नका लागि गुरु योजना निर्माण गरी कार्यान्वयन गर्न सके कला संस्कृति क्षेत्रबाट चौरजहारी नगरपालिका लाभावित हुने राम्रो संभावना रहेको छ ।
- चौरजहारी नगरपालिकामा रहेका लहरे, टप्पा, सिँगारु, ठाडी भाका, दोहोरी भाका, खस जातिको परम्परागत पहिरन र तिनका सामाजिक सांस्कृतिक मूल्य मान्यताको विकास र विस्तार गरी कला संस्कृतिको मौलिक पहिचान सहित नगरपालिकालाई चिनाउने सम्भावना रहेको छ ।

- यस पालिकामा रहेका मालिका लेक, दहपोखरा, सिद्धपाइला, जहारी राज्यको गढी दरवार, तिर हान्ने ढुङ्गा, ढुङ्गे कुवा, शिव गुफा, मालिका पर्वतीय क्षेत्र जस्ता प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक कला संस्कृतिका प्रतीकहरूको प्रचार प्रचार गरी पर्यटन क्षेत्रको विकास गर्न सक्ने सम्भावना रहेको छ ।

समस्या र चुनौती

- सांस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्ने जिम्मेवारी स्थानीय सरकार संविधानले दिएको सन्दर्भमा, चौरजहारी नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक, पौराणिक, सामाजिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वद्धन, विकास, विस्तार र प्रचारप्रचार गर्नका लागि गुरु योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु,
- चौरजहारी नगरपालिकामा रहेका लहरे, टप्पा, सिँगारु, ठाडी भाका, दोहोरी भाका, खस जातिको परम्परागत पहिरन र तिनका सामाजिक सांस्कृतिक मूल्य मान्यताको विकास र विस्तार गरी कला संस्कृतिको मौलिकतामा आधारित कला संस्कृतिको संरक्षण र प्रचार प्रचार गर्न यसको महत्वप्रति ध्यान नदिनु,
- यस पालिकामा रहेका मालिका लेक, दहपोखरा, सिद्धपाइला, जहारी राज्यको गढी दरवार, तिर हान्ने ढुङ्गा, ढुङ्गे कुवा, शिव गुफा, मालिका पर्वतीय क्षेत्र जस्ता प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक कला संस्कृतिका प्रतीकहरूको प्रचार प्रचार गरी पर्यटन क्षेत्रको विकास गर्न नसक्नु,

सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोचः

"सामाजिक सदभाव र सहिष्णुता सहितको एकतावद्ध चौरजहारी निर्माणका लागि जीवन्त कला तथा संस्कृति"

लक्ष्यः

- स्थानीय कला, संस्कृति र सम्पदाको संरक्षण तथा सम्वर्द्धन गर्ने ।

उद्देश्यः

- स्थानीय कला, संस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने,
- स्थानीय लोक साहित्य, चाडबाड, रीतिरिवाज र परम्राको संरक्षण गर्ने र
- ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको खोज अनुसन्धान गरी प्रचार प्रचार गर्ने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• स्थानीय ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्ने,	• नगरपालिकाभित्रका विभिन्न मठ, मन्दिर, गुम्बा र चर्चहरूको न्योचित संरक्षण गर्ने, • ऐतिहासिक, पुरातात्विक र सांकृतिक सम्पदाहरूको पहिचान गरी तिनको महत्वका बारेमा प्रचार पसार गर्ने, • सम्पदाहरूको मर्मत संभार तथा स्तरोन्नति गर्ने, • परम्परागत कला, सीप, संस्कृति र बाजागाजा संरक्षण गर्ने,

	• स्थानीय लोक साहित्य, मेला, चाडबाड र पर्वहरूको संरक्षण र सम्वर्द्धन गर्ने, • चौरजहारी नगरपालिकाका ऐतिहासिक, पुरातात्विक, धार्मिक स्थलहरूको पहिचान गरी पुस्तिका प्रकाशन गर्ने साथै उक्त स्थलहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने, • नगरपालिकाभित्रका लोक संस्कृतिसँग सम्वन्धित (टप्पा, सिँगारु, पञ्चेवाजा, लहरे नाँच, ख्याली, भजन चुट्का) विभिन्न सांस्कृतिक गतिविधिहरूको उत्थान र संरक्षणका निम्ति उपयुक्त नीति निर्धारण गर्ने, • नगरपालिका अन्तर्गत साहित्य कलाको प्रवर्द्धनका लागि नगरपालिका/वडा स्तरीय प्रतिस्पर्धा नियमित रूपमा आयोजना गर्ने, • नगरपालिका भित्र रहेका कवि, कलाकार, साहित्यकारहरूलाई आदर, सम्मान तथा पुरस्कारबाट उत्प्रेरित गर्ने, • नगरपालिका स्तरको बौद्ध गुम्वा स्थापना गर्नका लागि सम्भाव्यताको अध्ययन गर्ने, • भाषा, लिपि, धर्म, साहित्य, कला तथा संस्कृतिको संरक्षणको लागि नगरपालिका स्तरको एक प्रतिष्ठान स्थापना गर्ने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेशको संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा ५ वर्ष					
५.कला तथा संस्कृति														
पौराणिक बाजाहरू उपलब्ध तथा तालिम	संख्या	१	चौ.न.पा. १	१	०	०	०	०	१	१००००	न.पा र समुदाय	११	६	५
पूराना संस्कृतिहरूको व्यवस्थापन	संख्या	१	चौ.न.पा. १, लामीछाने गाउँ, नाखिरा, घारीगाउँ	०	१	१	१	१	४	४००००	न.पा र समुदाय	११	६	५
स्थानीय संस्कृति जगेर्नाका लागि आवश्यक पर्ने वाध्यवादनका सामान खरिद, प्रशिक्षण	सेट	१	वडा ३	०	०	१	०	०	१	१००००	न.पा र समुदाय	११	६	५
सिंगारु नाँच, पैरेनी नाँच, दमाई नाँच,	नियमित	नियमित	वडा ३	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	२००००	न.पा र समुदाय	११	६	५

चौरजहारी नगरपालिका

स्थानिय नाँच ुरक्षण														
पन्चेबाजा	सेट	२	वडा नं ४	०	०	०	२	०	२	२००००	न.पा र समुदाय	११	६	५
सोरटी नाँच संरक्षण सामग्री	सेट	१	वडा नं ४	१	०	०	०	०	१	१००००	न.पा र समुदाय	११	६	५
सिंगारु नाँच सामग्री	सेट	३	वडा नं ४	०	१	१	१	०	३	३००००	न.पा र समुदाय	११	६	५
पन्चेबाजा संरक्षण गर्ने	टोल	३	मवडा ५ ल्यसिम, खहरे, वेतेनी	१	०	०	०	२	३	३००००	न.पा र समुदाय	११	६	५
सिंगारु पैसेरी नाँच संरक्षण	टोल	२	वडा ५ लहरे सिमल, खहरे	०	१	०	१	०	२	२००००	न.पा र समुदाय	११	६	५
पैस्यारी नाच, सिंगारु नाच, मयुर नाच	संख्या	१	वडा ६ खागल, घर्तिकाडा	१	०	०	०	०	१	१००००	न.पा र समुदाय	११	६	५
दह पोखरा, पन्चमी मेला व्यवस्थापन	संख्या	१	वडा ६ खागल	०	१	०	०	०	१	१०००००	न.पा र समुदाय	११	६	५
कला तथा संकृतिको जर्गेना गर्न तालिम र वाध्य वाधन सामाग्री उत्पादन, खोज	नियमित	नियमित	वडा ७	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	२०००००	न.पा र समुदाय	११	६	५

चौरजहारी नगरपालिका

अनुसन्धानको आवश्यकता														
पुरानो लहरे नाच संरक्षण तथा व्यवस्थापन	नियमित	नियमित	वडा ८	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	१००००	न.पा र समुदाय	११	६	५
सिगारु नाच संरक्षण तथा व्यवस्थापन	नियमित	नियमित	वडा ८	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	१००००	न.पा र समुदाय	११	६	५
दमाहा नाच संरक्षण तथा व्यवस्थापन	नियमित	नियमित	वडा ८	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	१००००	न.पा र समुदाय	११	६	५
सोरठी सिङगरु र मयूर नाँच संरक्षणको आवश्यक सामाग्रीको व्यवस्था	नियमित	नियमित	वडा १०	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	१००००	न.पा र समुदाय	११	६	५
सानाखोला सिङगारु नाँच संरक्षण	वटा	१	वडा १२ सानाखोला	१	०	०	०	०	१	१००००	न.पा र समुदाय	११	६	५
सानाखोला गैर्छेनी पन्चेबाजा संरक्षण	वटा	१	वडा १२ गैर्छेनी	०	१	०	०	०	१	१००००	न.पा र समुदाय	११	६	५
घरेलडाँडा उल्लेरी मयुर नाँच संरक्षण	वटा	१	वडा १२ घरेलडाँडा	०	०	१	०	०	१	१००००	न.पा र समुदाय	११	६	५

चौरजहारी नगरपालिका

खलाटाकुरी मन्दिर संरक्षण	संख्या	१	वडा १३	१	०	०	०	०	१	१००००	न.पा र समुदाय	११	६	५
मटेला मन्दिर संरक्षण	संख्या	१	वडा १३ मटेला	०	०	१	०	०	१	१००००	न.पा र समुदाय	११	६	५
सिंगारु नाँच र मयुर नाँच संरक्षण तालिम	नियमित	नियमित	वडा १३	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	१००००	न.पा र समुदाय	११	६	५
पन्चेबाजा संरक्षण	नियमित	नियमित	वडा १३	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	१००००	न.पा र समुदाय	११	६	५
मयुर नच, पैसेरी नाच		संरक्षण	वडा १४						०	१००००	न.पा र समुदाय	११	६	५
मठ मन्दिर पूर्ण निर्माण	संख्या	३	वडा१४ नुवाकोट डाडाँ, दया शिव गुफा तथा लिउरेवारी	१	०	०	१	१	३	३००००	न.पा र समुदाय	११	६	५
लोक दोहरी	नियमित	नियमित	वडा १४ नाउली, लिउरेवारी तिमिले साक्चा विरालगाउँ	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	१००००	न.पा र समुदाय	११	६	५
जम्मा कला संस्कृती रु										**६६००००				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धि:

- नगरपालिकाभित्रका विभिन्न मठ, मन्दिर, गुम्बा र चर्चहरूको न्योचित ढंगले संरक्षण गरिएको हुने छ ।
- ऐतिहासिक, पुरातात्विक र सांकृतिक सम्पदाहरूको पहिचान गरी तिनको महत्वका बारेमा प्रचार पसार गरिएको हुने छ ।
- सम्पदाहरूको मर्मत संभार तथा स्तरोन्नति गरिएको हुने छ ।
- परम्परागत कला, सीप, संस्कृति र बाजागाजा संरक्षण गरिएका हुने छन् ।
- स्थानीय लोक साहित्य, मेला तथा चाडपर्वहरूको संरक्षण र सम्वर्द्धन गरिएका हुने छन् ।

६.३.६. लक्षित समूह विकास

चौरजहारी नगरपालिका भित्र सीमान्तकृत तथा सुविधाबाट वञ्चितमा परेका दलित, जनजाति, असहाय, विपन्न समुदायहरूको उल्लेखनीय बसोबास रहेको छ । महिला, दलित, मुस्लिम समुदाय, पीछडिएका वर्ग, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न व्यक्ति तथा परिवारहरू आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक रूपमा वञ्जितीकरणमा परेका छन् । राज्यका विभिन्न संवैधानिक, कानुनी, नीतिगत व्यवस्था मार्फत पछि परेका समुदायहरूको समावेशीकरणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । कार्यक्रमरूको अपर्याप्तता, योजनाबद्ध विकासको अभाव र चालु विकासका आयोजनाको मन्द गति र विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच देखिएको असमानताको कारण अपेक्षित सुधार हुन सकेको छैन । आर्थिक रूपमा सीमान्तकृत, जातिगत रूपमा बहिष्कृत, भाषा, जाति तथा धार्मिक रूपमा अल्प संख्यक र उमेर, लिङ्ग तथा शारीरिक क्षमताका आधारमा फरक अवस्थाका समुदायहरूलाई संरक्षण तथा विकास गरी राज्यको मुल प्रवाहमा ल्याउनका लागि स्थानीय सरकारले विशेष कार्यक्रम संचालन गर्नुपर्दछ ।

यस सन्दर्भमा योजना अवधिमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र प्रतिफलमा प्रत्यक्ष सहभागिता र थप लक्षित कार्यक्रम मार्फत उल्लेखित समुदायहरूको अर्थपूर्ण सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्नका लागि आवधिक योजनामा यस उपक्षेत्रको व्यवस्थित सोच, लक्ष्य, उद्देश्य, कार्यनीति, रणनीति र उपलब्धिहरूको खाका प्रस्तुत गरिएको छ ।

सम्भावना र अवसर

चौरजहारी नगरपालिकामा भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय तथा वर्गीय रूपमा पछाडि पारिएका र समाजको मूल प्रवाहीकरणबाट वञ्चितीकरणमा परेका समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकाले तिनीहरूको पहिचान तथा आवश्यक कार्यक्रमको कार्यान्वन गरी मुल प्रवाहमा ल्याउन सक्ने सम्भावना रहेको छ ।

खास गरी वादी जाति लगायत विपन्न समुदायका अन्य जातिहरूलाई समाजको मूल प्रवाहमा ल्याउन उच्च शिक्षासम्म छात्रवृत्तिको व्यवस्था गर्ने, रोजगारयुक्त श्रमशक्तिलाई स्थानीय स्तरमा रोजगारीको व्यवस्था गर्ने, फुसको छाना वा घरबारी विहीनहरूलाई जनता आवास कार्यक्रम र सुकुम्बासी समस्या सामाधान आयोग जस्ता कार्यक्रमबाट सुरक्षित घरबासको व्यवस्था गर्नका लागि स्थानीय सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सम्भावना रहेको

समस्या र चुनौती

चौरजहारी नगरपालिकामा भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय तथा वर्गीय रूपमा पछाडि पारिएका र समाजको मूल प्रवाहीकरणबाट वञ्चितीकरणमा परेका समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि उनीहरूको बसाइका कारण फरक फरक आवश्यकता तथा स्वतःस्फूर्त रूपमा

अगाडि बढ्ने तत्परताको अभाव, विशेष कार्यक्रम सञ्चालनका लागि पर्याप्त आर्थिक स्रोत साधनको कमी हुनु जस्ता समस्याहरू रहेका छन् ।

सोच, लक्ष्य, उद्देश्य, कार्यनीति, रणनीति र उपलब्धि

सोचः

"समाजको मूल प्रबाहीकरणमा लक्षित समूहको विभेदरहित सहभागिता र विकास"

लक्ष्यः

- लक्षित समुदायको सम्मानजनक उपस्थिति तथा सामाजिक सम्मानको अनुभूति ।

उद्देश्यः

- महिला, बालबालिका तथा किशोर किशोरीहरूको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चितता गरी भेदभाव मुक्त पालिका बनाउने र
- सामाजिक रूपमा असुरक्षित महसुस गरेका समुदायलाई सुरक्षाको प्रत्याभूति प्रदान गर्ने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• लैङ्गिक तथा जातीय विभेद न्यूनीकरणका लागि दलित एवं पीछडीएको वर्गको उत्थानका लागि कार्यक्रम संचालन गर्ने,	• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जनचेतना कार्यक्रम संचालन गर्ने, • नगरपालिकाभित्र रहेका सबै दलित तथा उत्पीडितहरूका लागि शसक्तीकरण कार्यक्रम सञ्चालन गर्ने, शिक्षा, स्वास्थ्य, सीपमूलक स्वरोजगारमूलक आयआर्जनका कार्यक्रमका माध्यमबाट सशक्त तुल्याउने, • छुवाछुत र जातीय विभेद जस्ता कुरीतिको अन्त्य गर्न सचेतना कार्यक्रमहरू (पोष्टर, जनचेतना,गोष्ठी, सार्वजनिक सूचना) सञ्चालन गर्ने । • दलित तथा विपन्न युवा युवतीलाई सीपमूलक व्यावसायिक तालिम प्रदान गर्ने । • आधारभूत तथा माध्यमिक तहको शिक्षामा दलितहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।
• पीछडिएका वर्गका किशोर किशोरीको आर्थिक उत्थान गर्ने,	• अवसरबाट वञ्चितीकरणमा परेका किशोर किशोरीहरूमा अन्तरनिहित प्रतिभा पहिचानका लागि वडा स्तरीय प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने, • जोखिमा परेका र अवसर नपाएका युवा युवतीको पहिचान गरी उद्यशीलता विकास तालिमको व्यवस्था गर्ने, • जोखिमा परेका र अवसर नपाएका युवा युवतीलाई उद्यम संचालन गर्नका लागि वीउ पुँजीको व्यवस्था गर्ने, • जोखिमा परेका र अवसर नपाएका युवा युवतीहरूले संचालन गरेका उद्यमहरूलाई समयानुकूल प्रविधिकरण गर्न आवश्यक सहयोग गर्ने, • विद्यालय छाडेका विपन्न वर्गका किशोर किशोरीहरूलाई उच्च शिक्षाको लागि सहयोग गर्ने,

	• कक्षा १२ पछि विद्यालय छाड्ने विपन्न वर्गका किशोरीहरूलाई ICT प्रयोगका लागि तालिमको व्यवस्था गर्ने,
• परम्परागत पेशाहरूको संरक्षण गर्ने,	• परम्परागत रूपमा चलिरहेको स्थानीय पेशाहरूलाई आधुनिक र प्रविधिकरण गर्न शिल्पीहरूको पहिचान गरी तिनलाई नवीनतम् पेशामा जोड्ने, • समयानुकूलका प्रविधि, सीप तथा लगानीका लागि वित्तीय संस्थाहरूसँग समन्वय गर्ने,
• जेष्ठ नागरिकको सम्मान तथा सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने,	• वृद्धवृद्धाहरूको भेला तथा भलाकुसारीका लागि विश्राम स्थल र मनोरञ्जनयुक्त सार्वजनिक स्थलको निर्माण गर्ने, • वृद्धवृद्धाहरूलाई विभिन्न कार्यक्रमका माध्यमबाट सम्मान गर्ने र • वार्षिक रूपमा पर्यटकीय तथा धार्मिक स्थलहरूको भ्रमणको व्यवस्था मिलाउने,
• अनाथ तथा जोखिममा परेका बालबालिकाहरूका लागि विशेष कार्यक्रम संचालन गर्ने,	• अनाथ तथा जोखिममा परेका बालबालिकाहरूको अवस्था अद्यावधिक गर्ने, • पालिकाभित्र रहेका अनाथ तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, आवास, लताकपडाको सुनिश्चितता गर्ने, • नगरपालिकाभित्रका सबै वडाका वस्तीहरूमा बाल स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने, • नगरपालिकाभित्र संचालित बालविकास केन्द्रहरूको अनुगमन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने तथा आवश्यक ठाउँमा बालविकास केन्द्रको स्थापना गरी संञ्चालन गर्ने, • नगरपालिका भित्रका पायक पर्ने ठाउँहरूमा बाल उद्यान एवं बाल क्लवको निर्माण गर्ने, • नगरपालिका भित्र बाल पुस्तकालय स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम सञ्चालन गर्ने, • बालबालिकाको मानसिक स्वास्थ्यलाई ध्यान दिइ मनोरञ्जनयुक्त बाल उद्यान निर्माण गर्ने, • बाल शिक्षा सम्वन्धी प्रकाशनमा सहयोग गर्ने, • गाउँपालिक स्तरीय बाल संजाल गठन गर्ने, • प्रारम्भिक बाल विकासका लागि अभिभावक सचेतना तथा पोषण कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले सहयोग गर्ने र • बालबालिकाको चौतर्फी विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न सहयोग गर्ने ।
• महिला विकास तथा लैङ्गिक समानतामा जोड दिने	• नगरपालिका भित्र महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने, • आगामी ५ वर्ष भित्रमा नगरपालिकालाई महिला हिंसा मुक्त बनाउने, • नगरपालिका भित्र बाल विवाहलाई निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, • महिला विपन्न बालबालिकाहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने,

चौरजहारी नगरपालिका

	• हाल कार्यरत महिला स्वंयसेविका /सामाजिक परिचालकहरूलाई उत्प्रेरित गरी उनीहरूको कार्य क्षमता वृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने, • नगरपालिकाभित्र निर्माण हुने विकास निर्माणका परियोजनाहरूमा महिलाहरूको सहभागिता सुनिश्चित हुने खालका कार्यक्रमहरू संचालन गर्ने । • नगरपालिकाभित्र परम्परागत सीपमा आधारित भइ उत्पादन क्षेत्रमा लागेका महिलाहरूलाई उन्नत सिप, तथा क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम एवं कार्यशालाको व्यवस्था गर्ने, • महिलाद्वारा संचालित उद्योग तथा आर्थिक क्रियाकलापलाई सघाउन सहुलियत ऋण र अनुदानका कार्यक्रम सञ्चालन गर्ने, • नगरपालिकाभित्र रहेका दलित, पिछडिएको वर्ग एवं गरिब महिलाहरूको क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने, • नगरपालिकाभित्र विद्यालयको पहुँचभन्दा टाढा रहेका छोरीहरूलाई विद्यालय पठाउने कार्यक्रम सञ्चालन गर्ने र आगामी ४ वर्षभित्र नगरपालिकाका सवै छोरीहरूलाई विद्यालय पठाउन अभिप्रेरित गर्ने, • नगरपालिकाभित्र समूहमा उद्यम गर्न खोज्ने महिला समुह तथा क्लबहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने तथा अनुदानको कार्यक्रम सञ्चालन गर्ने, • महिलाहरूको घरायसी कामको मूल्याङ्कन गरी प्रमाणपत्र प्रदान गर्ने र राष्ट्रिय आम्दानीमा त्यसको गणना गर्न पहल गर्ने, • मुलुकी संहिता र अन्य कानुनी सचेतना सम्वन्धि कार्यक्रम सञ्चालन गर्ने,
• जेष्ठ नागरिक सम्मान तथा हेरचाह कार्यक्रम संचालन गर्ने	• जेष्ठ नागरिकहरूको तथ्यांक संकलन तथा अद्यावधिक गर्ने, • जेष्ठ नागरिकहरूका लागि बस्ती स्तरमा जेष्ठ नागरिक केन्द्र स्थापना गर्ने र उक्त केन्दमा योगा, मनोरञ्जन तथा अन्य अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने, • जेष्ठ नागरिकहरूको नियमित स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने, • सामाजिक सुरक्षाभत्ता नियमित रूपमा उपलब्ध गराउने, • प्रदेश सरकारको कार्यक्रम अन्तर्गत एक स्थानीय तह एक जेष्ठ नागरिक आश्रय स्थलको छनोट गरी निर्माणका लागि प्रदेश सरकारसँग समन्वय गर्ने,
• असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सम्मानित जीवन यापनका कार्यक्रम संचालन गर्ने	• पालिकाभित्र रहेका असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको सूची तयार गर्ने, • असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको फरक क्षमताको पहिचान गर्ने, • शिक्षा, स्वास्थ्य, आवास तथा लताकपडामा सुनिश्चितताका लागि आवश्यक पहल गर्ने, • फरक क्षमता भएका युवायुवतीका लागि स्वःरोजगारका कार्यक्रम संचालन गर्ने, • अपाङ्गताका प्रकृतिअनुसार सहज जीवनका लागि सहयोगी सामग्री उपलब्ध गराउने,

चौरजहारी नगरपालिका

	• अपाङ्गता भएकाहरूका लागि आयमूलक सीप प्रदान गर्ने, • असहाय, द्वन्द्वपीडित बालबालिका तथा एकल महिलालाई संरक्षण गरी आयमूलक कार्यक्रमका माध्यमबाट आत्मनिर्भर बनाउन पहल गर्ने, • अपाङ्गताको किसिम अनुसार वर्गीकरण गरी परिचय पत्र अनुरूप भत्ता उपब्ध गराउने, • नगरपालिकाभित्रका सार्वजनिक पूर्वाधारहरू लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने ।
• जनजाति उत्थान कार्यक्रम संचालन गर्ने,	• नगरपालिकामा बसोबास गर्ने जनजातिहरूको तथ्यांक संकलन तथा अद्यावधिक गर्ने र उनीहरूको भाषा, संस्कृति, पुरातात्विक स्थलहरूको संरक्षण गर्ने, • जातीय पहिचान र मौलिक परम्परा झल्किने किसिमका जातीय संग्रहालय निर्माण गर्ने, • जनजातिको भाषा, कला, संस्कृति र मौलिक परम्पराको संरक्षण गर्न आधारभूत तहमा पाठ्यक्रम निर्माण गरी विद्यालय शिक्षा कार्यक्रम लागू गर्ने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेशको संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा ५ वर्ष					
६ लक्षित समूह विकास														
महिला सशक्तिकरणका लागी महिलाहरूलाई सचेतना तथा तालिम	महिला	३०००	सबै वडा	४०	५०	६०	७०	८०	३००	१५०००००	न.पा र समुदाय	५	२	७
लक्षित समूह (अपाँग, दलित, महिला र बिपन्न) लाई रोजगारमूलक तालिम	संख्या	१०००	सबै वडा	१५०	२००	२२५	२२५	२००	१०००	५००००००	न.पा र समुदाय	५	१	७
लक्षित महिला तथा समूहलाई सीप तथा क्षमता विकास सम्बन्धी तालिम	संख्या	१५००	सबै वडा	३००	३००	३००	३००	३००	१५००	७५०००००	न.पा र समुदाय	५	२	७
बालश्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी पर्याप्त कार्यक्रम	संख्या	१	सबै वडा	०	१	०	०	०	१	२००००	न.पा र समुदाय	५	६	७

चौरजहारी नगरपालिका

अपाङ्ग पुर्नस्थापना केन्द्र स्थापना तथा संचालन	संख्या	१	सबै वडाका लागी	१	०	०	०	०	१	१००००००	न.पा र समुदाय	५	६	७
विपन्न तथा लक्षित महिलाहरूलाई आयआर्जन कार्यक्रम	संख्या	१५००	सबै वडा	२५०	३००	३००	३००	३५०	१५००	१५०००००००	न.पा र समुदाय	५	६	३
अपाङ्ग लक्षित सीपमूलक तथा आयआर्जन कार्यक्रम	संख्या	१००	सबै वडा	१५	१५	२०	२०	३०	१००	१००००००	न.पा र समुदाय	५	६	३
लैङ्गिक हिंसा सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रम	संख्या	२०००	सबै वडा	३००	३५०	४००	४५०	५००	२०००	६०००००००	न.पा र समुदाय	५	६	७
बाल विवाह न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रम	संख्या	७०	सबै वडा	१४	१४	१४	१४	१४	७०	७०००००	न.पा र समुदाय	५	६	७
हिंसामा परेका महिला, बालबालिकाहरूलाई राहत तथा उद्धार कार्यक्रम	संख्या	नियमित	सबै वडा	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	५०००००	न.पा र समुदाय	५	६	९
महिला, बालबालिका, जेष्ठ नागरिकहरूलाई शिक्षा, स्वास्थ्य र सरसफाई सम्बन्धी घरदैलो कार्यक्रम	संख्या	२	वडा १	१	०	०	१	०	२	५०००००	न.पा र समुदाय	५	६	९

चौरजहारी नगरपालिका

जेष्ठ नागरिक सम्मान, दिवा सेवा केन्द्र स्थापना तथा संचलना	संख्या	२	वडा ९ कोटजहारी, गुर्नालगाउँ	१	०	०	०	१	२	२०००००	न.पा र समुदाय	५	६	९
जेष्ठ नागरिक पार्क (मनोरन्जन पार्क)	वटा	३	वडा ११ नेप्टेकाडा, सर्केना, टाटा	०	१	१	१	०	३	९०००००	न.पा र समुदाय	५	६	९
जेष्ठ नागरिक मनोरन्जन स्थल, भवन तथा सामग्री	संख्या	१	वडा १३ एकौली	१	०	०	०	०	१	४००००००	न.पा र समुदाय	५	६	९
वादी समुदायको घर निर्माण	वटा	१	वडा १३	०	१	०	०	०	१	२५०००००	न.पा र समुदाय	५	६	९
जम्मा लक्षित समूह विकास मा रु.										४६३२००००				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धिः

महिला हिंसामा कमी आउने, अनाथ तथा जोखिममा परेका बालबालिकाको सुरक्षा हुने, फरक क्षमता भएका र जेष्ठ नागरिकको सम्मानजनक व्यवस्थापन हुने ।

६.४ शहरी विकास तथा पूर्वाधार

भौतिक विकास योजनाले नगरपालिकाको विकास प्रकृयालाई योजनाबद्ध तरिकाले विकास गर्दै लैजान आवश्यक दिशानिर्देश गर्दछ । यस अन्तर्गत हाल निर्माणाधीन सडकहरूको स्तरोन्नति, मोटरेबल पुल निर्माण गर्ने, नगरपालिका केन्द्र देखि वडाकेन्द्र र सम्पूर्ण बस्ती जोड्ने सडक निर्माण गर्ने, नगरपालिका तथा वडा केन्द्रहरू तथा सेवा केन्द्रहरूको निर्माण तथा आधुनिकीकरण गर्ने कार्यक्रमहरू समावेश गरिएको छ । साथै भू-उपयोग क्षेत्रको सफल कार्यान्वयनका लागि पूर्वाधार विकास योजना तथा पूर्वाधार निर्माणका लागि नगरपालिकाको लगानी रणनीति लगायतका कार्यक्रम तथा विनियमहरूको समेत पहिचान गरिएको छ । नगरपालिकाको भौतिक योजनाको प्रस्ताव गर्दा विद्यमान वस्तुस्थितिको लेखाजोखा गरी एकीकृत बस्ती विकास गर्न आवश्यक छ । नगरपालिकामा भौतिक विकास गर्नको लागि प्रशस्त खुला ठाउँ भएकाले उपयुक्त ठाउँहरू छनौट गरी भवन आचारसंहिता मापदण्डअनुसार विभिन्न प्रयोजनको लागि भवनहरू निर्माण गर्न जोड दिइएको छ । भौतिक विकास योजनाले नगरपालिकाको विकासलाई निश्चित गर्न एक अबधारणागत मार्गचित्र प्रस्तुत गर्दछ । पूर्वाधार विकासको लागि वडागत र नगरपालिका स्तरीय योजनाहरूमा बर्गीकरण गरी सोही आधारमा लगानी रणनीति तयार गर्नुपर्ने हुन्छ । यसै बास्तविकतालाई ध्यानमा राखेर नगरपालिकाको भौतिक विकास योजना तयार गर्दा वडास्तरीय तथा नगरपालिका स्तरीय योजनाहरू प्रस्ताव गरिएको छ ।

६.४.१ सडक, ढल तथा पुल पुलेसा

आर्थिक-सामाजिक विकासलाई गतिशील बनाउन, सर्वसाधारणलाई पुऱ्याउने सेवा तथा सुविधालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकृत एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । आवश्यक पूर्वाधारको विकास केही हदसम्म भएता पनि यातायात सेवा दिगो र भरपर्दो हुन सकेको छैन । निजी क्षेत्रको प्रमुख लगानी रहेको सार्वजनिक यातायात सेवालाई व्यवस्थित र मर्यादित बनाई सहज तरीकाबाट नागरिकले निर्वाध रूपमा आवतजावत गर्न पाउने हकको यथोचित उपयोग अझै गर्न नपाएको अवस्था छ । शहरीकरणको चाप र ग्रामीण भेकसम्म पनि सडक सञ्जाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदुषण रहित र सुविधा सम्पन्न यातायात सेवाको प्रत्याभूति गराउन यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ । स्थानीय यातायात पूर्वाधारको बढ्दो माग र आवश्यकतालाई दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ । चौरजहारी नगरपालिकाका अधिकांश गाउँ तथा बस्तीहरूमा सडक सञ्जालका लागि ट्र्याक खोलिएको भए तापनि सबै मौषममा संचालन हुन सक्ने अवस्था रहको छैन् । भने कतिपय स्थानमा प्रारम्भिक नक्साङ्कन समेत हुन सकेको छैन । कच्ची धुले सडकहरूको निर्माण भएता पनि ती सडकहरूमा ग्राभेल र कालोपत्रे गर्ने काम हुन सकिरहेको छैन ।

चौरजहारी नगरपालिकामा विगत चार वर्षको अन्तरालमा कच्ची सडकको रूपमा मात्रै विस्तार भएको पाइन्छ । समग्र नगरपालिकाको सडक २०७४ सालमा ३३ कि.मी लम्बाइमा थियो भने २०७८ मा २८४ कि.मी अर्थात् ८६०.६ प्रतिशतले सडकको वृद्धि भएको छ । नगरपालिका यातायात सञ्जालमा जोडिएको छ । चौरजहारीसम्म कि.मी. पक्की मोटर बाटो रहेको छ । ..... देखि ..... र ..... देखि..... खण्डको मोटरबाटो पक्की हुने अवस्थामा रहेको छ । नगरपालिकाका सबै ठाउँ र बस्तीहरू कच्ची मोटर बाटोले जोडिएका छन् । लामो दुरीका कच्ची मोटर बाटो तथा रिंग रोडहरू स्तर वृद्धिको क्रममा रहका छन् । हालको अवस्थामा यस नगरपालिका भरीमा कच्ची बाटो ..... कि.मी., ग्राभेल भएको बाटो ..... कि.मी. तथा पिच बाटो ..... कि.मी. सडक रहेको छ ।

सम्भावना र अवसर

- चौरजहारी नगरपालिका सडक तथा पुल पूर्वाधारको दृष्टिले मध्यपहाडी लोकमार्ग, राप्ती राजमार्ग, सुर्खेत छिन्चु जाजरकोट हुँदै डोल्पासम्मको भेरी करिडोर जस्ता राष्ट्रिय र छिमेकी जिल्ला जाजरकोट र सल्यानसँग सडक सञ्जालमा जोडिएकाले स्थानीय सडक पूर्वाधारको निर्माण र विस्तार गरी राष्ट्रिय तथा क्षेत्रीय यातायात सञ्जालमा जोडिन सक्ने सम्भावना रहेको छ ।
- चौरजहारी नगरपालिकाको मध्य भूभाग तथा बस्तीलाई समेटेको नुवाकोट डाँडा- खोलागाउँ-चौरजहारी सडकलाई मुख्य मेरुदण्डका रूपमा विकास गरी पालिकाको पूर्व पश्चिम, उत्तर दक्षिण खण्ड नुवाकोट डाँडा-तिमीले लेक-जोगीनेटा-खागल-कोटजहारी गाउँ हुँदै चौरजहारीसम्म र पुनः चौरजहारी -नुवाकोट डाँडा सडक खण्डको सिलिङ्गेसम्म कच्ची सडक सञ्चालन भैरहेकाले यसले समग्र नगरवासीलाई यातायात पहुँचमा जोडेको छ । यी सडकलाई राष्ट्रिय मापदण्ड अनुसार स्तरोन्नति गरी आर्थिक तथा सेवाका क्षेत्रमा नगरवासीलाई जोड्न सक्ने राम्रो सम्भावना रहेको छ ।
- मेलै नाउँलीदेखि कोटजहारीसम्म, विजयश्वरीदेखि मनकोट लहरे सिमल हुँदै भलाक्चा खोलागाउँसम्म, खोलागाउँ बजारदेखि सर्केनासम्म, सिलिङ्गेदेखि तिमीले सम्मका आदि वडास्तरमा सञ्चालनमा आएका सडकलाई मापदण्ड अनुसार सडक नाली र ढलको व्वस्थापन गरी बाह्रै महिना चल्न सक्ने बनाउन सके नगरवासीलाई गुणस्तरीय सेवा प्रदान गर्न सकिने सम्भावना रहेको छ ।
- घरकटुवा नदी जयराम खोला, मेलै नाउँली जहारी खोला पुल लगायत पालिकाका विभिन्न खोला तथा नदीहरूमा बनेका साना ठुला पुलहरूले यहाँको यातायात तथा व्यापारिक क्षेत्रलाई लाभ दिइरहेका छन् । मुख्य रूपमा सल्यानका विभिन्न स्थानबाट पालिकालाई जोड्ने र जाजरकोटबाट पालिकालाई जोड्ने मोटरेवल पुन निर्माण गर्न सके पालिकाको समग्र पक्षको विकास हुने सम्भावना रहेको छ ।

समस्या र चुनौती

- चौरजहारी नगरपालिकाको अधिकांश भूभाग भिरालो पहाडी भूभाग र बाढि, पहिरो, खहरे, भूक्षय जस्ता कारणले सडक तथा पुल निर्माण तथा दिगो व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ ।
- भौगोलिक विकटता र जटिलताका कारण पनि अपेक्षित पूर्वाधार विकासका लागि श्रोत साधनको जोहो गर्न समस्या परेको छ ।

सोचः

"पहुँचयोग्य र गुणस्तरीय सडक सञ्जालको विकास मार्फत यातायात व्यवस्था र आर्थिक सम्वृद्धि"

लक्ष्य

- नगरपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने ।

उद्देश्यः

- प्रभावकारी, दिगो, भरपर्दो, र सुरक्षित यातायात सेवा मार्फत अन्तर वडा, अन्तर पालिका तथा जिल्ला र प्रदेश हुदै राष्ट्रिय सडक सञ्जालमा जोडी आर्थिक क्षेत्रमा चौरजहारीबासीलाई जोडने,
- नगरपालिकामा हाल संचालनमा रहेका सम्पूर्ण सडकहरूलाई राष्ट्रिय मापदण्ड अनुसारका सडकमा रूपान्तरण गर्ने,
- नगरपालिकामा हाल टऱ्याक मात्र खोलिएका सडकहरूको स्तरोन्नति गर्ने,
- नगरपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गर्न नयाँ सडकहरूको निर्माण गर्ने,
- नगरपालिकाकामा यातायात सेवालाई बाह्रै महिना संचालनका लागि आवश्यक स्थानमा मोटरेवल पुलको निर्माण गर्ने ।

रणनीति तथा कार्यनीतिः

रणनीति	कार्यनीति
• स्तरीय र भरपर्दो सडक यातायातको विकास गर्ने,	• नगरपालिकामा हाल संचालनमा रहेका सम्पूर्ण सडकहरूको स्तरोन्नति गरी बाह्रै महिना संचालन गर्ने, • टऱ्याक मात्र खोलेका वडा स्तरीय सडकहरूको स्तरोन्नति गरी सबै वडाका बस्तीहरूमा यातायात सेवालाई संचालन गर्ने, • निर्माणाधिन तथा संचालित सडकहरूमा अनिवार्य रूपमा नालीको व्यवस्था गर्ने, • सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसाय लगायतका आर्थिक उपार्जनसँग सम्वन्धित पक्षको प्रवर्द्धन गर्ने, • सडक संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवम् व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउने, • नगरपालिकाका विभिन्न वडाहरूमा बसपार्कको निर्माण गरी सञ्चालन गर्ने, • यातायातका साधनको व्यावहारिक तथा वैज्ञानिक भाडा दर कायम गर्ने, • सडक दुर्घटना सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्ने, • घना बस्ती र धार्मिक स्थलहरू एकीन गरी सवारी साधन निषेधित क्षेत्र तोक्ने, • उर्जा रणनीतिसँग आवद्ध गरी विद्युतीय सवारी साधन प्रवर्द्धन गर्ने र पायक पर्ने स्थानहरूमा चार्जिङ्ग स्टेशनको स्थापना तथा सञ्चालन गर्ने,

चौरजहारी नगरपालिका

	• नगरपालिकाबासीको पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात सुविधा विस्तार गर्ने, • नगरपालिका बासीलाई प्रविधिको प्रयोग गर्दै सडक दुर्घटनालाई न्यून गर्ने, • नगरपालिकाका सडक सञ्जालमा जोड्न बाँकी वडा तथा बस्तीहरूमा तत्कालै नयाँ ग्रामीण सडकको निर्माण गर्ने, • संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी पालिका भित्रका धुले सडकलाई स्तरोन्नति गरी ग्रार्भेलिङ्ग र ग्रार्भेलिङ्ग भइसकेका सडकहरूलाई कालोपत्रे गर्ने, • यात्रुहरूका लागि सुरक्षित तथा पायक पर्ने स्थलहरूमा यात्रु प्रतीक्षालयको निर्माण गर्ने, • पुराना सवारी साधनहरूको व्यवस्थापन गर्ने, • जोखिमयुक्त सडक स्थलहरूमा सुरक्षाका लागि पर्खालको निर्माण गर्ने, • सडकका दायाँवायाँ वायो इन्जिनियरिङ्ग गरी वृक्षारोपन गर्ने र • प्रत्येक वडामा वसपार्कको निर्माण गर्ने,
• पालिका भित्रका सडकहरूलाई वाह्रै महिना संचालन गर्न आवश्यक स्थानहरूमा पुल निर्माण गर्ने,	• सडक सञ्जालको पहुँच र नागरिकको सुविधा, व्यावसायिक लाभ र रणनीतिक महत्व बाकेका पुल पुलेसा आवश्यक पर्ने स्थानहरूको पहिचान गर्ने, • नगरपालिका भित्रका सडकहरूमा आवश्यक स्थानमा पक्की पुलहरू निर्माण गर्ने, • स्थानीय तथा रणनीतिक सडकका आवश्यक स्थानहरूमा पुल निर्माण गर्नुका साथै जीर्ण अवस्थामा रहेका पुलहरूको मर्मत गर्ने, • निर्माण सम्पन्न पुलहरूको मर्मत सम्भार गर्ने ।
३. शहर उन्मुख स्थानहरूमा ढल निकासको व्यवस्था गर्ने,	• मुख्य शहर तथा शहर उन्मुख बस्तीहरूमा स्थायी र भरपर्दो ढलको व्यवस्था गर्ने, • ढल निर्माण कार्य नगरपालिका र उपभोक्ताको साझेदारीमा सम्पन्न गर्ने,

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेश को संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा ५ वर्ष					
१.सडक, बसपार्क, पूल तथा ढल												९	३	२
वडा १ मा आवस्या बाटाहरू												९	३	२
जोल्टेसीमल हुदै थापा पाखा हुदै भुन्कोट	कि.मि	५	वडा १, घारीगाउँ	०	२	०	३	०	५	७५०००००	न.पा र प्रदेश, संघ	९	३	२
लामीछाने गाउँ हुदै टिकाचौर हुदै सल्यान सिमाना सम्म सडक निर्माण	कि.मि	३	वडा १, लामीछाने गाउँ	१	१	१	०	०	३	४५०००००	न.पा र प्रदेश, संघ	९	३	२
एयरपोर्ट देखि भुन्कोट जाने रोड सम्म	कि.मि	२	वडा १	०	०	०	२	०	२	३००००००	न.पा र प्रदेश, संघ	९	३	२
लामीछाने गाउँबाट टाटाचौर सम्म	कि.मि	२	वडा १	०	०	०	०	२	२	३००००००	न.पा र प्रदेश, संघ	९	३	२
नाखिरा पिपल चौतारादेखि एयरपोर्ट चौर हुदै कर्ना टाकुरा सम्म	कि.मि	३	वडा १	३	०	०	०	०	३	४५०००००	न.पा र प्रदेश, संघ	९	३	२
वडा २ मा आवस्या बाटाहरू										०				
त्रिवेणी जंसीटोल विजयश्वरी सडक निर्माण	कि.मी.	१५	वडा २	३	३	३	३	३	१५	२२५०००००	न.पा र प्रदेश, संघ	९	३	२
विजयश्वरी कालापाथर पधेरी धारा सडक निर्माण	कि.मी.	१०	वडा २	२	२	२	२	२	१०	१५००००००	न.पा र प्रदेश, संघ	९	३	२

चौरजहारी नगरपालिका

त्रिवेणी विष्टगाउँ आला सडक निर्माण	कि.मी.	७	वडा २	०	१	२	२	२	७	१०५०००००	न.पा र प्रदेश, संघ	९	३	२
खाली टार हुदै खोपिरा मध्य पहाडि जोड्ने सडक निर्माण	कि.मी.	८	वडा २	१	२	२	२	१	८	१२००००००	न.पा र प्रदेश, संघ	९	३	२
वडाको विभिन्न खोल्साहरूमा तटवन्धन निर्माण	कि.मी.	२	वडा २	०	०	०	०	२	२	३००००००	न.पा र प्रदेश, संघ	९	३	२
पधेरी खोला देखि सिम्लेखोला वसपार्क रामजानकी जोडने सडक निर्माण	कि.मी.	५	वडा २	२	३	०	०	०	५	७५०००००	न.पा र प्रदेश, संघ	९	३	२
त्रिवेणी विष्ट आला खड्का टोल ग्यावीन जालिको व्यवस्था	मी.	१००	वडा २	०	०	१००	०	०	१००	१५००००००	न.पा र प्रदेश, संघ	९	३	२
विजयश्वरी देखि कोटजहारीको सिमाना जोडने सडक निर्माण	कि.मी.	१	वडा २	१	०	०	०	०	१	१५०००००	न.पा र प्रदेश, संघ	९	३	२
वडा ३ मा आवस्या बाटाहरू										०				
बिभिन्ना बाटा स्तरोननती	कि.मि	१	वडा ३	१	०	०	०	०	१	१५०००००	न.पा र प्रदेश, संघ	९	३	२
वडा ४ मा आवस्या बाटाहरू										०	न.पा र प्रदेश, संघ			
- सबै विषयगत क्षेत्रमा विपद् जोखिमको पहिचान तथा नक्साङ्कन हुन नसक्नु,
- प्राकृतिक स्रोतहरूको अव्यवस्थित एवम् अत्यधिक दोहन हुनु,
- सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना र पर्याप्त लगानीको कमी हुनु,
- सरोकारवालाहरू बीचको कार्यमा सामाञ्जस्यताको कमी हुनु,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सूचकमा आधारित सूचना व्यवस्थापन प्रणालीको अभाव हुनु
- आपतकालीन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्रीको कमी हुनु,
- विकास आयोजनाहरूको छनोट प्रक्रियादेखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्याङ्कनलाई समाविष्ट नगराउनु,
- जोखिममा आधारित योजना तथा निर्णय प्रक्रिया अवलम्बन नगराउनु,
- विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त लगानीको अभाव हुनु,

- अव्यवस्थित एवम् छरिएर रहेका बस्तीलाई विपद्को दृष्टिकोणबाट उत्थानशील बनाई नागरिकलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नसक्नु,
- सरोकारवालाहरू बीचको आपसी समन्वय र सहकार्य सुदृढ नगर्नु,
- संघ, प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन सम्वन्धी प्रर्याप्त कोषको व्यवस्थापन नहुनु,
- एकीकृत विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन गर्न नसक्नु,
- संघीय शासन प्रणाली अनुसार विपद् व्यवस्थापनलाई संघ प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र र जिम्मेवारीमा आन्तरिकीकरण गर्दै कार्यान्वयन क्षमता अभिवृद्धि गर्न नसक्नु,
- पूर्व मनसुन र मनसुनको समयमा हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी बर्षाले नियमित रुपमा सृजना गर्ने वाढी, पहिरो, डुवानका अतिरिक्त विकासका लागि भैरहेको डोजरको जथाभावी प्रयोगले भू–क्षय भई ताल, तलैया, खेतीवारी, जलविद्युतका बाँध पुरिने तथा भौतिक पूर्वाधारमा समेत क्षति हुनु र
- गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाइ तथा खानपानमा सतर्कता सम्बन्धी चेतनाको कमी, शहरी क्षेत्रमा खुला स्थलको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी हुनु ।

क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"विपद् जोखिम न्यूनीकरण मार्फत सुरक्षित जीवनको सुनिश्चितता"

लक्ष्य

- प्राकृतिक तथा गैर-प्राकृतिक विपद् एंव जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज निर्माण गर्ने,

उद्देश्य

- जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्ने,
- प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार संघसंस्था, क्लब, उपभोक्ता समिति मार्फत जनसचेतना कार्यक्रम सञ्चालन गर्ने,
- विपद् जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य सम्वन्धि क्षमताको विकास गरी जोखिमको न्यूनीकरणका लागि पूर्वाधार निर्माणका कार्यक्रम संचालन गर्ने,
- विपद् पश्चात्को पुनर्लाभ, पुन:स्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र उत्थानशील बनाउने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• प्रकोप तथा प्रकोपजन्य विपद्को प्रतिकूल असरलाई सीमित तुल्याउन	• स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गर्ने, • भौतिक तथा मानवीय क्षति न्यूनीकरणका लागि विपद् व्यवस्थापन सम्वन्धी दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्री सहितको योजना निर्माण गरी कार्यान्वयन गर्ने, • जोखिम तथा संकटासन्न क्षेत्रको लेखांकन तथा नक्सांकन गर्ने, • स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (LDRMP) निर्माण गर्ने,

अल्पीकरण (Mitigation) तथा अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने, ● अग्रिम सावधानी तथा पूर्वतयारी (Early preparedness) को व्यवस्था गरी विपद् पश्चात्का आधारभूत आवश्यकता परिपूर्ति गर्न आपत्कालीन सेवाहरू सहितको प्रतिकार्य (Response) को व्यवस्था गर्ने, ● विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्स्थापना तथा उत्थानशीलता विकास गर्ने, ● एकीकृत विपद् व्यवस्थापन प्रणालीको विकास गर्ने, ● दीर्घकालीन नीति र मापदण्ड निर्धारण गर्ने ।	● नगरपालिकाले आपतकालीन पूर्व तयारी तथा प्रति कार्य योजना (MEPRP) निर्माण गर्ने, ● भूकम्प, डढेलो, माहामारी, अनावृष्टि, अतिवृष्टि, आँधिवेहरी, असिना, तुषारो आदिबाट उत्पन्न हुन सक्ने प्रकोपका बारेमा सबै बस्तीहरूमा पूर्व सूचना तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने, ● विद्यालय स्तरमा जोखिम व्यवस्थापन, उद्धार, राहत तथा पुनर्स्थापना कार्यक्रम स्थानीय शैक्षिक पाठ्यक्रममा समाबेश गरी अध्यापन गराउने, ● सामाजिक अपराध, रोगव्याधी, एवं महामारी विरुद्ध नियमित रुपमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने । ● प्रकोप पूर्व तयारी सामग्रीको भण्डारण एवं व्यवस्थापन गर्ने । ● प्रकोपबाट उत्पन्न हुन सक्ने संभावित विपद्बाट नागरिकलाई सुरक्षित वनाउन प्रत्येक वडामा स्वयम्सेवी दल र (Rescue team) को तयारी तथा परिचालन गर्ने, ● विपत्तीमा परेका तथा उच्च जोखिममा रहेका व्यक्तिको यथाशीघ्र उद्धारका लागि मुख्य बस्तीहरूमा हेलिप्याड निर्माण गर्ने, ● चौरजहारी नगरपालिकाभित्रका जहारी खोला र भेरी नदीको बाढी प्रकोपको संभाव्यता अध्ययन गरी पूर्व सूचना प्रणाली (Early Warning System) को व्यवस्था गर्ने, ● नगरपालिका अन्तर्गतका अति जोखिम तथा खोला किनारमा रहेका बस्तीहरूको भौगर्भिक अध्ययन गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, ● विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्लव, युवा समूह, विभिन्न सामाजिक संघसंस्थाहरू आदिको क्षमता अभिवृद्धि गर्ने, ● नगरपालिकाले प्रत्येक वडामा प्राकृतिक विपद् राहत कोषको स्थापना गर्न सहयोग गर्ने, ● नगरपालिकाले जोखिम अभिलेख राख्ने कार्यलाई निरन्तरता दिने र उद्धार तथा राहत वितरण एकद्वार प्रणालीवाट सञ्चालन गर्ने । ● अतिवृष्टि र अनावृष्टिका कारण उत्पन्न हुने प्रकोपको न्यूनीकरणका लागि जलाधार क्षेत्र र प्राकृतिक मुहानको संरक्षण गर्दै ताल, तलैया र पोखरीको मर्मत सम्भार तथा निर्माण गर्ने, ● प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार गरी राहत कार्य सञ्चालन गर्ने, ● राहत तथा उद्धार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक तालिम, प्रविधियुक्त सामग्रीको व्यवस्था गर्ने, ● समुदायमा प्रकोपको सामना गर्न सक्ने र पूर्ववतः अवस्थामा फर्कन सक्ने क्षमताको विकास गराउने, ● प्रकोपमा परेका व्यक्ति तथा घर परिवारलाई तत्काल सुरक्षित सार्वजनिक स्थानमा बसोबासको व्यवस्था गरी आवश्यक सहयोग गर्ने, ● विपद्बाट हुन सक्ने क्षति कम गर्न विपद् जोखिम व्यवस्थापनलाई विकास निर्माणमा मूलप्रवाहीकरण गर्ने

	● स्थानीय स्तरको योजना तर्जुमामा विपद् जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने, ● विकास निर्माणका आयोजना संचालन गर्दा जोखिम क्षेत्रको पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने, ● भू-उपयोग नीति अवलम्बन गरी भूमिको क्षमताको आधारमा भूउपयोग गर्न प्रोत्साहन गर्ने, ● विपद् प्रभावितहरूका लागि जीविकोपार्जन सहयोगार्थ आयमूलक कार्यक्रम सञ्चालन गर्ने, ● आकाशेपानी संकलनलाई प्रवर्द्धन गरी कृषि प्रणालीमा उपयोग गर्ने, ● खडेरी सहन सक्ने प्रकारका उत्पादन प्रणालीको विकास गर्ने, ● नगरपालिकाले जोखिम न्यूनीकरण गर्नका लागि जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने, ● नगरपालिका भित्रका सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्दा जोखिम प्रतिरोधात्मक संरचना मापदण्ड तयार गरी कार्यान्वयन गर्ने,

चौरजहारी नगरपा

प्रमुख कार्यक्रमहरू

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष्य नं	राष्ट्रिय लक्ष्य नं	प्रदेश को संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा					
२.बिपद व्यवस्थापन														
पालिका स्तरमा बिपद कोषको व्यवस्था	रु	२ करोड	पालिका स्तर	४०००००००	४००००००	४००००००	४००००००	४००००००	२०००००००	२०००००००	न.पा	१३	७	९
विपद् प्रतिकार्य तालिम दिई स्वयंसेवक तयारी राख्ने	सहभागी संख्या	१४००	सबै वडा	२००	२००	३००	३००	४००	१४००	२८०००००	न.पा र प्रदेश	१३	२	७
समुदायिक वनको खोल्साहरूमा वाढी पहिरोको रोकथामका लागि तटवन्धको व्यवस्था गने	मिटर	४०	वडा २	०	४०	०	०	०	४०	५०००००	न.पा	१३	७	९
जहारी खोला संरक्षणका लागि आवश्यक तार जालीको व्यवस्थापन	कि.मी.	१३	वडा ३ जहारी खोला	२	२	३	३	३	१३	१३०००००	न.पा	१३	७	९
डढेलो नियन्त्रण जनचेतनामूलक कार्यक्रम	संख्या	५	वडा नं ४	१	१	१	१	१	५	५०००००	न.पा	१३	७	९
पहिरो जाने जमिनको संरक्षण	संख्या	२	वडा नं ४	०	०	१	०	१	२	५०००००	न.पा	१३	७	९
जहारी खोला तटवन्धन (तारजाली)	थान जाली	२००	वडा नं ४	०	१००	०	१००	०	२००	४०००००	न.पा	१३	७	९

चौरजहारी नगरपालिका

खहरेखोला तटवन्धन (तारजाली)	थान जाली	१००	वडा नं ४	५०	५०	०	०	०	१००	२०००००	न.पा	१३	७	९
सौरीखोला तटवन्धन (तारजाली)	थान जाली	५०	वडा नं ४	०	०	२५	२५	०	५०	१०००००	न.पा	१३	७	९
जिव्रेनी खोला ओखलढुङ्गा तटवन्धन (तारजाली)	थान जाली	५०	वडा नं ४	२५	२५	०	०	०	५०	१०००००	न.पा	१३	७	९
लिउरेखोला तटवन्धन (तारजाली)	थान जाली	५०	वडा नं ४	०	०	०	२५	२५	५०	१०००००	न.पा	१३	७	९
खहरे खोला, रेशम खोला, गलगले खोला, उटके खोला, काव्याखोलामा तटबन्धन निर्माण	खोला	५	वडा ५	१	१	१	१	१	५	१००००००	न.पा	१३	७	९
अग्नी रेखा निर्माण	वन	२	वडा ५ खहरे, लहरे	०	०	०	१	१	२	२००००	न.पा	१३	७	९
वनजंगलमा अग्नी रेखा निर्माण	कि.मि	१०	वडा नं ६	२	२	२	२	२	१०	५००००	न.पा	१३	७	९
बाढी पहिरो रोकथाम	मिटर	५००	वडा नं ६	०	०	०	२५०	२५०	५००	२०००००	न.पा	१३	७	९
कालीगार टोटाखोला तटबन्दन	कि.मि	२	वडा नं ६	१	१	०	०	०	२	१००००००	न.पा	१३	७	९

चौरजहारी नगरपालिका

खहरे खोला मोटरे वाला पुल पूर्वपट्टी बोजा वारी कफ्रेल ज्यूला, रुनढुङ्गा गारकुलो, नार्जी बजार, नार्जी खोला, जुलकेनी खोला, खारखानी खोलाको लागि तट्बन्धनको लागि तारजालीका मार्ग	कि.मि	३	वडा ७	०	०	१	१	१	३	६०००००	न.पा	१३	७	९
जहारीखोला नियन्त्रणका लागि ज्ञाविन तार मेलैलाउली सेरा पुगेनी स्यालटाकुरा हात्तीसार ५ कि.मि	कि.मि	५	वडा ८ मेलैना उली, पुगेनी, हात्ती सार	२	१	२	०	०	५	१०००००००	न.पा	१३	७	९
गोहरी जिउला तडवन्दनका लागि तारजाली ५०० मि.	मिटर	५००	वडा ८ औल जिउला	०	०	०	५००	०	५००	२०००००	न.पा	१३	७	९
वुगाखोला तटबन्धन	मिटर	३००	वडा ९ वुगाखोला	३००	०	०	०	०	३००	१०००००	न.पा	१३	७	९
तुसार पानी तटबन्धन	मिटर	१००	वडा ९ तुसार पानी	०	०	१००	०	०	१००	३०००००	न.पा	१३	७	९

चौरजहारी नगरपालिका

विपत पत्तिरोधात्मक तालिम संचालन गर्ने	संख्या	१००	वडा ९	०	०	०	१००	०	१००	३०००००	न.पा	१३	७	९
बुगाखोला तडबन्धन तारजाली	मिटर	३००	वडा ९ बुगाखोला	०	०	०	०	३००	३००	१०००००००	न.पा	१३	७	९
कंवर बारा बस्ती व्यवस्थापन	मिटर	२००	वडा ९ कवंर वारा	१००	१००	०	०	०	२००	३०००००	न.पा	१३	७	९
सदखोला जहारी खोला तरवन्द योजना कुलागिर र धामिखोला खलामिरी तटवन्ध कार्यक्रम	कि.मि	१	वडा ११	१	०	०	०	०	१	५०००००	न.पा	१३	७	९
सानाखोला तारजाली	कि.मी.	५	वडा १२	०	१	२	२	०	५	२५०००००	न.पा	१३	७	९
सेतीखोला तटबन्द	कि.मी.	१५	वडा १२	३	३	३	३	३	१५	७५०००००	न.पा	१३	७	९
जोगिनेटा खोला घरेलडाँडा तटबन्दन	कि.मी.	३.५	वडा १२	०	०	०	०	३.५	३.५	१७५०००००	न.पा	१३	७	९
भिरभैरी टोलको पैरो नियन्त्रण	मिटर	६०	वडा १२	३०	३०	०	०	०	६०	१०००००	न.पा	१३	७	९
जिउला टोलमा पहिरो नियन्त्रण	मिटर	४०	वडा १२	०	०	४०	०	०	४०	९००००	न.पा	१३	७	९
लिसने डाँडा, वन्चरी, द्वारागैरा वन घेरवार तथा वृक्षा रोपन	वटा	३	वडा १२	०	१	०	१	१	३	३०००००	न.पा	१३	७	९

चौरजहारी नगरपालिका

वनचरे द्वावारे गैरा वृक्ष रोपन	बिरुवा संख्या	१००००	वडा १२	२०००	२००००	२००००	२००००	२००००	१००००	१०००००	न.पा	१३	७	९
जहारी खोला, गुन्मेल खोला, सामचाखोला तट्वन्धन	कि.मी.	१५	वडा १३	०	२	४	५	४	१५	७५०००००	न.पा	१३	७	९
विरालगाउँ, लिउरेवारी, नाउली तिमिलेमा बाढि पैरो नियन्त्रण गर्ने जाली	संख्या	२००	वडा १४	४०	४०	४०	४०	४०	२००	४०००००	न.पा	१३	७	९
भदाले खोला, साक्चा खोलाको बाढिबाट खेतकटान नियन्त्रण गर्ने जाली	संख्या	२५,०००	वडा १४	५०००	५००००	५००००	५००००	५००००	२५०००	५००००००	न.पा	१३	७	९
जम्मा बिपद व्यवस्थापनमा										**१०३३१०००**				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धि

- स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गरिएको हुनेछ ।
- जोखिम तथा संकटासन्न क्षेत्रको लेखांकन तथा नक्सांकन गरिएको हुने छ ।
- भौतिक तथा मानवीय क्षति न्यूनीकरणका लागि विपद् व्यवस्थापन सम्वन्धी दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्री सहितको योजना निर्माण गरी कार्यान्वयन गरिएको हुने छ ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (LDRMP) निर्माण गरिएको हुने छ ।
- नगरपालिकाले आपतकालीन पूर्व तयारी तथा प्रति कार्य योजना (MEPRP) निर्माण गरिएको हुने छ ।
- भूकम्प, डढेलो, माहामारी, अनावृष्टि, अतिवृष्टि, आँधिवेहरी, असिना, तुषारो आदिबाट उत्पन्न हुन सक्ने प्रकोपका बारेमा सबै बस्तीहरूमा पूर्व सूचना तथा सचेतना कार्यक्रम सञ्चालन गरिएको हुने छ ।
- विद्यालय स्तरमा जोखिम व्यवस्थापन, उद्धार, राहत तथा पुनर्स्थापना कार्यक्रम स्थानीय शैक्षिक पाठ्यक्रममा समावेश गरी अध्यापन गर्न सुरुवात गरिएको हुने छ ।
- सामाजिक अपराध, रोगव्याधी, एवं महामारी विरुद्ध नियमित रुपमा जनचेतना कार्यक्रम सञ्चालन गरिएको हुने छ ।
- प्रकोप पूर्व तयारी सामग्रीको भण्डारण एवं व्यवस्थापन गरिएको हुने छ ।
- प्रकोपबाट उत्पन्न हुन सक्ने संभावित विपद्बाट नागरिकलाई सुरक्षित वनाउन प्रत्येक वडामा स्वयम्सेवी दल र (Rescue team) को तयारी तथा परिचालन गरिएको हुने छ ।
- विपत्तीमा परेका तथा उच्च जोखिममा रहेका व्यक्तिको यथाशीघ्र उद्धारका लागि मुख्य बस्तीहरूमा हेलिप्याड निर्माण गरिएको हुने छ ।
- चौरजहारी नगरपालिकाभित्रका जहारी खोला र भेरी नदीको बाढी प्रकोपको संभाव्यता अध्ययन गरी पूर्व सूचना प्रणाली (Early Warning System) को व्यवस्था गरिएको हुने छ ।
- नगरपालिका अन्तर्गतका अति जोखिम तथा खोला किनारमा रहेका बस्तीहरूको भौगर्भिक अध्ययन गरी सुरक्षित स्थानमा स्थानान्तरण गरिएको हुने छ ।
- विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्लव, युवा समूह, विभिन्न सामाजिक संघसंस्थाहरू आदिको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिएको हुने छ ।
- नगरपालिकाले प्रत्येक वडामा प्राकृतिक विपद् राहत कोषको स्थापना गरिएका हुने छन्
- नगरपालिकाले जोखिम अभिलेख राख्ने कार्यलाई निरन्तरता दिने र उद्धार तथा राहत वितरण एकद्वार प्रणालीवाट सञ्चालन गरिएको हुने छ ।
- अतिवृष्टि र अनावृष्टिका कारण उत्पन्न हुने प्रकोपको न्यूनीकरणका लागि जलाधार क्षेत्र र प्राकृतिक मुहानको संरक्षण गर्दै ताल, तलैया र पोखरीको मर्मत सम्भार तथा निर्माण गरिएको हुने छ ।
- प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार गरी राहत कार्य सञ्चालन गरिएको हुने छ ।
- राहत तथा उद्धार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक तालिम, प्रविधियुक्त सामग्रीको व्यवस्था गरिएको हुने छ ।
- समुदायमा प्रकोपको सामना गर्न सक्ने र पूर्ववत: अवस्थामा फर्कन सक्ने क्षमताको विकास गरिएको हुने छ ।

चौरजहारी नगरपालिका

- प्रकोपमा परेका व्यक्ति तथा घर परिवारलाई तत्काल सुरक्षित सार्वजनिक स्थानमा बसोबासको व्यवस्था गरी आवश्यक सहयोग गरिएको हुने छ ।
- विपद्बाट हुन सक्ने क्षति कम गर्न विपद् जोखिम व्यवस्थापनलाई विकास निर्माणमा मूलप्रवाहीकरण गरिएको हुने छ ।
- स्थानीय स्तरको योजना तर्जुमामा विपद् जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिएको हुने छ ।
- विकास निर्माणका आयोजना संचालन गर्दा जोखिम क्षेत्रको पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिएका हुने छन् ।
- भू-उपयोग नीति अवलम्बन गरी भूमिको क्षमताको आधारमा भूउपयोग गर्न प्रोत्साहन कार्यक्रम संचालन गरिएको हुने छ ।
- विपद् प्रभावितहरूका लागि जीविकोपार्जन सहयोगार्थ आयमूलक कार्यक्रम सञ्चालन गरिएको हुने छ ।
- आकाशेपानी संकलनलाई प्रवर्द्धन गरी कृषि प्रणालीमा उपयोग गरिएको हुने छ ।
- खडेरी सहन सक्ने प्रकारका उत्पादन प्रणालीको विकास गरिएको हुने छ ।
- नगरपालिकाले जोखिम न्यूनीकरण गर्नका लागि जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको हुने छ ।
- नगरपालिका भित्रका सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्दा जोखिम प्रतिरोधात्मक संरचना मापदण्ड तयार गरी कार्यान्वयन गरिएको हुने छ ।
- योजनाको अन्त्यमा विपद् व्यवस्थापन सम्बन्धी कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था र यससँग सम्बद्ध योजना तथा कार्यक्रम तर्जुमा गरी लागू भएको हुनेछ ।
- विपद् जोखिमको पूर्वानुमान सूचना, खोज तथा उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ ।

६.५.३ वातावरण संरक्षण र जलवायु परिवर्तन

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रुपमा जोडिएको विषय हो । स्थानीय तहमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन् । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन गरेर मात्र सञ्चालनको अनुमति दिने जस्ता कार्य स्थानीय स्तरबाट हुन आवश्यक छ । मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्न सकिन्छ । त्यसैगरी जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन जंगल तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, सिँचाई, बसोवास तथा पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न थालेको छ । बाढी, पहिरो, डढेलोमा समेत तीव्रता आएको कारण ठूलो मात्रामा धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा समेत असर पारी बसाइँसराइ गर्नुपर्ने बाध्यता सिर्जना भएको देखिन्छ । चौरजहारी नगरपालिका जलवायु परिवर्तनको उच्च जोखिममा छ । यहाँका जनताले पनि अति वर्षा, खडेरी, अति गर्मी र अति चिसोका घटनाहरू वृद्धि भएको महसुस गरेका छन्, जलवायुको अवस्था सरदरभन्दा परिवर्तन भएको पाइन्छ, जसले कृषि, खानेपानी, स्वास्थ्य, वन, जलस्रोत, पर्यटन र अन्य क्षेत्रमा दैनिक जीवन पद्धतिमा समेत असर गरेको छ । तापक्रमका साथै वर्षातको समय, मात्रा र अवधिमा आएको परिवर्तनका कारणले कृषि उत्पादन र खाद्य सुरक्षामा थप

नकारात्मक प्रभाव देखिन थालेको छ भने जलवायुको परिवर्तित अवस्था अनुसार खेतीपातीमा सुधार गर्ने सीप र दक्षताको अभावका कारण न्यून आय भएका समुदाय थप मारमा परेका छन् । जलवायु परिवर्तनका प्रभावसँग अनुकूलित हुने तथा प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने तर्फ नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नु आवश्यक छ ।

प्रमुख समस्या

- बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आयको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोर मैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, जलकुम्भी, वनमासा, निलोगन्धे, मरट्ठी, माइकेनिया जस्ता बाह्य मिचाहा झारको प्रकोप लगायत मुख्य वातावरणीय समस्या रहेका छन् ।
- प्रदुषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, प्रदुषकलाई नियमानुसार तिराउने व्यवस्था नहुनु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु, बढ्दो शहरीकरण, सवारी साधनहरूको बढ्दो प्रयोग, भौतिक पूर्वाधारहरूको निर्माणमा भएको वृद्धि, वनजंगलको विनाशका कारण जमिनमाथिको वायुमण्डलको तापक्रम बढ्नु, पर्यटन, कृषि, जैविक विविधता र उर्जा लगायतका क्षेत्रहरू एवं जीविकोपार्जनमा समेत प्रतिकूल प्रभाव पर्नु, जटिल भौगालिक अवस्था अनुरुपका विभिन्न किसिमका प्रकोपहरू, संवेदनशील तथा जोखिमपूर्ण क्षेत्रमा जलवायु परिवर्तनको बढी असर हुने र चौरजहारी नगरपालिका जोखिमपूर्ण अवस्थामा रहनु, अनुसन्धान तथा तथ्याङ्कको कमी हुनु तथा अन्तर निकाय समन्वय नहुनु तथा नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्दा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

चुनौती तथा अवसर

ढल निकास तथा फोहरमैला व्यवस्थापन, वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, खोला सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटोको अत्यधिक र अनियन्त्रित प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन, शहरोन्मुख क्षेत्रमा धुलो तथा धुँवाले वायु प्रदुषण, भूक्षय, स्थानीय तहमा वातावरण संरक्षण सम्बन्धी चेतनाको अभाव हुनु, नागरिक स्तरमा वातावरण सम्बन्धी दायित्वबोध गराउनु, निश्चित क्षेत्रमा मात्र पर्यटकको अत्यधिक चाप हुनु र विकाससँगै हरित गृह ग्याँसको उत्सर्जन कम गर्नु, विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता वृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू-बनोट भएको क्षेत्रका संरक्षण गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"सफा, स्वच्छ र हरित वातावरण र जलवायु उत्थानशील समाज निर्माण गर्ने"

लक्ष्य

- स्थानीय स्तरमा वातावरण मैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हाँसिल गर्ने,

- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण गर्ने ।

उद्देश्य

- स्थानीय तहमा संञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरण मैत्री बनाउने,
- जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्ने,
- सङ्कटापन्न जनता तथा प्राकृतिक स्रोतहरूको जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने र
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

कार्यनीति तथा रणनीति

रणनीति	कार्यनीति
• उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने, • हरित गृह ग्यास उत्सर्जन कम गर्ने, • विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने, • नदी तथा तालजन्य प्रदुषण नियन्त्रण गर्ने, • जमिन, ध्वनि तथा वायु प्रदुषण रोकथाम गर्ने, • फोहर मैला व्यवस्थापन गर्ने, • जलवायु परिवर्तनका असरहरूको जोखिममा रहेका प्राकृतिक स्रोत तथा समुदायको उत्थानशीलता विकास गर्ने, • सबै स्थानीय तहको अनुकूलन योजना	• वातावरणीय मूल्यांकन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गर्ने, • वातावरणमैत्री उत्पादनहरूलाई विशेष अनुदान तथा प्रोत्साहन गर्ने, • स्थानीय स्तरमा वातावरण शिक्षा तथा प्रचार प्रसार गर्ने, • वन संरक्षण तथा जलाधार क्षेत्रको व्यवस्थापनबाट कार्वन उत्सर्जन कटौती गर्ने, • वन, जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गर्ने, • पर्वतीय पर्यावरणको एकीकृत संरक्षण गर्ने, • फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गर्ने, • वन, जलाधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने, • प्रदेशमा जलवायु परिवर्तनको जोखिममा रहेका जनताको क्षमता अभिवृद्धि गर्ने, • जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना कार्यक्रम संचालन गर्ने, • स्थानीय तहलाई अनुकूलन योजना बनाइ कार्यान्वयन गर्न सहजीकरण गर्ने, • दिगो वन व्यवस्थापन गर्दै वनको कार्वन संचिति वृद्धि गर्ने, • एकीकृत जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरूलाई मूल प्रवाहीकरण गर्ने, • जलवायु परिवर्तन न्यूनीकरण र स्वच्छ उर्जाका कार्यक्रम विस्तार गर्न निजी क्षेत्रको सहभागिता र लगानीलाई वृद्धि गर्ने, • विश्वव्यापी तथा स्थानीय रुपमा जलवायुको मुद्धा टड्कारो भैरहेको परिप्रेक्ष्यमा प्रत्येक नागरिकलाई जलवायु परिवर्तन सम्बन्धी सही जानकारी उपलब्ध गराउन नगरपालिकाले समय समयमा जलवायु सम्वन्धी विज्ञद्धारा सचेतना कार्यक्रम सञ्चालन गर्ने,

निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने, • कार्वन उत्सर्जन कम गर्ने भूउपयोग तथा प्रविधि प्रयोग गर्ने, • वन तथा वातावरण संरक्षण गर्ने, • पर्यावरणीय सन्तुलनका लागि पार्क तथा वगैचा निर्माण गर्ने, • जलवायु परिवर्तन अनुकूलन कार्यक्रम संचालन गर्ने, • जलाधार, खहरे नियन्त्रण भू-संरक्षण कार्यक्रम संचालन गर्ने,	• जलवायु परिवर्तनको असरलाई ध्यानमा राखेर नगरपालिका अन्तर्गतका उपयुक्त स्थानमा जलवायु परिवर्तनको अभिलेख तयार गर्न कम्तिमा तापक्रम, वर्षा, सापेक्षिक आर्द्रता मापन स्टेसन स्थापना गर्ने, • जलवायु परिवर्तनको कारणले तापक्रम, वर्षा, सापेक्षित आर्द्रतामा आएको परिवर्तनसँग अनुकूलन हुने विधिबारे जानकारी गराउने र सोही अनुसारका मानवीय क्रियाकलाप सञ्चालन गर्ने, • चौरजहारी नगरपालिकामा रहेका जलाधार क्षेत्रहरूको पहिचान गरी संरक्षणका उपायहरू अवलम्वन गर्ने, • भेरी नदी, जहारी खोला र अन्य खोलाहरूको जलाधार क्षेत्रमा भएको भूक्षय नदी कटान नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गर्ने, • नगरपालिकाभित्र रहेका सार्वजनिक सम्पतिहरू (वन, जंगल, जग्गा, गुम्बा, पाटी, पौवा, मन्दिर आदि) को नापजाँच तथा एकीकृत अभिलेख कायम गरी संरक्षणको रणनीति तयार गर्ने, • नगरपालिका अन्तर्गतका सार्वजनिक सम्पत्तिहरूको प्रवर्द्धन गर्न उपयुक्त विकास योजनाहरू तर्जुमा गर्ने, • वातावरणीय सौन्दर्य कायम राख्न अभिप्रेरित गर्ने खालका वोर्डहरू राख्ने, • नगरपालिका भित्रका सबै विद्यालयहरूमा अनिवार्य रुपमा प्रकृति क्लवहरू गठन गर्ने, • नगरपालिका भित्र रहेका विभिन्न किसिमका वनस्पतिका प्रजातिहरू र औषधिजन्य जडिवुटीहरूको अनुसन्धान गरी अभिलेख तयार गरेर त्यसको संरक्षण र सम्वर्द्धन गर्ने, • नगरपालिका भित्रका वन जंगल क्षेत्रमा रहेका विभिन्न किसिमका वन्यजन्तुहरू र लोपोन्मुख वनयजन्तुहरूको अध्ययन अनुसन्धान र संरक्षणका कार्यक्रमहरू अबलम्वन गर्ने, • नगरपालिका/वडा अन्तर्गतका सवै बस्तीहरूमा सरसफाइको व्यापक सचेतना कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने, • नगरपालिका/वडा अन्तर्गतका सवै बस्तीहरूमा संकलन भएको फोहोर मैला उचित विर्सजन गर्न कन्टेनरहरूको व्यवस्था गर्ने, • फोहोरको किसिम स्रोतमै छुट्याएर रिसाईक्लिङ्ग गर्ने तथा कम्पोष्ट मल बनाउने, • नगरपालिका/वडा अन्तर्गतका सवै बस्तीहरूवाट उत्पन्न हुने तरल फोहोरलाई सुरक्षित विर्सजन गर्ने, • सडक, नदी किनार, पहिरो, नाङ्गा पाखा आदि क्षेत्रमा वृक्षारोपण गरी वन क्षेत्रमा कृषि वन प्रवद्धन गर्ने, • सामुदायिक र संरक्षित वन व्यवस्थापन कार्यक्रम संचालन गर्ने,

	• वन क्षेत्रमा हुने बाढी, पहिरो, भूक्षय र आगलागी नियन्त्रणका उपायहरूको सचेतना कार्यक्रम संचालन गर्ने, • मानव र वन्यजन्तु वीचको द्वन्द्वलाई उचित ढंगले व्यवस्थापन गर्ने, • खर्क खर्तरीको उचित व्यवस्थापन कार्यक्रम संचालन गर्ने, • नगरपालिका/वडा कार्यालयहरूले आफ्नो हाताभित्र सुन्दर नमुना वगैचा निर्माण गर्ने र सोही वगैचालाई नमुना गराइ बस्ती बस्तीमा वगैंचा विस्तार गर्न उत्प्रेरित गर्ने, • नगरपालिका अन्तर्गत रहेका दृश्यावलोकनका लागि उपयुक्त स्थानहरूमा वडा मार्फत आकर्षक पार्कहरू निर्माण गर्ने, • नगरपालिकाले वातावरण कोष निर्माण गरी सो कोषको रकम बृक्षारोपण, विरुवा उत्पादन, पहिरो नियन्त्रण लगायतका कार्यक्रममा प्रयोग गर्ने र • नगरपालिकाले साझेदारी निजी तथा सार्वजनिक सहकार्यमा वातावरण मैत्री पर्यटकीय हरियाली पार्क तथा पिक्निक स्थलहरूको निर्माण गर्ने ।

प्रमुख कार्यक्रम

- वातावरणमैत्री प्रविधि प्रयोगमा प्रोत्साहन तथा सहुलियत प्रदान गर्ने,
- वन तथा झाडी बुट्यान क्षेत्रको संरक्षण एवं व्यवस्थापन गर्ने,
- महत्वपूर्ण तथा संवेदनशील क्षेत्रको संरक्षण गर्ने,
- नदीको स्वच्छता कायम र हरियाली विस्तार गर्ने,
- वायुप्रदुषण गर्ने उद्योगको अनुगमन तथा नियन्त्रण गर्ने,
- फोहर व्यवस्थापन क्षेत्रको पूर्वाधार निर्माण गर्ने,
- वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम संचालन गर्ने,
- प्लाष्टिक जन्य वस्तु तथा अन्य फोहरको व्यवस्थापन तथा प्रशोधन गर्ने,
- जलवायुमैत्री खेती प्रविधि कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय अनुकूलन योजना (LAPA) तर्जुमा र कार्यान्वयन गर्ने,
- पानीको मुहान संरक्षण कार्यक्रम गर्ने,
- जलवायु परिवर्तन सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- सडक किनारा र खाली रहेका जमिनमा वृक्षारोपणका साथै उद्यान निर्माण गर्ने,
- कृषि र पशुपंक्षीमा आधारित अनुकूलन कार्यक्रमहरू संञ्चालन गर्ने,
- समुदाय अनुकूलन कार्य योजना (CAPA) तर्जुमा र कार्यान्वयन गर्ने ।

अपेक्षित उपलब्धि

- योजनाको अन्त्यमा वातावरण संरक्षण सम्बन्धी नीतिगत व्यवस्था, नियमनकारी संयन्त्र तथा संरचनाको विकास भएको हुनेछ ।
- स्थानीय तहका सम्पूर्ण स्थानहरूमा फोहर मैला व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ ।

- वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ ।
- प्राकृतिक स्रोत साधनको पूर्ण रुपमा संरक्षण भएको हुनेछ ।
- खाली जग्गामा वृहत् वृक्षारोपण गरी वनको क्षेत्रफलमा वृद्धि भएको हुनेछ ।
- जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण, अनुकूलन तथा समयानुकूलन भएको हुनेछ ।
- स्थानीय तहहरूको जलवायु अनुकूलन योजना तयार तथा कार्यान्वयन भएको हुनेछ ।
- जलवायु मैत्री नगर (Climate Smart City), हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा अनुकूलन तथा समयानुकूलनका कार्यक्रम सञ्चालन भएको हुनेछ ।

६.६ संस्थागत विकास, सेवा प्रवाह र सुशासन

६.६.१ संस्थागत क्षमता विकास योजना

स्थानीय सरकार नागरिकको घरदैलोको सरकार हो । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विधायकी, अर्धन्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । यस्तो अधिकार प्राप्त स्थानीय सरकार संस्थागत सुशासन, प्रभावकारी सेवा प्रवाह, पारदर्शी वित्तीय व्यवस्थापन, सवल, सक्षम र पूर्ण प्रजातान्त्रिक हुनुपर्दछ । यो जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संस्थागत रुपमा सक्षम हुनु जरुरी छ ।

स्थानीय सरकार आधारभूत सेवा प्रवाहका माध्यमबाट नागरिकको जीवनस्तर सुधारका लागि एकीकृत रुपमा कार्य गर्ने जिम्मेवार निकाय हो । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा जनप्रतिनिधि र कर्मचारी प्रशासनको कार्यकुशलता र संस्थागत सेवा प्रवाहको क्षमतामा भर पर्दछ । लोकतान्त्रिक पद्धतिमा राज्यले दिने सेवा प्रवाहको मूल्याङ्कन शासक तथा प्रशासक र सेवाग्राहीको सक्षमतामा भर पर्दछ । संविधानप्रदत्त एकल तथा साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्य क्षेत्रमा रहेको छ । तसर्थ यस योजनाले चौरजहारी नगरपालिकाको संस्थागत क्षमता विकास गरी सेवा प्रवाहमा प्रभावकारिता र सुशासनमा पारदर्शीता कायम गर्ने छ । यसले संस्थागत सुदृढीकरणका साथै नगरवासीलाई प्रवाह गर्ने सेवा सुविधालाई प्रभाकारी बनाउने विश्वास गरिएको छ ।

सम्भावना र अवसर

- संविधान प्रदत्त अधिकारको प्रयोग गरी चौरजहारी नगरपालिकाले संस्थागत क्षमता विकास र सुशासनका लागि आवश्यक स्थानीय कानुन, ऐन, नियम, नीति, कार्यविधि तयार गरी कार्यान्वयन गरिरहेको छ ।
- एकीकृत सेवा प्रवाहका लागि नगरपालिकाले प्रशासनिक भवनको निर्माण गरी सबै शाखाहरूलाई व्यवस्थित गर्ने प्रयास गरिरहेको छ ।
- भौगोलिक सुगमता र यातायात क्षेत्रको पहुँचका कारण जिल्लाका अन्य पालिकाको तुलनामा मानव संशाधनको आवश्यक उपलब्धता रहेको छ ।
- नगरपालिकाले संञ्चालन गर्ने कतिपय कार्यक्रमका लागि आवश्यक पर्ने मानव स्रोतको व्यवस्था गरी परिचालन गर्न पाउने अधिकार पालिकासँग रहेको छ ।

समस्या र चुनौती

- नगरपालिकाका कतिपय वडाका वडा कार्यालयहरू नभएका र भएका पनि व्यवस्थित नभएकाले सेवासुविधा प्रवाहमा सहज हुन नसकेको,

- नगरपालिकाका केन्द्र र वडाहरूमा सुविधा सम्पन्न सामुदायिक हल नभएकाले सभा, गोष्ठी, तालिम, अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्न नसकिएको,
- नगरपालिकाका वडाहरूमा स्वास्थ्य संस्थामा आवश्यक स्रोत, साधन र दक्ष जनशक्तिको व्यवस्था नहुनु,
- नगरपालिकालाई संविधान प्रदत्त एकल र साझा अधिकारहरू प्राप्त भए तापनि विकास व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सेवा प्रवाह मापदण्ड निर्धारण, राजस्व परिचालन र वित्तीय अनुशासन जस्ता एकल, साझा तथा संघीय कानुनबाट व्यवस्थित अधिकारहरूको प्रभावकारी उपयोगका लागि भौतिक स्रोत साधनको व्यवस्था, नीति, योजना, ऐन/नियम/कार्यविधि तयारी, मानव संसाधन प्राप्ति जस्ता कुराहरूमा खासै ध्यान नपुगेको ।

सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि

सोच

"सक्षम र सवल संस्थागत विकासका माध्यमबाट सेवा प्रवाह गर्ने"

लक्ष्यः

- नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणमा प्रभावकारिता वृद्धि गरी आम जनतामा समावेशी र सहभागितामूलक असल शासनको अनुभूति गर्ने,

उद्देश्यः

- मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गर्ने,
- एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधारहरूको निर्माण र मर्मत सम्भार गर्ने,
- समयानुकूल सेवा प्रवाहका लागि दक्ष मानव संशाधनको व्यवस्था गर्ने,
- सेवा बजारहरूको विकास, विस्तार र परिचालन गर्ने,

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• संस्थागत प्रणालीमा आवश्यक सुधार गर्नका लागि आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गर्ने, • एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधार निर्माण र सामग्रीको व्यवस्थापन गर्ने,	• संघीय तथा प्रादेशिक कानुनको मर्म र स्थानीय आवश्यकतालाई मध्यनजर गरी अधिकार प्रदत्त जनमुखी कानुनहरूको निर्माण र मौजुदा कानुनहरूलाई समयसापेक्ष संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, • स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधालाई छिटो छरितो र प्रभावकारी बनाउन नीति नियम र कानुनका बारेमा जनतालाई सुसुचित गर्ने, • न्याय सम्पादन र विधेयकहरू तयार गर्न सहजताका लागि कानुन विज्ञको सेवा प्राप्तिको व्यवस्था गर्ने, • पालिकाको गुरुयोजना लगायत प्राप्त नमूना कानुन अनुसार आवश्यकताका आधारमा ऐन, नियम, विधि तथा कार्यविधिहरूको तयार गर्ने, • नगरपालिकाका सेवाहरूलाई वडास्तरमा विकेन्द्रीकरण गर्न संस्थागत संरचनाको निर्माण गरी कार्यान्वयन गर्ने,

चौरजहारी नगरपालिका

• सार्वजनिक जवाफदेही जनप्रतिनिधि र दक्ष, सेवामुखी, पारदर्शी, जिम्मेवार कर्मचारी प्रशासनको विकास गर्ने, • सेवा बजारहरूको विकास, विस्तार र परिचालन गर्ने,	• नगरपालिकाबाट प्रवाह गरिने सामाजिक विकासका क्षेत्र कृषि, पशुपालन, स्वास्थ्य, शिक्षा र वातावरण संरक्षणलाई घरदैलोमा नै सेवा प्रवाह गर्न संस्थागत संरचनाको व्यवस्था गर्ने, • नगर तथा वडा पालिकाले गर्ने निर्णयहरूमा सबै पक्षको सहभागिता, पारदर्शीता, जवाफदेहिता तथा दिगोपनाका लागि संस्थागत संरचना तयार गर्ने, • नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाह सम्वन्धी आवश्यक जानकारी भएको वडापत्र तयार गरी सार्वजनिक स्थानमा राख्ने, यो वडापत्रलाई पाँच वर्षभित्रमा जनतासँग चौरजहारी नगरपालिका नामक Digital Apps बनाई प्रयोगमा ल्याउने, • नगरपालिकाका विकास निर्माण कार्यहरूको वार्षिक कार्यतालिका वनाउने र तदनुसार कार्यान्वयन गर्ने, • स्पष्ट जिम्मेवारी तोक्ने र मापदण्ड सहित कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने, • नगरपालिकावाट सञ्चालन हुने विकास निर्माणका प्रमुख परियोजनाहरूको विवरण भएको सूचना वोर्ड सम्वन्धित स्थानमा टाँस्ने, • नगरपालिकावाट प्रवाह हुने सेवाहरूको स्पष्ट, समयबद्ध र कति दिनमा के के हुने खाका सार्वजनिक गर्ने र तद्नुसार नभएमा कारणसहित स्पष्टीकरण दिनुपर्ने परिपाटीको विकास गर्ने, • नगरपालिकाको कर्मचारी संरचनालाई समावेशी वनाउन नियूक्ति, जिम्मेवारी बाँडफाँड, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय समावेशीकरणको मान्यतालाई कडाइकासाथ लागू गर्ने, • नगरपालिका र वडास्तरका विकास निर्माणका क्रियाकलापहरूमा समावेसी ढाँचा र सहभागितामूलक पद्धति अवलम्बन गर्ने, योजना छनौट, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, मूल्यांकनका संयन्त्रहरूमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत, सीमान्तकृत वर्गको २० प्रतिशत सहभागिता सुनिश्चित गर्ने, • विकास निर्माणका आयोजनाहरूको वाँडफाड र वजेट विनियोजन क्षेत्रीय (भेगीय) सन्तुलन कायम गर्ने, • सेवा प्रवाहलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्ने, • Digital Apps मार्फत सूचना दिनेलिने सिफारिस गर्ने साथै कर तथा अन्य शुल्कहरूको भूक्तानी दिनेलिने समेत गर्ने, • नगरपालिका र वडा स्तरमा तथ्यांकहरूको आय व्ययको लेखा अभिलेखीकरण म्ष्नष्तबि ब्उउक प्रणालीमा ल्याउने, • नगरपालिकाका विभिन्न विषयगत शाखाहरूवाट हुने कामहरूको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने, • प्रत्येक वडाकेन्द्र र वजार उन्मुख स्थानमा कम्तिमा एक बैंक स्थापनाको लागि वित्तीय संस्थाहरूसँग पहल गर्ने,

चौरजहारी नगरपालिका

	• नगरपालिकामा प्राप्त हुने भुक्तानी कारोवारहरू वैकिङ्ग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउने, • विकास निर्माणका क्षेत्रमा हुने कारोवार तथा राजश्व संकलन सम्वन्धित आय तथा भुक्तानी समेत वैकिङ्ग प्रणालीमा आबद्ध गर्ने, • नगरपालिका तथा वडाहरूमा प्रयोग हुने कार्यालय व्यवस्थापन वा कार्यक्रम संचालनका साधनहरू सम्भव भएसम्म स्थानीय साधन/श्रोतमा (खाजा, झोला, अतिथि सत्कार सामग्रीहरू लगायतका अन्य सम्भाव्य सामाग्रीहरू) आधारित गराउदै लैजाने । • विकास निर्माणका काममा संभव भएसम्म स्थानीय श्रोत सामग्रीहरू र जनशक्तिको प्रयोग गर्ने (काठ, दाउरा, ढुङ्गा, माटो, वालुवा आदि) • नगरपालिकावाट सञ्चालित कार्यक्रमहरूमा समन्वय गरी दोहोरो प्रणालीको अन्त्य गर्ने, • नगरपालिका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूमा समन्वय गर्ने र संस्थागत जिम्मेवारीको परिपाटी वसाउने, • जनतामा प्रवाहित हुने सेवा एकिकृत गर्न हरेक क्रियाकलापमा नगरपालिका वा वडाको स्वीकृति र समन्वयमा सञ्चालन गर्ने, • नगरपालिका तथा यसका वडाहरू सुविधा सम्पन्न कार्यालय भवनहरू निर्माण गरी तिनीहरूमा Optical Fibre जडान गर्न प्रदेशसँग समन्वय गर्ने, • नगरपालिकाका हरेक विषयगत कार्यालयहरू र वडा कार्यालयहरूको भौतिक विकास तथा जनशक्ति व्यवस्थापन गरी संस्थागत क्षमता बढाउने, • प्रत्येक विषयगत कार्यालयहरूमा प्राविधिक जनशक्ति (जस्तै, ईन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि बिज्ञ, निरीक्षक आदि) को व्यवस्था गर्ने • कर्मचारीहरू नियुक्ति गर्दा आवश्यक प्राविधिक सीप र दक्षतालाई आधार बनाउने, • कर्मचारीको पेशागत सीप तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिमहरूको व्यवस्था मिलाउने, • जन प्रतिनिधिहरूलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनको क्षेत्रहरूमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, • नगरपालिका तथा वडाहरूका महत्वपूर्ण सार्वजनिक स्थानहरूमा स्वच्छ खानेपानी तथा व्यवस्थित शौचालयहरूको व्यवस्था गर्ने, • नगरपालिकाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको लागि अवलोकन अध्ययन भ्रमण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गर्ने, • नगरपालिकाको केन्द्रमा कर्मचारी आवासगृहका साथै जन प्रतिनिधि तथा अतिथिहरूका लागि सुविधा सम्पन्न अतिथिगृहको निर्माण गर्ने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

क्र.सं.	विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेशको संबाहक नं
					वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा					
क.	**भौतिक संरचनाको विकास**														
	नगरपालिकाको भवन संरचना डि.पि.आर अनुसार सम्पन्न गर्ने	संख्या	१	चौरजहारी	१	०	०	०	०	१	२०००००००	न.पा र पद्रेश		३	२
	वडा कार्यालय भवन सम्पन्न गर्ने	संख्या	७	वडा नं.....	३	४	०	०	०	७	३०००००००	न.पा र पद्रेश		३	२
ख	**भौतिक साधन प्राप्ती**										**५०००००००				
	सबै वडाहरूमा Multimedia सहित हल निर्माण	संख्या	१४	सबै वडाहरूमा	२	२	२	३	५	१४	५६००००००	न.पा र पद्रेश	१६	३	२

चौरजहारी नगरपालिका

उपलब्धी:

- सेवा प्रवाहमा सवलीकरण, विकास निर्माण तथा प्रभावकारिता, समावेशिता र सहभागितामा वृद्धि भएको हुने छ ।
- मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गरिएको हुने छ ।
- एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधारहरूको निर्माण र मर्मत सम्भार गरिएको हुने छ ।
- समयानुकूल सेवा प्रवाहका लागि दक्ष मानव संशाधनको व्यवस्था गरिएको हुने छ ।
- सेवा बजारहरूको विकास, विस्तार र परिचालन गरिएको हुने छ ।

६.६.२ मानव संसाधन विकास

चौरजहारी नगरपालिकामा विभिन्न तहमा गरी जम्मा ..... कर्मचारी र ..... जनप्रतिनिधि रहेका छन् । प्रशासनिक कार्यका लागि पालिकाको आफ्नै भवन रहेको छ । भने आवश्यक मात्रामा आवश्यक मात्रामा फर्निचर र अन्य भौतिक सामग्रीहरू छन् । कार्यालय चलायमान बनाउन मानिसमा ज्ञान, सीप, अनुभव र आवश्यक स्रोत साधन चाहिन्छ । त्यसैले **"Any value add to an employee is value added to organization"** तसर्थ मानव संसाधनको क्षमता विकास भनेको नगरपालिकाको खर्च नभई लगानी हो भन्ने कुरा बुझ्नु पर्दछ । मानव संशाधनको विकास र पेशागत कार्यक्षमता वृद्धि गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउनु नै यसको मुख्य अभिप्राय रहेको छ ।

सम्भावना र अवसर

- पालिकाले मानव संसाधनको विकासका लागि सबै तह र क्षेत्रका शैक्षिक संस्थाको संस्थागत विकास गरी ह्वाइट कलर जब गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने र पूर्वाधार निर्माण, कृषि क्षेत्रको विकास, पर्यापर्यटन तथा जलपर्यटन र व्यावसायिक सीपमूलक क्षेत्रको विकास गरी अधिक मात्रामा मानिसलाई रोजगारी र आयआर्जनमा जोड्न सक्ने सम्भावना रहेको छ ।
- पालिकाभित्रका मानव संसाधनलाई जीवन उपयोगी सीप विकासका लागि आवश्यक स्वरोजगार मूलक तालिम तथा प्रशिक्षण दिई उनीहरूलाई विभिन्न क्षेत्रमा परिचालन गर्न सक्ने सम्भावना रहेको छ ।
- मध्ये पहाडी लोकमार्ग, नेपालगञ्ज-डोल्पा भेरी करीडोर र हवाइ यातायातको पहुँच भएको र बजारीकरण तथा औद्योगिकरणका लागि सम्भावित ठाउँ भएकाले सबै किसिमका मानव श्रोत साधनलाई रोजगारी पाउन सक्ने सम्भावना रहेको छ ।
- कृषि सहकारीका माध्यमबाट किसानहरूलाई कृषि तथा पशुपालनका क्षेत्रमा व्यावसायीकरण गराई मानव संसाधनलाई स्वरोजगार बनाउने सम्भावना रहेको छ ।

समस्या र चुनौती

- मानव संसाधन विकासका लागि संस्थागत कार्ययोजना नहुनु, विभिन्न क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्ने संस्थागत संरचना र सीप विकास तालिम सञ्चालन नहुनु,
- आफ्नो गाउँठाउँको श्रमप्रति विश्वस्त नहुनु, त्यस किसिमको सामाजिक परिवेश नबन्नु र सीपयुक्त मानव स्रोत पनि विदेश पलायन नहुनु,

सोच:

"स्थानीय जनमुखी सेवा प्रवाहका लागि दक्ष र जनउत्तरदायी मानव संशाधनको विकास"

लक्ष्य:

- दक्षता सहितको द्रुत सेवा प्रवाहका लागि जनमुखी प्रशासनीक सेवा

उद्देश्य

- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गर्ने,
- सेवा बजारको क्षेत्र विस्तार गर्ने,

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• कर्मचारी र जनप्रतिनिधिहरू लाई पेशागत क्षमता विकास गरी कार्य दक्षतामा वृद्धि गर्ने, • सेवा बजारहरूको विकास र विस्तार गर्ने ।	• कर्मचारीको पेशागत दक्षतालाई समयानुकूल बनाउन नेतृत्व विकास तथा प्रविधिसँग सम्वन्धित सीप विकास तालिमको व्यवस्था गर्ने, • जननिर्वाचित प्रतिनिधिको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र सुशासन बारे अनुशिक्षण कार्यक्रम संचालन गर्ने, • नगरपालिकाको कर्मचारी संरचनालाई समावेशी वनाउन नियुक्ती र जिम्मेवारी बाँडफाँड गर्दा अपाङ्ग, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय समावेशीकरणको मान्यतालाई कडाइका साथ लागू गर्ने, • नगरपालिकाका विभिन्न विषयगत शाखाहरूवाट हुने कामहरूको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने, • प्रत्येक विषयगत कार्यालयहरूमा प्राविधिक जनशक्ति (जस्तै, ईन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि बिज्ञ, निरीक्षक आदि) को व्यवस्था गर्ने, • कर्मचारीहरू नियुक्ति गर्दा आवश्यक प्राविधिक सीप र दक्षतालाई आधार बनाउने, • कर्मचारीको पेशागत सीप तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिमहरूको व्यवस्था मिलाउने, • जन प्रतिनिधिहरूलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनका क्षेत्रहरूमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, • नगरपालिकाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको लागि अवलोकन अध्ययन भ्रमण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गर्ने, • कृषि तथा पशुपालनका सेवा बाक्लो बनाउँन अगुवा कृषकहरूबाट छनौट गरी कृषि तथा पशु सेवा कार्यकर्ताको तालिम प्रदान गर्ने, • खानेपानी मर्मत सेवाहरूका लागि खानेपानी उपभोक्ता समूहबाटै सहभागी छनौट गरी तालिम प्रदान गर्ने, • नगरपालिकाको केन्द्रमा कर्मचारी आवासगृहका साथै जन प्रतिनिधि तथा अतिथिहरूका लागि सुविधा सम्पन्न अतिथि गृहको निर्माण गर्ने ।

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

क्र. सं.	विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेश को संबाहक नं
					वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा					
ग	**मानव संसाधन प्राप्ती र तथा विकास**										**५६००००००**				
	कृषि सहजकर्ता तयारी र परिचालन	संख्या	२८	सबै वडाहरूमा	१४	१४	०	०	०	२८	२८०००००	न.पा, पि.टि.ए	१.८	२	७
	पशु सेवा सहजकर्ता तयारी र परिचालन	संख्या	२८	सबै वडाहरूमा	०	०	१४	१४	०	२८	२८०००००	न.पा, पि.टि.ए	१.८	२	७
	ग्रामिण खानेपानी मर्मत संभार कार्यकर्ता तयारी र परिचालन	संख्या	२८	सबै वडाहरूमा	०	०	०	१४	१४	२८	२८०००००	न.पा, पि.टि.ए	१.८	२	७
	ONM सर्भे गर्ने	संख्या	१	नगरपालिका	१	०	०	०	०	१	४०००००	न.पा, पि.टि.ए	१६		
	पालिकाको क्षमता विकास योजना तयार गर्ने	संख्या	१	नगरपालिका	१	०	०	०	०	१	५०००००	न.पा, पि.टि.ए			

चौरजहारी नगरपालिका

	सेवा प्रवाहमा संलग्न कर्मचारी तथा जनप्रतिनीधिहरू लाई क्षमता विकास योजना अनुसारको तालिम संचालन गर्ने	निरन्तर	आवश्यकता अनुसार	नगरपालिका	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	२००००००	न.पा, पि.टि.ए	४	२	७
	बिषयगत समितिका पदाधिकारीलाई उनिहरूको कार्य जिम्मेवारी बारे अनुशिक्षण दिने	संख्या	५०	नगरपालिका	२५	२५	०	०	०	५०	१२५००००	न.पा, पि.टि.ए	४	२	७
	जम्मा संस्थागत विकास										**११८५५००००				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धी

- जनप्रतिनिधिहरूमा समयानुकूल क्षमता वृद्धि भएको हुने छ ।
- कर्मचारीहरूको पेशागत दक्षता निरन्तर अध्यावधिक गर्ने कार्यक्रम संचालन गरिएको हुने छ ।
- जनताको दैनिक जीवनसँग सम्वन्धित सेवा बजारको क्षेत्र विस्तार गरिएको हुने छ ।

६.६.३. सुशासन

संघीयताको कार्यान्वयनसँगै जनताको घरआँगनको सरकारका रुपमा स्थानीय सरकार रहेको छ । केन्द्रीकृत शासनबाट सन्तुष्ट हुन नसकेका जनताका आशा र अपेक्षालाई पुरा गर्ने दायित्व स्थानीय सरकारलाई रहेको छ । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारमा रहेको छ ।

बदलिँदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी देखिएको छ । संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ नगरपालिकाले विशेष ध्यान दिन आवश्यक छ ।

नगरपालिकाबाट हालसम्म ..... वटा ऐन, नियम, कार्यविधि निर्माण, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । संविधानले व्यवस्था गरेका कतिपय ऐन, नियम अझै बनाउनुपर्ने छ । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिक समाज संस्था समेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास गरिएको छ ।

सम्भावना र अवसर

- सुशासन कायम गर्नका लागि आवश्यक पर्ने कानुनहरू पारदर्शी रुपमा निर्माण हुनु, शासकीय स्वरुप कानुनी विधायीकी र कार्यकारी अधिकार सहित संघीय संरचनामा जानु, कर्मचारी प्रशासन तथा जनप्रतिनिधि प्रत्यक्ष रुपमा जनताप्रति जवाफदेही हुनु, वित्तीय संघीयताको कार्यान्वयन हुनु, सार्वजनिक जीवनका व्यक्तिहरूले सार्वजनिक सेवाका सिद्धान्तको परिपालना गर्नु, भष्ट्राचारप्रति शून्य सहनशीलताको नीति लिनु र सेवाग्राही पनि सचेत र सजक हुनु सुशासनका लागि राम्रो सम्भावना हुन ।

समस्या र चुनौती

- जनप्रतिनिधिमा सेवकको भन्दा शासकको मानसिकता हावी हुनु,
- कर्मचारी प्रशासन नतिजामुखी भन्दा प्रक्रियामुखी हुनु,
- सुशासन कायम गर्नका लागि आवश्यक पर्ने सबै कानुनहरूको निर्माण नहुनु, मौजुदा कानुनहरू दोहोरो अर्थ दिने र प्रक्रियामुखी हुनु,
- शासकीय स्वरुप संघीयतामा गए पनि प्रशासनिक मानसिकता संघीयताको भावन अनुरुपको नहुनु,
- दलीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूमा दलीय मानसिकताबाट माथि उठन नसक्नु,
- सदाचारयुक्त आचरण निर्माण गर्न नसक्नु,

सोचः

"नतिजामुखी र जनसेवी सार्वजनिक प्रशासन सुशासनको आधार"

लक्ष्य:

- जनमुखी र जनअपेक्षा अनुसारका छिटो, छरितो, सरल एवं न्यायिक रुपमा सार्वजनिक सेवा प्रवाह गर्ने,

उद्देश्य:

- पारदर्शी रुपमा कानुनी शासनको प्रत्याभूति गराउने,
- जवाफदेही उत्तरदायी र समानतामा आधारित सेवा प्रवाह गर्ने,
- नगरपालिकाबाट प्रवाह हुने सेवाहरू पारदर्शी बनाउने,
- सेवा प्रवाह जवाफदेही र पूर्ण सहभागितामूलक बनाउने,
- आर्थिक तथा विकासका गतिविधिहरू पारदर्शी रुपमा संचालन गर्ने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• नगरपालिकाले सम्पादन गर्ने सम्पूर्ण सेवाहरू पारदर्शी बनाउने,	• नगरपालिकाले गर्ने सार्वजनिक सरोकारका हरेक निर्णयहरू वेभसाइट, सामाजिक सञ्जाल, सूचना पाटी र आम सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने, • नगरपालिकाको सम्पूर्ण आय व्यय विवरण नियमित रुपमा वेभसाइट, सामाजिक सञ्जाल, सूचना पाटी र आम सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने, • आर्थिक, सामाजिक तथा पूर्वाधार विकास कार्यहरूको प्रगति विवरण वेभसाइट, सामाजिक सञ्जाल, सूचना पाटी र आम सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने, • प्रत्येक योजनाहरूको सम्पन्नतापछि सार्वजनिक लेखा परीक्षण गर्ने, • अध्ययन, अनुसन्धान, मूल्याङ्कन र अनुगमन प्रतिवेदन वेभसाइट, सामाजिक सञ्जाल, सूचना पाटी र आम सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने,
• योजना चक्रको हरेक तहमा समावेशिता सहितको सहभागिता सुनिश्चित गर्ने,	• नगरपालिकाद्वारा निर्माण गरिने योजना तर्जुमा प्रकृयामा बस्ती स्तरका आम जनताको सहभागिता सुनिश्चित गर्ने, • उपभोक्ता समिति छनौटमा सीमान्तकृत, विपन्न, असहाय, लैंगिक समावेशी सहभागिताको सुनिश्चित गर्ने, • नगरपालिकाले संचालन गर्ने हरेक योजनाहरू कार्यान्वयन गर्दा सम्भव भएसम्म जनसहभागिता सुनिश्चित गर्ने,
• अन्तर सरकारी स्तरको सहकार्य वृद्धि गर्ने,	• योजनाहरूको विवरण आदान प्रदान गर्ने, • संघ, प्रदेश र पालिका वीच विकास प्रशासन, बजेट, कार्यक्रम र रणनीतिहरूका बारेमा अन्तरसम्वन्ध स्थापना तथा समन्वय गर्ने,
• अन्तर योजना तथा परियोजनाहरू वीच सहकार्य वृद्धि गर्ने,	• पालिका क्षेत्रमा कार्यरत संघ, संस्था, आयोजना तथा परियोजना र कार्यरत निकाय वीच अन्तरसम्वन्ध स्थापना तथा समन्वय गर्ने,

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रम

विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ वर्षको लक्ष						अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेशको संबाहक नं
				वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	जम्मा					
२. सुशासन														
लेखा परिक्षण तथा पालिकाको आयव्यय विवरण वेवसाइटमा समावेश गरी स्रोत साधनको परिचालन पारदर्शि पार्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	५०००००	न.पा		८	
भू-उपयोग योजना तयार गर्ने	संख्या	१		१	०	०	०	०	१	१००००००	न.पा	८	८	
बेरुजु सिमित गर्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	०	न.पा		८	
राजश्व सुधार कार्ययोजना तयार गर्ने	संख्या	१	नगरपालिका	१	०	०	०	०	१	५०००००	न.पा		८	
सुचना प्रणालीमा आधारित करदाताहरूको	पटक	१	नगरपालिका	१	०	०	०	०	१	२०००००	न.पा		८	

चौरजहारी नगरपालिका

लगत तयार गर्ने														
सूचना प्रविधिको उपयोग जस्तैः सफ्टवयर, एसएमएस, ईमेल, इन्टरनेट, टेलिफोन आदि प्रभावकारी बनाउँदै क्षमता वृद्धि गर्ने	निरन्तर	निरन्तर	नगरपालिका	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१४०००००	न.पा		८	
नतिजामा आधारित अनुगमन प्रणालीको स्थापना गर्ने	संख्या	१	नगरपालिका	१	०	०	०	०	१	५०००००	न.पा		८	
एकिकृत सूचना व्यवस्थापन प्रणालीको स्थापना	संख्या	१	नगरपालिका	१	०	०	०	०	१	५०००००	न.पा		८	
सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण	पटक	चौमासिक रुपमा	नगरपालिका	३	३	३	३	३	१५	७५००००	न.पा		८	

चौरजहारी नगरपालिका

कार्यक्रम संचलन गर्ने														
सबै सार्वजानिक संस्थामा सार्वजनिक सेवा बडापत्र र गुनासो पेटिकाको व्यवस्था गर्ने	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	५०००००	न.पा		८	
२४ घण्टा सेवा प्रवाह गर्नुपर्ने सेवालाई व्यवस्थापन गर्ने	नियमित	नियमित	नगरपालिका	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	१००००००	न.पा		८	
कानुनले गोप्य राख्ने भनेका बाहेक सबै विषयका आर्थिक तथा भौतिक प्रगती, खर्च विवरण सार्वजानिकिकरण गर्ने	नियमित	नियमित	नगरपालिका	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	५०००००	न.पा		८	
आवश्यक कानून नीति	नियमित	नियमित	नगरपालिका	नियमित	नियमित	नियमित	नियमित	नियमित	नियमित	५०००००	न.पा		८	

चौरजहारी नगरपालिका

निर्माण गर्दै जाने														
कृषि बजार सुचना प्रणालीको स्थापना गर्ने	संख्या	१	नगरपालिका	०	०	१	०	०	१	५०००००	न.पा		४	
आपत्कालिन कार्य संचालन केन्द्र स्थापना र संचालन	संख्या	१	नगरपालिका	०	०	०	१	०	१	१००००००	न.पा		१०	
जम्मा सुशासन रु										**९३५००००				

चौरजहारी नगरपालिका

अपेक्षित उपलब्धीः

- पारदर्शी रुपमा कानुनी शासनको प्रत्याभूति गराएको हुने छ ।
- जवाफदेही, जनउत्तरदायी र समानतामा आधारित सेवा प्रवाह संचालन भइरहेका हुनेछन् ।
- नगरपालिकाबाट प्रवाह हुने सेवाहरू जनमुखी र पारदर्शी हुनेछन् ।
- सेवा प्रवाह जवाफदेही र पूर्ण सहभागितामूलक हुनेछन् ।
- आर्थिक तथा विकासका गतिविधिहरू पारदर्शी रुपमा संचालन गरिएका हुने छन् ।

चौरजहारी नगरपालिका

परिच्छेद सात

योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

चौरजहारी नगरपालिकाको समग्र विकास योजनाको कार्यान्वयन एउटा महत्वपूर्ण चुनौतीको विषय हो । विकासका लागि प्रस्ताव गरिएका कार्यक्रमहरूको सफल कार्यान्वयन नगरपालिकाको आन्तरिक क्षमता र सरोकारवालाबाट प्राप्त हुने सहयोग र सहकार्यमा भर पर्दछ। यस आवधिक योजना तर्जुमाले नगरपालिकाको योजना अबधिमा आफ्नो वित्तीय तथा संस्थागत अबस्थामा सुदृढ गरेको हुने छ। यो योजनाले संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, गैरसरकारी संघसंस्थाहरू र समुदायबाट यथेष्ट विश्वास आर्जन गरी सहयोग र सहभागिता प्राप्त गरी कार्यान्वयन हुने छ। यसका आधारमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि तथ्याङक प्रणाली, योजना तर्जुमा तथा कार्यान्वयन, आयोजना बैंक, तहगत सम्वन्धता र अन्तर सरकार समन्वय, अनुगमन तथा मूल्याङ्कन र जोखिम व्यवस्थापन क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, प्रमुख कार्यक्रम र उपलब्धि समेत तयार गरी यस अध्यायमा समेटिएको छ।

७.१ तथ्यांक प्रणाली

नेपालको नयाँ संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीयतहको तथ्यांकीय अधिकार स्पष्ट किटानी गरेको छ । उत्पादित तथ्यांक तीन तहका सरकारका नीति तथा योजना तर्जुमा, अनुगमन र मूल्यांकनका साथै विकासको दीर्घकालीन सोच, दिगो विकासको लक्ष्य हासिल गर्नका लागि वस्तुगत आधार बन्न सक्नेछन् । प्रशासनिक अभिलेख, सूचना व्यवस्थान प्रणाली, अध्ययन अनुसन्धानका प्रतिवेदनको प्रशोधन र विश्लेषणबाट समेत तथ्यांक उत्पादन भै रहेको छ। तथ्यांक प्रणालीको विकासको लागि राष्ट्रिय रणनीति तर्जुमा भएको र नयाँ तथ्यांक ऐन तर्जुमाको चरणमा छ। योजना अवधिमा स्थानीय तहबाट उत्पादित यी तथ्यांकहरू राष्ट्रिय तथ्यांक प्रणालीमा आवद्ध भएमा योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढ गर्न सहयोग गर्ने छ ।

सम्भावना र अवसरहरू

- स्थानीयगत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने जिम्मा स्थानीय सरकारलाई दिनु, स्थानीय स्तरको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहजीकरण र सहकार्य गर्न केन्द्रीय तथा प्रादेशिक तथ्याङ्क बिभाग तयार रहनु, छिटो र छरितो रुपमा तथ्याङ्क संकलन, प्रशोधन र वितरण गर्न सघाऊ पुऱ्याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु, नीति तथा योजना आयोगद्वारा सामाजिक आर्थिक विकासका मानक सूचकहरूको स्पष्ट पहिचान हुनु, गुणस्तरीय तथ्याङ्कको प्रयोगका लागि स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार प्रतिबद्ध रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

समस्या तथा चुनौतीहरू

- संरचना नयाँ हुँदा जिल्ला र स्थानीय स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाईहरू रहनु, तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्न आवश्यकता अनुसारको दक्ष जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरुपता कायम गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।
- स्थानीय तहबाट एकीकृत प्रणालीमा तथ्यांक उपलब्ध गराउनु, तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु, स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय तथ्याङ्क विभागले लिने तथ्याङ्कहरूको संकलन र प्रशोधन मानकहरूमा एकरुपता कायम गर्नु, तथ्याङ्कको मूल्य र महत्व बारे सचेतना जगाउनु, तथ्याङ्कको प्रयोग दक्षता वृद्धि गर्नु, तथ्याङ्कको प्रयोगमा एकरुपता कायम गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

सोच

"तथ्यमा आधारित नीति तथा योजना तर्जुमाको लागि गुणस्तरीय तथा एकीकृत र खण्डीकृत तथ्याङ्क"

लक्ष्य

- नीति निर्मातालाई निर्णय गर्न चाहिने विश्वसनीय तथ्याङ्कहरू उपलब्ध गराउने ।

उद्देश्य

- स्थानीय स्तरमा तथ्याङ्क प्रणालीको विकास गर्नु ।
- तथ्याङ्क प्रणालीको आधुनिकीकरण गर्नु ।
- विश्वसनीय, तथ्यपरक र समयमै तथ्याङ्क उपलब्ध गराउनु ।

रणनीति	कार्यनीति
• दिगो विकासको लागि स्थानीय स्तरका तथ्याङ्क प्रणालीको विकास गर्ने । • तथ्याङ्कको संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने । • तथ्यांङ्क संकलन, प्रशोधन र वितरण प्रणालीको आधुनिकीकरण गर्ने । • नगरपालिका कार्यालयले प्रशोधन गरेका सूचना भरपर्दा माध्यम मार्फत् सार्वजनिक गर्ने ।	• केन्द्रीय तथा प्रादेशिक तथ्याङ्क बिभाग, विश्वविद्यालय, सरकारी कार्यालय र निजी क्षेत्रसँग समन्वय गरी तथ्याङ्क संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशन गर्ने, • आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास गर्ने, • आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गर्ने, • स्थानीय तहगत तथ्याङ्क सम्बन्धि कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता वृद्धि गर्ने, • आयोजना सञ्चालन अवस्थाको तथ्याङ्क संकलन र विश्लेषण गर्ने कार्यलाई नियमित रुपमा संचालन गर्ने, • तथ्याङ्क संकलन, प्रशोधन र वितरण लागि उपलब्ध विधि र प्रविधिहरूको उच्चतम प्रयोग गर्ने, • स्थानीय तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्यांङ्कहरूको एकीकृत रुपमा व्यवस्थापन र वितरण गर्ने, • विषयगत क्षेत्रहरूमा सम्बन्धित तथ्यांङ्कहरूको प्रशोधन गरी नक्सांकन गर्ने, • वेब पोर्टल र विभिन्न प्रकाशन मार्फत् तथ्याङ्कको नियमित प्रकाशन गरी प्रयोग कर्ताको आवश्यकता पूर्ति गर्ने, • तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशन मार्फत् प्रयोगकर्ता माझ पुऱ्याउने कार्यलाई नियमित रुपमा संचालन गर्ने,

प्रमुख कार्यक्रम

- स्थानीय तथ्याङ्क वेब पोर्टल निर्माण, व्यवस्थापन र सार्वजनिकीकरण गर्ने,
- तथ्याङ्क सम्वन्धि स्थानीय तहको क्षमता र दक्षता वृद्धि तालिम गर्ने,

चौरजहारी नगरपालिका

- स्थानीय तहको सूचना संकलन र विश्लेषण गर्ने,
- संकलन गरिएका तथ्यांक तथा सूचनाहरू प्रदेश तथा संघमा उपलब्ध गराउने,
- संघीय तथा प्रदेश सरकारले संचालन गर्ने सर्वेक्षण र जनगणनामा सघाउने ।

अपेक्षित उपलव्धी

- योजनाको अन्तमा स्थानीय स्तरमा विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र संचालन भएको हुने छ ।
- आयोजना अनुगमन र मूल्याङ्कनको लागि आवश्यक सूचना उपलब्ध भएको हुने छन् ।
- तथ्यमा आधारित योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क उपलब्ध भएका हुने छन् ।

७.२ योजना तर्जुमा तथा कार्यान्वयन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ । राष्ट्रिय स्तरमा पहिलो योजनाकालदेखि नै सामाजिक-आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्ने लक्ष्य सहित रणनीति र कार्यक्रम समावेश गरी आवश्यक श्रोतको विनियोजन गर्दै आएको भए तापनि अपेक्षाकृत उपलब्धि भने हासिल हुन सकेको छैन । योजना प्रणालीलाई राजनैतिक परिवर्तन सापेक्ष नतिजामुखी र यथार्थपरक बनाउन निरन्तर प्रयासहरू हुँदै आएका छन् । तेहौं योजनाबाट नतिजा खाकाको अवधारणालाई आत्मसात गरी यसलाई थप परिष्कृत बनाउँदै योजनासँग मध्यकालीन खर्च संरचना र आर्थिक विकास कार्यक्रमलाई आबद्ध गर्दै लगिएको छ । परिवर्तित संघीय संरचना अनुसार स्थानीय तहमा समेत योजना प्रणालीको विकास गरी संस्थागत गर्ने प्रयास बमोजिम स्थानीय तहमा योजनाबद्ध विकासको संस्थागत अभ्यासको सुरुआत भएको छ । प्रादेशिक तथा स्थानीय योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय र प्रादेशिक अनुगमन तथा मूल्यांकन दिगदर्शन तर्जुमा गरी कार्यान्वयनमा लगिएको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र स्थानीय सरकारले कार्यान्वयनमा लगेको योजनाको नियमित रुपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्नका लागि यसको आवश्यकता रहेको छ ।

सम्भावना तथा अवसर

- नीति तथा योजना तर्जुमा गर्नको लागि संस्थागत संरचनाको निर्माण हुनु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगको अनुभव स्थानीय योजना निर्माणमा उपयोग गर्न सक्ने संभावनाहरू रहनु, स्थानीय तहले पनि आफ्नो पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रुपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु, योजना तर्जुमा प्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय वृद्धि हुदै जाने संभावनाहरू रहनु, प्रादेशिक र स्थानीय तहको योजना तर्जुमाको लागि प्राविधिक सहयोग गर्न विभिन्न विकास साझेदार संघसंस्थाहरू इच्छुक हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

समस्या तथा चुनौती

- पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु, नियमित रुपमा विषयगत छलफल गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक स्थानीय तहगत खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, स्थानीय

तह अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

- नियमित रुपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्न नसक्नु, प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यकालीन खर्च संरचना बीचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नसक्नु, योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरू स्थानीय स्तरमा नै उत्पादन गरी स्थानीय योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउन नसक्नु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्न नसक्नु, स्थानीय तहको योजना निर्माण क्षमता र दक्षता अभिवृद्धि गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"परिणाममुखी योजना तर्जुमा र कार्यान्वयन प्रणाली, द्रुत सामाजिक आर्थिक विकासको आधार"

लक्ष्य

- योजनाहरूको लक्ष्य र परिणामबीच सामन्जस्य कायम गर्ने,

उद्देश्य

- तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्ने,
- योजनाको प्रभावकारी कार्यान्वयन गर्न,
- योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्ने,

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• तथ्यांङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने, • विषयगत मापदण्ड बनाइ तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने, • योजना अनुगमन निर्देशिका र सयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने ।	• योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूको सूची तयार गरी अधिकतम प्रयोग गर्ने, • स्थानीय योजना निर्माणको लागि निरन्तर विभिन्न निकायहरूसँगस हकार्य र समन्वय गर्ने, • नगरपालिकाले तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि विभिन्न निकायहरूबाट प्राविधिक सहयोग गर्ने, • नगरपालिकाले आवश्यक तथ्याङ्कहरूको सूची तयारगरी नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास गर्ने, • स्थानीय स्तरमा आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गर्ने, • स्थानीय तहमा तथ्याङ्क सम्बन्धि कार्य गर्ने कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता वृद्धि गर्ने, • उपलब्ध वैज्ञानिक विधि र प्रविधिहरूको उच्चतम प्रयोगगरी तथ्याङ्क संकलन र विश्लेषण गर्ने, • तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्यांङ्कहरूको एकीकृतरुपमा व्यवस्थापन र वितरण गर्ने,

	• वेबपोर्टल र विभिन्न प्रकाशनमार्फत् तथ्याङ्कको नियमित प्रकाशन गर्ने, • तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेबपोर्टल र विभिन्न प्रकाशन मार्फत् प्रयोग कर्ता माझ पुऱ्याउने,

प्रमुख कार्यक्रमहरू

- तथ्याङ्क संकलन, प्रशोधन, बिस्लेषण र प्रकाशन गर्ने,
- स्थानीय सरकारका योजनाहरू व्यापक जनसहभागितामा निर्माण गर्ने,
- स्थानीय सरकारको संस्थागत सुधारका लागि पेशागत तालिम तथा गोष्ठीको आयोजना गर्ने,
- एकीकृत तथा विकेन्द्रिकृत गर्नका लागि स्थानीय सरकारले आवश्यक संरचना निर्माण गर्ने,
- स्थानीय आवश्यक कानूनहरूका निर्माण गर्ने,
- संघ तथा प्रदेश सरकारले प्रदान गर्ने समपुरक, ससर्त र विशेष अनुदान कार्यक्रमहरू लिई कार्यान्वयन गर्ने,

अपेक्षित उपलब्धि

- योजनाको अन्तमा स्थानीय स्तरमा विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र संचालन भएको हुने छ ।
- योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन र मूल्याङ्कनको लागि आवश्यक सूचना उपलब्ध भएको हुने छ ।
- तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क उपलब्ध भएका हुने छन् ।
- तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्ने परिपाटीको विकास भएको हुने छ ।
- योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्ने,

७.३ आयोजना बैंक

आवश्यकता, लागत र मुनाफा हेरेर आयोजनाको प्राथमिकीकरण गर्नु पर्नेमा राजनीतिक तथा प्रशासनिक पहुँचका आधरमा आयोजना सिफारिस गर्ने वा गर्न लगाउने र सोही अनुसार बजेट विनियोजन गर्दा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ । यसर्थ द्रुत र दिगो सामाजिक आर्थिक विकासको लागि लगानी र लाभको विश्लेशण गरी आयोजना बैंक बनाउने र आयोजनाहरूको प्राथमिकीकरण गरी वित्तीय स्रोत साधनको व्यवस्था र योजनाबद्ध कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । स्थानीय तहमा योजनाहरूको मूल्याङ्कन, स्क्रीनिंग र प्राथमिकीकरण गरी परिणाममुखी योजनाहरूको सूची तयार गर्न थप बजेट र जनशक्ति परिचालन गर्दै आयोजना छनौट र कार्यान्वयन प्रकृयालाई पारदर्शी, सरलीकरण गर्न र सरकारी लगानीले मात्र अपुग हुने आयोजनाको लागि निजी, सहकारी तथा वैदेशिक लगानी आकर्षित गर्न आयोजना बैंक बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखी निरन्तर कार्य गर्नुपर्ने आवश्यकता छ ।

सम्भावना तथा अवसर

- स्थानीय सरकारले आयोजना बैंक बनाउने कार्यलाई प्राथमिकतामा राख्नु, आयोजना बैंक बनाएर मात्र बजेट विनियोजन योजना तर्जुमालाई भरपर्दो बनाउन आयोजनाको सूची तयार गर्ने अभ्यासको प्रारम्भ हुनु, स्थानीय तहले पनि सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैंक बनाउने अभ्यास प्रारम्भ गर्नु, आयोजना विकास गर्न जनशक्ति क्रमशः विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

चौरजहारी नगरपालिका

समस्या तथा चुनौतीहरू

- आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैंक बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु, संस्थागत संरचना र पर्याप्त जनशक्ति नहुँदा आयोजना बैंक बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु, अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा आन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाईहरू हुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।
- आयोजना बैंक बनाउनको लागि संस्थागत संरचना निर्माण गर्न नसक्नु, स्थानीय तहमा आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक नहुनु, लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास नहुनु, सरकारले कार्यान्वयनमा ल्याउने आयोजनाहरूको आयोजना बैंक बनाउन नसक्नु, सरकारी स्रोतले मात्र विकास आयोजनाहरूको विकासको लागि निजी क्षेत्र तथा वैदेशिक लगानी कर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैंक बनाउन नसक्नु, नेपाल तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरीय आयोजनाहरूको बैंक तयार पार्न नसक्नु, आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

सोच

"विकास आयोजनाको उचित छनौट, बाँडफाँड र स्मार्ट वित्तीय व्यवस्थापनको लागि आयोजना बैंक स्थापना"

लक्ष्य

- क्षेत्रगत बजेट विनियोजन पारदर्शी, समतामूलक र वैज्ञानिक बनाउन आयोजना बैंक,

उद्देश्य

- आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्ने,
- आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्ने,
- वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढंगबाट परिचालन गर्ने,

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• आयोजना बैंकलाई स्थानीय तहसम्म विस्तार गर्ने, • कार्यान्वयन मोडालिटीको लागि आवश्यक नीति नियम बनाइ नियमन गर्ने, • स्थानीय तहमा आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने ।	• आयोजना बैंक निर्माणको लागि आवश्यक संस्थागत संरचनाको निर्माण गर्ने, • आयोजना बैंक निर्माणको लागि आवश्यक नीति, नियम, निर्देशिका तयार गरी नियमन गर्ने, • आयोजना बैंकलाई व्यवस्थित गर्नको लागि आवश्यक सफ्टवेयरको विकास गरी सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने, • आयोजना बैंकमा भएका आयोजनाहरूलाई पारदर्शी र यथार्थपरक ढंगबाट अभिलेख राख्न र छनौट गर्न विद्युतीय प्रणालीमा आवद्ध गर्ने, • आयोजना बैंक बनाउनको लागि स्थानीय तहको क्षमता र दक्षता वृद्धि गर्ने,

	• परियोजना कार्यान्वयनको लागि आवश्यक नीति नियम तयार पारी लागू गर्ने, • संघ, प्रदेश, निजी, सहकारी तथा सामाजिक संघ संस्थासँग समन्वय गरी आवश्यक वित्तीय स्रोत साधनको पहिचान तथा परिचालन गर्ने, • स्थानीय स्तरका आयोजना बैंकमा आबद्ध भएका आयोजना संञ्चालन गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र वैदेशिक लगानीको सम्भावनाहरू पहिचान गरी वित्तीय स्रोतको व्यवस्थापन गर्ने, • प्रथामिकताको आधारमा आयोजना छनौट गरी मध्यकालीन खर्च संरचनामा समावेश गर्ने ।

प्रमुख कार्यक्रमहरू

- आवश्यक संस्थागत संरचनाको निर्माण गर्ने,
- आवश्यक नीति, नियम, निर्देशिका तयार गर्ने,
- सम्भाव्यता अध्ययन गरी स्थानीय स्तरीय आयोजनाहरूको बैंक बनाउने,
- आयोजनाको पहिचान, वर्गीकरण, प्राथमिकीकरण, छनौट र मूल्याङ्कनको मापदण्ड निर्माण गर्ने,
- स्थानीय तहमा आयोजना बैंक स्थापना गर्न क्षमता र दक्षता अभिवृद्धि गर्ने,
- विद्युतीय प्रणालीमा अभिलेख राख्न कर्मचारीको दक्षता अभिवृद्धि गर्ने,
- स्थानीय तहमा आवश्यक अन्य पूर्वाधारहरूको विकास गर्ने,

अपेक्षित उपलब्धि

- योजनाको अन्तमा स्थानीय स्तरमा विकासका आयोजनाहरू आयोजना बैंकमा आवद्ध गरी संचालन भएका हुने छन् ।
- आयोजनाहरूको प्राथमिकीकरण छनौट, अध्ययन, अनुसन्धान र मापदण्डको आधारमा भएका हुने छन् ।
- बजेट विनियोजन प्रणाली न्यायोचीत, पारदर्शी, समतामूलक र वैज्ञानिक हुने छ ।

७.४ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय

देशमा संघीयताको अभ्याससँगै संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यी सरकारका एकल अधिकार क्षेत्र प्रष्ट भए पनि साझा अधिकारका क्षेत्रको कार्यान्वयनमा केही अस्पष्टता रहेका छन् । तसर्थ तीन तहका सरकारले प्रभावकारी कार्य सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ । स्पष्ट नभएका अधिकार क्षेत्रमा आपसी सहकार्य र समन्वय गर्दै जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउनु पर्दछ ।

प्रमुख समस्या

नेपालको संविधानको अनुसूची ५ मा नेपाल सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रुपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्रभित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ । यी कार्यहरू मोटामोटी रुपमा मात्र उल्लेख गरिएको र मसिनाएर नछुट्याइएको हुँदा कार्य सम्पादन गर्न केही अस्पष्टताहरू छन् ।

चौरजहारी नगरपालिका

कार्य विस्तृतीकरणमा केही ब्याख्या गरिएको भए तापनि ब्याख्या नभएका कैयौं सबालहरू छन् र कार्यान्वयन चरणमा ती कार्यहरू दोहोरिने, एक अर्काको क्षेत्र अतिक्रमण हुने जस्ता समस्याहरू छन् । तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको हालसम्म वर्गीकरण गरिएको छैन र यसले योजना तर्जुमा तथा कार्यान्वयनमा थप समस्या पैदा गरेको छ । यस प्रकारका समस्या समाधान गर्न तीन तहका सरकारबीच आपसी सहकार्य र समन्वय आवश्यक छ ।

चुनौती र अवसर

तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको बर्गीकरण गरी कार्य प्रष्टता गर्नु, तीनै तहका सरकारको प्राथमिकतामा परेका आयोजनाहरू कार्यान्वयनको लागि स्रोत व्यवस्थापन गर्नु, एक अर्कोको कार्यक्षेत्र अतिक्रमण नहुने गरी कार्यसम्पादनमा सहजीकरण गर्नु, आयोजना कार्यान्वनमा प्रभावकारिता ल्याउनु आदि प्रमुख चुनौती हुन् । प्रदेश र स्थानीय तह बीच तथा स्थानीय तहहरू बीच कुनै समस्या देखा परे तिनको समाधान गर्न माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरमा समन्वय परिषद्को व्यवस्था हुनु, संघीयता कार्यान्वयनको लागि कार्यतालिका निर्माण हुनु, आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता ल्याउन आयोजना वर्गीकरण सम्बन्धी छलफलले नीति निर्माताको ध्यान आकर्षण गर्नु, दुःखको बेला मिलेर काम गर्ने नेपालीको संस्कृति हुनु आदि अवसर हुन् ।

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"तीन तहका सरकारवीच उत्कृष्ट समन्वय र सहकार्य भएको नगरपालिका"

लक्ष्य

- आपसी समन्वय र सहकार्यमा उत्कृष्ट नतिजा हांसिल गर्ने,

उद्देश्य

- आपसी सहयोग र समन्वयमा आयोजनाको पहिचान, विकास र कार्यान्वयन गर्ने,

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको वर्गीकरण गर्न नेपाल सरकारसँग बहस पैरबी गर्ने, • आपसी सहकार्य र समन्वय गर्ने संयन्त्रहरू सुदृढ गर्ने,	• ठूला विकास आयोजनाहरूको लागि आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्यको माध्यममार्फत् व्यवस्था गर्ने, • स्थानीय तहमा उत्पादन वृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खाले आयोजनाहरू गापा आंफैले पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने, • जनातामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्ने, • नीति तथा योजना आयोगको स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समितिमार्फत् योजना तर्जुमा र प्राविधिक सहयोग गर्ने, • स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्ने क्षमता वृद्धि गर्ने,

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रमहरू

- नीति तथा योजनाको संस्थागत संरचना निर्माण गर्ने,
- आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्ने,
- स्थानीय तहका योजना तर्जुमा र कानुन निर्माण गर्ने,
- स्थानीय तहका कर्मचारीको क्षमता वृद्धि तालिम गर्ने,
- नेपाल सरकारवाट प्राप्त राजस्वको बाँडफाँड गर्ने,
- आयोजनाहरूको विस्तृत अध्ययन र कार्यान्वयनको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

अपेक्षित उपलब्धि

- योजनाको अन्त्यमा आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्यको माध्यममार्फत् व्यवस्था गरिएको हुनेछ ।
- उत्पादन वृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खाले आयोजनाहरू नगरपालिका आफैले पहिचान गरी कार्यान्वयन गरेको हुने छ ।
- जनातामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन भएको हुने छ ।
- स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्ने क्षमता वृद्धि भएको हुने छ ।

७.५ अनुगमन तथा मूल्याङ्कन

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराइ परियोजनालाई सही बाटोमा हिडाउनु हो । स्थानीय स्तरमा पनि अनुगमन प्रणालीको विकास गरी चालू परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन जरुरी छ। अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सबल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुऱ्याउँछ । त्यसैले हरेक क्षेत्र सार्वजनिक, निजी र गैर सरकारी) ले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ । राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जबकि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुऱ्याउँछ । जसले गर्दा वर्तमान र भविष्यका पहलहरू मानिसहरूको जीवन सुधार गर्न र आफ्नो छनौटहरू विस्तार गर्न सक्षम हुन्छन् ।

सम्भावना र अवसर

- अनुगमन तथा मूल्याङ्कनबारे संस्थागत धारणा बन्नु, अनुगमन तथा मूल्याङ्कन कार्यको लागि संगठन संरचना निर्माण गर्दा महत्व दिनु, अनुगमन तथा मूल्याङ्कनका निर्देशिकाहरू तयार हुनु आदि अवसरहरू हुन् ।

समस्या र चुनौती

- स्थानीय तहमा पर्याप्त जनशक्ति र भौतिक संरचना नहुनु, सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, स्थानीय तह अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलब्ध र व्यवस्थित नहुनु जस्ता समस्याहरू विद्यमान छन् ।

- स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन प्रभावकारी बनाउन नसक्नु, तथ्य र वस्तुपरक रुपमा अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न नसक्नु, नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्न नसक्नु, यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"आयोजनाको प्रभावकारी कार्यान्वयन र लाभग्राहीको सकारात्मक प्रभाव"

लक्ष्य

- आयोजनाहरूको नतिजा तथा प्रभावहरूको र प्रभावकारी मापन,

उद्देश्य

- योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्ने,

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• अनुगमन तथा मूल्याङ्कनको लागि स्पस्ट नीति बनाई लागू गर्ने, • स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, • अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई स्थानीय तहगत रुपमा अनुगमन संयन्त्र विकास गर्ने, • जनशक्तिको क्षमता अभिवृद्धि गर्ने, • आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने, • योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने, • नीति, कार्यक्रम, योजना र आयोजनाहरूको मूल्याङ्कन गर्दा सान्दर्भिकता, प्रभावकारिता कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैंगिक समता र लाभग्राहीको सन्तुष्टि जस्ता मापदण्डको आधारमा गर्ने,	• स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने, • स्थानीय स्तरीय अनुगमन तथा मूल्याङ्कन इकाईलाई प्रभावकारी गर्ने, • स्थानीय तहका अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने कमचारीलाई तालिम प्रदान गर्ने, • सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेजको अनुगमन तथा मूल्याङ्कन गर्ने, • हरेक आयोजनाको ठिकठिक समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी गर्ने, • दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत गर्ने, • अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन नीति कार्यक्रम,योजना वा आयोजना निर्माण तहमा नै सूचकहरू निर्धारण र उपलब्धिहरूको मापन गर्ने प्रणालीको विकास गर्ने, • यस योजनामा विकास भएको नतिजाखाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङ्कनको आधार मानिने,

चौरजहारी नगरपालिका

प्रमुख कार्यक्रमहरू

- अनुगमन र मूल्याङ्कन निर्देशिकाको निर्माण गर्ने,
- अनुगमन तथा मूल्याङ्कन मापदण्ड निर्माण र कार्यान्वयन गर्ने,
- जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,
- अनुगमन र मूल्यांकनमा संलग्न कर्मचारीलाई तालिम गर्ने,
- ठूला आयोजनाको पूर्व, चालू र संम्पन्न मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने,

अपेक्षित उपलब्धि

- अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कन इकाई प्रभावकारी भएको हुने छ ।
- अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने कमचारीको क्षमतम विकास भएको हुने छ ।
- योजनामा विकास भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङ्कनको आधार भएको हुने छ ।

७.६ जोखिम व्यवस्थापन

योजनाको अपेक्षित लक्ष्य तथा उद्देश्य हासिल गर्न राजनीतिक स्थायित्व, राजनीतिक दलहरू बीच सहकार्य, नीतिगत स्थिरता, लगानीको अनुकूल वातावरण, आर्थिक स्थायितव, मित्र राष्ट्र र विकास साझेदारको सहयोग, निकायगत कार्यदक्षता र कुशलता, अन्तर क्षेत्रगत र अन्तर तहगत समन्वय र सहकार्य आवश्यक हुन्छ । त्यस्तै योजनाले निर्धारण गरे अनुरुप सार्वजनिक, निजी तथा सहकारी एवं गैर सरकारी क्षेत्रबाट लगानी हुने अपेक्षा गरिएको छ । योजना अवधिमा सम्पन्न हुने प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमले योजनाको कार्यान्वयन पक्षलाई निर्क्यौल गर्नेछ । तसर्थ योजना तर्जुमा गर्दा लिइएका मान्यता र पूर्वानुमान अनुरुप सम्भाव्य जोखिम प्रक्षेपित अवस्था अनुरुप नियनत्रणको दायराभित्र रहने अनुमान गरिएको छ । संघीय शासन प्रणाली नेपालको लागि नयाँ अभ्यास भएको हुँदा स्थानीय तहको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलार्य प्रभावित पार्ने छ । साथै, योजना अवधिमा तर्जुमा हुने वार्षिक र आवधिक योजनामा उल्लेख भएका लक्ष्य तथा रणनीतिको निरन्तरता दिनुपर्ने हुन्छ । योजनाका लक्ष्यहरू हासिल गर्न सो अनुरुप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृति एवं संरचनात्मक व्यवस्थामा परिवर्तन हुनु आवश्यक छ । स्रोत साधनको विनियोजन उवं सञ्चालन कुशलता कायम गर्दै कार्य पद्धति र कार्य संस्कृतिमा सुधार गर्न सकेमा जोखिम पक्षको व्यवस्थापन हुन सक्छ । स्थानीय अर्थतन्त्रलाई आत्म निर्भर बनाउँदै वित्तीय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालन हुनसकेमा उल्लेखित लक्ष्य हासिलन हुने जोखिम रहँदैन ।

सम्भावना र अवसर

- दिगो विकास लक्ष्य र दीर्घकालीन सोचसहितको यस ५ वर्षे आवधिक योजना कार्यान्वयन गर्न स्थानीय सरकारलाई नेपाल सरकार, प्रदेश सरकार, निजी र सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार संस्था र गैरसरकारी संस्थावाट महत्वपूर्ण सहयोग प्राप्त हुनु र नगरपालिकामा उपलब्ध पर्याप्त स्रोत साधनलाई अवसरका रुपमा लिन सकिन्छ ।

समस्या र चुनौती

- जलवायु परिवर्तनबाट वातावरणमा पर्न सक्ने नकरात्मक असर, पेट्रोलियम पदार्थमा हुन सक्ने मूल्यवृद्धि, माहामारी तथा उत्पन्न हुन सक्ने अन्य विपद्, नगरपालिका आर्थिक रुपले सम्वृद्ध हुँदै गर्दा, मानवीय, भौतिक तथा आर्थिक क्षति प्रमुख समस्याका रुपमा रहेका छन् ।
- महामारी तथा विपद व्यवस्थापन गरी योजनले लिएको लक्ष्यहरू प्राप्त गर्न, जलवायु परिवर्तनका कारण जनजीवन, उत्पादन, पूर्वाधार तथा अन्य क्षेत्रमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्नु, बढ्दो वायु प्रदुषण नियनत्रण गरी स्वच्छ र हरित अर्थतन्त्र निर्माण गर्नु, विपद जोखिम न्यूनीकरण गर्न पर्याप्त तयारी गर्नु, पूर्वाधार निर्माणमा पर्याप्त सावधानी अपनाउनु जस्ता चुनौतीहरू जोखिम प्रक्षको रहेका छन् । साथै तीनै तहका सरकारबीच समन्वय र सहकार्यको वातावरण स्थापित गर्नु, सीमित ज्ञान सीप र क्षमता भएका कर्मचारीहरूलाई उत्प्रेरित गर्दै योजना कार्यान्वयन गर्नु, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य सञ्चालन गर्न स्रोत जुटाउने काय गर्नु, आवश्यकता र राजस्व परिचालन क्षमता अनुसारको स्रोत प्राप्त गर्नु, स्थानीय तहको विकासमा निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी क्षेत्रको सहयोग आवश्यक मात्रामा प्राप्त गर्नु आदि चुनौतीका रुपमा रहेका छन् ।

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

"जोखिम व्यवस्थापन गर्दै योजनाको सफल कार्यान्वयनबाट नगरपालिकाको समग्र विकास गर्ने"

लक्ष्य

- योजनाको जोखिम पक्षका निराकरण गर्दै वित्तीय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालनबाट परिलक्षित लक्ष्य हासिल गर्ने,

उद्देश्य

- योजना कार्यान्वयनका दौरान वित्तीय जोखिम न्यूनीकरण गर्ने,
- पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण गर्ने,
- प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्ने,
- शासकीय जोखिम न्यूनीकरण गर्ने,
- सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनीकरण गर्ने ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन गर्ने, • मौद्रिक तथा वित्तीय क्षेत्रका जोखिम न्यूनीकरण गर्ने,	• राजस्व संकलन तथा यसको दायरा विस्तार गर्ने, • सार्वजनिक खर्चलाई उत्पादनशील तथा प्रतिफलयुक्त हुने गरी परिचालन गर्ने, • चालू खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड बनाइ वाञ्छित सीमाभित्र राखिने छ र गैर वजेटरी खर्चलाई नियन्त्रण गर्ने, • सामाजिक सुरक्षा लगायतका सामाजिक सुरक्षा प्रणालीलाई विस्तार तथा सवल बनाइने, • मध्यकालीन खर्च संरचना तर्जुमा प्रक्रियालाई सुदृढ गरी यथार्थपरक बनाइने,

• पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण गर्ने, • प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्ने, • शासकीय जोखिम न्यूनीकरण गर्ने, • सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनीकरण गर्ने ।	• अर्थतन्त्रको लागि आवश्यक लगानी र आन्तरिक स्रोत उपलब्धता बीचको अन्तर पूर्ति गर्न बाह्य लगानी भित्र्याइने, • वित्तीय संस्थाको विस्तार र प्रविधिमैत्री वित्तीय सेवाको विकास गरी वित्तीय पहुँच बढाइने, • उर्जा, पूर्वाधार, मानवीय र साइबर सुरक्षा प्रदान गर्ने तथा साइबर अपराध नियन्त्रण गर्ने, • विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि समुदायस्तर देखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्ने, • विकास निर्माणका चरणहरूमा जलवायु परिवर्तन सम्बन्धी विषयलाई मूलप्रवाहीकरण गर्ने, • पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशाशन कायम गर्ने, • संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइने, • दीर्घकालीन सोच, आवधिक योजना र बार्षिक बजेट बीचको तादाम्यता र क्षेत्रगत नीतिहरूसँग सामञ्जस्यता कायम गर्ने, • कामको सम्मान, सम्मानजनक काम र काम प्रतिको जिम्मेवारीलाई प्रवर्द्धन गर्ने, • सार्वजनिक पदमा रहने सबै पदाधिकारीहरूको पदीय आचारण र अनुशासन सम्बन्धी आचार संहिता लागू गर्ने, • पेशागत मर्यादा, व्यावसायिकता र सदाचार प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

प्रमुख कार्यक्रमहरू

- वित्तीय जोखिमको लेखाजोखा गर्ने विधि तयारी तथा अद्यावधि गर्ने,
- राजस्व संकलन कार्य योजनको निर्माण गर्ने,
- चालू खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड निर्माण गर्ने,
- वित्तीय संस्थाको विस्तार, विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण योजना तयारी गर्ने,
- सुशासन सम्बन्धि कार्य योजना निर्माण गर्ने,
- सार्वजनिक पदाधिकारीहरूको पदीय आचारण र अनुशासन सम्बन्धी आचारसंहिता निर्माण गर्ने,
- कर्मचारी सम्बन्धि आचारसंहिता निर्माण गर्ने,

अपेक्षित उपलब्धि

- योजनाको अन्त्यमा सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन भएको हुनेछ ।
- मौद्रिक तथा वित्तीय क्षेत्रका जोखिम न्यूनीकरण भएको हुनेछ ।
- पूर्वाधार र सुचना प्रविधिजन्य जोखिम न्यूनीकरण भएको हुनेछ ।
- स्थानीय स्तरमा प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण भएको हुनेछ ।

चौरजहारी नगरपालिका

- स्थानीय रुपमा शासकीय जोखिम न्यूनीकरण भएको हुनेछ ।
- साथै नगरपालिकामा सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनीकरण भै सभ्य तथा सुसंस्कृत समाजको निर्माण भएको हुनेछ ।

चौरजहारी नगरपालिका

परिच्छेद आठ
नतिजा खाका

८.१. आर्थिक विकास

नतिजा तहहरु	सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य	पुष्ट्याईको आधार	जोखिम तथा पूर्वानुमान
प्रभाव	१.दुई वर्ष मुनिका बालबालिका कुपोषित संख्या	३८	शुन्यमा झार्ने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	सबै योजना पूर्ण रुपमा सम्पन भएको अवस्था
	२.बार्षिक न्यून आय सरदर रु ४०,००० भन्दा कम भएका परिवारको संख्या कमी भएको	४७५५ परिवार (नगर पार्श्वचित्र २०७४)	२००० मा झार्ने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	सबै योजना पूर्ण रुपमा सम्पन भएको अवस्था
	३.बार्षिक सरदर आय रु ४० हजार देखी १,००,००० सम्म आय भएका परिवारको संख्या वृद्धि भएको हुँने छ ।	७२८ परिवार (नगर पार्श्वचित्र २०७४)	२५०० पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	आर्थिक विकासका योजनाहरु लक्ष अनुरुप पुरा भएको अवस्था
	४ बेरोगारको संख्या कमी भएको	२९९२ (चौ.न.पा)	१२०० मा झार्ने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	नगरपालिकाले विकास योजनहरुमा रोजगारी जनतालाई प्रदान गरेको अवस्था
असर	५.समग्रमा आफ्नो उत्पादनले १२ महिना खान र बेच्न पुग्ने परिवारको संख्या बढेको हुँनेछ ।	१३८१ (न.पा.को रेकर्ड)	२५०० पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	उत्पादनका लक्षहरु पुरा भएको अवस्था

	६.आफ्नो उत्पादनले ० देखी ३ महिना सम्म मात्र खान पुग्ने परिवार संख्या घटेको हुँनेछ ।	८२८ (न.पा.को रेकर्ड)	२२८ मा झार्ने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	उत्पादनका लक्षहरु पुरा भएको अवस्था
	७.आफ्नो उत्पादनले ४ देखी ६ महिना सम्म मात्र खान पुग्ने परिवार संख्या बढेको हुँने छ	९९४(न.पा.को रेकर्ड)	१५९४	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	उत्पादनका लक्षहरु पुरा भएको अवस्था
	८.आफ्नो उत्पादनले ७ देखी ९ महिना सम्म मात्र खान पुग्ने परिवार संख्या बढेको हुँने छ	१०४९ (न.पा.को रेकर्ड)	१८०० पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	उत्पादनका लक्षहरु पुरा भएको अवस्था
	९.आफ्नो उत्पादनले १० देखी १२ महिना सम्म मात्र खान पुग्ने परिवार संख्या बढेको हुँने छ ।	७१८ (न.पा.को रेकर्ड)	१५०० पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	उत्पादनका लक्षहरु पुरा भएको अवस्था
	१० वैदेशिक रोजगारिमा जानेको संख्या घटको हुँने छ ।	१२१६ (पालिका पार्श्वचित्र)	५१० मा झार्ने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	लक्ष अनुरुपा स्थानीय स्तरमा रोजगारी सिर्जना भएको अवस्था
सि.नं	**नतीजाका सूचकहरु**	**आधार वर्ष २०७८/२०७९को अवस्था**	**२०८३/२०८४ सम्मको लक्ष्य**	**पुष्ट्याईको आधार**	**जोखिम तथा पूर्वानुमान**
१	मासु उत्पादन	१३२५ मे.टन (नगरपालिका)	थप ५०४ मे.टन समेत १७२९ मे.टन पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजना अनुसार पशुपालन भएको अवस्था

चौरजहारी नगरपालिका

२	खसी बाख्रा तथा भेडाको संख्या	३०००० (नगरपालिका)	थप २२२५० समेत ५२२५० पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजना अनुसार पशुपालन भएको अवस्था
३	कूल चरा जाती २४८५८(नगर पार्श्वचित्र २०७४) मध्दे कुखुरा, हाँस, कालिज तथा बर्ट्राको संखया	५७००० (नगरपालिका)	थप ४०३००० समेत ४६०००० पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजना अनुसार पशुपालन भएको अवस्था
४	बंगुरको संख्या वृद्धि हुँने छ।	२३८ (नगर पार्श्वचित्र २०७४)	थप ३२५ समेत ५६३ पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजना अनुसार पशुपालन भएको अवस्था
५	बार्षिक दुध उत्पादनमा वृद्धि हुँने छ।	???	७२१२० लिटर पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजना अनुसार पशुपालन भएको अवस्था
६	गाई भैरसीको संख्या ११८९६ (नगर पार्श्वचित्र २०७४) मध्दे दुध दिने गाई भैसीको संख्या वृद्धि हुँने छ।	७५०० (नगरपालिका)	थप ६२३० समेत १३७३० संख्या पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजना अनुसार पशुपालन भएको अवस्था
७	अण्डा उत्पादन	३५४२५ गोटा (न.पा.अनुमान)	थप ३०००० समेत ६५४२५ गोटा पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजना अनुसार कुखुरापालन भएको अवस्था
८	आलु उत्पादनमा	६७४२५ मे.टन (पालिका पार्श्वचित्र २०७४)	थप ४००० मे.टन समेत ७१४२५ मे.टन	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	कृषिमा व्यवसायिकरण भएको अवस्था
९	फलफूल उत्पादन	??	थप ४३९२ मे.टन	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	कृषिमा व्यवसायिकरण भएको अवस्था

चौरजहारी नगरपालिका

१०	तरकारी उत्पादन	??	थप ३३९६ मे.टन	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	कृषिमा व्यवसायिकरण भएको अवस्था
११	खाद्यान्न उत्पादन	??	थप १००० मे. टन उत्पादन	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	कृषिमा व्यवसायिकरण भएको अवस्था
१२	उद्यम स्थापना	१५० (न.पा. रेकर्ड)	थप ९५० गरी ११०० पुऱ्याउँने	पालिकाको उद्योग शाखाको रेकर्ड	योजना अनुरुपाको बिधि प्रकृयाबाट उद्यम स्थापनाका कार्यहरु भएको अवस्था
१३	सहकारीमा आवद्ध हुनेको संख्या	३९१० (न.पा. रेकर्ड)	थप २०० समेत ४११० पुऱ्याउँने	सहकारी शाखाको रेकर्ड	
१४	थप उद्यम व्यवसाय तथा श्रम तथा रोजगारी बाट थप रोजगारी सिर्जना	??	१००० नयाँ रोजगारी सिर्जना हुँने	उद्योग तथा सामाजिक विकास शाखाको रेकर्ड	
१५	सिँचाई हुने जमीनको क्षेत्रफल बढेको हुँनेछ	२८ (न.पा.को जानकारी)	६५ प्रतिशत	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	सिंचाई योजनाहरु कार्यान्वयन भएको अवस्था
१६	बाह्रै महिना सिंचाई पाउने कृषक परिवार संख्या बढेको हुँनेछ	१९०३ (पालिका पार्श्वचित्र)	४७९८ परिवार	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	सिंचाई योजनाहरु कार्यान्वयन भएको अवस्था
१७	बाह्रै महिना सिंचाई नपाउने किसान परिवार संख्या घटेको हुँनेछ ।	३७१० (पालिका पार्श्वचित्र)	८१५ परिवार	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	सिंचाई योजनाहरु कार्यान्वयन भएको अवस्था

चौरजहारी नगरपालिका

८.२ सामाजिक विकास

नतिजा तहहरु	सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य	पुष्ट्याईको आधार	जोखिम तथा पूर्वानुमान
प्रभाव	१.साक्षरता दर बढेको हुँछ	९७ प्रतिशत (पालिका)	१०० प्रतिशत पुऱ्याउँने	शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	२. शिशु मृत्यु दर घटेको हुँछ	१००० मा ५ (नगरपालिका)	शुन्यमा झार्ने	स्वास्थ्य शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	३. वाल मृत्यु दर घटेको हुँछ	१००० मा १७ (नगर पालिका)	शुन्यमा झार्ने	स्वास्थ्य शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	४. मातृ मृत्यु दर घटेको हुँछ	१००००० मा ० (नगर पालिका)	यथावत कायम राख्ने	स्वास्थ्य शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
असर	१. प्रारम्भिक बालविकास कुल भर्नादरमा वृद्धि भएको हुँने छ ।	९६ प्रतिशत (नगरपालिका)	९९ प्रतिशत पुऱ्याउँने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	२. प्रारम्भिक बालविकास खुद भर्नादरमा वृद्धि भएको हुँने छ ।	९६ प्रतिशत (नगरपालिका)	९९ प्रतिशत पुऱ्याउँने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	३.आधारभूत तहमा कुल भर्ना दरमा वृद्धि भएको हुँने छ ।	८८ प्रतिशत (नगरपालिका)	९९ प्रतिशत पुऱ्याउँने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	३.आधारभूत तहमा खुद भर्ना दरमा वृद्धि भएको हुँने छ ।	८० प्रतिशत (नगरपालिका)	९५ प्रतिशत पुऱ्याउँने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	४.माध्यमिक तहमा कुल भर्ना दरमा वृद्धि भएको हुँने छ ।	५८ प्रतिशत (नगरपालिका)	९५ प्रतिशत पुऱ्याउँने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था

चौरजहारी नगरपालिका

	५.माध्यमिक तहमा खुद भर्ना दरमा वृद्धि भएको हुँने छ।	३६ प्रतिशत (नगरपालिका)	५४ प्रतिशत पुऱ्याउँने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	६. हिंसामा परेका महिलाको संख्यमा कमि आएको हुँनेछ।	१६८ (नगरपालिका)	शुन्यमा झार्ने	स्थानीय प्रहरी र न्याय सम्पादन शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	७. बाल विवाहको अवस्थामा सुधार आउको हुँनेछ	११३ जना (पालिका)	१० मा झार्ने	स्थानीय प्रहरी र न्याय सम्पादन शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
	८. सुरक्षित पिउँने पानीमा पहुच वृद्धि गर्ने	४८१७ (नगर पार्श्वचित्र २०७४)	६५०० पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजनाका लक्षहरु पुरा भएको अवस्था
	९.घरमै प्रसुती हुनेको संख्या घटेको हुँनेछ	१८	० मा झार्ने	स्वास्थ्य शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
सि.नं	**लक्ष्य तथा गन्तव्य र सूचकहरु**	**आधार वर्ष २०७८/२०७९ को अवस्था**	**२०८३/२०८४ सम्मको लक्ष्य**	**पुष्ट्याईको आधार**	**जोखिम तथा पूर्वानुमान**
१	१५ बर्ष माथिको निरक्षर जनसंख्या घटेको हुँनेछ	७३८ (नगर पार्श्वचित्र २०७४)		शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
२	बिभिन्न कारणले बिद्यालय छाड्ने वालवालिकाको संख्या घटेको हुँछ।	१६३० (नगर पार्श्वचित्र २०७४)		शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
३	विद्यालय जाने उमेर समूहका बालबालिका मध्ये ३ देखी ४ वर्ष उमेर समूहकाको भर्ना दर वृद्धि	६ प्रतिशत (पालिका)	१२ प्रतिशत	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
४	५ देखी ९ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या	१३० जना नगएका	१० जनामा झार्ने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था

५	१० देखी १२ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या	१५० जना नगएका	४० जनामा झार्ने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
६	१३ देखी १६ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या	१८० जना नगएका	१९ जनामा झार्ने	शिक्षण संस्था तथा शिक्षा शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
७	खुल्ला क्षेत्रमा शौचालय बस्नेको संख्या घटेको हुँने छ।	१०५ (नगर पार्श्वचित्र २०७४)	शुन्यमा झर्ने	स्वास्थया शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
८	स्तर विकास भै साधारण शौचालय भएकाको संख्या घटेको हुँने छ।	४२९५ (नगर पार्श्वचित्र २०७४)	१५०० मा झार्ने	स्वास्थया शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
९	घरबाट निस्को फोहर पानीलाई नदि तथा खोल्सामा फाल्ने वा यत्र तत्र जान दिनेको संख्या घटेको	१७४९ (नगर पार्श्वचित्र २०७४)	शुन्यमा झार्ने	स्वास्थया शाखाको रेकर्ड	योजनाका लक्षहरु पुरा भएको अवस्था
१०	घरबाट निस्केको पानीलाई करेशा बारीवा घरबारी व्यवस्थापनमा उपयोग गर्नेको संख्य वृद्धि भएको हुँनेछ।	१९१० -नगर पार्श्वचित्र २०७४)	४५०० पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजनाका लक्षहरु पुरा भएको अवस्था
११	सडक तथा सार्बजनिक स्थाना फोहर फाल्नेको संख्या घटेको हुँने छ।	१०११ (नगर पार्श्वचित्र २०७४)	शुन्यमा झार्ने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजनाका लक्षहरु पुरा भएको अवस्था
१२	दलित तथा विपन्न वर्गको सामाजिक सहभागिता	४० प्रतिशत (नगरपालिका)	९० प्रतिशत पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजनाका लक्षहरु पुरा भएको अवस्था

चौरजहारी नगरपालिका

१३	फरक क्षमता भएकाहरुले परिचयपत्र पाई सेवा सुविधा पाएको नपाएको अवस्था	४१७ जाना (नगरपालिका)	१०० प्रतिशत लाई दिने ।	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजनाका लक्षहरु पुरा भएको अवस्था
१४	वृद्ध चौतारीका माध्यमबाट जेष्ठ नागरिकको जीवन यापन उत्साहप्रत बनाउँन वृद्धि चौतारी स्थापना भएको हुँनेछन ।	२ (नगरपालिका)	थप एउटा स्थापना गरी ३ पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजनाका लक्षहरु पुरा भएको अवस्था
१५	परंपरागत सास्कृतिक धरोहरहरु र रिति रिवाजहरुको संरक्षण र प्रवर्द्धन भएको नभएको अवस्था ।	हुँदै गरेको	नियमित रुपमा संरक्षण र प्रबर्द्धन गर्ने ।	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजनाका लक्षहरु पुरा भएको अवस्था

८.३. शहरी विकास तथा भौतिक पूर्वाधार

नतिजा तहहरु	सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य	पुष्ट्याईको आधार	जोखिम तथा पूर्वानुमान
प्रभाव	भरपर्दो र सुरक्षित यात्राका लागी योजनाकालमा १२०३ कि.मि सडक निर्माण तथा स्तरोन्नती गरी जनताको पहुँच बढाईएको हुँने छ ।			• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	
असर	१२ महिना भरपर्दो र सुरक्षित सडमक यायतायतम पहुँच भएका जनताको प्रतिशत वृद्धि भएको हुँने छ ।	??? (गोष्ठिको अनुमान)	८० प्रतिशत	प्राबिधिक शाखाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था

सि नं	लक्ष्य तथा गन्तव्य र सूचकहरु	आधार वर्ष २०७८/२०७९ सम्मको अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य	पुष्ट्याईको आधार	जोखिम तथा पूर्वानुमान
१	कच्चि सडकको कि.मि.बढेकोहुँने छ	२९० (न.पा रेकर्ड)	२९५	प्राबिधिक शाखाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
२	ग्राभेल तथा सोलिङ्ग सडक कि.मि बढेको हुँने छ	२० (न.पा रेकर्ड)	१६	प्राबिधिक शाखाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
३	नाला सहित कालोपबे सडको कि.मि.बढेको हुँने छ।	५ (न.पा रेकर्ड)	८६	प्राबिधिक शाखाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
४	भरपर्दो बिद्युत तथा बैकल्पिक उर्जामा पहुँच सुनिश्चितता बढके हुँने छ	८५ प्रतिशत (नगरपालिका)	९५ प्रतिशत	प्राबिधिक शाखाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
५	एकीकृत आवास तथा सार्वजनिक सेवा प्रवाहका लागी वडा भवन र सामुदायिक संरचनाहरू स्थापनाको अवस्था	९ वडा कार्यालय भवन, १३ स्वास्थ्य चौकि भवन, ० कृषि उपज हाट बजार र	१४ वडा कार्यालय, १४ सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन, १० हेल्थ हटको स्तर विकास, १५ शैयाको अस्पत्ताल, नगरपालिका भवन, १ आयुर्वेदिक भवन र १ कोल्ड स्टोर गरी २	प्राबिधिक शाखाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था

चौरजहारी नगरपालिका

८.४. वन, वातावरण तथा विपद् व्यवस्थापन

नतिजा तहहरु	सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य	पुष्ट्याईको आधार	जोखिम तथा पूर्वानुमान
प्रभाव	• बिपद संबोधन भएको अवस्था • जलवायु परिवर्तनको असर न्युनिकरणका लागी प्रतिकार्यहरु भएका			• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	
असर	• खालि तथा पर्ति जमीनमा वृक्षारोपण गरी व्यवस्थित वनले ओगटेको क्षेफलमा वृद्धि भएको • जोखिम क्षेत्रका नदिस खहरे, घोल तथा पैरोहरु नियन्त्रण भएका • महामारी बिरुध्द लड्ने तयारी भएको अवस्था			• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	

सि.नं	लक्ष्य तथा गन्तव्य र सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य	पुष्ट्याईको आधार	जोखिम तथा पूर्वानुमान
१	पालिका तहमा बिपद कोषको व्यवस्था भएको वा नभएको	????	रु २ करोडको स्थापना गर्ने	लेखा शाखाको रेकर्ड	पालिकाले बजेट बिनियोजन गरेको अवस्था
२	बिपद प्रतिकार्यका लागी स्वयंसेवक तयार भए नभएको	०	१४०० संख्याम स्वयंसेवक तयार गर्ने	वडाहरु तथा पालकाको रेकर्ड	
३	खाली पर्ति जमिन, सामुदायिक वन तथा नदि र सडक किनारामा बृक्षा रोपण भएको हुँने छ	हुँदै गरेको	तिब्रता दिने ।	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	

४	जलवायु परिवर्तका अनुकुलका उपायहरु अवलम्बन भएको हुँने छ	हुँदै गरेको	तिब्रता दिने ।	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	
५	खाना पकाउँन दाउरा प्रयोग गर्नेको परिवारको संख्या घटेको हुँनेछ ।	४७०० परिवार (न.पा)	१८०० मा झार्ने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योजनाका लक्ष पुरा भएको अवस्था
६	विपद्मा प्रत्येक वडामा प्रतिकार्यहरु हुँने गरेको हुँने छ ।	हुँदै गरेको	निरन्तरता दिने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	
७	खर र परालले छाएका तथा असुरक्षित र जोखिमयुक्त आवासहरु बिस्थापित भै सुरक्षित भउका हुँने छन ।	३९३ (पालिका पार्श्वचित्र)	९३ मा झार्ने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	
८	वनले ढाकोको क्षेत्रफल वृद्धि भएको हुँनेछ	३५ प्रतिशत	३७ प्रतिशत पुऱ्याउँने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	

चौरजहारी नगरपालिका

८.५: संस्थागत विकास, सेवा प्रवाह र सुशासनको गन्तव्य नतिजा खाका

नतिजा तहहरु	सूचकहरु	आधार वर्ष २०७८/२०७९को अवस्था	२०८३/२०८४ सम्मको लक्ष्य	पुष्ट्याईको आधार	जोखिम तथा पूर्वानुमान
प्रभाव	योजनाको अन्त्य सम्ममा सेवाग्राहीले पालिकाको सेवाहरु पारदर्शि र सुशासन सहितको भएको महशुस गरेका अवस्था हुँनेछ ।			• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	
असर	• जन सरोकारका सेवा हरु शिघ्र र चुस्त ढंगबाट प्रवाह भएको आवस्था • खास गरी कृषि पशु सम्बन्धि सेवाहरु र खानेपानी मर्मत सेवा घरदैलोमा नै उपलब्ध भएका हुँने छन । • हालको बेरुजु रु २६०५१५८ मा ४० प्रतिशत घटेको हुँनेछ ।			• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	
सि. नं.	**लक्ष्य तथा गन्तव्य र सूचकहरु**	**आधार वर्ष २०७८/२०७९ को अवस्था**	**जम्मा**	**पुष्ट्याईको आधार**	**जोखिम तथा पूर्वानुमान**
१	सैवा बजारका रुपमा दक्ष जनशक्ति थप भएको हुँनेछ ।	नभएको	८४ थप गर्ने	वडाहरुको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
२	वडाहरको संचार सेवा तथा ईटरनेटको ब्यवस्था भएको हुँनेछ ।	नरहेको	तयारी र चुस्त पार्ने	वडाहरुको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था

चौरजहारी नगरपालिका

३	वडामा वेभ बेस तथ्याँक प्रणाली स्थापनाको अवस्था भएको हुँनेछ	नभएको	स्थापना गर्ने	वडाहरुको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
४	लेखा परीक्षण तथा पालिकाको आय ब्यय बिबरण वेभमा तथ्याँक समावेस गरी श्रोत साधनको परिचालन पारदर्शी भएको हुँनेछ	हुने गरेको	निरन्तरता दिने	पालिकाको वेभसाईट	योनाका लक्षहरु पुरा भएको अवस्था
५	भू-उपयोग योजना तयी भएको हुँनेछ	नरहेको	तयार गर्ने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
६	राजश्व सुधार योजना तयार भएको हुँनेछ।	नभएको	तयार गर्ने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
७	कर्मचारी, जन प्रतिनिधि र सरोकारवाला संस्थाहरको क्षमता विकास योजना तयार भएको हुँनेछ ।	नभएको	तयार गर्ने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
८	हाल सम्म तयार भएका ऐन, नियम, कार्यबिधि तथा	११४	आवश्यकता अनुसार तयार गर्दै जाने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था

चौरजहारी नगरपालिका

	मापदण्डहरुको संख्या बढेको हुँनेछ ।				
९	संगठन र संरचना सर्भे भएको हुँनेछ ।	नभएको	सर्भे गर्ने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
१०	पालिका तथा वडाहरुबाट प्रवाह हुँने सेवाको हार्डिङ्गबोर्ड राखेको हुँनेछ ।	राखेको	निरन्तरता दिने	वडाहरुको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
११	पालिका तथा वडाहरुमा सुझाव पेटिका राखेको हुँनेछ ।	राखेको	निरन्तरता दिने	पालिका र वडाहरुको भौतिक निरिक्षण र रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
१२	पालिकाका गुनासो सुनुवाई गर्ने अधिकारीको व्यवस्था भएको हुँनेछ ।	भएको	क्षमता विकास गरी थप जनमैत्री बनाउँने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
१३	भए गरेका कामको बिबरण सार्वजनिक गर्ने गरेको हुँनेछ ।	हुँने गरेको	निरन्तरता दिने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
१४	हाल आन्तरिक राजश्व	हाल बार्षिक रू ६,८९,२५,००० (चालु आ.ब.	रु ११,१०,०४,००० पुऱ्याउने	पालिका रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था

चौरजहारी नगरपालिका

		२०७८/७९ को अनुमान)			
१५	करदाताको लगत दुरूस्तिको अवस्था	खासै नरहेको	करदाताको प्रकार अनुरूप दुरूस्त राख्ने	राजश्व शाखाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
१६	अलग्गै राजश्व शाखा भएको	भएको	क्षमता विकास गर्ने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
१७	सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्था (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि)	भएको	वडाहरू र पालिकामा दुरूस्त राख्ने	पालिका र वडाको भौतिक संरचनाको निरिक्षण	योनाका लक्षहरु पुरा भएको अवस्था
१८	योजनहरको सार्बजनिक सुनुवाई गर्ने गरेको हुँनेछ ।	हुने गरेको	निरन्तरता दिने	• सर्भे प्रतिवेदन • अनुगमन तथा मूल्याँकन प्रतिवेदन	योनाका लक्षहरु पुरा भएको अवस्था
१९	नतिजामुखी अनुगमन प्रणालीको स्थापना भएको हुँनेछ ।	नभएको	स्थापना गर्ने	पालिकाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
२०	आर्थिक विकास र निजी क्षेत्रसँगको साझेदारी नीति तयारी भएको हुँनेछ ।	नभएको	तयारी गरी कार्यान्वयन गर्ने	पालिका रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
२१	बेरूजु सीमित गर्दै लगेको हुँनेछ ।	हाल रू.२६०५१५८	१५६३८९५ मा झार्ने	लेखा शाखाको रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था

चौरजहारी नगरपालिका

२२	परियोजना तथा कार्यक्रम बिच सहकार्य र समन्वय बारे अन्तरकृया हुँने गरेको हुँनेछ ।	हुँने गरेको	निरन्तरताता दिदै अर्थपूण बनाउँने	पालिका रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था
२३	अन्तर सरकारी समन्य सहकार्यअन्तर योजना, बजेट, नीति नियम तथा कार्यगत तालमेल र एकता बारे संघ, प्रदेश र पालिका बिच अन्तरकृया हुँने गरेको हुँनेछ ।	नभएको	नियमितरुपमा गर्ने	पालिका रेकर्ड	योनाका लक्षहरु पुरा भएको अवस्था

चौरजहारी नगरपालिका

सन्दर्भ सामग्री

राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)

कर्णाली प्रदेश योजना आयोगको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१)

चौरजहारी नगरपालिका

अनुसूची १ : आर्थिक विकाससँग सम्बन्धित योजना बैंक

१ आर्थिक विकास														
बिषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम	इकाई	लक्ष्य	कार्यान्वयन हुने स्थान	५ बर्षको लक्ष					५ बर्ष जम्मा	अनुमानित लागत रु. मा	लागत सहभागिता	दिगो विकास लक्ष नं	राष्ट्रिय लक्ष्य नं	प्रदेश को संबाहक नं
				बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५						
१.कृषि विकास														
कृषकहरुलाई व्यवसायिकरण तालिम संचालन	किसान संख्या	५०००	सबै वडा	८००	१००००	१००००	१००००	१२००	५०००	२५००००००	न.पा र कृषक	१.२	४	३
कृषि क्षेत्रको यान्त्रिकरण									०	०				
आधुनिक हाते ट्राक्टर	थान	५००	सबै वडा	८०	९०	१००	११०	१२०	५००	१७५००००	न.पा र कृषक	१.२	४	७
गहुँ, धान, घाँस काट्ने मेसिन)	थान	५००	सबै वडा	८०	९०	१००	११०	१२०	५००	५०००००००	न.पा र कृषक	१.२	४	३
हावा लगाउने पंखा	थान	५००	सबै वडा	८०	९०	१००	११०	१२०	५००	१७५००००	न.पा र कृषक	१.२	४	३
हलो	थान	५००	सबै वडा	८०	९०	१००	११०	१२०	५००	७५००००	न.पा र कृषक	१.२	४	३
सुधारिएको घरेकोली	थान	१०००	सबै वडा	१५०	२००	२१०	२१०	२३०	१०००	१०००००००	न.पा र कृषक	१.२	४	३
हाते पम्प	थान	१०००	सबै वडा	१५०	२००	२१०	२१०	२३०	१०००	१५०००००	न.पा र कृषक	१.२	४	३
माटोको नमूला संकलन तालिम तथा माटो जाँच शिविर	सहभागी संख्या	४०००	सबै वडा	६००	७००	८००	९००	१००००	४०००	८०००००००	न.पा र कृषक	१.२	४	३

किसानको अवलोकन भ्रमण	पटक	५	सबै वडा	१	१	१	१	१	५	१२५००००	न.पा र कृषक	१.२	४	३
उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम	किसान संख्या	२५०	सबै वडा	५०	५०	५०	५०	५०	२५०	२५००००	न.पा र कृषक	१.२	४	३
नगर कृषि प्रोफायल तयारी	संख्या	५	सबै वडा	१	१	१	१	१	५	५०००००	न.पा र कृषक	१.२	४	३
जैविक मल तथा विषादी व्यवस्थापन	मे.टन	२००	सबै वडा	३०	३५	४०	४५	५०	२००	४०००००००	न.पा र कृषक	१.२	४	३
वडा नं. १ का योजनाहरु									०	०		१.२	४	३
व्यावसायिक मकै विउ उत्पादन	किसान संख्या	३०	घारिगाउँ, नाखिरा, घर्ति गाउँ	०	१०	१०	१०	०	३०	७५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक अदुवा खेती	किसान संख्या	३०	घारिगाउँ, नाखिरा, घर्ति गाउँ	१०	०	१०	१०	०	३०	७५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक बदाम विउ उत्पादन	किसान संख्या	५०	घारिगाउँ, नाखिरा, घर्ति गाउँ	०	१०	१०	१०	२०	५०	१२५०००	न.पा र कृषक	१.२	४	३
व्यावसायिक भट्मास विउ उत्पादन	किसान संख्या	६०	घारिगाउँ, नाखिरा, घर्ति गाउँ	१०	१०	१०	१५	१५	६०	१५००००	न.पा र कृषक	१.२	४	३
वडा नं. २ का योजनाहरु									०	०		१.२	४	३

चौरजहारी नगरपालिका

व्यवसायिक तरकारी खेती गर्ने किसानहरुलाई तालिम तथा सहयोग कार्यक्रम संचालन गर्ने	किसान संख्या	८०	रुकुमे गाउँ	१०	१५	१५	१८	२२	८०	२०००००	न.पा र कृषक	१.२	४	७
कृषकहरुलाई व्यवसायिकरण तालिम संचालन	किसान संख्या	१००	गोतामेगाउँ	१५	१५	१५	१५	४०	१००	२५००००	न.पा र कृषक	१.२	४	७
कृषीको यान्त्रिकरणका लागि सहयोग	किसान संख्या	२००	गोतामेगाउँ	३०	३५	४०	४५	५०	२००	५०००००	न.पा र कृषक	१.२	४	३
व्यवसायिक फलफुल (आँप, कागती, अनार, अंगुर, अम्बा आदि) खेती गर्न चाहने किसानहरुको पहिचान गरी विरुवा वितरण तथा आवश्यक प्राविधिक सहयोग गर्ने	किसान परिवार	३००	50	५०	५०	६०	७०	७०	३००	७५००००	न.पा र कृषक	१.२	४	३
